नीअप्र प्रकाशन सङ्ख्या १२०

# राष्ट्रिय युवा नीति, २०७२ को समीक्षा

## नीति समीक्षा प्रतिवेदन

नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute

काठमाडौं, नेपाल

# राष्ट्रिय युवा नीति, २०७२ को समीक्षा

## नीति समीक्षा प्रतिवेदन

डा. गिरी राज शर्मा
सिद्धिविनोद अधिकारी
भवदत्त सापकोटा
जेनिश महर्जन

नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute

काठमाडौं, नेपाल

नीअप्र नीति समीक्षा प्रतिवेदन सङ्ख्याः ००२

ISBN: 978-9937-9987-7-2 (Print)
ISBN: 978-9937-9987-8-9 (Electronic)

यस प्रकाशनमा अभिव्यक्त विचारहरू सम्बद्ध लेखकका हुन् । तिनले नीति अनुसन्धान प्रतिष्ठानका विचार र दृष्टिकोणको प्रतिनिधित्व गर्छन् नै भन्ने छैन ।

सर्वाधिकार © नीति अनुसन्धान प्रतिष्ठान, २०८३

यस प्रतिवेदनको कुनै पनि अंश नीति अनुसन्धान प्रतिष्ठानको लिखित स्वीकृतिविना व्यापारिक प्रयोजनका लागि पुनरूत्पादन, पुनःप्रकाशन, अनुलिपि यन्त्र वा त्यस्तै अन्य यन्त्रहरूमा सञ्चयन, प्रसारण तथा विद्युतीय, यान्त्रिक, प्रतिलिपि, रेकर्डिङ अथवा त्यस्तै कुनै माध्यमहरूमा प्रयोग गर्न पाइने छैन ।

उद्धरणका लागि : शर्मा, गिरी राज; अधिकारी, सिद्धिविनोद; सापकोटा भवदत्त र महर्जन, जेनिश । (२०८३) । राष्ट्रिय युवा नीति, २०७२ को समीक्षा । नीति अनुसन्धान प्रतिष्ठान ।

लेआउट : सुविन उलक
प्रकाशन मिति : जेठ २०८३
प्रकाशन प्रति : ३००

नीति अनुसन्धान प्रतिष्ठान
नारायणहिटी, काठमाडौं, नेपाल
इमेलः info@pri.gov.np
वेबः www.pri.gov.np
फोनः +९७७-१-४५३०५१७/४५३४९७९

# प्राक्कथन

राष्ट्रिय युवा नीति, २०७२ को समीक्षा गरी तयार पारिएको यस प्रतिवेदनमा उक्त नीति लागु भएको पृष्ठभूमि, कार्यान्वयन अवस्था, उपलब्धि तथा चुनौतीहरूको समग्र विश्लेषण गरी सुधारका सिफारिसहरू प्रस्तुत गरिएको छ । यस नीतिको समीक्षामा मूलतः गुणात्मक पद्धति अवलम्बन गरिएको छ भने द्वितीयक स्रोतबाट साभार गरिएको तथ्याङ्कको हकमा गणनात्मक विश्लेषण पनि गरिएको छ । यस समीक्षा प्रतिवेदनलाई पूर्ण प्राविधिक नीति समीक्षाका रूपमा भन्दा नीतिगत रूपान्तरणका लागि सैद्धान्तिक अवधारणाका रूपमा ग्रहण गर्नु बढी सान्दर्भिक हुनेछ । समय, स्रोत र तथ्याङ्क अभिलेखको सीमितताका कारण सबै स्थानीय तहहरू र समस्त कार्यक्रमको पूर्ण र क्षेत्रगत विश्लेषण गर्न सकिएको छैन । तथापि, अन्तरसम्बन्धित सबै नीतिगत दस्तावेजको गहिरो विश्लेषण, समीक्षा र पुनरावलोकनसहित यो नीति समीक्षा प्रतिवेदन तयार गरिएको छ ।

सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रको रचनात्मक रूपान्तरण गर्दै समग्र मानव समुदायको सुखी वर्तमान र उज्ज्वल भविष्य निर्माणमा युवाहरूलाई अब्बल मानिन्छ । वर्तमानमा इन्टरनेटको उपलब्धताले नेपाली युवाहरूलाई विश्वबजारसँग जोड्ने पुलको काम गरेको छ । वार्षिक रूपमा ठुलो सङ्ख्यामा युवा श्रम बजारमा प्रवेश गर्छन् तर स्वदेशमै पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा वैदेशिक रोजगारी प्राथमिक विकल्प बनेको छ । प्राविधिक तथा व्यावसायिक तालिम, स्टार्टअप नीति र स्वरोजगार कोष जस्ता पहलहरू भए तापनि तिनको प्रभावकारिता र पहुँच सीमित देखिएको छ । वैदेशिक रोजगारीबाट ठुलो विप्रेषण आउँदा पनि सीपको घरेलु उपयोग र स्वदेश फर्कने सीपयुक्त जनशक्तिको उद्यमशीलतामा रूपान्तरण पर्याप्त छैन र फिर्ता भएका श्रमिकहरूको पुनःएकीकरण र सीप प्रमाणिकरण प्रणाली कमजोर छ ।

युवा नीतिको कार्यान्वयनले युवाको चाहना, भौगोलिक अवस्था र स्थानीय स्रोतअनुसार लक्षित पहलहरू गर्नुपर्ने र युवालाई स्वदेशमै टिक्न प्रेरित गर्ने दीर्घकालीन रणनीति अपनाउनुपर्ने यस अध्ययनको निष्कर्ष रहेको छ । यस अध्ययनले प्रदान गरेका सिफारिसहरू लागु गरी युवा पलायन घटाउने, स्वदेशमै रोजगारी र उद्यमशीलता वृद्धि गर्ने तथा दीर्घकालीन जनसाङ्ख्यिक लाभ हासिल गर्न नीतिगत पहल गर्नु आवश्यक छ ।

लक्ष्मण प्रसाद भट्टराई
कार्यालय प्रबन्धक
२०८३ जेठ

# कृतज्ञता

सार्वजनिक नीति समीक्षाको सैद्धान्तिक आधारमा तयार गरिएको यस राष्ट्रिय युवा नीति, २०७२ को समीक्षा प्रतिवेदनले समग्र नीति निर्माणको पृष्ठभूमि, कार्यान्वयनको अवस्था, उपलब्धि तथा चुनौतीहरूको विश्लेषण गरी सुधारका लागि नेपाल सरकारसमक्ष सिफारिसहरू प्रस्तुत गरेको छ । यस समीक्षाका आधारमा नेपाल सरकारले राष्ट्रिय युवा नीतिमा थप परिमार्जन गरी नयाँ नीति निर्माण गर्न वा पुनरावलोकन गर्न सहज हुने विश्वास लिन सकिन्छ ।

प्रतिवेदन तयार गर्ने क्रममा प्राथमिक र द्वितीयक तथ्याङ्क सङ्कलनमा सहयोग पुऱ्याउनुहुने सूचनादाता, सार्वजनिक नीति संवादमा सहभागी विज्ञ, नेपाल सरकारको सम्बन्धित निकायका कर्मचारी, युवा परिषद् र सहभागी युवा लगायत सबैमा धन्यवाद ज्ञापन गर्दछौं । नीति समीक्षाको लागि विषयवस्तु पहिचान तथा समग्र प्रतिवेदन लेखनमा पृष्ठपोषण प्रदान गर्नुहुने प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. हरि शर्मा न्यौपानेप्रति विशेष आभार प्रकट गर्दछौं । साथै, बाह्य समीक्षा गरी यस प्रतिवेदनलाई थप गुणस्तरीय बनाउन सहयोग पुऱ्याउनुहुने विज्ञ समीक्षकहरू समेत धन्यवादका पात्र हुनुहुन्छ ।

प्रतिष्ठानको प्रकाशन, पुनरावलोकन तथा सिफारिस समितिमा रही आन्तरिक समीक्षा गर्नुहुने टोलीका संयोजक डा. कल्पना खनाल, सदस्यहरू अशोक पाण्डे, डा. निरन्जन देवकोटा, डा. झम कुमार विश्वकर्मा र सोनिया बस्याललाई विशेष धन्यवाद प्रकट गर्दछौं । साथै, तथ्याङ्क व्यवस्थापन तथा समीक्षा कार्यमा हरेक प्रकारले सहयोग पुऱ्याउने प्रतिष्ठानकै इन्टर्न कुमारी अलिका लगायत अन्य इन्टर्नहरूलाई समेत धन्यवाद ज्ञापन गर्दछौं ।

प्रतिवेदन सम्पादन लगायत भाषा शुद्धाशुद्धिमा योगदान गर्नुहुने प्रतिष्ठानका सोनिया बस्याल, डा. मोहन कुमार शर्मा र दिपेन्द्र प्रसाद पन्त तथा प्रतिवेदनको आकर्षक लेआउटका लागि ग्राफिक्स डिजाइनर सुविन उलकप्रति प्रतिष्ठान आभार व्यक्त गर्दछ ।

# विषय सूची


**प्राक्कथन** **i**

**कृतज्ञता** **iii**

**कार्यकारी सारांश** **xi**

**परिच्छेद १**

**परिचय** **१**

१.१ पृष्ठभूमि १

१.२ सार्वजनिक नीति समीक्षाको आधार २

१.३ सामाजिक नीतिको रूपमा युवा नीति ३

१.४ समस्याको कथन ४

१.५ अध्ययनको औचित्य ६

१.६ अनुसन्धान प्रश्नहरू ७

१.७ अध्ययनको उद्देश्य ७

१.८ अध्ययन विधि ८

१.९ अध्ययनका सीमाहरू ९

**परिच्छेद २**

**युवासँग सम्बन्धित नीति तथा कार्यक्रमहरूको समीक्षा** **११**

२.१ नीतिगत दस्तावेजहरू ११

२.२ बहुवर्षीय रणनीति तथा लक्ष्यहरू २०

२.३ राष्ट्रियस्तरका कार्यक्रमहरू २३

२.४ सरकारका वार्षिक तथा आवधिक योजनाहरू २५

**परिच्छेद ३**

**तथ्याङ्कको प्रस्तुति, विश्लेषण तथा समीक्षा** **५५**

३.१ द्वितीयक तथ्याङ्कको विश्लेषण ५५

३.२ युवाको अवस्था सम्बन्धमा विभिन्न प्रतिवेदनबाट साभार गरिएको जानकारी ८७

**परिच्छेद ४**

**राष्ट्रिय युवा नीति, २०७२ को समीक्षा ९५**

४.१ नीतिको परिवेश र समीक्षा ९५

४.२ नीतिको संरचना र विषयवस्तुको प्रस्तुति ९५

४.३ नीतिका विषयवस्तुको सबल र दुर्बल पक्ष ९७

४.४ नीतिले समेट्नुपर्ने विषयवस्तुहरू १०८

**परिच्छेद ५**

**निष्कर्ष तथा सिफारिसहरू ११७**

**सन्दर्भग्रन्थ सूची १२१**

# तालिका सूची


तालिका १: युथ भिजन २०२५ तथा दशवर्षे रणनीतिक योजनका प्रमुख स्तम्भहरू २१

तालिका २: आवधिक योजनामा युवा केन्द्रित क्रियाकलाप र कार्यक्रमहरू २६

तालिका ३(क): आ.व. २०७२/७३ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु ३३

तालिका ३(ख): आ.व. २०७३/७४ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु ३४

तालिका ३(ग): आ.व. २०७४/७५ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु ३६

तालिका ३(घ): आ.व. २०७५/७६ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु ३७

तालिका ३(ङ): आ.व. २०७६/७७ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु ३८

तालिका ३(च): आ.व. २०७७/७८ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु ४०

तालिका ३(छ): आ.व. २०७८/७९ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु ४४

तालिका ३(ज): आ.व. २०७९/८० को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु ४४

तालिका ३(झ): आ.व. २०८०/८१ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु ४६

तालिका ३(ञ): आ.व. २०८१/८२ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु ४८

तालिका ४: विप्रेषण प्राप्त गर्ने घरधुरीहरूको सङ्ख्या ६४

तालिका ५: वैदेशिक रोजगारीमा जाने युवाहरूको विवरण ६६

तालिका ६: माध्यमिक शिक्षा प्राप्त गर्न घरबाट विद्यालयसम्म जान लाग्ने औसत समय र खुद समय अनुसारको घरधुरीहरूको प्रदेशगत विवरण ७२

तालिका ७: घरदेखि सामुदायिक अस्पताल पुग्नका लागि लाग्ने औसत समयको आधारमा घरधुरी प्रतिशत ७४

तालिका ८ः नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सक र नर्सहरूको विवरण ७५

तालिका ९ः युवा तथा साना व्यवसायी स्वरोजगार कोषको आ.व. २०८०/८१ तेस्रो त्रैमासिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको प्रगति ९१

तालिका १०ः युवा तथा साना व्यवसायी स्वरोजगार कोषको प्रगति विवरण ९२

तालिका ११ः विश्व युवा विकास सूचकाङ्कमा नेपालको अवस्था ९३

तालिका १२(क)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः पृष्ठभूमि ९७

तालिका १२(ख)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः परिभाषा ९८

तालिका १२(ग)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः समस्या तथा चुनौती ९९

तालिका १२(घ)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः युवा नीतिको आवश्यकता १००

तालिका १२(ङ)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः दूरदृष्टि १०१

तालिका १२(च)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः लक्ष्य १०१

तालिका १२(छ)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः उद्देश्य १०२

तालिका १२(ज)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः नीति १०३

तालिका १२(झ)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः रणनीति तथा कार्यनीति १०३

तालिका १२(ञ)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः संस्थागत व्यवस्था १०४

तालिका १२(ट)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः आर्थिक पक्ष १०५

तालिका १२(ठ)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः मानव स्रोत व्यवस्थापन १०५

तालिका १२(ड)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः जोखिम तथा पूर्वानुमान १०६

तालिका १२(ढ)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः नीतिगत तथा कानुनी व्यवस्था १०६

तालिका १२(ण)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः नीति कार्यान्वयन योजना १०६

तालिका १२(त)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः अनुगमन र मूल्याङ्कन १०६

# चित्र सूची


चित्र १: उमेर समूह अनुसार जनसङ्ख्या ५६

चित्र २: सहरी तथा ग्रामीण क्षेत्रको गरिबी अवस्था (प्रतिशत) ५७

चित्र ३: परिवारमूलीको मुख्य पेसा अनुसार गरिबीको स्थिति (प्रतिशतमा) ५८

चित्र ४: नेपालमा प्रमुख श्रमशक्ति क्षेत्र सूचकको लैङ्गिक अनुपात २०७९ (प्रतिशतमा) ५९

चित्र ५: नेपालमा वार्षिक वास्तविक न्यूनतम ज्याला वृद्धि (२०१५-२०२२) प्रतिशत ६०

चित्र ६: लिङ्ग र उमेरको आधारमा नेपालमा र दक्षिण एसियामा बेरोजगारीको दर (प्रतिशत) ६१

चित्र ७: विश्व बजारमा प्रतिस्पर्धा गर्न आवश्यक सीपहरू ६२

चित्र ८: आप्रवासी जनसङ्ख्या सन् १९५२ देखि २०२१ सम्म ६४

चित्र ९: उमेर र लिङ्गका आधारमा आप्रवासन श्रमिकहरूको विवरण ६६

चित्र १०: वैदेशिक रोजगारीमा जान अनुमति लिएका श्रमिकहरूको सङ्ख्या ६८

चित्र ११: वैदेशिक रोजगारीबाट फर्किने श्रमिकहरूको सङ्ख्या ६९

चित्र १२: प्राविधिक शिक्षालयमा जनशक्ति उत्पादन र सीप परीक्षण क्षमता (सन् २०२४) ७३

चित्र १३: सेवाको प्रकार र प्रदेशगत रूपमा अस्पताल सेवा प्रयोग गर्ने जनसङ्ख्या (प्रतिशत) ७६

चित्र १४: ओपीडी सेवाहरू प्रयोग गर्ने जनसङ्ख्याको प्रतिशत (२०७९/८०) ७७

चित्र १५: प्रदेशगत रूपमा १८० आइरन चक्की प्राप्त गर्ने गर्भवती महिलाहरूको विवरण ७८

चित्र १६: स्वास्थ्य बीमाको कभरेजसम्बन्धी विवरण ७९

चित्र १७: कुल जनसङ्ख्यामा स्वास्थ्य बीमाको प्रदेशगत कभरेज (प्रतिशत) ८०

चित्र १८: औद्योगिक वर्गीकरण अनुसार औद्योगिक क्षेत्रमा संलग्न र रोजगार प्राप्त व्यक्तिहरूको सङ्ख्या ८०

चित्र १९: उद्योग अनुसार रोजगारीको प्रोफाइल (हजारमा) ८१

चित्र २०: लिङ्ग अनुसार मुख्य कृषकको विवरण (प्रतिशत) ८२

चित्र २१: उमेर समूहअनुसार मुख्य कृषकको विवरण (प्रतिशत) ८२

चित्र २२: स्थायी रूपमा काम गर्ने कामदार सङ्ख्या ८३

चित्र २३: पर्यटन क्षेत्रबाट भएको वार्षिक विदेशी मुद्रा आम्दानी ८४

# कार्यकारी सारांश

राष्ट्रिय युवा नीति, २०७२ ले युवालाई शक्ति, क्षमता, सक्षमता, सार्मथ्य, आशा र भरोसाको रूपमा स्वीकार गरेको छ । नीतिमा १६ देखि ४० वर्ष उमेरका नागरिकलाई युवा भनेर परिभाषित गरिएको छ । यो उमेर समूह नेपालको कुल जनशक्तिको ठुलो हिस्सा हो जसबाट जनसाङ्ख्यिक लाभ लिन सकिने अवसर प्रशस्त छन् । नीतिमा युवालाई राष्ट्रनिर्माणको मुख्य शक्ति र राष्ट्रिय पुँजी निर्माणका स्तम्भका रूपमा मान्यता दिइएको छ र उनीहरूको क्षमता, नेतृत्व तथा सिर्जनशीलतालाई विकास गरी समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्ने लक्ष्य राखेको देखिन्छ । तथापि, नेपालमा युवा बेरोजगारी, अर्धबेरोजगारी र वैदेशिक रोजगारीमा निर्भरता उच्च छ जसका कारण आन्तरिक उत्पादन र उद्यमशीलता कमजोर बनेको छ ।

नेपाल सरकारले अङ्गीकार गरेका आ.व. २०७२/७३ देखि आ.व. २०८१/८२ सम्मका नीति तथा कार्यक्रमहरूले राष्ट्रिय युवा नीति, २०७२ लाई समयसापेक्ष रूपमा सम्बोधन गर्न नसके तापनि नीति कार्यान्वयनको सन्दर्भमा नीति अन्तरनिहित भएर कार्यक्रमहरू समावेश गरेको पाइन्छ । युवालाई मात्र सम्बोधन गरी निकै कम कार्यक्रमहरू सञ्चालन भएका छन् तर युवासँग अन्तरसम्बन्धित अन्य कार्यक्रमहरू समावेश गरिएको हुँदा यसले नीतिको कार्यान्वयनमा सहयोगी भूमिका निर्वाह गर्दै आएको पक्षलाई महत्त्वपूर्ण मानिएको छ ।

राष्ट्रिय युवा नीति, २०७२ सँग सम्बन्धित धेरै ऐन, नीति र कार्यक्रमहरू जस्तैः रोजगार नीति, शिक्षा नीति, स्टार्टअप नीति, प्रदेश र स्थानीय युवा नीति आदि भए तापनि समन्वयको अभाव, अस्पष्ट भूमिका र कमजोर कार्यविभाजन हुँदा कार्यान्वयनमा दोहोरोपन र स्रोतको प्रभावकारी उपयोगमा अवरोध देखिएको छ । युवा तथा खेलकुद लक्षित बजेट कुल बजेटको सानो हिस्सा मात्र छ जसले समग्र युवा विकासका बहुआयामिक आवश्यकतालाई पर्याप्त वित्तीय स्रोत प्रदान नगरेको देखिन्छ । यसैगरी, शिक्षा, स्वास्थ्य र आधारभूत सेवामा प्रदेशगत असमानता तथा लैङ्गिक र भौगोलिक विभेदले युवा अवसरमा प्रतिकूल प्रभाव सिर्जना गरेको छ । नीति निर्माण र कार्यान्वयनबिचको अन्तर, स्थानीय तहसम्मको प्रत्यक्ष सहभागिताको अभाव, समन्वय र संस्थागत क्षमताको कमीले नीति प्रभावकारी हुन नसकेको देखिन्छ । नीतिले शिक्षा, स्वास्थ्य, रोजगारी र नेतृत्व विकासलाई प्राथमिकता दिएको भए तापनि उमेर समूह अनुसार लक्षित कार्यक्रम, समावेशिता (अपाङ्ग, LGBTIQ+, पिछडिएका वर्ग), साइबर सुरक्षा, मानसिक स्वास्थ्य र जलवायु परिवर्तनजस्ता समसामयिक विषयहरूमा न्यायपूर्ण सम्बोधन गर्न असफल भएको छ । वैदेशिक रोजगारी र आन्तरिक रोजगार नीतिहरूबिचको विरोधाभासले युवा पलायनलाई रोक्न कठिनाइ थपेको छ ।

युवा नीतिको कार्यान्वयनले सूचना प्रविधि, शिक्षा र उद्यमशीलतालाई जोडेर युवालाई स्वदेशमै गुणस्तरीय अवसर प्रदान गर्ने, रोजगारी सिर्जना गर्ने र जनसाङ्ख्यिक लाभ (demographic dividend) उपयोग गर्ने अपेक्षा गरिएको थियो । तथापि, युवालाई उद्यमशीलतामा केन्द्रित गर्दै वर्तमान परिवेश अनुसार नीतिको पुनरावलोकन गर्नुपर्ने देखिएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र उद्योगको मागअनुरूप तालिम एकीकृत गर्ने, स्टार्टअप र स्वरोजगार कोषको पहुँच सजिलो र पारदर्शी बनाउँदै वित्तीय आकार वृद्धि गर्ने,

निजी तथा सार्वजनिक साझेदारी मार्फत रोजगारीमूलक लगानी आकर्षित गर्ने जस्ता विषयहरूमा ध्यान केन्द्रित गर्न आवश्यक छ ।

राष्ट्रिय युवा नीति, २०७२ का प्रावधानहरूमा प्रस्तुत उद्देश्यहरू गहन र दीर्घकालीन महत्त्वका भए तापनि प्रतिनिधित्व, समावेशिता, कार्यान्वयन क्षमता, समन्वय, समसामयिक विषयवस्तु संलग्नता र कार्यक्रमगत अनुगमन तथा मूल्याङ्कन सूचकहरूको अभावले नीति प्रभावकारी हुन नसकेको स्पष्ट छ । नीति पुनरावलोकन गर्दा स्थानीय तहसम्मको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नु, उमेरसमूह अनुसार लक्षित कार्यक्रमहरू विकास गर्नु, वैदेशिक रोजगारी र आन्तरिक रोजगारी नीतिहरूबिच समन्वय कायम गर्नु, तथा मानसिक स्वास्थ्य, साइबर सुरक्षा, जलवायु परिवर्तन र अपाङ्गता समावेशी कार्यक्रमजस्ता समसामयिक विषयहरूलाई प्राथमिकतामा राख्नु आवश्यक ठहर्दछ । तसर्थ, राष्ट्रिय युवा नीतिलाई समयसापेक्ष परिमार्जन गरी प्राथमिकता, मापनयोग्य लक्ष्य र समयसीमा समावेश गर्ने गरी तीन तहबिच भूमिकाको स्पष्टता, समन्वय संरचना, एकीकृत कार्ययोजना र अनुगमन प्रणाली स्थापना गर्नु जरूरी देखिएको छ ।

# परिच्छेद १

# परिचय

## १.१ पृष्ठभूमि

युवालाई शक्ति, क्षमता, सक्षमता, सार्मथ्य, आशा र भरोसाको रूपमा स्वीकार गर्दै राष्ट्रिय युवा नीति, २०७२ तर्जुमा गरिएको थियो। यस नीतिले युवाशक्तिलाई राष्ट्र निर्माणका कर्णधारको रूपमा चित्रित गरेको छ । राष्ट्रिय विकासमा युवाको योगदान र सहभागिताले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण तथा अधिकारको संरक्षण र सदुपयोग गर्दै राष्ट्रिय पुँजी निर्माणमा उल्लेखनीय भूमिका खेल्ने देखिन्छ। युवाहरूमा निहित साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्मविश्वासका कारण यस वर्गलाई राष्ट्रिय पुँजी निर्माणको स्तम्भ मानिन्छ। राष्ट्रको मेरुदण्ड भएकाले युवाहरूको सर्वाङ्गीण विकास गरी उनीहरूको योग्यतालाई राष्ट्रिय विकासको मूलधारमा ल्याउन आवश्यक छ । युवा राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनका संवाहक भएकाले राष्ट्रिय नीतिबाट विशेष रूपमा सम्बोधन गरी उनीहरूलाई राष्ट्रनिर्माणमा अग्रसर गराउनु अहिलेको प्रमुख आवश्यकता हो ।

नेपालका हरेक राजनीतिक परिवर्तन, लोकतन्त्रको स्थापना र अन्य सामाजिक आन्दोलनहरूमा युवाको महत्त्वपूर्ण योगदान रही आएको छ। मुलुकमा उपलब्ध युवाशक्तिलाई रचनात्मक र गतिशील तरिकाले अधिकतम परिचालन गर्नु युवा नीतिको अभिष्ट हो। राष्ट्र, राष्ट्रियता र मुलुकको दीर्घकालीन विकासका लक्ष्यहरू प्राप्त गर्नका लागि युवालाई राष्ट्रिय विकासको मूलधारमा समाहित गर्दै आर्थिक राष्ट्रियकरण तथा सामाजिक पुँजीको निर्माण मार्फत समृद्ध नेपालः सुखी नेपालीको दीर्घकालीन सोच पूरा गर्ने सन्दर्भमा राष्ट्रिय युवा नीति, २०७२ कार्यान्वयन गरिएको थियो । युवाको सार्थक सहभागिता, क्षमता र नेतृत्व विकासका माध्यमबाट युवालाई राष्ट्रिय विकासको मूलधारमा समाहित गर्दै समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्न युवाको भूमिका र उनीहरूमा अन्तर्निहित क्षमतालाई गुणस्तरीय र समयानुकूल बनाउनु राष्ट्रिय युवा नीतिको लक्ष्य रहेको उल्लेख गरिएको छ ।

नेपालमा १६ देखि ४० वर्ष उमेरका नागरिकलाई युवा भनेर परिभाषित गरिएको छ। राष्ट्रिय जनगणना, २०७८ को नतिजा अनुसार १५ वर्षदेखि ३९ वर्षसम्मको युवा श्रमशक्ति कुल जनसङ्ख्याको ४२.५६ प्रतिशत रहेको छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८) । अतः नेपालको वर्तमान जनसङ्ख्याको बनोटबाट जनसाङ्ख्यिक लाभ लिने प्रशस्त अवसर रहेको छ। साथै, १५ वर्षदेखि माथिको जनसङ्ख्याको प्रतिशत विगतका तुलनामा क्रमशः बढ्दै गएको छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८) । यसर्थ, बदलिँदो जनसङ्ख्याको आकारको अनुसरण गर्दै चालु नीतिहरूको समीक्षा गरी अगाडि बढ्नुपर्ने हुन्छ । समयक्रममा देखिएका परिवर्तनहरूलाई सम्बन्धित नीतिहरूमा समावेश गर्दै ती नीतिहरूले निर्दिष्ट गरेका

लक्ष्य, उद्देश्य र सोच प्राप्त गर्ने आधार बलियो बनाउने मार्गदर्शन प्रदान गर्नका लागि यो समीक्षा प्रतिवेदन तयार गरिएको छ ।

प्रस्तुत नीतिको समीक्षा गर्न विद्यमान जनसाङ्ख्यिक वितरण, विविधता, युवाका क्षमता, इच्छा र आकाङ्क्षा तथा समस्याहरूलाई मूल आधार बनाउनुपर्ने आवश्यकता छ । युवाको श्रम, जोस र जाँगरलाई राज्यले परिचालन गर्ने र युवा समूहको जनसाङ्ख्यिक लाभ प्राप्त गर्ने उपयुक्त समय रहेको तथ्यहरूले समेत पुष्टी गर्दछन् । साथै, युवाहरूले सामना गर्नुपरेको भावनात्मक, व्यवहारगत र संज्ञानात्मक चुनौतीहरूलाई पनि मध्यनजर गरिनुपर्छ ।

## १.२ सार्वजनिक नीति समीक्षाको आधार

सार्वजनिक नीति भनेको सरकारले आम नागरिकका आकाङ्क्षा सम्बोधन गर्ने उद्देश्यले अवलम्बन गरेको कार्ययोजना हो । सार्वजनिक नीतिलाई राज्य सञ्चालनको आधार पनि भनिन्छ । सार्वजनिक नीतिलाई सार्वजनिक हित प्रवर्धन गर्ने औजारको रूपमा लिने गरिन्छ । सरकारले के गर्ने ? के नगर्ने ? कसरी गर्ने ? भन्ने प्रश्नहरूको जगमा बसेर कार्ययोजना बनाई निश्चित उद्देश्य एवम् लक्ष्य हासिल गर्न पारित गरेका नियम सार्वजनिक नीतिको प्रवेश विन्दु हो । ह्यारोल्ड लासवेलले सन् १९५१ मा नीति विज्ञानको अवधारणालाई पहिलोपटक प्रयोगमा ल्याएको पाइन्छ । सार्वजनिक नीतिले मूलतः नीतिको विषय, नीति निर्माण प्रक्रिया र नीतिको कार्यान्वयनलाई समेट्दछ । नीति कार्यान्वयन तथा उपलब्धिहरूको समीक्षा मार्फत नीतिको सर्वव्यापकता, सफलता, कार्यकुशलता, प्रभावकारीता, समावेशिता र दिगोपना आदि पक्षहरूका बारेमा यथार्थता पत्ता लगाउन सकिन्छ । यद्यपि, सार्वजनिक नीतिको समीक्षा प्राविधिक कार्य हो ।

प्रज्ञा नेपाली बृहत् शब्दकोशले आचारसंहिता, नियम, सिद्धान्त र साम, दाम, दण्ड र भेद गरी चार किसिमले नीति शब्दको व्याख्या गरेको पाइन्छ । सरकारले कार्यक्रम र तिनको कार्यान्वयन मार्फत आफ्ना राजनीतिक दृष्टिकोण, परिकल्पना तथा प्रतिबद्धतालाई मूर्त रूप दिने क्रममा अङ्गीकार गरेको व्यवस्थित अभ्यास सार्वजनिक नीति हो । नीति तोकिएको लक्ष्य हासिल गर्न आवश्यक पर्ने सिद्धान्तको प्रस्तुति हो (वर्ल्ड भिजन, मि.न.) ।

सरकारले क्षेत्रगत नीति तर्जुमा गरेर कार्यान्वयनमा ल्याइसकेपछि समयान्तरसँगै उक्त नीतिका समग्र पक्षहरूको समालोचना गर्नुपर्दछ । किनकि, सार्वजनिक नीति तर्जुमाका परिवेश तथा सन्दर्भहरूमा परिवर्तन भइरहन्छ । परिवर्तन नियमित प्रक्रिया भएकाले नीतिका विषयवस्तु, सन्दर्भ, सवाल, समस्या, लक्ष्य, उद्देश्य, नीति प्रावधान, रणनीति, कार्यनीति, कार्यान्वयन प्रक्रिया, कार्ययोजना, उपलब्धि, परिणाम, प्रतिफल, र प्रभावको माथि फर्केर समीक्षा गर्नु सार्वजनिक नीतिको अपरिहार्य पक्ष हो (नीति अनुसन्धान प्रतिष्ठान, २०७९) । यद्यपि, नीति समीक्षा कार्य जटिल भए तापनि नीतिको कार्यान्वयनको प्रक्रिया, पद्धति र प्रभावको अवस्थालाई समीक्षाको मापनयोग्य सूचकहरूका आधारमा कति उपलब्धि प्राप्त गरियो वा सफल वा असफल भयो भनेर मूल्याङ्कन गर्नु नितान्त आवश्यक हुन्छ ।

नीति विश्लेषण आंशिक रूपमा वर्णनात्मक हुन्छ । सार्वजनिक नीतिको समीक्षा वर्णणात्मक शैलीमा परम्परागत तरिकाले पनि गर्न सकिन्छ । नीति सन्दर्भको सवाल, समस्या र यसका कारण तथा परिणामहरूको वर्णन र व्याख्या सामाजिक विज्ञानभित्र गरिने अध्ययनको मूल पक्ष हो । परम्परागत आयाम अनुसार वास्तविक विज्ञान (positive science) मा आधारित रहेर के हो? भन्ने प्रश्नमा नीति समीक्षा सीमित रहन्छ । वास्तविक विज्ञानमा मात्र सीमित नभई आदर्श विज्ञान (normative science) को मार्गदर्शन अनुसार के हुनुपर्दछ ? भन्ने मूल प्रश्नको जगमा रहेर सार्वजनिक नीतिको समीक्षा गर्नुपर्दछ (Dunn, 2015) ।

नीतिलाई मूलतः प्रक्रियाका रूपमा, कार्यक्रमका रूपमा र राजनीतिका रूपमा गरी तीनवटा पक्षबाट हेर्नुपर्दछ (McConnell, 2010) । नीतिहरू कार्यान्वयनमा सफल वा असफल भए भन्ने निक्यौंल यिनै तीन पक्षहरूको दायरामा बसेर गर्नुपर्दछ । म्याक कोनेलका अनुसार, यी पक्षहरूको आलोकमा पूर्ण सफलता, उत्थानशील सफलता, द्वन्दात्मक सफलता, सङ्कटपूर्ण सफलता र असफलता निक्यौंल गर्न सकिन्छ ।

## १.३ सामाजिक नीतिको रूपमा युवा नीति

नीतिले अङ्गीकार गरेका उद्देश्य र लक्ष्य हासिल भए वा भएनन् भनेर लेखाजोखा गर्ने काम नीति समीक्षाले गर्दछ । समीक्षापश्चात् भावी नीतिका लागि महत्त्वपूर्ण मार्गदर्शन प्राप्त गर्न सकिन्छ । सार्वजनिक नीतिमा सरकारले के गर्न चाहन्छ? र के गर्न चाहँदैन ? भन्ने प्रश्नहरूको उत्तर खोजिन्छ । अतः सरकारले आगामी दिनमा के-के गर्ने तथा कामको परिणामबाट समाजलाई के कस्तो प्रभाव आउँछ भनी प्रस्तुत गरिएको विस्तृत खाकासहितको प्रतिबद्धता सार्वजनिक नीतिको दायराभित्र पर्दछ ।

Veenhoven (2002) का अनुसार, सामाजिक नीतिहरू केवल भौतिक मामिलाहरूमा मात्र सीमित नभई मानवता तथा मानसिकताका विषयमा पनि केन्द्रित हुन्छन् । यिनै गहन विषयगत लक्ष्यहरूलाई प्राप्त गर्न पनि विषयगत सूचकहरू चाहिन्छ । नीति निर्माताहरूले चाहाना र आवश्यकताबिचको फरकलाई छुट्याउनुपर्छ । यसो गर्दा आवश्यकताहरू सहजै अवलोकनयोग्य हुँदैनन् तर नागरिकको जीवनमा आउने खुसी उनीहरूको सन्तुष्टिले मापन गर्न सकिन्छ । राष्ट्रिय युवा नीति एक आधारभूत सामाजिक नीति हो । सामाजिक नीतिको समीक्षा गर्ने प्रक्रिया, विधि र प्रभावको मूल्याङ्कन अन्य प्राविधिक नीतिहरूको तुलनामा फरक हुन्छ । यस्ता नीतिहरूको समीक्षाका लागि तय गरिने सूचकहरू विषयगत पनि हुनुपर्दछ । पछिल्लो समय युवा वर्गको रुचि, चाहाना र आवश्यकतालाई सम्बोधन गर्न विषयगत पक्षहरू सघन रूपमा केलाउनु आवश्यक छ भन्ने सैद्धान्तिक मान्यता स्थापित हुँदै गएको पाइन्छ ।

युवाहरू स्वयम् सामाजिक नीति निर्माण प्रक्रियामा संलग्न भई आफ्ना जीवनमा प्रभाव पार्ने निर्णय प्रक्रियामा आफ्ना विचारहरू राख्नुले सामाजिक नीतिको दायरालाई दिगो र पारदर्शी बनाउन सक्छ । यसका लागि युवाले देशको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, भौगोलिक, पर्यावरणीय र शासकीय संरचना तथा पद्धति बुझ्नुपर्छ । आफूले प्राप्त गर्ने सार्वजनिक सेवालाई मार्गनिर्देश गर्ने कानुन प्रक्रिया, विधि र मापदण्डहरूप्रति चनाखो हुनुपर्दछ भने यस सम्बन्धमा ज्ञान पनि राख्नुपर्दछ । युवाहरूमा आफूले चाहेको

परिवर्तन हासिल गर्नका लागि सेवा प्रदायक र निर्णयकर्तासँग प्रत्यक्ष संलग्न भई आफ्ना विचार तथा धारणा राख्ने आत्मविश्वास उच्च हुनु जरुरी छ । सामाजिक जीवनका सबै आयामहरूलाई सन्तुलित र समृद्ध बनाउने मुख्य ध्येय राखेर अन्तरनिकायगत क्षेत्रहरूसँग सहकार्यात्मक तथा समन्वयात्मक शैलीमा सामाजिक नीति तर्जुमा गर्नुपर्दछ (वर्ल्ड भिजन, मि.न.) ।

युवा शक्तिले कुनै एक क्षेत्रमा मात्र योगदान नदिएर समाजका हरेक अवयवहरूलाई गतिशील बनाउने हुनाले युवा नीतिले सबै जात, जाति, वर्ग, लिङ्ग, क्षेत्र, भाषा उमेर आदिलाई एकीकृत रूपमा समेट्नुपर्ने देखिन्छ । राष्ट्रिय युवा नीतिले युवाको विकासका लागि शिक्षा, स्वास्थ्य, सूचना, प्रविधि, खेलकुद, कृषि, पर्यटन, संस्कृति, वन तथा वातावरण, खानेपानी तथा सरसफाइ, खाद्य सुरक्षा, श्रम तथा रोजगारी, अध्ययन अनुसन्धान आदि सबै विषयवस्तुहरूलाई एकाकार गरी कार्यदिशा प्रदान गर्नुपर्दछ । सक्षम र सही निर्णय लिने तथा आफ्नो र अरुको जीवनमा देखापर्ने परिवर्तनलाई मूर्त रूप दिन सक्ने बनाउन युवालाई सशक्तिकरण गुर्नपर्दछ (Restless Development: The Youth-led Development Agency, n.d.) । यसकारण, युवा नीतिले युवा सशक्तिकरणको आयामलाई केन्द्रमा राख्नुपर्दछ । युवा नीति छाता अवधारणा भएकाले युवाको सर्वाङ्गीण विकासमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पार्ने सबै विषयक्षेत्रहरू नीतिमा समावेश भएकै हुनुपर्दछ ।

## १.४ समस्याको कथन

युवाहरूको समग्र अवस्थालाई बुझ्न उनीहरूको रोजगारीको अवस्था, शिक्षा प्राप्त गरेपश्चात् उपलब्ध श्रमको बजार र अवसर जस्ता विषयलाई केलाउनुपर्ने देखिन्छ । युवा बेरोजगारी र विदेश पलायन लगायतका मुद्दाहरूमा धेरै बहस र छलफल हुने गरेको भए तापनि त्यसबाट उपयुक्त निकास आइसकेको देखिँदैन । उपलब्ध श्रमलाई रोजगारी र सामाजिक सुरक्षा प्रदान गर्नु संवैधानिक दायित्वभित्र पर्दछ । नेपालको संविधान (२०७२) को धारा ३३ मा प्रत्येक नागरिकलाई रोजगारीको हक उल्लेख गरिएको छ । यसैगरी, धारा ३४ मा श्रमको हकको व्यवस्था गरिएको छ । यद्यपि, देशभित्र पर्याप्त रोजगारीका अवसरहरू नभएकाले दैनिक १७ सयभन्दा बढी नागरिकहरू रोजगारीका लागि वैदेशिक श्रम बजारमा गइरहेका छन् (Rijal, 2022) ।

श्रमशक्ति सर्वेक्षण, २०१७ अनुसार, नेपालमा आर्थिक रूपमा सक्रिय जनशक्ति ६२ प्रतिशत रहेको छ भने बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ । यो दर सहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत रहेको छ । उक्त सर्वेक्षण अनुसार, नेपालमा कुल जनसङ्ख्याको करिब ३० प्रतिशत अर्धबेरोजगार रहेको र २.३ प्रतिशत पूर्णबेरोजगार रहेको अवस्था छ (Central Bureau of Statistics [CBS], 2019) । नेपालमा वार्षिक ५ लाख व्यक्ति श्रमका लागि तयार हुन्छन् । यी प्रायः सबै युवा हुन् । यसमध्ये करिब १० प्रतिशत अर्थात ५० हजार व्यक्तिले रोजगारी पाउँछन् । बाँकी ९० प्रतिशत व्यक्ति बर्सेनी बेरोजगारीको चपेटामा पर्दछन् (CTEVT, 2024) । ती बेरोजगार व्यक्तिहरूमध्ये धेरैको रोजाइ वा बाध्यता वैदेशिक रोजगारी बनेको छ ।

वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार, आर्थिक वर्ष २०८०/०८१ को पहिलो ११ महिनामा ६ लाख ८२ हजार ५ सय ६६ जना नेपाली वैदेशिक रोजगारीको सिलसिलामा विदेश गएका थिए। नेपाल राष्ट्र बैंकको विवरण अनुसार, आर्थक वर्ष २०८०/०८१ को पहिलो १० महिनामा ११ खर्ब ९८ अर्ब ६० करोड रुपैयाँ विप्रेषण नेपाल भित्रिएको छ (वैदेशिक रोजगार विभाग, २०८१) । यी सबै तथ्याङ्क हेर्दा नेपालका युवावर्गको आशा र अवसर सबै स्वदेशमा हराउँदै गएको र सबै युवाशक्ति वैदेशिक रोजगारी र अध्ययनमा जाने लहर चलेको देखिन्छ ।

वैदेशिक रोजगारीमा जाने नेपाली युवामध्ये  प्रतिशत मात्र दक्ष जनशक्ति बनेर बाहिर जाने गरेको तथ्याङ्कले देखाउँछ। सन् २०२५ सम्म यसलाई २५ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको छ। त्यसमा पनि नेपालमा स्नातक गरिसकेका २६.१ प्रतिशत युवा बेरोजगार रहनु अर्को चुनौतीको पाटो हो (भारती, २०७७) । नेतृत्व गर्ने र नीतिनिर्माण तहमा युवाको प्रतिनिधित्व गर्ने सन्दर्भमा पनि प्रतिनिधिसभामा १२ प्रतिशत, प्रदेश तहमा २० प्रतिशत र स्थानीय तहमा ४१.१४ प्रतिशत जनप्रतिनिधि युवा रहेको तथ्याङ्कले देखाएको थियो (थेबे, २०७९)।

वर्तमान परिप्रेक्ष्यमा युवा लक्षित संरचना र नीति कार्यान्वयन निकायहरू खडा गरिएका छन्। प्रदेश, जिल्ला र स्थानीय तहमा युवाका साङ्गठनिक ढाँचा तयार भई आ-आफ्नो कार्यक्षेत्रमा सञ्चालनमा रहेका छन्। प्रदेश युवा परिषद्, जिल्ला युवा समिति र युवा क्लब सञ्जाल गठन भएका छन्। प्रदेशस्तरमा लुम्बिनी, बागमती र सुदूरपश्चिममा युवा परिषद् गठन गरिएको छ। राष्ट्रिय युवा नीतिको कार्यान्वयनका लागि यी संस्थागत संरचनाहरू उपयोगी सिद्ध हुने ठानिएको छ। यसैगरी राष्ट्रपति महिला उद्यम कार्यक्रम, युवा ऋण सहुलियत कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, बीउ पुँजी, स्टार्टअप फन्ड जस्ता युवा उद्यमसँग जोडिएका कार्यक्रमहरू समेत राष्ट्रिय युवा नीतिको कार्यान्वयनमा सहयोगी हुने गरी निर्माण गरिएका छन्।

जनशक्ति निर्माण र देश विकासका लागि १६ देखि ४० वर्ष उमेरका युवा निकै लाभदायी उमेर समूहमा पर्दछन्। उनीहरूको उचित र योजनाबद्ध परिचालनले मात्र देशले विकासको नक्सा बदल्न सक्छ। तर, नेपालमा कुल जनसङ्ख्याको ४२.५६ प्रतिशत रहेको युवा जनशक्तिको उपयोग उचित र योजनाबद्ध तरिकाले गर्न सकिएको देखिँदैन। युवा नीतिले अखितयार गरेका विषयमा कति समसामयिक समस्या रहेका छन् भने कतिपय युवाका भावनात्मक र मानसिक विषयसँग जोडिएका छन्। युवा जनशक्तिको निर्माण र उनीहरूको ज्ञान, सीप र क्षमताको परिचालन गर्ने राज्यको दायित्व भए तापनि युवाको वर्तमान अवस्थाको आकलन र उनीहरूको क्षमता उपयोग र योगदानमा गुणात्मक वृद्धि प्रभावकारी ढङ्गले भएको छैन।

जीवनयापनका लागि उचित रोजगारीका अवसरहरू नुहुनु युवा पलायनको कारक तत्त्व हो। यसका अतिरिक्त युवाहरूका लागि स्थानीय श्रम, सीप, उत्पादन र बजारबिच सामञ्जस्यता कायम राख्न नसक्नु; देशको शासन व्यवस्थामा कार्यकुशलता, प्रभावकारीता र पारदर्शिता कायम राख्न नसक्नु; उपलब्ध साधन र स्रोतलाई पुँजी, प्रविधि र प्रतिबद्धताका कारण उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु; युवामाझ धेरै कमाउने उच्च मोह पैदा भई विदेश पलायन हुनु; सामाजिक उद्यमशीलताको विकास हुन

नसक्नु; उद्यमशीलताका लागि उत्प्रेरणा नहुनु; वैदेशिक रोजगारीबाट प्राप्त सीप, ज्ञान, पुँजी र प्रविधिको उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्न नसक्नु; आदि वर्तमान नेपाली समाजमा देखिएका र युवालाई प्रत्यक्ष प्रभावित गर्ने प्रमुख समस्याहरू हुन् । देशको जल, जमिन, जङ्गल, जडीबुटी, जनशक्ति (युवा), जनावर, जराजुरी, जलवायु (अष्ट 'ज' सिद्धान्त) (Poudel, 2024) जस्ता सम्पदाहरूको दिगो परिचालन गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्न र आन्तरिक श्रमबजारमा रोजगारी तथा उद्यमशीलताका अवसरहरू सिर्जना गर्न सकिएको छैन । त्यसतर्फ ध्यान दिनु जरूरी छ ।

## १.५ अध्ययनको औचित्य

नीतिगत बहस, समीक्षा र पृष्ठपोषण निरन्तर चलिरहने प्रक्रिया हो । विद्यमान नीतिको कार्यान्वयनको चरणमा देखिएका समस्या, जटिलता र चुनौतीहरूको पहिचान गरी अघि बढ्नुपर्ने हुन्छ । हरेक सामाजिक-आर्थिक अवयवहरू परिवर्तनशील हुन्छन् भन्ने प्राकृतिक सिद्धान्त नै हो । समयान्तरसँगै नागरिकका आवश्यकताहरूको प्रकृतिमा फेरवदल आउँछ । यसकारण विगतका नीतिहरूलाई प्रमाणमा आधारित तथ्यहरूको जगमा टेकेर समीक्षा गर्दै नीतिको पूनर्लेखन, परिमार्जन तथा संशोधन गर्नुपर्ने हुन्छ । राज्यले अख्तियार गरेका र गर्नुपर्ने विभिन्न राष्ट्रिय नीतिका सम्बन्धमा अध्ययन, अनुसन्धान र समीक्षा गर्ने; सम्बद्ध विषयमा अपनाउनुपर्ने दीर्घकालीन, अल्पकालीन वा तत्कालीन नीति वा योजना तथा कार्यक्रमका क्षेत्र वा विषयमा अनुसन्धान गर्ने; र त्यस सम्बन्धमा अवलम्बन गर्नुपर्ने उपायहरूका बारेमा नेपाल सरकारलाई सुझाव प्रदान गर्ने कार्यादिशअनुरूप नीति अनुसन्धान प्रतिष्ठानबाट राष्ट्रिय युवा नीति, २०७२ को समीक्षा कार्य गरिएको हो ।

दक्ष, शिक्षित र श्रमिक युवाहरू देशबाट पलायन भइरहेको र देशमा युवाका लागि रोजगारी र अवसरहरू सिर्जना गर्न नसकिएको भन्ने आम बुझाइहरू धेरै सत्यताको नजिक छन् । वर्तमानमा युवाको अवस्था र रोजगारीको स्थितिलाई विश्लेषण गरी युवाहरूलाई योजनाबद्ध रूपमा देश विकासको मार्गमा लाग्न अभिप्रेरित गर्न के गर्न सकिन्छ भन्ने विषयमा त्यति छलफल र विमर्श भएको पाइँदैन । नीति समीक्षाका जगमा बहुआयामिक पक्षहरूको विश्लेषण र विवेचना नगरी नीतिको सफल कार्यान्वयन हुन सक्दैन ।

युवाहरूको चाहना के हो ? राज्यले कस्ता युवा निर्माण गर्ने ? ती युवाहरूबाट राज्यलाई कस्तो लाभ मिल्छ र त्यो कसरी समग्र देशको उन्नतिमा सहायक बन्न सक्छ ? युवाहरूको सर्वाङ्गीण हितका लागि राज्य कसरी सहयोगी बन्न सक्छ ? राष्ट्रिय युवा नीति, २०७२ ले युवा जनशक्ति पलायन कम गर्दै देश विकासमा योगदान गर्ने जनशक्ति कसरी निर्माण गर्ने लक्ष्य लिएको थियो, र सो लक्ष्य प्राप्त गर्न के के पक्षहरू बाधक देखिए ? युवाहरूलाई स्वदेशमै गुणस्तरीय शिक्षा, रोजगारी र उद्यमशीलताका अवसरहरू सिर्जना गर्न कस्ता ठोस नीतिगत तथा कार्यक्रमगत पहलहरू आवश्यक छन ? कतै राज्यको नीतिले युवा जनशक्ति र उनीहरूको भावनालाई उचित तवरले सम्बोधन गर्न चुकेको त होइन ? युवाहरूमा रहेको निराशा र विदेश पलायनको मानसिकतालाई परिवर्तन गरी राष्ट्रिय विकासमा सक्रिय रूपमा सहभागी गराउन कस्ता मनोवैज्ञानिक र सामाजिक पहलहरू आवश्यक छन् ? युवा नीतिलाई समयसापेक्ष बनाउन

र यसको प्रभावकारी कार्यान्वयनका लागि कस्ता संरचनागत र प्रक्रियगत सुधारहरू गर्नुपर्छ ? भन्ने जस्ता विविध अनुसन्धानमूलक समस्याहरूमा आधारित भई यो नीति समीक्षा प्रतिवेदन तयार गरिएको हो।

यस समीक्षा प्रतिवेदनमा पेस गरिएका प्रमाणिक तथ्यहरूले युवा नीतिको सुधारको औचित्य पुष्टि गर्दछन्। तथ्यगत प्रमाणका आधारमा राष्ट्रिय युवा नीति, २०७२ को समीक्षा गर्दा देहायका उपलब्धिहरू हासिल गर्न सकिन्छ भन्ने अपेक्षा राखिएको थियोः

- नीति कार्यान्वयनमा देखिएको सैद्धान्तिक, व्यावहारिक, प्रसाशनिक र कानुनी समस्याको प्रकृति र गाम्भीर्यता उजागर गर्न,
- विद्यमान समस्याहरूको समाधानका उपायहरू पहिल्याउन,
- नीति कार्यान्वयनबाट भविष्यमा युवा वर्गलाई प्राप्त हुन सक्ने प्रतिफल र प्रभावहरूको आकलन गर्न,
- नीति कार्यान्वयनको समन्यवकारी संयन्त्रको लचकदार मार्ग पहिचान गर्न,
- नीति कार्यान्वयन प्रतिफलको अनुगमन तथा मूल्याङ्कनका लागि सूचकहरूसहितको खाका प्रदान गर्न,
- विभिन्न समूहका युवाहरूलाई सहभागी गराउन र युवाहरूको नेतृत्व प्रवर्धन गर्न युवाहरूको बदलिँदो आवश्यकता र आकाङ्क्षाको पहिचान गर्न,
- युवा शक्तिलाई नीति कार्यान्वयन मार्फत आशा र भरोसा सिर्जना गर्न आदि।

## १.६ अनुसन्धान प्रश्नहरू

देहायका अनुसन्धान प्रश्नहरूमा केन्द्रित रहेर राष्ट्रिय युवा नीति, २०७२ को समीक्षा गर्ने प्रयास गरिएको छः

क) राष्ट्रिय युवा नीति, २०७२ ले लिएका उद्देश्यहरू के कति हासिल भए ?

ख) नीति कार्यान्वयनका लागि आवश्यक कानुनी, नीतिगत, संस्थागत, संरचनागत र वित्तीय अवस्था कस्तो रहेको छ ?

ग) युवासम्बद्ध बहुआयामिक समस्याहरू र तिनीहरूको समाधानका लागि युवा नीतिले कस्तो भूमिका निर्वाह गरेको थियो ?

घ) युवा नीतिमा समयसापेक्ष परिमार्जन र सुधार गर्न के कस्ता नीतिगत हस्तक्षेप आवश्यक छन् ?

## १.७ अध्ययनको उद्देश्य

'राष्ट्रिय युवा नीति, २०७२' को गहन समीक्षा गर्ने ध्येयले तयार गरिएको यस अध्ययन प्रतिवेदनले नीतिको उपलब्धि, कठिनाइ र कार्यान्वयन अवस्थाको विश्लेषण मार्फत सरकारलाई सुझाव प्रस्तुत गर्ने उद्देश्य राखेको छ। यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेको छन्ः

क) राष्ट्रिय युवा नीति, २०७२ ले लिएका उद्देश्यहरूको सुक्ष्म विश्लेषण गर्नु,

ख) समृद्ध, आधुनिक र न्यायपूर्ण नेपालको निर्माण गर्न युवाको भूमिका र अन्तर्निहित क्षमतालाई गुणात्मक बनाउन गरिएका प्रयासहरूको विश्लेषण गर्नु,

ग) युवासम्बद्ध बहुआयामिक समस्या पहिचान गरी तिनको समाधानका उपायहरू खोजी गर्नु, र

घ) नीति कार्यान्वयनमा देखिएका कानुनी, संस्थागत, नीतिगत, वित्तीय आदि चुनौतीको पहिचान र विश्लेषण गर्नु ।

## १.८ अध्ययन विधि

यस अध्ययनमा सैद्धान्तिक आधारका रूपमा नीति अनुसन्धान प्रतिष्ठान (२०७९) द्वारा प्रकाशित सार्वजनिक नीति समीक्षाका आयाम र विषवस्तुले दिएको मार्गदर्शनलाई अङ्गीकार गरिएको छ भने तथ्याङ्क सङ्कलन र विश्लेषणका लागि गुणात्मक र गणनात्मक दुवै प्रकारका स्थापित अनुसन्धान विधिहरू उपयोग गरी विश्वसनीय र प्रामाणिक अनुसन्धान गरिएको छ । मूलतः यस अध्ययनको उद्देश्य पूरा गर्न प्राथमिक र द्वितीयक तथ्याङ्कका स्रोतहरू प्रयोग गरिएको छ । सङ्कलित गुणात्मक तथ्याङ्कलाई वर्णनात्मक र व्याख्यात्मक शैलीमा प्रस्तुत गरिएको छ । यसैगरी, गणनात्मक तथ्यहरूलाई तथ्याङ्कशास्त्रीय विधिअनुरूप तालिका र चित्रमा प्रस्तुत गरिएको छ । नीतिको उपलब्धि, प्रतिफल र प्रभावका बारेमा प्रमाणमा आधारित भई वर्णनात्मक लेखन शैलीअनुरूप समीक्षा गरिएको छ ।

साथै, राज्यले अङ्गीकार गर्दै आएका मूल कानुन, ऐन, नियम, निर्देशिका, नीति, योजना तथा कार्यक्रमहरू बमोजिम समयान्तरसँगै यस नीतिले परिलक्षित गरेको सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धिहरू प्राप्त भए वा भएनन् भनी विश्लेषण गर्न उपयुक्त विधि तथा प्रक्रिया अवलम्बन गरिएको छ । यस्ता दस्ताबेजहरूको सफलता, असफलता, गुण, दोष, सबल तथा दुर्बल पक्षहरूको आलोचनात्मक दृष्टिले विश्लेषण गरिएको छ । यस विधि अन्तर्गत युवा नीतिको समीक्षाका अन्य सान्दर्भिक दस्ताबेजहरूलाई समेत समावेश गरी बहुआयामिक समीक्षा र पुनरावलोकन गरिएको छ । नीतिगत दस्ताबेज तथा यस नीतिसँग अन्तरसम्बन्धित अन्य क्षेत्रगत नीति, कार्यक्रम, योजना, वार्षिक नीति तथा कार्यक्रम र अन्य सम्बन्धित प्रतिवेदन, पुस्तक, जर्नलहरूको अध्ययन र समालोचनात्मक विश्लेषणपश्चात् नतिजा, निष्कर्ष र सुझावहरू तयार पारिएको हो ।

### १.८.१ प्राथमिक तथ्याङ्कका स्रोतहरू

राष्ट्रिय युवा नीति, २०७२ को समीक्षार्थ समबन्धित मन्त्रालय र विभागका नीतिगत महाशाखा प्रमुख वा प्रतिनिधिहरू, नीति कार्यान्वयन गर्ने निकाय, नीतिसँग अन्तरसम्बन्धित सरकारी निकायहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू, विश्वविद्यालयका प्राध्यापक, विद्यार्थी युनियन तथा सङ्गठनका प्रतिनिधिहरू, स्वतन्त्र विषय विज्ञ र अन्य सरोकारवालाहरू सम्मिलित बृहत् सार्वजनिक नीति संवाद सञ्चालन गरी आवश्यक जानकारी तथा राय सङ्कलन गरिएको थियो । राष्ट्रिय युवा परिषद् र परिषद्का जिल्ला

समितिहरूबाट नीति समीक्षाका लागि आवश्यक प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको थियो । राष्ट्रिय युवा परिषद् र यसका जिल्ला समितिहरूबाट (इमेल मार्फत) लिखित सुझाव लिइएको थियो । यसैगरी मुख्य सूचनादाता अन्तर्वार्ता अन्तर्गत स्वतन्त्र विद्यार्थी युनियन पाटनका निर्वाचित सभापति, युवामञ्च मासिकका सम्पादक, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव, लायन्स क्लब इन्टरनेशनलका अध्यक्ष र अनेरास्ववियु रत्नराज्य क्याम्पसका पूर्व एकाइ अध्यक्ष गरी पाँच जनासँग प्राथमिक तथ्याङ्कहरू सङ्कलन गरिएको थियो ।

### १.८.२ द्वितीयक तथ्याङ्कका स्रोतहरू

यस नीतिसम्बद्ध विषयवस्तुको समग्र अध्ययनका लागि नेपालको संविधान, २०७२; राष्ट्रिय युवा नीति, २०७२ लगायत अन्य अन्तरसम्बन्धित नीतिहरू; आवधिक योजनाहरू; आर्थिक वर्ष २०७२/७३ देखिका वार्षिक नीति तथा कार्यक्रमहरू; बजेट वक्तव्य; राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय योजना आयोग, संयुक्त राष्ट्र सङ्घीय निकाय, अन्य सरकारी निकायबाट भए-गरेका अध्ययन अनुसन्धानका तथ्य र तथ्याङ्कहरू; स्थानीय सरकार सञ्चालन ऐन, २०७४; युवासँग सरोकार राख्ने लेख रचना; युवा रोजगारीसम्बन्धी कार्यक्रमहरूको वार्षिक प्रगति प्रतिवेदन तथा नेपाल सरकारबाट जारी अन्तरसम्बन्धित नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड र अन्य दस्ताबेजहरूबाट आवश्यक द्वितीयक तथ्याङ्क सङ्कलन गरिएको थियो ।

## १.९ अध्ययनका सीमाहरू

सार्वजनिक नीतिको समीक्षा आफैंमा चुनौतीपूर्ण र जटिल मानिन्छ । सार्वजनिक जीवनसँग जोडिएर बन्ने सामाजिक नीतिमा अन्तरसम्बन्धित सवालहरू जोडिएर आउने गर्दछन् । यसकारण सार्वजनिक नीतिको अध्ययन क्षेत्र व्यापक हुने गर्दछ । राष्ट्रिय युवा नीति, २०७२ लाई युवाको सर्वाङ्गीण विकासको सवालमा छाता अवधारणाको रूपमा लिन सकिन्छ । यसर्थ, निरपेक्ष रूपमा राष्ट्रिय युवा नीति, २०७२ को समीक्षा कठिन कार्य हो । यो नीति अन्य अन्तरविषयगत नीतिहरूसँग पनि परिपूरक हुने हुनाले ती सबै नीति, कार्यक्रम, निर्देशिका, योजना, परियोजना आदिको अध्ययन आवश्यक पर्दछ । व्यापक नीति समीक्षाका लागि व्यावहारिक रूपमा पर्याप्त स्रोत, साधन, सीप, ज्ञान तथा अनुभवको आवश्यकता पर्दछ । तथापि, यो अध्ययन भने छोटो समयावधि र सीमित स्रोतको दायराभित्र रहेर सम्पन्न गरिएको हो ।

यस समीक्षा प्रतिवेदनमा नीति कार्यान्वयनका क्रममा के कस्ता कार्यक्रम र स्रोतजन्य (बजेट मार्फत) प्रयासहरू भएका छन् भन्ने प्रमाणिक आधारहरू पेस गरिएको छ । साथै, वार्षिक नीति तथा कार्यक्रमहरूको युवा नीतिसँग सम्बद्धता हेर्ने गरी विश्लेषणात्मक आधार खडा गरिएको छ । समीक्षित नीतिको हरेक बुँदालाई नीति, कार्यक्रम वा बजेटसँग तालमेल गरी नीति समीक्षा गर्न उपलब्ध स्रोत, साधन र तथ्याङ्कले पर्याप्त र सम्भव नभएको वर्तमान अवस्थालाई मध्यनजर गरी हरसम्भव प्रामाणिक र वैज्ञानिक हुनेगरी विश्लेषण गरिएको छ । तथापि, यो नीति समीक्षा प्राविधिक रूपले निपुण नभए तापनि सैद्धान्तिक तथा व्यावहारिक परिप्रेक्ष्यमा गरिएको एक प्रयास हो ।

यस समीक्षा प्रतिवेदनले विधिगत आधार बनाएको मार्गदर्शनमा रहेका सम्पूर्ण क्षेत्र र पक्षका समेट्नयोग्य विषयवस्तुलाई समेटिएको छ । मार्गदर्शनका सबै पक्षको समीक्षा गर्न उपलब्ध तथ्याङ्क नहुनु पनि समस्याको रूपमा रहेको छ भने प्रभाव मूल्याङ्कन तथा तुलनात्मक विश्लेषणका लागि नीति निर्माणको परिवेश इङ्गित गर्ने विगतको तथ्याङ्क र स्रोत प्राप्त गर्नु पनि उत्तिकै चुनौतिपूर्ण छ । नेपालको नीति निर्माण र समीक्षाको प्रणाली अझै व्यवस्थित नभएकाले तथ्याङ्कको अभिलेखीकरण हुने गरेको पाइँदैन । यसका बाबजुद सम्भव भएका सबै क्षेत्र र विषय समेटिएको छ । उपलब्ध भएका तथ्याङ्कबाट अधिकतम प्रमाण जुटाई त्यसैमा आधारित भएर समीक्षा गर्ने प्रयास गरिएको छ ।

यस अध्ययनले देशका सबै प्रदेश, जिल्ला र स्थानीय तहका विभिन्न उमेर समूहका युवाको सहभागिता, छलफल र अन्तरक्रियाबाट उनीहरूको वास्तविक मुद्धा तथा समस्या पहिचान गर्न र नीति कार्यान्वयन गर्ने सबै स्थानीय तह, प्रदेश सरकार लगायत अन्य सबै सरोकारवाला संघ-सङ्गठन, मन्त्रालय, विभाग, युवा परिषद्हरू आदिलाई अध्ययनको दायरामा पूर्ण रूपमा समेट्न सकेको छैन । यस नीति समीक्षाले राष्ट्रिय युवा नीति, २०७२ ले अख्तियार गरेका नीति प्रावधानहरूमा केन्द्रित रहेर अन्तरसम्बन्धित नीतिहरूको युवासम्बद्ध पक्ष र विषयहरूको मात्र उठान गरेको छ । युवासम्बद्ध विषय र समस्या समाधानका क्षेत्रहरूको पहिचान समेत यसै नीतिको प्रावधानमा केन्द्रित रहेर सम्पन्न गरिएको छ । अन्तर्राष्ट्रिय परिवेश, नियम कानुन र अधिकारहरूलाई यस अध्ययनले उल्लेख गरेको छैन । राष्ट्रिय युवा नीतिले अख्तियार गरेका लक्ष्य, उद्देश्य र नीतिगत प्राथमिकतालाई आधार बनाई गरिएको यस अध्ययनले युवासँग सम्बन्धित अन्य सवालहरूलाई पूर्ण रूपमा समेट्न सकेको छैन ।

# परिच्छेद २

# युवासँग सम्बन्धित नीति तथा कार्यक्रमहरूको समीक्षा

यस खण्डमा युवासम्बद्ध नीतिमा रहेका प्रावधानहरू, विभिन्न बहुवर्षीय रणनीति तथा लक्ष्यमा रहेका युवा केन्द्रित विषयहरू, राष्ट्रियस्तरका कार्यक्रमहरूमा युवा लाभान्वित हुने सम्भाव्यता, र सरकारका वार्षिक तथा आवधिक योजना, नीति तथा कार्यक्रममा उठान गरिएका विषयवस्तुहरूलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरी राष्ट्रिय युवा नीति, २०७२ सँगको तादात्म्य विश्लेषण गरिएको छ ।

## २.१ नीतिगत दस्तावेजहरू

युवासँग सम्बन्धित विषयवस्तुहरू अन्य बहुआयामिक विषयवस्तुसँग अन्तरसम्बन्धित भएर आएका हुन्छन् । विभिन्न ऐन, नीति, नियम, कार्यविधि र मापदण्डहरूमा युवा नीतिसँग अन्तरसम्बन्धित रहेका विषयवस्तुहरू यस खण्डमा समेटिएको छ ।

### २.१.१ वैदेशिक रोजगार नीति, २०६८

नेपालको श्रम बजारमा विद्यमान समस्या, चुनौती र श्रमिकले भोग्दै आएका कठिनाइहरूलाई आन्तरिक रोजगारीले मात्र समाधान गर्न नसकेको सन्दर्भलाई आधार मानी विश्वव्यापीकरण र उदारीकरणको सिद्धान्तलाई शिरोधार्य गर्दै नेपालका युवा श्रमशक्तिलाई सुरक्षित, भरपर्दो र विश्वसनीय तरिकाले वैदेशिक रोजगारीमा पठाउने ध्येयका साथ बनेको वैदेशिक रोजगार नीति, २०६८ का उद्देश्य, नीति प्रावधान र रणनीतिहरूले अल्पकालमा युवा नीतिलाई सहयोग गरे तापनि यी दुई नीतिबिच विरोधाभास उत्पन्न हुने देखिन्छ ।

युवा नीतिले मुलुकका युवाशक्तिलाई स्वदेशमै रोजगारी दिंदै राष्ट्रिय पुँजी निर्माणद्वारा समृद्ध नेपाल निर्माणको परिकल्पना गर्दै गर्दा वैदेशिक रोजगार नीतिको मूल अभिष्ट श्रम विदेश पठाउनेमा केन्द्रित देखिन्छ । राष्ट्रिय योजना आयोग (२०७९) द्वारा प्रकाशित वैदेशिक रोजगार नीति, २०६८ को पुनरावलोकन अध्ययन प्रतिवेदनले औंल्याएका सुझावअनुरूप यस नीतिलाई कार्यान्वयन गर्नु सान्दर्भिक ठहर्दछ । आयोगले दिएका सुझावहरूलाई निम्नानुसार सङ्क्षिप्तमा प्रस्तुत गरिएको छ ।

क) वैदेशिक रोजगारी क्षणिक मनोरमको अवस्था हो र यस खालको रोजगारी र विप्रेषणमा निर्धक्कसँग भर पर्नुहुँदैन ।

ख) आर्थिक क्रियाकलापहरू वृद्धि हुँदा मात्र रोजगारी सिर्जना हुने हुँदा देशभित्रै आर्थिक क्रियाकलाप गर्नु गराउनु उचित हुन्छ ।

ग) कामदार बाहिर पठाउँदा श्रमिक व्यवसायीहरूको दायित्व पूरा हुँदैन, बरू बढेर जान्छ ।

घ) वैदेशिक रोजगारीबाट फर्किएका युवा श्रमिकको ज्ञान, सीप र क्षमतालाई प्रयोग गर्नेतर्फ सोच्नुपर्ने बेला भइसकेको छ ।

ङ) सीपरहित र कोरा जनशक्ति विदेशमा पठाउनु उचित नभएकाले यसलाई नीतिमा सुधार गर्नु जरूरी छ ।

## २.१.२ राष्ट्रिय रोजगार नीति, २०७१

आर्थिक विकास, रोजगारी, गरिबी निवारण, उत्पादन र उत्पादकत्वमा वृद्धि, कार्यशक्तिमा सुधार आदि विषयवस्तुको जगमा राष्ट्रिय रोजगार नीति, २०७१ तर्जुमा भएको पाइन्छ । श्रम बजारमा उपलब्ध श्रमिकलाई रोजगारी उपलब्ध गराउने नीतिगत औजारको रूपमा यो नीति आएको पाइन्छ । यस नीतिको पृष्ठभूमिले स्पष्ट रूपमा युवालाई प्राथमिकता दिएर समस्याको उठान गर्न सकेको भने छैन । यद्यपि, उत्पादन र रोजगरीको विषय उठान गरी अर्थतन्त्रमा उपलब्ध युवा लगायत सबै प्रकारका श्रमिकलाई उत्पादन र आयआर्जनमा जोड्ने अभिष्ट राख्नुले राष्ट्रिय युवा नीति, २०७२ को अभिष्टलाई सहजीकरण गर्ने देखिन्छ ।

यस नीतिले श्रम बजारमा रहेका चुनौतीहरू उठान गरेको पाइन्छ । अतः रोजगारीलाई प्राथमिकता दिने गरी यो नीति आउनु आफैंमा युवा तथा अन्य बेरोजगार श्रमिकका समस्यालाई सम्बोधन गर्नु हो भन्ने मान्न सकिन्छ । यस नीतिले विशिष्ट रोजगारीका प्राथमिकतालाई लक्षित गर्दै नीति निर्माणको प्रयासलाई अझ प्रभावकारी बनाउन समन्वय र सामन्जस्यपूर्ण शैलीमा सुधार गर्ने प्रयास गरेको देखिन्छ । अन्तरिम संविधान २०६३, तेह्रौं योजना, श्रम तथा रोजगार नीति, २०६२, राष्ट्रिय युवा नीति, २०६६, श्रम ऐन, ट्रेड युनियन ऐन लगायतका रोजगार सिर्जना गर्ने नीतिहरूको जगमा रहेर राष्ट्रिय रोजगार नीति, २०७१ तर्जुमा गरिएको थियो । राष्ट्रिय युवा नीति, २०६६ को समीक्षापश्चात् खारेजी गरेर वर्तमान राष्ट्रिय युवा नीति, २०७२ आएकाले रोजगार नीतिका रोजगारसम्बन्धी प्रावधानहरू राष्ट्रिय युवा नीति, २०७२ का सन्दर्भमा समेत परिपूरक मानिन्छन् ।

राष्ट्रिय रोजगार नीति २०७१ को उद्देश्य ५ मा स्पष्टसँग 'युवालक्षित रोजगारीका अवसरहरू सिर्जना गर्न प्राथमिकता दिने' उल्लेख छ । साथै यस नीतिको उद्देश्य ५ सगँ सम्बन्धित रहेका नीति प्रावधान १४.१ देखि १४.१६ सम्म गरी कुल १६ वटा नीतिहरू वर्तमान राष्ट्रिय युवा नीति, २०७२ सँग परिपूरक मानिन्छन् ।

## २.१.३ राष्ट्रिय जनसङ्ख्या नीति, २०७१

राष्ट्रिय जनसङ्ख्या नीति, २०७१ को भावी सोच 'हरेक नागरिकलाई गुणस्तरीय जीवनयापन गर्ने अवसरको वृद्धि भएको हुनेछ' ले युवा वर्गलाई समेट्ने स्पष्ट देखिन्छ । यसैगरी, नीतिको लक्ष्यले जनसङ्ख्या व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्धन गर्ने भनी उल्लेख गर्नु राष्ट्रिय युवा नीति, २०७२ सँग परिपूरक भएको मानिन्छ ।

राष्ट्रिय जनसङ्ख्या नीति, २०७१ मा मुलुकको राष्ट्रिय अर्थतन्त्रलाई सबल, सक्षम, दिगो र उत्पादनमुखी बनाउन सरकारी प्रयासले मात्र सम्भव नहुने भएकाले सरकारी, गैरसरकारी, निजी क्षेत्र, नागरिक समाज एवम् साझेदार सबै पक्षको सहभागिता र सहकार्यमा मुलुकमा उपलब्ध जनसङ्ख्याको समुचित व्यवस्थापन गर्दै उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्ने भनी प्रस्ताव गर्नाले युवा नीतिको कार्यान्वयनका लागि साझेदार निकायहरूसँगको सहकार्य गर्नमा सहयोग पुग्ने देखिन्छ। कृषि तथा अन्य क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै देशका ग्रामीण समाजबाट विदेशिँदै गरेका उत्पादनशील जनशक्तिलाई मुलुकमै स्थापित गर्ने विषयको उठान गर्नुले पनि राष्ट्रिय जनसङ्ख्या नीति, २०७१ र राष्ट्रिय युवा नीति, २०७२ तादात्म्य भएको देखिन्छ। राष्ट्रिय जनसङ्ख्या नीति, २०७१ ले लैङ्गिक, आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका भाषा, क्षेत्र, लिङ्ग, सीमान्तकृत समुदाय तथा अल्पसङ्ख्यक समूहको पहुँच राज्यको हरेक क्षेत्र र तहमा न्यून भएकाले यसलाई प्रभावकारी रूपमा कसरी सन्तुलित बनाउने भन्ने चुनौतीलाई सम्बोधन गर्न खोजेको छ जसबाट राष्ट्रिय युवा नीति, २०७२ को प्राथमिकता र विशेष प्राथमिकतामा परेका युवा वर्ग समेत समेटिने देखिन्छ।

राष्ट्रिय जनसङ्ख्या नीति, २०७१ का उद्देश्यहरूः जनसङ्ख्या र विकासबिच तादात्म्य कायम गरी जनसङ्ख्या व्यवस्थापनलाई समग्र विकासको अभिन्न अङ्गका रूपमा विकास गर्ने (६.४.१) र राष्ट्रिय उत्पादकत्व वृद्धिका लागि सक्रिय जनसङ्ख्यालाई उत्पादनशील र उद्योगमुखी बनाउने (६.४.७) ले युवा वर्ग समेत समेटिने देखिन्छ। यी दुई उद्देश्यहरूले युवाशक्तिको परिचालनद्वारा जनसाङ्ख्यिक लाभ प्राप्त गर्न सकिने उल्लेख गरेको पाइन्छ। यद्यपि, जनसङ्ख्या नीतिको लक्ष्य र उद्देश्यमा 'युवा' शब्द नै प्रयोग गरेर विशेष प्राथमिकता दिएको देखिँदैन।

जनसङ्ख्या नीति, २०७१ को नीति ७.१ (जनसङ्ख्या र विकासबिच सामञ्जस्यता कायम गर्न जनसङ्ख्या व्यवस्थापनलाई समग्र विकासको अभिन्न अङ्गका रूपमा लिँदै सरोकारवाला निकायका बिचमा सम्पर्क र समन्वय स्थापित गरिनेछ) र नीति ७.६ (जनसङ्ख्या क्षेत्रका नीतिनिर्माण, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि संस्थागत संरचनाको सुदृढीकरण गरिनेछ) मार्फत संस्थागत सुदृढीकरणमा जोड दिनुले युवा नीतिको संस्थागत विकासमा समेत सहकार्य हुने देखिन्छ। साथै, नीति ७.९ मा जनसङ्ख्याको लाभांश हुने हिस्सा र खास गरी युवा समूहलाई रोजगारमूलक कार्यमा उपयोग गरिनेछ भनी स्पष्ट रूपमा उल्लेख गरिएको छ जुन युवा नीति कार्यान्वयनको सवालमा परिपूरक हुने देखिन्छ। यसैगरी, राष्ट्रिय युवा नीति, २०७२ को कार्यान्वयनमा थप सहयोग पुग्ने रणनीतिहरू यस प्रकार रहेका छन्ः

क) रणनीति ८.१.१ः विद्यमान क्षेत्रगत नीति, योजना तथा कार्यक्रमहरूको जनसाङ्ख्यिक दृष्टिकोणबाट पुनरावलोकन गरी कार्यान्वयनमा प्रभावकारिता ल्याउन केन्द्रदेखि स्थानीय तहसम्मका संस्थागत एवम् व्यवस्थापकीय पक्षमा सुधार गर्ने,

ख) रणनीति ८.१.८ः जनसङ्ख्या व्यवस्थापनका लागि विकासका साझेदार, सरकारी निकाय, गैरसरकारी संस्था, निजी क्षेत्र, सहकारी तथा सामुदायिक संस्थाहरूसँगको साझेदारी र सहकार्यलाई प्रोत्साहन गर्ने,

ग) रणनीति ८.२.६ः सीमान्तकृत एवम् लोपोन्मुख जाति (राउटे, कुसुण्डा, चेपाङ, राजवंशी, चमार, मुसहर, वादी, राजी आदि) संरक्षण गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने,

घ) रणनीति ८.४.१०ः युवा जनसङ्ख्या नै जनसाङ्ख्यिक लाभांश भएकाले तिनबाट राष्ट्रिय उत्पादकत्वमा उचित लाभ प्राप्त गर्न उपयुक्त अवसरहरूको सिर्जना गर्ने ।

यसका अतिरिक्त राष्ट्रिय जनसङ्ख्या नीति, २०७१ ले अङ्गीकार गरेका निम्नलिखित रणनीतिहरू युवा नीतिले लक्षित गरेका प्राथमिक, विशेष प्राथमिक, सिमान्तकृत, तथा गरिब वर्गहरूको समृद्धिका लागि सहायकसिद्ध हुने देखिन्छः

क) रणनीति ८.५.५ः सीमान्तकृत तथा लोपोन्मुख समूहको वस्तुगत रूपमा पहिचान गरी उनीहरूको संस्कृतिको संरक्षण र आर्थिक, सामाजिक सुरक्षाको व्यवस्था गर्ने,

ख) रणनीति ८.५.९ः जनसाङ्ख्यिक विकास कार्यक्रमहरू निर्माण गर्दा महिला, पुरुष, तेस्रो लिङ्गी, लक्षित एवम् पिछडिएका वर्ग, समुदाय तथा अल्पसङख्यक समेतलाई सहभागी गराई उनीहरूका आवश्यकतालाई प्राथमिकता दिने,

ग) रणनीति ८.९.२ः युवाहरूलाई स्वावलम्बनका माध्यमबाट हुने स्वरोजगार कार्यक्रमको प्रवर्धन गरिने ।

यसका निम्ति, मन्त्रालयले अन्य सरोकारवालाहरूसँग समन्वय गर्ने विषयमा निम्नलिखित रणनीतिहरू सम्बन्धित रहेको पाइन्छः

क) रणनीति ८.९.३ः सरकारी, गैरसरकारी वा निजी क्षेत्रका एवम् सहकारिताका माध्यमबाट समेत वित्तीय व्यवस्थापन गर्ने निकाय मार्फत युवाहरूका लागि रोजगारी प्रवर्धन हुने गरी ऋण तथा प्राविधिक सहायतालाई प्राथमिकता दिने,

ख) रणनीति ८.९.४ः वैदेशिक रोजगारीबाट फर्केका युवाले आर्जन गरेको सीप तथा साधन स्रोतलाई राष्ट्रिय उत्पादन वृद्धिका निम्ति प्रयोग गर्न प्रोत्साहन दिने ।

यी सबै नीति र रणनीतिहरू युवा नीतिका प्रावधान र रणनीतिहरूको सफल कार्यान्वयन गर्ने सिलसिलामा उत्प्रेरकका रूपमा प्रयोग हुने देखिन्छन् ।

## २.१.४ राष्ट्रिय युवा परिषद् ऐन, २०७२ र नियमावली, २०७३

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा ६ मा परिषद्का ४ वटा मुख्य काम, कर्तव्य तथा अधिकारहरूः युवासम्बन्धी योजना तथा कार्यक्रम बनाई लागु गर्ने, युवालाई राष्ट्र निर्माणमा जुटाउने, समाज परिवर्तनमा युवालाई उत्प्रेरित गर्ने तथा विकास निर्माणमा युवालाई स्वयम्सेवकको रूपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने - राष्ट्रिय युवा नीति, २०७२ सँग तादात्म्य भएको देखिन्छ। राष्ट्रिय युवा नीति, २०७२ को नीति प्रावधान ९.१४ (मुलुकको भौगोलिक, सामाजिक तथा आर्थिक अवस्थाबारे जानकारी दिलाउँदै राष्ट्रिय विकासमा युवालाई स्वयम्सेवकका रूपमा सहभागी गराउने कार्यक्रमलाई प्राथमिकता दिइने छ) सँग राष्ट्रिय युवा परिषद् ऐन, २०७२ र नियमावली २०७३ को दफा ६ मा उल्लेख भएको परिषद्को काम, कर्तव्य तथा अधिकारको बुँदा नम्बर २ परिपूरक नै भएको देखिन्छ। तर, युवावर्गलाई स्वयम्सेवामा लाग्न उत्प्रेरणा दिने वा परिचालन गर्ने कार्यभन्दा उनीहरूको सीप र क्षमतालाई थप सबल बनाई देश विकासको कार्यमा समर्पित गराउनु जरूरी देखिन्छ।

## २.१.५ राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३

राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३ को दूरदृष्टिले राष्ट्रिय युवा नीति, २०७२ को मूल मर्मलाई अङ्गीकार गरेको देखिन्छ। यस नीतिमा बौद्धिक सम्पत्ति अधिकारको संरक्षण र प्रवर्धनको माध्यमबाट नेपाललाई सिर्जनशील राष्ट्रको रूपमा स्थापित गर्ने भनी उल्लेख गरेको पाइन्छ। यसैगरी, राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३ को ध्येयले आर्थिक समृद्धिलाई गन्तव्य मानेको छ, जुन युवा नीतिसँग पनि आकर्षित हुन्छ।

साथै, राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३ को ९.१ को कार्यनीति ५ मा लक्षित वर्गहरूलाई सम्बोधन गर्दै भनिएको छ, 'फरक किसिमको क्षमता भएका महिला, दलित, पिछडिएको वर्गका निम्ति बौद्धिक सम्पत्ति र संरक्षण सम्बन्धमा निःशुल्क रूपमा कानुनी तथा प्राविधिक परामर्श सेवा उपलब्ध गराउन व्यवस्था गरिनेछ' । यो कार्यनीति राष्ट्रिय युवा नीति, २०७२ को नीति २२ मा उल्लिखित नीति प्रावधान 'प्राथमिकताको समूह तथा विशेष प्राथमिकताको समूहमा रहेका युवालाई राज्यका तर्फबाट उपलब्ध गराउने सेवा सुविधामा विशेष प्राथमिकता प्रदान गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ' सँग अन्तरसम्बन्धित रहेको पाइन्छ। यसैगरी नीतिको ९.१ को कार्यनीति ७ मा 'बेग्लै खालका शारीरिक तथा मानसिक क्षमता भएका व्यक्तिहरूका लागि सङ्गीत, गायन, हस्तकला जस्ता विषयहरूमा तालिम दिई प्रतिभा प्रस्फुटन गराई बौद्धिक सम्पत्तिको धनीको रूपमा स्थापित गर्दै रोजगारीका अवसरहरूमा वृद्धि गरिनेछ' भनी उल्लेख गरिएको छ। यस कार्यनीतिले राष्ट्रिय युवा नीति, २०७२ का नीतिहरू क्रमशः (१०) सबै वर्ग, लिङ्ग, जातजाति, धर्म, वर्ण र क्षेत्रका युवाका विविधतालाई दृष्टिगत गर्दै सशक्तिकरण र विकासका लागि समान अवसर सिर्जना गर्ने; (११) मुलुकका विभिन्न क्षेत्रमा विशेष योगदान गरेका युवा प्रतिभालाई राज्यका तर्फबाट सम्मान गर्ने; र (१२) युवामा अन्तरनिहित प्रतिभा प्रस्फुटन, सीप र क्षमता विकास गर्न राज्यले व्यापक लगानी गर्ने नीतिलाई मूर्त रूप दिन सहयोगी भूमिका खेल्न सक्ने देखिन्छ।

समग्रमा, राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३ मा प्रस्तुत गरिएका नीतिगत प्रावधानहरूले राष्ट्रिय युवा नीति, २०७२ को कार्यान्वयनलाई आंशिक रूपमा सहयोग पुऱ्याउने देखिन्छ ।

### २.१.६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १५ को उपदफा २ मा 'स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवी, विषय विज्ञ, अनुभवी, पेसाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, किशोरकिशोरी, दलित, युवा, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितालाई सुनिश्चित गर्ने' भनी सुस्पष्ट उल्लेख गर्नुले युवा नीतिका नीति प्रावधानहरूलाई कार्यान्वयन गर्न सघाउने देखिन्छ । वार्षिक, आवधिक, क्षेत्रगत तथा रणनीतिक योजना बनाउँदा यस किसिमले सबै सरोकारवालाहरूको सहभागिता गर्ने भनिएको भए तापनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले युवालाई लक्षित वर्गको रूपमा लिएर उनीहरूको सहभागिता तथा साझेदारीलाई स्थानीय शासन प्रक्रियामा सुनिश्चित गराउने सम्बन्धमा स्पष्टरूपमा व्यवस्था नगर्नुले युवा नीति कार्यान्वयनमा जटिलता आउन सक्ने देखिन्छ ।

### २.१.७ राष्ट्रिय शिक्षा नीति, २०७६

राष्ट्रिय पुँजी निर्माण तथा दिगो विकासको समग्र प्रक्रिया र लक्ष्य प्राप्तिमा गुणस्तरीय शिक्षा, सुशासन र आर्थिक वृद्धि आधारभूत जग हुन् । विकासको गतिलाई दिगो बनाउन शिक्षा, सुशासन र आर्थिक वृद्धिसँग सम्बन्धित नीतिहरू परिमार्जन गरी ठोस रूपमा कार्यान्वयन गर्नुपर्छ । यस्ता नयाँ र कार्यान्वयनयोग्य शैक्षिक नीतिहरूले सुशासन, शान्ति, समावेशीकरण, सशक्तिकरण र जीवन्त आर्थिक वृद्धिको लक्ष्यलाई साकार पार्ने निश्चित छ । राष्ट्रको शैक्षिक विकासको दृष्टिकोण र कार्यदिशा शिक्षा नीति मार्फत प्रतिविम्बित हुने गर्दछ । कुनै पनि देशको शिक्षा नीतिले आफ्नो राष्ट्रिय विकासका प्राथमिकताहरूलाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ ।

नेपालको संविधान, आवधिक विकास योजना, दिगो विकास लक्ष्य, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र वार्षिक नीति तथा कार्यक्रमहरूको अन्तरवस्तुसँग अन्तरघुलन गराउँदै मुलुकको सामाजिक र आर्थिक रूपान्तरण पूरा गर्ने अभिष्ट राष्ट्रिय शिक्षा नीति, २०७६ ले लिएको पाइन्छ । राज्यले शिक्षालाई रूपान्तरणकारी क्षेत्रको रूपमा लिनुपर्दछ र लिएको पनि छ । यसकारण युवा नीति र शिक्षा नीतिबिच नीतिगत उद्देश्यमा परिपूरकता देखिन्छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ को दूरदृष्टिः 'शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रूपान्तरण र समृद्धि' तथा लक्ष्यः 'सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमुलुक र उत्पादनमुखी बनाई देशको आवश्यकताअनुरूपको मानव संसाधन विकास गर्ने' रहेको छ । उल्लिखित दूरदृष्टि र लक्ष्यको राष्ट्रिय युवा नीति, २०७२ ले शिक्षा क्षेत्रमा युवाको विकास र समृद्धिका लागि लिएका

१० वटा रणनीति तथा कार्यनीतिहरूसँग समानता देखिन्छ। राष्ट्रिय युवा नीति, २०७२ समेतलाई आधार बनाएर शिक्षा नीति, २०७६ आएको देखिन्छ।

शिक्षा नीतिको उद्देश्य ८.७: 'सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु' र राष्ट्रिय युवा नीति, २०७२ को नीति २२ अन्तर्गत विशेष प्राथमिकताको समूहमा रहेका युवालाई राज्यका तर्फबाट उपलब्ध गराउने सेवा सुविधामा विशेष प्राथमिकता प्रदान गरी कार्यक्रम सञ्चालन गरिने नीति परिपूरक भएको देखिन्छ।

यसैगरी राष्ट्रिय शिक्षा नीति, २०७६ ले लिएको रणनीति ९.८ र ९.१७ ले राष्ट्रिय युवा नीति, २०७२ को परिभाषा खण्डमा रहेको क्रमशः (ग) - विशेष प्राथमिकताको समूहका युवा र (च) - अपाङ्गता भएका युवा वर्गलाई प्रोत्साहन पुऱ्याउने देखिन्छ। साथै, शिक्षा नीतिको रणनीति ९.२१ ले 'विश्वविद्यालयबाट उत्कृष्ट नतिजा प्राप्त गरेका मेधावी विद्यार्थीहरूलाई शिक्षण पेसामा आकर्षित गर्ने' भनी दक्ष युवालाई शिक्षा क्षेत्रमा परिचालन गर्ने विषय उल्लेख गरेको छ।

शिक्षा नीतिले लिएका रणनीति र कार्यनीतिहरूले समग्र युवा नीतिको परिकल्पना पूरा गर्न प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउने देखिए तापनि शिक्षा नीतिमा युवा भन्ने शब्द एक पटक समेत प्रयोग गरिएको छैन। यसो हुनु आफैंमा निराशाजनक विषय हो। राष्ट्रिय शिक्षा नीति, २०७६ को गहन अध्ययनपश्चात् त्यस नीतिसम्बद्ध युवा नीतिले शिक्षा क्षेत्रमा लिनुपर्ने मूलभूत परिमार्जनका विषय तथा क्षेत्रहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

क) हामी कस्तो भावी नागरिकको विकास गर्न चाहन्छौं ? हाम्रा भावी पुस्तालाई विश्वव्यापी रूपमा चिनाउनका लागि ज्ञान र प्रविधिको विकास तथा गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक कदम चाल्नु जरूरी छ।

ख) गुणस्तरीय शिक्षाले भावी पुस्तामा दक्षता निर्माण गर्छ ताकि उनीहरू विश्वव्यापी प्रतिस्पर्धामा पछि पर्न नपरोस्। यसका लागि गुणस्तरीय शिक्षाका लागि प्रोटोकल र मापदण्डहरू तयार पार्ने कार्य गर्नुपर्दछ।

ग) शिक्षा क्षेत्रमा कुशल व्यवस्थापन उपायहरू र कार्यान्वयन प्रविधिहरू लागु गरिनुपर्दछ।

### २.१.८ राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ र नियमावली २०७९

राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को प्रस्तावनामा सिर्जनशील, कर्मठ र राष्ट्रप्रति समर्पित खेलाडी तयार गर्ने विषय उल्लेख हुँदा युवा नीतिको आर्दश पूरा गर्ने मार्गमा सहजता पुग्ने देखिन्छ। यस ऐनले युवा नीतिको कार्यान्वयन युवा तथा खेलकुद मन्त्रालय मार्फत हुने कानुनी व्यवस्था गरेको हुँदा कार्यगत एकता रहने समेत देखिन्छ। साथै, नियमावलीको परिच्छेद ६ को दफा २१ को उपदफा १ मा खेलकुदसम्बन्धी पूर्वाधारहरूको विकास, व्यवस्थापन र प्रतियोगिता सञ्चालन गर्दा स्थानीय तहले प्रदेश

सरकारसँग र प्रदेश सरकारले मन्त्रालय, परिषद् र सम्बन्धित खेलका संघहरूसँग समन्वय गर्नुपर्नेछ भनी समन्वय र साझेदारीको भाव प्रस्तुत गर्नुले राष्ट्रिय युवा नीति, २०७२ को नीति १८ कार्यान्वयनमा परिपूरकको भूमिका खेल्ने देखिन्छ ।

### २.१.९ बागमती प्रदेश युवा नीति, २०७९

बागमती प्रदेश सरकारले तर्जुमा गरेको युवा नीति, २०७९ ले उठान गरेका युवासम्बन्धी समस्या, चुनौती, सम्भावना र अवसरहरू राष्ट्रिय युवा नीतिले उठान गरेका सवालहरूसँगै तादात्म्य हुने देखिन्छन् । यसर्थ पनि प्रदेश सरकारले चाल्ने नीतिगत प्रयासले राष्ट्रिय युवा नीतिको लक्ष्य र उद्देश्यमा अनुकूलता आउने देखिन्छ । प्रदेश युवा नीति, २०७९ ले अङ्गीकार गरेका ७ वटा उद्देश्य तथा १६ वटा नीतिहरू, कार्यनीति, संस्थागत तथा कानुनी व्यवस्था र नीति कार्यान्वयन योजनाहरू राष्ट्रिय युवा नीति, २०७२ का लक्ष्य, उद्देश्य, नीति प्रावधान, कार्यनीतिहरूको कार्यान्वयनमा परिपूरक हुने देखिन्छन् । फलस्वरूप, राष्ट्रिय युवा नीतिको प्रभावकारी कार्यान्वयनमा सहजता आउने देखिन्छ ।

समावेशिता, जबाफदेहिता, उपलब्धता, सहयोग, सशक्तिकरण, सहभागिता, पारदर्शिता, विषयविज्ञता र नैतिकता जस्ता युवानुकूल मार्गदर्शक सिद्धान्त अङ्गीकार गर्नुले बागमती प्रदेश सरकारको यो नीति राम्रो मान्न सकिन्छ । यसर्थ, बागमती प्रदेश युवा नीतिका मार्गदर्शक सिद्धान्तलाई राष्ट्रिय युवा नीतिमा समेत समेट्नु वाञ्छनीय देखिन्छ ।

साथै, वर्तमान नेपाली समाजमा युवाहरू सामाजिक रूपमा विचलित हुँदै गरिबी र बेरोजगारीको सिकार बनेर विदेश पलायन हुनुपरेको अवस्थामा युवालाई स्वदेशमै रही आयमूलक कार्यमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्र मजबुत बनाउन आवश्यक देखिएको छ । यसका लागि, प्रदेश युवा नीतिले लिएका युवाका मूल्यहरू जस्तैः प्रतिबद्धता, सहानुभूति, जिम्मेवारी, इमान्दारीता, नैतिकता, पारस्परिक समन्वय, सेवामुखी भाव, न्याय, जनकल्याण, अहिंसा, अग्रसरता, सकारात्मक सोच, उत्प्रेरणा र पहलकदमी आदिलाई राष्ट्रिय युवा नीतिमा समाविष्ट गर्नु उपयुक्त हुने देखिन्छ ।

राष्ट्रिय युवा परिषद् र प्रदेश युवा परिषद् पृथक र स्वतन्त्र हुँदै गर्दा आपसमा सैद्धान्तिक, नीतिगत तथा क्षेत्राधिकारमा मतभेद उत्पन्न भई नीति कार्यान्वयनमा जटिलता आउन सक्छ । जिल्ला तहमा समेत सङ्घीय अख्तियार प्राप्त जिल्ला युवा परिषद् र प्रदेशबाट अख्तियार प्राप्त युवा परिषद्को गठन र अभ्यास हुँदै गर्दा कार्यविभाजन, नीति कार्यान्वयन तथा क्षेत्राधिकारमा द्वन्द्व आउने देखिन्छ । स्रोतको दुरूपयोग हुने सम्भावना समेत रहन्छ । युवा परिषद्मा राजनैतिक नियुक्ति हुने भएकाले यसबाट अर्थतन्त्रले धान्नै नसक्ने अवस्था आउनेछ । त्यसको लेखाजोखा गरेर मात्र निर्णय लिनु आवश्यक छ ।

### २.१.१० राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८०

नेपालमा बेरोजगार श्रमिकलाई आर्थिक क्रियाकलापमा संलग्न गराउँदै उद्यमी बन्ने संस्कृतिको विकास गर्न विगतका केही वर्षदेखि स्टार्टअपको बहस हुँदै आएको पाइन्छ । यद्यपि स्टार्टअप के हो? यसको

आधिकारिक परिभाषा के हो? यसलाई मापन गर्ने मापकहरू के के हुन? यी प्रश्नहरू अनुत्तरित भइरहेको अवस्थामा नेपाल सरकारले स्टार्टअप व्यवसायलाई परिभाषित गरी नयाँ नीति समेत तर्जुमा गरेको छ। स्टार्टअप उद्यमलाई परिभाषित गर्ने गरी आएको यस नीतिले उद्यमशील समूहले वस्तु, सेवा वा प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण एवम् सिर्जनशील सोचको प्रयोग गरी व्यावसायिक रूपमा सञ्चालन भएको र स्तरोन्नतिको सम्भावना रहेको उद्यम वा व्यवसायलाई नै स्टार्टअप भनेको छ ("के हो स्टार्टअप", २०७९)। नीतिमा उल्लेख भए बमोजिम स्टार्टअप व्यवसायलाई मापन गर्ने मापकहरू देहाय अनुसार रहेका छन्ः

क) १० जना भन्दा बढी पूर्णकालीन कामदारहरूको सङ्ख्या नभएको,

ख) ५० लाखभन्दा बढी वार्षिक कुल आम्दानी नभएको,

ग) २ करोड भन्दा बढी स्थिर पुँजी (जग्गाको मूल्यसमेत) नभएको,

घ) ५० लाख भन्दा बढी चूक्ता पुँजी नभएको,

ङ) कुनै वस्तु तथा सेवाको उत्पादन गर्न थालनी गरेको,

च) उद्यमशील कार्यमा आइपर्ने जुनसुकै समस्यालाई समाधान गर्न सूचना प्रविधिको उपयोग भएको,

छ) नवप्रवर्तन तथा सिर्जनशील सोचको प्रयोग भएको,

ज) बौद्धिक सम्पत्तिको पेटेन्ट वा डिजाइन वा सफ्टवेयर दर्ता गर्न योग्य रहेको आदि।

उल्लिखित मापकहरू भएको जुनसुकै उद्यमलाई स्टार्टअपको नामले चिनिन्छ भनी उक्त नीतिको मस्यौदामा उल्लेख गरिएकाले नेपाली युवाहरूलाई स्टार्टअपमा आकर्षण गर्न खोजिएको छ भन्ने बुझ्न सकिन्छ । यसकारण स्टार्टअप उद्यम नीति, २०८० ले राष्ट्रिय युवा नीति, २०७२ को सोच, लक्ष्य तथा उद्देश्य प्राप्तिमा अनुकूल वातावरण सिर्जना गर्ने देखिन्छ ।

स्टार्टअप उद्यम नीति, २०८० मा देहायका क्षेत्रमा संलग्न भई उद्यम सञ्चालन गर्न सक्ने नीतिगत व्यवस्था गरिएको छः

क) कृषि, पशुपन्छी तथा वन (जडिबुटी, पैदावार),

ख) पर्यटन प्रवर्धन, मनोरञ्जन र अतिथि सत्कार,

ग) विज्ञान प्रविधि,

घ) सञ्चार तथा सूचना प्रविधि,

ङ) मानव स्वास्थ्य,

च) शिक्षा तथा शिक्षण सिकाइ, सहज र सुरक्षित यातायात तथा पारवहन,

छ) विद्युतीय सवारी साधन तथा अटोमोबाइल,

ज) पूर्वाधार निर्माण,

झ) परम्परागत प्रविधिमा आधारित उत्पादन,

ञ) खनिज तथा उत्खनन,

ट) अध्ययन तथा अनुसन्धान आदि ।

राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८० कार्यान्वयनमा आएपश्चात् नीतिको अभिष्ट अनुसार स्टार्टअपमा संलग्न हुन चाहनेहरूका लागि प्रस्तावसहितको आवेदन आह्वान भई पूर्णकार्यान्वयनको प्रक्रियामा रहेको छ । स्टार्टअप उद्यमलाई बढवा दिन वित्तीय प्रोत्साहन तथा पहुँच अभिवृद्धि गर्ने उद्देश्यसहित ६ वटा नीतिहरू अवलम्बन गरिएको छ जसमा स्टार्टअपको पर्यावरण निर्माणका लागि कानुनी, संस्थागत तथा अन्य आवश्यक पूर्वाधार तयार गर्ने, स्टार्टअपमा आधारित उद्यमशीलता विकास गरी रोजगारी सिर्जना मार्फत उत्पादन वृद्धि गर्ने, स्टार्टअप उद्यमको प्रवर्धनका लागि स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहित गर्ने, स्टार्टअप उद्यमको विकासका लागि तीन तहका सरकार, प्राज्ञिक संस्था तथा निजी क्षेत्रबिच सहकार्य गर्ने, स्टार्टअप उद्यमलाई प्रतिस्पर्धी तथा सबल बनाउन वित्तीय औजारहरूको उपयोग गर्ने र स्टार्टअप उद्यमको विकास गर्न आवश्यक पर्ने स्रोत सुनिश्चितताका लागि छुट्टै कोषको व्यवस्था गर्ने रहेका छन् । समग्रमा हेर्दा, राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८० ले राष्ट्रिय युवा नीति, २०७२ ले अङ्गीकार गरेका रोजगारी सिर्जनासम्बन्धी र युवा लक्षित अन्य अवयवहरूमा सकारात्मक रूपमा योगदान गर्ने देखिन्छ ।

## २.२ बहुवर्षीय रणनीति तथा लक्ष्यहरू

यस खण्डमा विभिन्न बहुवर्षीय रणनीति तथा लक्ष्यहरूमा युवालाई लक्षित गरी उल्लेख गरिएका प्रावधान तथा कार्यनीतिहरूबारे सङ्क्षिप्तमा चर्चा गरिएको छ ।

### २.२.१ युएनडीपी नेपालः युवा रणनीति (२०१८ - २०२२)

नेपालको संविधानले युवाको सर्वाङ्गीण विकासका लागि तोकेका क्षेत्रहरू जस्तैः क्षमता विकास, सशक्तिकरण, शिक्षा, स्वास्थ्य र रोजगारीलाई थप टेवा पुग्ने गरी युवा रणनीति २०१८-२०२२ को खाका तयार गरिएको पाइन्छ । यसले हरेक क्षेत्रमा युवा सहभागितालाई प्रोत्साहन गर्ने नीतिहरूको व्यवस्था गरेको छ । मूलतः राष्ट्रिय युवा नीति, २०७२ का नीति प्रावधानहरूलाई कार्यान्वयन गर्न सघाउ पुग्ने गरी युवा रणनीति २०१८-२०२२ तर्जुमा भएको छ । यस रणनीतिले युवाको समग्र विकासमा राज्य, राष्ट्रिय तथा अन्तर्रराष्ट्रिय गैरसरकारी संस्था, नगारिक समाज, समुदाय आदिको भूमिकालाई प्राथमिकताका साथ उल्लेख गरेको छ जुन राष्ट्रिय युवा नीति, २०७२ को संस्थागत पक्षसँग सहकार्य गर्ने देखिन्छ ।

यस रणनीतिमा युवाको विकास र क्षमता निर्माणमा रोजगारीका अवसरहरूको कमी (राष्ट्रिय युवा नीति, २०७२ को १०. ख 'रोजगारी' अन्तर्गत रहेका कार्यनीतिहरू सँग सम्बन्धित), सीमित राजनीतिक नेतृत्व (राष्ट्रिय युवा नीति, २०७२ का नीतिहरू १, २ र ३ सँग सम्बन्धित), अवैध गतिविधिमा प्रवेश (राष्ट्रिय युवा नीति, २०७२ को नीति २१ सँग सम्बन्धित), जलवायु परिवर्तन र वातावरणीय प्रकोपबाट प्रभावित,

गरिबी र बेरोजगारीको सिकार (राष्ट्रिय युवा नीति, २०७२ को नीति ८ सँग सम्बन्धित), अवसरबाट वञ्चित (राष्ट्रिय युवा नीति, २०७२ का नीतिहरू ८, १० र २३ सँग सम्बन्धित), उच्च दरमा प्रतिभा पलायन (राष्ट्रिय युवा नीति, २०७२ को नीति १९ सँग सम्बन्धित) आदि जस्ता अवरोधहरू रहेको विषय उठान गरी राष्ट्रिय युवा नीति, २०७२ को कार्यान्वयनको आवश्यकता दर्साएको पाइन्छ । साथै, रणनीतिमा उल्लिखित युवासँग जोडिएका प्रमुख मुद्दाहरूः बसाइँसराइ, गरिबी, बेराजगारी, र जलवायु परिवर्तन जस्ता समस्याहरू र उत्थानशीलता, सहभागिता, र समृद्धिको आवश्यकता पनि राष्ट्रिय युवा नीति, २०७२ अनुरूप हुने गरी आएको देखिन्छ (United Nation Development Programme [UNDP], 2018) ।

### २.२.२ युथ भिजन, २०२५ तथा दश वर्षे रणनीतिक योजना

युथ भिजन, २०२५ तथा दश वर्षे रणनीतिक योजना राष्ट्रिय युवा नीति, २०७२ कै जगमा रहेर तर्जुमा गरिएको हो र यसले ४ 'अ' तथा ४ 'स' जस्ता निर्देशक सिद्धान्त अङ्गीकार गरेको देखिन्छ । यसकारण पनि युथ भिजन, २०२५ तथा दश वर्षे रणनीतिक योजनाले राष्ट्रिय युवा नीति, २०७२ को कार्यान्वयनमा सहजीकरण प्रदान गर्ने देखिन्छ । यसैगरी दशवर्षे रणनीतिक योजनाले राष्ट्रिय युवा नीति, २०७२ लाई कार्यान्वयन गर्न अङ्गीकार गरेका कार्यक्रमका पाँच स्तम्भहरू पनि परिपूरकका रूपमा देखिन्छन् ।

**तालिका १ः युथ भिजन २०२५ तथा दशवर्षे रणनीतिक योजनका प्रमुख स्तम्भहरू**

| युथ भिजन २०२५ | | दश वर्षे रणनीतिक योजना |
|---|---|---|
| ४ 'अ' | ४ 'स' | ५ कार्यक्रम |
| क) अधिकारको सुनिश्चितता र दायित्वबोध | क) सामाजिक न्याय र समानता | क) गुणस्तरीय र व्यावसायिक शिक्षा |
| ख) आम समृद्धि, दिगो विकास र शान्ति | ख) समावेशिता र समविकास | ख) रोजगारी, उद्यमशीलता र सीप विकास |
| ग) अनेकतामा राष्ट्रिय एकता र सह अस्तित्व | ग) संरक्षण र संवर्धन | ग) स्वास्थ्य र सामाजिक सुरक्षा |
| घ) अनुभव र तथ्यबाट सत्यको खोजी | घ) सहभागिता र सहकार्य | घ) युवा परिचालन, सहभागिता र नेतृत्व विकास |
| | | ङ) खेलकुद र मनोरञ्जन |

*स्रोतः Ministry of Youth and Sports (2015)*

युथ भिजन २०२५ मा रहेका प्रावधानहरू राष्ट्रिय युवा नीति, २०७२ मा प्रत्यक्ष रूपमा समेटिएको पाइन्छ । जस्तै, अधिकार र दायित्वको बोध गराउने विषय नीतिको ९.१ मा समेटिएको छ । यसबाट युवाले राष्ट्र, राष्ट्रियता र लोकतन्त्रको ज्ञान मार्फत आफूलाई सुसूचित गर्दै देश विकासमा अग्रसर रहने नीति लिएको देखिन्छ । बुँदा ९.७ ले व्यक्तिगत रूपमा युवाको चारित्रिक गुणसहितको समाजप्रतिको दायित्वबोध गराउने विषय उल्लेख गरेको छ । तथापि, ४ प्रकारका 'स' अर्थात् सामाजिक न्याय, समविकास, सहभागिता र सहकार्य लगायतका उल्लिखित विषय नीतिले स्पष्ट रूपमा समेटेको पाइँदैन । यसले नीतिमा केही महत्त्वपूर्ण विषयहरूको कमी रहेको स्पष्ट हुन्छ । अर्कोतर्फ, दश वर्षे रणनीतिक योजनाले वर्तमानमा युवालाई समेट्न आवश्यक र जरूरी विषयहरू समेटेको पाइन्छ । जस्तै, नीतिको बुँदा ९.१५ मा गुणस्तरीय शिक्षा, अध्ययन र अनुसन्धानमा जोड दिने उल्लेख छ । नीतिले समेटेका कतिपय विषय युथ भिजन, २०२५ र दशवर्षे रणनीतिक योजनाले समेटेको देखिए तापनि कार्यान्वयन र उपलब्धिको पाटो मापन गर्न पर्याप्त आधारहरूको कमी रहेको अवस्था छ । उपलब्ध आधार र तथ्याङ्कको विश्लेषणबाट भए गरेका उपलब्धिहरू भने यस समीक्षाले औँल्याएको छ ।

## २.२.३ युवामैत्री स्थानीय तह दिग्दर्शन, २०७९

राष्ट्रिय युवा नीति, २०७२ तथा युथ भिजन, २०७५ ले अङ्गीकार गरेका लक्ष्य र उद्देश्यहरू पूरा गर्ने गरी देशभरका १३ वटा पालिकाहरूमा विकेन्द्रीकरणको सिद्धान्तअनुरूप नमुनाको रूपमा युवामैत्री स्थानीय तह दिग्दर्शन, २०७९ कार्यान्वयन गरिएको थियो । यस दिग्दर्शनले स्थानीय तहदेखि नै शासन प्रणालीमा युवाको अर्थपूर्ण र सक्रिय सहभागिता, र सहकार्यको मान्यताअनुरूप युवामैत्री शासन प्रणालीलाई जोड दिएको छ (राष्ट्रिय युवा परिषद्, २०७९) । स्थानीय सरकारले बनाउने नीति, नियम, कानुन तथा कार्यविधिमा युवाको अर्थपूर्ण संलग्नता, सहभागिता तथा साझेदारीको सुनिश्चितता आवश्यक रहेको वस्तुगत यथार्थ राष्ट्रिय युवा नीति, २०७२ ले उठान गरेको नीति प्रावधानहरूसँग समन्वयकारी रहेको देखिन्छ । युवामैत्री स्थानीय तह दिग्दर्शन, २०७९ ले अङ्गीकार गरेका ८ वटै उद्देश्यहरूले तीन प्रदेश र स्थानीय सरकारले बनाउने सबै किसिमका नीति, नियम, ऐन, कानुन, कार्यविधि, योजना, बजेट आदिमा युवामैत्री शासनको सिद्धान्त र मार्गदर्शनलाई पालना गर्दै युवाको अधिकाधिक सहभागिता गराउने प्रावधान लिएकाले राष्ट्रिय युवा नीति, २०७२ कार्यान्वयनमा सहजीकरण हुने देखिन्छ ।

## २.२.४ दिगो विकासका लक्ष्यहरू (२०१५-२०३०)

दिगो विकासका १७ वटा विश्वव्यापी लक्ष्यहरूमध्ये लक्ष्य नं. १, २, ३, ४, ५, ६, ९, ११, १६ र १७ गरी कुल १० वटा लक्ष्यहरू प्रत्यक्ष रूपमा र बाँकी रहेका अन्य लक्ष्यहरू परोक्ष रूपमा युवाको सहभागिता, सक्रियता, र सम्बद्धतासँग सम्बन्धित रहेका छन् । नेपालले पनि सन् २०३० भित्रमा न्यायपूर्ण तथा समृद्ध देश बनाउने योजनाका साथ दिगो विकासका लक्ष्यहरूअनुरूप कार्यान्वयन गरिरहेको छ (राष्ट्रिय योजना आयोग, २०७७) । यसैगरी, प्रदेश र स्थानीय तहहरूले वार्षिक, आवधिक, क्षेत्रगत तथा

रणनीतिक योजना, परियोजना र कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयनमा दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गर्दै जानुपर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता र प्रावधानहरू रहेका छन् ।

दिगो विकास लक्ष्यको लक्ष्य नम्बर ८ मा आर्थिक वृद्धि र मर्यादित कामको प्रतिबद्धता प्रस्तुत गरिनुले संसारभर नै श्रम र पारिश्रमिकको सुनिश्चिता गर्नुपर्ने विश्वव्यापी साझा एजेण्डा रहेको सङ्केत गर्दछ । दिगो विकासका लक्ष्यहरू प्राप्त भए तापनि युवाको भूमिका रचनात्मक रहने उल्लेख गरिएको छ । सन् २०१५ पश्चात्को संश्लेषण प्रतिवेदनमा संयुक्त राष्ट्रसंघका महासचिवको भनाइमा "युवा अबको दिगो विकासका कार्यसूचीको मसालधारी नै हुनेछन्" । उहाँको यो भनाइबाट दिगो विकाससम्बन्धी विश्वव्यापी अभियानमा युवाशक्तिको परिचालन सञ्जीवनी बुटीसरह रहेको भन्ने बुझिन्छ । दक्षिण एसियामा सन् २०२२-२०२३ को अवधिमा रोजगारी वृद्धिदर २.४ प्रतिशत थियो जुन सन् २०१०-२०१९ मा देखिएको औसत वार्षिक वृद्धि ०.९ प्रतिशत भन्दा निकै धेरै हो । अर्कोतर्फ, रोजगार-जनसङ्ख्या अनुपात सन् २०२३ मा ५८.२ प्रतिशत रहेको भए तापनि सन् २०१०-२०१९ को अवधिमा मापन गरिएको औसत दर उस्तै रहेको देखिन्छ (International Labor Organization [ILO], 2024, p. 48) । रोजगारी दरमा वृद्धि भइरहे तापनि जनसङ्ख्या वृद्धिदरको अनुपातमा रोजगारी सिर्जना नभएको अवस्था उल्लिखित तथ्याङ्कहरूले देखाउँछन् ।

नेपालले दिगो विकास लक्ष्यलाई अनुमोदन गरी तीन तहका सरकारहरूले तर्जुमा गर्ने सबै प्रकारका नीति, योजना र कार्यक्रमहरूमा दिगो विकास लक्ष्यहरूको आन्तरिकीकरण गर्दै जानुपर्ने नीतिगत व्यवस्था गरेको हुँदा राष्ट्रिय युवा नीतिले पनि उक्त प्रतिबद्धता र प्रयासलाई समेट्नुपर्दछ ।

## २.३ राष्ट्रियस्तरका कार्यक्रमहरू

समग्र युवा वर्ग वा प्राथमिकतामा परेका निश्चित युवा वर्गलाई समेट्ने गरी राष्ट्रियस्तरमा आयोजना गरिएका केही कार्यक्रमहरूले युवा नीति, २०७२ को कार्यान्वयन भएको सङ्केत गर्नुका साथै नीतिको लक्ष्य हासिल गर्न मद्दत समेत पुऱ्याएको पाइन्छ ।

### २.३.१ प्रधानमन्त्री रोजगार कार्यक्रम

रोजगारी पाउनु हरेक नागरिकको अधिकार हो । नेपालको सविंधान, २०७२ को धारा ३३ को उपधारा १ मा प्रत्येक नागरिकलाई रोजगारीको हक हुने उल्लेख छ । संविधानको यही धारालाई आधार बनाएर रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र नियमावली, २०७५ कार्यान्वयनमा छन् । सोहीअनुरूप, आर्थिक वर्ष २०७५/७६ देखि विभिन्न जिल्लामा प्रधानमन्त्री रोजगार कार्यक्रमहरू सञ्चालनमा छन् । रोजगारीका अवसरहरूको सिर्जना, सीप तथा क्षमता अभिवृद्धि र रोजगार सेवाको विस्तार मार्फत विशेषगरी युवाहरूको श्रम बजारको परिणाममा सुधार ल्याउने मुख्य लक्ष्यसहित सञ्चालनमा रहेको युवा रोजगारीका लागि रूपान्तरण पहल परियोजना अन्तर्गत आर्थिक वर्ष २०७७/७८ देखि २०७९/८० सम्म भएको खर्च रकम रु. ८ अर्ब ३४ करोड ५९ लाख ७२ हजार विश्व बैंकबाट शोधभर्ना प्राप्त भइसकेको तथा

प्रधानमन्त्री रोजगार परियोजना मार्फत आर्थिक वर्ष २०७९/८० सम्ममा १ लाख ३२ हजारले न्यूनतम रोजगारी पाउनुले यस कार्यक्रम मार्फत युवा नीतिको लक्ष्य र उद्देश्य हासिल गर्न अग्रसर भएको देखिन्छ।

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ बमोजिम १०० दिनको रोजगारी नपाएका वा १०० दिन बराबरको आम्दानी गर्न नसकेका १८ वर्षदेखि ५९ वर्ष उमेर समूहका नागरिक (युवा समेत समेटिएको) लाई १०० दिनको रोजगारी उपलब्ध गराउने हेतुले सङ्घीय सरकारले तीनै तहका सरकारको सहकार्य तथा समन्वयमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्दा युवा नीतिको संस्थागत तथा समन्वयात्मक पक्षमा सहयोग पुगेको देखिन्छ।

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (दोस्रो संशोधन), २०७८ मा उल्लिखित प्रधानमन्त्री रोजगार कार्यक्रमका उद्देश्य ५(ग) मा विभिन्न निकायहरूबिच रोजगारी सिर्जनामा सहकार्य गर्नु भन्नुले सिधै युवाको नाम नलिए तापनि रोजगारी सिर्जना गर्ने भन्नु युवा नीतिको कार्यान्वयनमा पुरक हुने देखिन्छ। यसैगरी, कार्यक्रमको उद्देश्य ५(घ) को 'आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने' प्रावधानले पनि युवा नीतिको कार्यान्वयनलाई सघाउ पुग्ने देखिन्छ। तथापि, हरेक निकायले नीति मात्रै बनाउनु वाञ्छनीय देखिँदैन। युवाको सवालमा छाता नीति बनाएर उक्त नीतिको मार्गनिर्देशनमा अन्य विभाग र मन्त्रालय लगायतका निकायले कार्यक्रम बनाई नीतिको कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ। युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजनालाई व्यवस्थित रूपमा सञ्चालन गर्न साविकको कार्यविधि खारेजी गरी युवा रोजगारीका लागि रूपान्तरण आयोजना (सञ्चालन व्यवस्थापन) कार्यविधि, २०७९ लागु हुनु राष्ट्रिय युवा नीति, २०७२ को कार्यान्वयनका लागि सहयोगी हुने देखिन्छ।

### २.३.२ राष्ट्रपति महिला उत्थान कार्यक्रम

उद्यमशीलता विकासको माध्यमबाट महिलाहरूको आर्थिक सशक्तिकरण र दिगो विकासको लक्ष्य हासिल गर्ने उद्देश्यसहित २०७३ फागुन २४ गते अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) को अवसरमा राष्ट्रपति महिला उत्थान कार्यक्रमको थालनी भएको थियो। महिलाहरूको हक अधिकार सुनिश्चित गर्दै राष्ट्र निर्माणको प्रत्येक तहमा समान सहभागिताको व्यवस्था गर्न, तथा सबै प्रकारका हिंसा, शोषण र विभेदको अन्त्यसहित महिला सशक्तिकरण गर्न यो कार्यक्रम आएको थियो। यद्यपि, यस कार्यक्रमले युवा महिला भनेर किटानका साथ कुनै उमेर समूह तोकेको भने छैन।

यस कार्यक्रमले 'समृद्ध नेपाल, सुखी नेपाली' को दूरदृष्टिलाई जग मानेर महिलाको आर्थिक सशक्तिकरण, कुरीति विरुद्ध सामाजिक रूपान्तरण र उद्धार तथा संरक्षणलाई तीनवटा खम्बाको रूपमा लिएको छ। राष्ट्रपति महिला उत्थान कार्यक्रमको प्रास्तावना, आधार, आयाम र उद्देश्यहरूले सिधै युवा महिला भनी उल्लेख भने नगरेको भए तापनि यस कार्यक्रमले महिलाहरूलाई उद्यमशीलतामा आबद्ध गर्दै उनीहरूलाई आर्थिक, सामाजिक र मनोवैज्ञानिक रूपले सशक्तिकरण गर्ने उद्देश्य लिनुले सबै उमेर समूहका महिला यसको दायराभित्र पर्ने देखिन्छ। यस कार्यक्रमले सञ्चालन गरेका कार्यक्रम र निदेर्शिकामा उल्लेख भएका प्रावधानहरू युवा नीतिको हकमा कतै बाझिने प्रकृतिका भएको पाइँदैन।

### २.३.३ युवा तथा साना व्यवसाय स्वरोजगार कार्यक्रम

नेपाल सरकारबाट वि.सं. २०६५ मा स्थापित युवा तथा साना व्यवसायी स्वरोजगार कोषले उत्पादनशील श्रमको अधिकतम उपयोग तथा उद्यमशीलताको विकास मार्फत परम्परागत उत्पादन प्रणालीमा सकारात्मक परिवर्तन ल्याउने तथा सीपयुक्त बेरोजगार युवाहरूलाई स्वरोजगारको अवसर प्रदान गर्ने लक्ष्य लिएको छ। कोषको लक्ष्य राष्ट्रिय युवा नीति, २०७२ को उद्देश्य र नीति प्रावधानहरूसँग परिपूरक देखिन्छ। यस कोषबाट सञ्चालित युवा तथा साना व्यवसाय स्वरोजगार कार्यक्रमले बस्ती स्तरमा अवसर र सम्भावनाका आधारमा उद्यमशील संस्कृतिको विकासमा ठोस योगदान दिने अभिष्ट बोकेको छ। मुलुकका शिक्षित, अर्धशिक्षित तथा अशिक्षित सीपयुक्त बेरोजगार युवाहरूलाई स्वरोजगार बनाउने हेतुले सानो आकारमा ऋण प्रदान गर्दै युवालाई उद्यमी बन्न उत्प्रेरणा जागाउँदै आएकाले यस कार्यक्रमबाट राष्ट्रिय युवा नीति, २०७२ को लक्ष्य हासिल गर्न सहजीकरण हुने देखिन्छ।

युवा तथा साना व्यवसाय स्वरोजगार कार्यक्रम (२०६५) को उद्देश्यले राष्ट्रिय युवा नीति, २०७२ ले परिभाषित गरेको प्राथमिकता र विशेष प्राथमिकतामा परेका सबै युवा, दलित, सिमान्तकृत आदिलाई राज्यको मूलप्रवाहमा समाहित गर्दै प्रतिव्यक्ति रु. २ लाख र प्रतिसमूह अधिकतम रु. ५० लाख ऋण सहुलियत दिने प्रावधान गरी युवालाई स्वरोगारीतर्फ आकर्षण गर्ने देखिन्छ। यद्यपि, वर्तमान उच्च मुद्रास्फिति भएको सन्दर्भमा उक्त रकम नगण्य हो। यसको आकारमा वृद्धि गर्दै सरल र सहज तरिकाले सस्तो ब्याजदरमा ऋण उपलब्ध गराई उद्यमी बन्न चाहने युवाको वित्तीय सेवामा पहुँच सुनिश्चित गर्नुपर्ने देखिन्छ।

## २.४ सरकारका वार्षिक तथा आवधिक योजनाहरू

नेपालमा योजानाबद्ध विकासको थालनी वि.सं. २०१३ देखि भएको हो । नेपाल सरकारले आवधिक रूपमा तर्जुमा गर्ने योजनाहरू तथा वार्षिक रूपमा निर्धारण गर्ने नीति तथा कार्यक्रममा युवा विशेष खण्डमा वा अप्रत्यक्ष रूपमा युवासम्बन्धी विभिन्न कार्यक्रम वा लक्ष्यहरू तय गरेको पाइन्छ ।

### २.४.१ आवधिक योजना

प्रथम योजना (२०१३/१४-२०१७/१८) को परिच्छेद १३ अन्तर्गत (उर्जा शीर्षकमा) प्रस्ताव गरिएका परियोजना सञ्चालनको क्रममा छनोटमा परेका युवाहरूलाई अध्ययन र तालिमको लागि विदेश पठाई योग्य बनाएर काममा लगाउने, परिच्छेद २० अन्तर्गत (शिक्षा क्षेत्रमा) देशमा रहेका युवाहरूको आवश्यकता अनुसार विश्वविद्यालयको पाठ्यक्रम परिमार्जन गरी सांस्कृतिक र व्यावसायिक शिक्षा र नेतृत्वको विकास गर्ने, लगायत देशमा सञ्चालन हुने विभिन्न वैदेशिक सहायता समेतले योगदान गर्ने विकास कार्यक्रमहरू सञ्चालन गर्ने उल्लेख गर्नुले प्रथम योजना अवधिदेखि नै युवा वर्गको क्षमता विकास, नेतृत्व विकास र मुलुकको आर्थिक समृद्धिमा परिचालन गर्ने प्रयास हुँदै आएको प्रस्ट हुन्छ। त्यसपछिका सबै योजनाहरूले प्रत्यक्ष तथा परोक्ष रूपमा युवाको क्षेत्रमा नीतिगत प्रयासहरू गर्दै आएको

पाइन्छ । पहिलो पञ्चवर्षीय योजनादेखि सोह्रौं योजनासम्ममा युवालाई सम्बोधन गर्ने गरी उल्लेख भएका प्रयासहरूलाई तालिका २ मा प्रस्तुत गरिएको छ ।

### तालिका २ः आवधिक योजनामा युवा केन्द्रित क्रियाकलाप र कार्यक्रमहरू

| योजना | योजनाले लक्षित गरेका युवा केन्द्रित क्रियाकलाप र कार्यक्रमहरू |
|---|---|
| प्रथम योजना (२०१३/१४-२०१७/१८) | उत्पादनको वृद्धि तथा कामका लागि प्रोत्साहन, साधनहरूको उच्चतम सदुपयोग |
| दोस्रो योजना (२०१९/२०-२०२१/२२) | रोजगारी वृद्धि, न्यायोचित सामाजिक व्यवस्था |
| तेस्रो योजना (२०२२/२३-२०२६/२७) | शिक्षा, स्वास्थ्य र सामाजिक सेवामा सुधार ल्याउने र नयाँ रोजगारीको अवसर सिर्जना गर्ने |
| चौथो योजना (२०२७/२८-२०३१/३२) | मुलुकमा उपलब्ध श्रमशक्तिलाई प्रभावकारी रूपमा उपयोग गर्ने |
| पाँचौं योजना (२०३२/३३-२०३६/३७) | श्रम उपयोग विधिमा जोड, श्रममूलक कषि विकासबाट रोजगारीमा वृद्धि गर्ने |
| छैटौं योजना (२०३७/३८-२०४१/४२) | उत्पादनशील रोजगारी सिर्जना |
| सातौं योजना (२०४२/४३-२०४६/४७) | उत्पादन र उत्पादनशील रोजगारीमा वृद्धि तथा जनताको न्यूनतम आवश्यकताको परिपूर्ति |
| आठौं योजना (२०४९/५०-२०५३/५४) | रोजगारी सिर्जना, जनशक्ति विकास तथा सहभागितामूलक विकास |
| नवौं योजना (२०५४/५५-२०५८/५९) | मानव संसाधनको विकास, विकासमा सरोकारवालाहरूको सहभागिता |
| दशौं योजना (२०५९/६०-२०६३/६४) | सरकार, स्थानीय निकाय र गैरसरकारी संस्थाको सहभागितामा स्थानीय स्रोतको परिचालन |

| योजना | योजनाले लक्षित गरेका युवा केन्द्रित क्रियाकलाप र कार्यक्रमहरू |
|---|---|
| एघारौं योजना (२०६४/६५-२०६६/६७) | मानव संसाधनको विकास, समावेशीकरण |
| बाह्रौं योजना (२०६७/६८-२०६९/७०) | रोजगार केन्द्रित समावेशी र समन्यायिक आर्थिक वृद्धि, रोजगारी सिर्जना |
| तेह्रौं योजना (२०७०/७१-२०७२/७३) | युवा सशक्तिकरण कोष स्थापना र युवा योजगारी तथा सीपमूलक तालिम |
| चौधौं योजना (२०७३/७४-२०७५/७६) | युवा स्वरोजगार कार्यक्रम र युवा उद्यम विकास कोष मार्फत सस्तोमा ऋण प्रवाह |
| पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१ ) | युवा नवप्रवर्तन र प्रविधि विकास तथा विदेशमा जाने युवाका लागि अभिमुखीकरण |
| सोह्रौं योजना (२०८१/८२-२०८५/८६ ) | युवा उद्यमशीलता प्रवर्धन र युवालाई नेतृत्त्व विकास तालिम |

*स्रोतः राष्ट्रिय योजना आयोग (मि.न.)*

राष्ट्रिय युवा नीति, २०७२ तेह्रौं योजना अवधिमा लागु भएको हुनाले मूलत १३औं योजनादेखि वर्तमान १६औं योजनाले अङ्गीकार गरेको युवासम्बन्धी नीति तथा कार्यक्रमहरूको विस्तृत रूपमा समीक्षा गरिएको छ ।

### २.४.१.१ तेह्रौं योजना

तेह्रौं योजना (२०७०/७१-२०७२/७३) ले राष्ट्रिय युवा नीतिमा उल्लिखित लक्ष्य हासिल गर्न उत्पादनमूलक रोजगारीका अवसरहरूको विकास गर्ने, उत्पादकत्व वृद्धि, न्यायोचित वितरण, श्रममूलक प्रविधिको प्रयोगलाई प्रोत्साहन दिने, न्यूनतम रोजगारी प्रत्याभूत योजना लागु गर्ने, ग्रामीण तथा सहरी गरिबीलाई लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने आदि नीति लिएको थियो । साथै, गरिब पहिचान र वर्गीकरण गरी गरिब घरपरिवारलाई सशक्तिकरण र क्षमता विकास गर्ने, सामाजिक सुरक्षा, खाद्य सुरक्षा, कानुनी सचेतना तथा विप्रेषणबाट प्राप्त आयलाई उत्पादनमूलक रोजगारीमा परिचालन गर्ने नीति र कार्यक्रमहरू विभिन्न विषय क्षेत्रगत कार्यक्रमहरूभित्रै समावेश गरी कार्यान्वयन गरिएको थियो ।

यसका साथै, योजना अवधिमा नयाँ रोजगारीको सिर्जना गर्ने, अनौपचारिक क्षेत्रमा केन्द्रित अदृश्य बेरोजगारी घटाउने, कृषिमा आश्रित आवश्यकताभन्दा बढी जनसङ्ख्यालाई गैरकृषि क्षेत्रमा स्थानान्तरण गराउने, स्वरोजगारीलाई प्रवर्धन गर्ने र सहकारितालाई गरिबी न्यूनीकरण कार्यक्रमसँग आबद्ध गर्ने लगायतका क्रियाकलापहरू समावेश गरिएका थिए। तेह्रौं योजनाले वार्षिक औसत ३.२ प्रतिशतका दरले रोजगारी वृद्धि गर्ने लक्ष्य लिएकोमा २.९ प्रतिशतले मात्र वृद्धि भएको पाइन्छ (राष्ट्रिय योजना आयोग, २०७३)।

वार्षिक करिब ४ लाख ५० हजार व्यक्ति श्रम बजारमा प्रवेश गरिरहेको अवस्थामा मुलुकभित्र पर्याप्त रोजगारीका अवसरहरू सिर्जना हुन नसक्दा वैदेशिक रोजगारीको खोजी गर्न उल्लेख्य सङ्ख्यामा नेपालको युवाशक्ति विदेशिने गरेको अवस्थालाई मध्यनजर गर्दै विभिन्न विषयगत क्षेत्रहरूमा युवा लक्षित कार्यक्रमहरू गरिएको पाइन्छ। सार्वजनिक क्षेत्र, कर्जा, सहकारी क्षेत्र, कृषि, वन तथा भू-संरक्षण, जनसङ्ख्या, शिक्षा, गरिबी निवारण, मानव संसाधन विकास, श्रम तथा रोजगार, समावेशीकरण लगायतमा युवाहरूलाई कसरी सबल र सक्षम बनाउने र रोजगारीका अवसरहरू कसरी सिर्जना गर्नेमा केन्द्रित रहेको पाइन्छ। विदेशिएका युवाहरूलाई फर्किएपछि कसरी उनीहरूले विदेशी भूमिमा आर्जन गरेका सीप र दक्षतालाई देशको विकासमा लगाउने भन्ने विषयले यथेष्ट स्थान प्राप्त गरेका छन्।

युवाको आधारभूत अधिकारको प्रत्याभूति गर्दै उनीहरूमा उद्यमशीलता, सिर्जनशीलता एवम् सकारात्मक सोचका साथै सीप र क्षमता अभिवृद्धि गर्ने दीर्घकालीन सोच; युवाहरूलाई सिर्जनात्मक तथा उत्पादनमूलक क्रियाकलापहरूमा संलग्न गराई मुलुकको सर्वाङ्गीण विकासमा योगदान पुऱ्याउने उद्देश्य; र सामाजिक, आर्थिक उद्यमशीलताको विकासका लागि युवाहरूको क्षमता अभिवृद्धि गर्ने; स्वरोजगार, स्वदेशी श्रम बजारमा सिर्जित आय आर्जनका अवसर एवम् राष्ट्रिय विकासका कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागी गराउने; तथा राष्ट्रिय विकासको नेतृत्व लिन सक्ने गरी युवाहरूलाई सशक्तिकरण गर्ने तीन रणनीतिका साथ युवा विकाससम्बन्धी योजना निर्माण गरिएको थियो।

यस क्षेत्र अन्तर्गत नौ वटा कार्यनीति र सात वटा प्रमुख कार्यक्रमहरू मार्फत युवाको सम्बोधन गर्ने महत्त्वाकाङ्क्षी योजना तर्जुमा गरिएको देखिन्छ। यस आवधिक योजनाले अपेक्षित उपलब्धिका रूपमा ४५ जिल्लाका युवा सूचना केन्द्रको सुदृढीकरण भएको हुने, १० हजार ९ सय ५० युवाले विभिन्न तालिम प्राप्त गरेको हुने, ६० हजार ५० युवालाई विभिन्न कार्यक्रम मार्फत चेतनशील गराइएको हुने, २ हजार ९ सय ७५ युवाहरूले नेतृत्व विकास तालिम पाएको हुने, अपाङ्गता भएका ६ सय युवाले सहयोग सामग्रीहरू प्राप्त गरेको हुने र कुल २३ युवा तथा संस्थाहरू सम्मानित भएका हुनेछन् भनी लक्ष्य निर्धारण गरेको थियो। युवाको समग्र विकास र रोजगारीमा केही उपलब्धि हासिल भए तापनि उद्देश्य र रणनीति अनुसार तोकिएको लक्ष्य भने प्राप्त हुन सकेको थिएन।

### २.४.१.२ चौधौं योजना

चौधौं योजना (२०७३/७४-२०७५/७६) ले उत्पादनशील, रोजगारी उन्मुख र न्यायपूर्ण वितरणसहितको उच्च आर्थिक वृद्धिद्वारा गरिबी द्रुत रूपमा न्यूनीकरण गर्दै आर्थिक सामाजिक रूपान्तरण गर्ने उद्देश्य लिएको थियो । युवा जनशक्तिको उच्चतम परिचालन गरी देशको समुचित विकास गर्ने; राष्ट्रिय युवा परिषद् मार्फत युवालाई सीप तथा नेतृत्व विकास तालिम र युवा स्वरोजगार कोष मार्फत युवा स्वरोजगार कार्यक्रमहरू सञ्चालन गर्ने; मध्य तथा सुदूरपश्चिमका उच्च पहाडी भेग र मध्यतराईका गरिब तथा विपन्न घरपरिवारलाई लक्षित गरी क्षमता विकास, आयआर्जन तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने; गरिबी न्यूनीकरणका लागि समुदाय तथा प्रदेश लक्षित उत्पादनमूलक र रोजगारीमूलक कार्यक्रमहरू सञ्चालन गर्ने; मुलुकभित्रै वार्षिक ४ लाख रोजगारी सिर्जना र श्रम बजारको मागअनुरूप दक्ष एवम् प्रतिस्पर्धी श्रमशक्ति तयार गरी श्रमिक आपूर्ति गर्ने; बेरोजगारी र अर्धबेरोजगारी दर घटाउने; वार्षिक २ लाख युवालाई कम्तीमा तीन महिनाको रोजगारमूलक सीप विकास तालिम प्रदान गर्ने; र स्वदेशभित्रै स्वरोजगारको अवसर वृद्धि भएको हुने लगायतका लक्ष्य, उद्देश्य, नीति, रणनीति र कार्यनीतिहरू राखेर युवाहरूलाई प्रथमिकतामा राखेको पाइन्छ ।

चौधौं योजनामा समावेश भएका गरिबी निवारण तथा समृद्धि, श्रम तथा रोजगारी, सूचना तथा सञ्चार, विज्ञान, सूचना तथा प्रविधि, विज्ञान प्रविधि, मानव संसाधन विकास, सहकारी क्षेत्र, कृषि, पशुपन्छी, जनसङ्ख्या, शिक्षा, रोजगारी प्रत्याभूति, खेलकुद विकास, स्वयम्सेवक सेवा लगायतका विभिन्न विषयगत क्षेत्रहरूले युवासँग सम्बन्धित क्रियाकलापहरूलाई सम्बोधन गरेका छन् ।

यसै आवधिक योजनामा राष्ट्रिय युवा नीति, २०७२ लाई कार्यान्वयन गर्न युवा, खेलकुद विकास, स्वयम्सेवक सेवा शीर्षकमा छुट्टै विशिष्टीकृत योजना तय गरिएको पाइन्छ । विकासमा युवा सहभागिताबाट समृद्ध राष्ट्र निर्माणको सोच; युवाहरूलाई राष्ट्रको सर्वाङ्गीण विकासमा मूलप्रवाहीकरण गर्ने लक्ष्य; युवाको दक्षता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गर्दै आर्थिक-सामाजिक विकासमा युवा सहभागिता अभिवृद्धि गर्नु; तथा युवालाई सर्वाङ्गीण राष्ट्र निर्माणको संवाहक बनाउनु भन्ने उद्देश्य; र युवालाई प्राविधिक शिक्षा तथा सीपमूलक तालिम मार्फत दक्ष, उद्यमशील र आत्मनिर्भर बनाउने; राज्यका सबै तहको नीति तथा निर्णय प्रक्रियामा युवा सहभागिता बढाउने; युवालाई विपद् व्यवस्थापन, सामाजिक विकास, वातावरण संरक्षण, खेलकुद लगायतका क्षेत्रमा स्वयम्सेवकको रूपमा परिचालन गर्ने; तथा खेलकुद, योगाभ्यास र सामाजिक क्रियाकलापमा युवाहरूको संलग्नता बढाउने रणनीतिसहितको यस आवधिक योजनाले युवाका समग्र पक्षलाई समेटेको देखिन्छ ।

बढ्दो युवा जनसङ्ख्यालाई सीप र उद्यमशीलतायुक्त बनाई जनसाङ्ख्यिक लाभांश हासिल गर्ने पर्याप्त सम्भावना रहेको; लोकतन्त्रको पुनःस्थापनापछिका सरकारहरूमा युवालाई राष्ट्र निर्माणमा मूलप्रवाहीकरण गर्ने राजनीतिक सोच र इच्छाशक्ति हुनु; युवामा आफ्नो शक्ति र भूमिकाप्रति जागरूकता देखिनु; युवा लक्षित कार्यक्रमहरूलाई विस्तार गर्नका लागि आधार तयार भएको; राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै उनीहरूका अधिकारहरूको उपयोग गर्ने वातावरण सिर्जना गर्ने संवैधानिक प्रतिबद्धता

लगायतका युवा जनशक्तिका अवसर पहिचान गरी १३ वटा कार्यनीति र १० वटा प्रमुख कार्यक्रम मार्फत युवालाई सम्बोधन गर्ने उल्लेख गरिएको छ ।

कुल जनसङ्ख्याको करिब ३० प्रतिशत अर्धबेरोजगार रहेको र २.३ प्रतिशत पूर्ण बेरोजगार रहेको, देशको कुल जनसङ्ख्यामा ५७ प्रतिशत आर्थिक रूपले सक्रिय जनशक्तिको हिस्सा रहेकोमा अधिकांश श्रमशक्ति कृषि क्षेत्रमा बढी आश्रित हुनुपर्ने अवस्था, र कृषि क्षेत्रमा अर्धबेरोजगारीको उच्च रहेको अवस्थालाई ध्यानमा राखी प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्ने संवैधानिक व्यवस्थालाई चौधौं आवधिक योजनाले सम्बोधन गर्न खोजेको देखिन्छ ।

यसैगरी, वार्षिक ५ लाखभन्दा बढी व्यक्ति श्रम बजारमा प्रवेश गर्दा देशभित्र पर्याप्त रोजगारीका अवसरहरू नभएकाले ठुलो सङ्ख्यामा युवाहरू रोजगारीका लागि विदेशिनु परिरहेको तथ्यलाई सम्बोधन गर्न मुलुकभित्रै वार्षिक ४ लाख रोजगारी सिर्जना गर्ने, श्रम बजारको मागअनुरूप दक्ष एवम् प्रतिस्पर्धी श्रमशक्ति तयार गरी दक्ष श्रमिक आपूर्ति गर्ने, बेरोजगारी र अर्धबेरोजगारी दर घटाउने, असल श्रम सम्बन्धको विकास गर्ने, वार्षिक २ लाख युवालाई कम्तीमा तीन महिनाको रोजगारमूलक सीप विकास तालिम प्रदान गर्ने, र स्वदेशभित्रै स्वरोजगारको अवसर वृद्धि गर्ने लगायतका लक्ष्यहरू अङ्गीकार गरेको देखिन्छ । सारमा, चौधौं योजना अवधिमा युवासम्बद्ध क्षेत्रमा हासिल भएका उपलब्धिहरू देहाय अनुसार रहेको पाइन्छः

क) राष्ट्रिय युवा परिषद् मार्फत १५ सय युवालाई सीप तथा नेतृत्व विकास तालिम दिने लक्ष्य लिएकोमा १४ सय १५ जना युवाले तालिम प्राप्त गर्न सफल ।

ख) आर्थिक वर्ष २०७५/७६ मा युवा स्वरोजगार कोषको सहयोगमा करिब १७ हजार युवा स्वरोजगार हुन सफल ।

### २.४.१.३ पन्ध्रौं योजना

रूपान्तरणकारी योजनाको रूपमा आएको पन्ध्रौं योजना (२०७६/७७ - २०८०/८१) ले युवा वर्गको वृहत्तर विकासका लागि खण्ड ७.५ मा युवा शीर्षक अन्तर्गत उल्लेख गरेको लक्ष्य, उद्देश्य तथा नीतिगत प्रयासहरू निम्नानुसार रहेको पाइन्छ ।

सोचः युवाको सर्वाङ्गीण विकास, राष्ट्र निर्माणको प्रमुख आधार ।

लक्ष्यः स्वस्थ, सकारात्मक सोचयुक्त, उद्यमशील, सिर्जनशील, अधिकारप्रति सचेत र कर्तव्यप्रति प्रतिबद्ध युवा शक्तिको विकास र परिचालन गर्ने ।

उद्देश्यहरू

१) युवामा दक्षता र क्षमताको विकास गर्नु,

२) युवालाई उद्यमशील, रोजगारमूलक र स्वरोजगार बनाउनु,

३) युवालाई आर्थिक रूपान्तरणमा संलग्न बनाउँदै लैजानु,
४) शासकीय प्रक्रिया तथा सामाजिक, सांस्कृतिक र आर्थिक रूपान्तरणमा युवाको अर्थपूर्ण सहभागिता बढाउनु,
५) युवालाई आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाउनु ।

पन्ध्रौं योजनाले युवा वर्गको विकासका लागि लिएका सोच, लक्ष्य तथा उद्देश्यहरूको प्राप्तिका लागि सात वटा रणनीति तथा २१ वटा कार्यनीति लिएको पाइन्छ । यस आवधिक योजनामा संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव नं. २२५०, दिगो विकास लक्ष्य र युथ भिजन, २०२५ अनुरूप युवाको सहभागितामा जोड दिंदै उद्यम तथा व्यवसाय सञ्चालन गर्न युवालाई सहुलियतपूर्ण कर्जा सुविधा उपलब्ध गराइने, सार्वजनिक-निजी साझेदारीद्वारा युवा लक्षित व्यवसाय प्रवर्धन, सातै प्रदेशमा एक-एक वटा युवा नवप्रवर्तन केन्द्रको स्थापना, युवामैत्री नीति निर्माण, नीति निर्माणमा युवाको समावेशिता, विभेद र असमानता विरुद्ध युवा परिचालन, हरेक स्थानीय तहमा युवा क्लबको गठन र परिचालन आदि जस्ता कार्यनीतिहरू अङ्गीकार गरेको देखिन्छ ।

### २.४.१.४ सोह्रौं योजना

युवा वर्गको विकासमा नेपालले विगतको तुलनामा उल्लेख्य प्रगति हासिल गर्दै आएको छ । यद्यपि, वर्तमान अवस्थाको समस्या, चुनौती र सवालहरूलाई समाधान गर्न थप नीतिगत सुधारहरू मार्फत योजनाले अङ्गीकार गरेका युवासम्बन्धी लक्ष्य, उद्देश्य र कार्यनीतिहरूलाई मूर्तरूप दिनुपर्ने देखिन्छ । विगतका योजनाहरूले पृथक परिच्छेदमा युवा वर्गको विकास गर्ने गरी नीतिगत व्यवस्था गरेकोमा वर्तमान १६औं योजना (२०८१/८२-२०८५/८६) ले यस्तो अभ्यास नगरी समग्रतामा युवालाई समेट्ने प्रयास गरेको छ । विभिन्न क्षेत्रगत शीर्षक र उपशीर्षकहरूमा युवाको क्षमता विकास, नवप्रर्वतन, युवा परिचालन, रोजगारी, उद्यमशीलता, नेतृत्व विकास आदिजस्ता सवालहरू भने उठान गरेको छ ।

यसर्थ, युवालाई यस आवधिक योजनाले अन्तरसम्बन्धित विषयका रूपमा अङ्गीकार गरेको पाइन्छ । 'सुशासन, सामाजिक न्याय र समृद्धि' १६औं योजनाको दीर्घकालीन सोच रहेको छ । समष्टिगत उद्देश्य अन्तर्गत उद्देश्य २ (स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहमा सामाजिक न्याय स्थापित गर्नु) तथा उद्देश्य ३ (मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु) युवा नीति, २०७२ को संकल्पसँग परिपूरक हुने देखिन्छ ।

यस आवधिक योजनाले विभिन्न अन्तरसम्बन्धित क्षेत्रभित्र रहेका युवासम्बन्धी समस्याहरूको सम्बोधन गर्न निम्नानुसारको प्रावधानहरू उल्लेख गरेको छ ।

क) उत्पादन र रोजगारीका नयाँ मोडेलको सुरुआतः जल, जमिन, जङ्गल, जैविक विविधता, रैथाने प्रविधिको प्रयोगसहित श्रमशक्तिको कुशल प्रयोग;
ख) घरेलु, साना तथा मझौला उद्योगहरूको विकास र प्रवर्धनः

अ) रैथानै ज्ञान, सीप, अनुभवहरूको अन्तरआबद्धता,

आ) परम्परागत ज्ञान, सीप र प्रविधिलाई प्रवर्धन गर्ने उद्यमीलाई विशेष सेवा र सहुलियत दिने कार्यक्रम;

ग) आन्तरिक रोजगारीको पर्याप्त अवसर सिर्जना गर्न स्थानीय तहमा विकास निर्माणका गतिविधिहरूमा स्थानीय स्रोत, साधन र श्रम परिचालन गर्ने रणनीति;

घ) बेरोजगार जनशक्तिको पहिचान, आन्तरिक श्रम बजारको विश्लेषणको आधारमा स्वदेशी श्रमिकको क्षमता र दक्षता विकास गर्दै आन्तरिक श्रम बजारमा स्वदेशी श्रमिकलाई रोजगारी सुनिश्चित गर्ने;

ङ) उद्यमशीलताको विकास गरी युवा लक्षित स्वरोजगारको अवसर प्रवर्धन गर्ने;

च) श्रम बजारमा प्रवेश गरेका युवालाई लक्षित गरी सीप रूपान्तरणका लागि रोजगारउन्मुख प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गर्ने;

छ) पढ्दै कमाउँदै तथा कमाउँदै पढ्दै कार्यक्रम सञ्चालन गर्ने;

ज) १५ देखि ३० वर्ष समूह लक्षित विशेष रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने;

झ) वैदेशिक रोजगारीबाट फर्केका तथा फर्कन चाहने युवा केन्द्रित विशेष कार्यक्रम सञ्चालन गर्ने;

ञ) युवाको क्षमता अभिवृद्धिसहित राष्ट्र निर्माणमा परिचालन, कामको खोजी गरेका, विश्वविद्यालयबाट अध्ययन समाप्त गरेका, वैदेशिक अध्ययन समाप्त गरी फर्किएका युवालाई स्वयम्सेवी तथा इन्टर्नको रूपमा परिचालन गर्ने; निजी फर्म र फार्ममा इन्टर्नसिप गराउने; नयाँ उद्यम सञ्चालन गर्न चाहने युवालाई स्टार्टअप बापत् प्राविधिक सहयोग, पुँजीगत अनुदान तथा सहुलियत ऋण र बजारको व्यवस्था गर्ने; युवालाई सामाजिक अभियन्ताका रूपमा परिचालन गर्ने;

ट) राष्ट्रभाव बोकेका सदाचारी युवाशक्तिको विकास गर्ने;

ठ) सबै तहको नीति निर्माणमा युवाको सार्थक सहभागिता बढाउन युवाको क्षमता विकास गर्ने; युवाहरूको वित्तीय पहुँच बढाउँदै स्वरोजगार बनाउने; यसका लागि राष्ट्रिय स्वयम्सेवक कार्यक्रम सञ्चालन गर्ने;

ड) शारीरिक रूपमा तन्दुरुस्त युवा निर्माण गर्ने;

ढ) युवा जनशक्तिको उत्पादनशील क्षेत्रमा अधिकतम उपयोग गर्ने; उपलब्ध जनशक्तिका लागि आधारभूत एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको आवश्यकता र सम्भावनाको पहिचान गर्ने; जनशक्तिलाई प्राविधिक र व्यावसायिक शिक्षा तथा सीपमूलक तालिम प्रदान गरी योग्य तथा प्रतिस्पर्धी बनाउने; युवा बेरोजगारी र विदेश पलायनलाई न्यूनीकरण गर्ने;

ण) युवालाई नेपालमै काम गर्ने वातानुकूल परिवेश सिर्जना गर्ने; असल औद्योगिक श्रम सम्बन्ध विकास गर्ने; श्रम र श्रमिकको सम्मान गर्ने संस्कारको विकास गर्ने; श्रम बजारमा विद्यमान लैङ्गिक विभेद र असमानता हटाई श्रम सुशासन कायम गर्ने; श्रम निरीक्षणलाई प्रभावकारी बनाउने; न्यूनतम पारिश्रमिकको सुनिश्चितता कायम गर्ने;

त) सबै तहको नीति निर्माणमा युवाको सक्रिय सहभागिता गराउँदै युवाको क्षमता विकासको अवसर सिर्जना गर्नुका साथै युवाको वित्तीय पहुँच विस्तार गरी स्वरोजगार बनाउने ।

### २.४.२ वार्षिक नीति तथा कार्यक्रम

राष्ट्रिय युवा नीति, २०७२ को कार्यान्वयनपश्चात् नेपाल सरकारबाट सम्बोधन गरिएका वार्षिक नीति, कार्यक्रम र बजेट वक्तव्यमा समावेश भएका विषयहरूको सारगत विश्लेषण गर्दा युवा लक्षित कार्यक्रमहरूमा समग्र युवा लाभान्वित हुन सक्ने देखिन्छ । महिला, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत युवा आदिलाई विशिष्टीकृत गरी कार्यक्रम तय गरेको पनि पाइयो । विशेषगरी, कृषि, वैदेशिक रोजगारी, उद्योग तथा स्वरोजगारी/उद्यमशीलताका क्षेत्रमा उक्त प्रावधानहरू केन्द्रित रहेको पाइयो । आ.व. २०७२/७३ देखि २०८१/८२ सम्मको नीति तथा कार्यक्रममा उल्लिखित युवासम्बद्ध बुँदाहरूमा रहेका विषयवस्तुलाई समेट्ने गरी पहिचान गरिएका सारहरू यस प्रकार रहेका छन्ः व्यावसायिकता प्रवर्धन, जनशक्ति विकास, जनशक्ति परिचालन, नेतृत्व विकास, अवसर सिर्जना, लगानी उपयोग, सरोकारवालाको भूमिका, अर्थतन्त्र सबलीकरण, पहुँच सुनिश्चितता, पेसागत संरक्षण, सशक्तिकरण, र पुनःस्थापना ।

**तालिका ३(क)ः आ.व. २०७२/७३ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु**

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/क्षेत्र | सार |
|---|---|---|---|
| ३० | व्यावसायिक कृषि कार्यक्रम सञ्चालन गर्ने,<br>कृषिमा सहुलियत तथा अनुदानको व्यवस्था,<br>राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम विस्तार गरिने | सीमान्तकृत युवा | व्यावसायिकता प्रवर्धन |
| ४३ | युवा उद्यमशीलता र औद्योगिक जनशक्ति विकास विशेष कार्यक्रम | युवा | जनशक्ति विकास |
| ८८ | व्यावसायिक, रोजगारमूलक र नेतृत्व विकाससम्बन्धी लामो र छोटो अवधिका तालिम प्रदान गर्ने, | युवा | जनशक्ति विकास, नेतृत्व विकास |
| | स्वदेशमै रोजगारी तथा स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने | युवा | अवसर सिर्जना |

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/क्षेत्र | सार |
|---|---|---|---|
| ९२ | स्थानीयस्तरमै सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी वैदेशिक रोजगारीमा जाने युवाहरूलाई विभिन्न चरणमा हुने शोषण नियन्त्रण गर्ने,<br>प्रमुख गन्तव्य मूलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता गरी आप्रवासी कामदारहरूको हक, हित, कल्याण र सुरक्षाको कार्य गर्ने,<br>समस्यामा परेका कामदारहरूको शीघ्र उद्धारसहित श्रम बैंक स्थापना गर्ने | वैदेशिक रोजगारीमा जाने युवाहरू | पेसागत संरक्षण |

**तालिका ३(ख): आ.व. २०७३/७४ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु**

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/क्षेत्र | सार |
|---|---|---|---|
| १५ | कृषि, पर्यटन, उद्योग तथा सेवा क्षेत्रको पुनर्निर्माण एवम् नवनिर्माणमा रोजगारीका अवसरहरू सिर्जना गर्ने,<br>स्वदेशमा नै रोजगारी र स्वरोजगारीका पर्याप्त अवसर सिर्जना गर्ने | युवा | अवसर सिर्जना |
| २३ | आर्थिक वृद्धि, पूर्वाधार निर्माणको सहयात्री, रोजगारी सिर्जना र राजस्वमा योगदान गर्ने मुख्य संवाहकको रूपमा विकास गर्ने | निजी क्षेत्र | सरोकारवालाको भूमिका |
| २६ | लाभग्राही कै सहभागितामा सामाजिक सुरक्षा कोष खडा गरी क्रमशः सामाजिक सुरक्षाको दायरामा ल्याउने | कृषक, वैदेशिक रोजगारीबाट फर्केका युवाहरू | पेसागत संरक्षण |
| ३० | पशुपन्छी पालन कार्यक्रम मार्फत सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने र पशु हाटबजार प्रवर्धन गर्ने | कृषक | व्यावसायिकता प्रवर्धन |

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/ क्षेत्र | सार |
|---|---|---|---|
| ३५ | सामुदायिक वन र सहकारी मार्फत जनसहभागिताको क्षेत्र फराकिलो बनाउँदै वनबाट रोजगारीका अवसर सिर्जना गर्ने | युवा | अवसर सिर्जना |
| ३८ | 'एक घर एक रोजगारी' प्रत्याभूतिको व्यवस्था गर्ने | युवा | अवसर सिर्जना |
| ७६ | विद्यालय शिक्षालाई रोजगारमैत्री बनाउने | विद्यार्थी र युवा | जनशक्ति विकास |
| ७९ | प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गरी सीपमूलक शिक्षामा जोड दिने | विद्यार्थी र युवा | जनशक्ति विकास |
| ८२ | वैज्ञानिक, प्राविधिक तथा रोजगारी उन्मुख व्यावसायिक क्षेत्रमा उच्च शिक्षा आर्जन गर्न शैक्षिक प्रमाणपत्रको आधारमा निर्ब्याजी शैक्षिक ऋण उपलब्ध गराउने | विद्यार्थी र युवा | व्यावसायिकता प्रवर्धन |
| ९६ | युवा स्वरोजगार कार्यक्रम, कृषिको पकेटक्षेत्र विकास कार्यक्रम एवम् लघु तथा घरेलु उद्योग कार्यक्रमबिच समन्वय गरी "दश युवा, एक युवा उद्यम" कार्यक्रम नमुनाको रूपमा सञ्चालन गर्ने,<br><br>युवा वैज्ञानिकलाई प्रोत्साहित गर्न अनुसन्धान वृत्तिको व्यवस्था गर्ने र बेरोजगार युवालाई शैक्षिक प्रमाणपत्र धितो राखी परियोजना प्रस्तावको आधारमा सहुलियतपूर्ण ऋण उपलब्ध गराउने | युवा | व्यावसायिकता प्रवर्धन |
| १०० | सीपमूलक, व्यावसायिक र प्राविधिक जनशक्तिलाई आकर्षक तथा सुरक्षित गन्तव्यमा पठाउने, | युवा | पेसागत संरक्षण |
| | जनताको लगानीमा जलविद्युत् कार्यक्रम सञ्चालन गरी तोकिएका आयोजनाहरूमा वैदेशिक रोजगारीमा रहेका श्रमिकको विप्रेषणको समेत प्रयोग हुने गरी कार्यान्वयन प्रारम्भ गर्ने, | वैदेशिक रोजगारीमा जाने युवाहरू | लगानी उपयोग |
| | जनताको सहभागितामा अन्य विकास पूर्वाधारहरू निर्माण गर्दै श्रमिकहरूको समेत क्रमशः उत्पादनको साधनमाथि पहुँच बढाउने | श्रमिकहरू | पहुँचको सुनिश्चितता |

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/ क्षेत्र | सार |
|---|---|---|---|
| १०१ | सार्वजनिक प्रतिष्ठानको पुँजी र व्यवस्थापनमा श्रमिकहरूको समेत स्वामित्व हुने व्यवस्था गर्ने, <br><br> सामूहिक संवादको माध्यमबाट मर्यादित पारिश्रमिक तथा उत्पादनको लाभमा श्रमिकको न्यायोचित हिस्सा विस्तार गर्दै श्रमशक्तिको उत्पादकत्व वृद्धि गर्ने | श्रमिकहरू | पहुँचको सुनिश्चितता |
| १०२ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् जस्ता निकायको संलग्नता रहने गरी विदेशमा काम गरेर फर्किएका नेपालीको सीप परीक्षण गरी प्रमाणपत्र प्रदान गर्ने कार्य आरम्भ गर्ने | वैदेशिक रोजगारीबाट फर्किएका युवाहरू | सरोकारवालाको भूमिका |
| १२० | राष्ट्रिय सेवा दल विस्तार गरी युवालाई राष्ट्र निर्माणमा सहभागी गराउने | युवा | नेतृत्व विकास |

## तालिका ३(ग): आ.व. २०७४/७५ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/क्षेत्र | सार |
|---|---|---|---|
| २२ | उत्पादनमूलक रोजगारीको अवसर सिर्जना गरी युवालाई रोजगार बनाउने, | युवा | अवसर सिर्जना |
| | उद्यमशीलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न युवालाई छोटो र लामो अवधिको तालिम उपलब्ध गराउने | युवा | जनशक्ति विकास |
| २४ | सीपयुक्त शिक्षाका लागि प्राविधिक तथा व्यावसायिक शिक्षालाई क्रमशः विस्तार गर्ने | विद्यार्थी र युवा | जनशक्ति विकास |
| २८ | वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउँदै गन्तव्य देशहरूसँग द्वीपक्षीय सम्झौता गर्ने | वैदेशिक रोजगारीमा जाने युवाहरू | पेसागत संरक्षण |

## तालिका ३(घ): आ.व. २०७५/७६ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/क्षेत्र | सार |
|---|---|---|---|
| २२ | नेपालको अर्थतन्त्रलाई उच्च आर्थिक वृद्धिसहितको सन्तुलित र सुदृढ अर्थतन्त्रको रूपमा विकास गर्ने,<br>अर्थतन्त्रलाई उत्पादनमुखी, रोजगारी प्रवर्धक, आत्मनिर्भर र निर्यातमूलक बनाउन अर्थतन्त्रको संरचनामा परिवर्तन गर्ने,<br>सबै स्रोतसाधनको सदुपयोगबाट उत्पादकत्व वृद्धि गरी सबै क्षेत्रका न्यूनता र अभाव समाप्त गर्ने | समग्र अर्थतन्त्र | अर्थतन्त्र सबलीकरण |
| ३० | पाँच वर्षभित्र कृषिमा आश्रित करिब दुई तिहाइ जनसङ्ख्याको ठुलो हिस्सा गैरकृषि क्षेत्रमा परिचालन हुने अवसर सिर्जना गर्ने,<br>कृषि उत्पादकत्व वृद्धि गरी पाँच वर्षमा कृषिको उत्पादन दोब्बर बनाउन कृषिलाई आधुनिकीकरण र व्यावसायीकरण गर्ने | कृषि | अवसर सिर्जना |
| ४२ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई विस्तार गरी तीव्रताका साथ कार्यान्वयन गर्ने, आत्मनिर्भर बनाउने र निर्यात वृद्धि गर्ने<br>कृषि, वन तथा खानीजन्य उद्योगमा लगानी प्रोत्साहन गरी औद्योगिक उत्पादन बढाउने साथै विश्व बजारमा प्रतिस्पर्धी उत्पादन गर्न सक्ने ठुला उद्योग स्थापना गर्ने | कृषि तथा उद्योग | व्यावसायिकता प्रवर्धन |
| ४५ | निजी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गका रूपमा सामेल र प्रोत्साहन गर्ने | निजी क्षेत्र | सरोकारवालाको भूमिका |
| ६९ | उच्च शिक्षालाई विशिष्टीकरण गर्दै विद्यालय तहदेखिनै जीवनोपयोगी व्यावसायिक र प्राविधिक शिक्षामा जोड दिने,<br>प्राविधिक तथा व्यावसायिक शिक्षाको अनुपात बढाउने | विद्यार्थी र युवा | जनशक्ति विकास |

## तालिका ३(ङ): आ.व. २०७६/७७ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/क्षेत्र | सार |
|---|---|---|---|
| ३२ | प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याई सबै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गरिने | युवा | अवसर सिर्जना |
| ५६ | सार्वजनिक तथा निजी क्षेत्रबाट हुने क्रियाकलापबाट आगामी वर्ष थप ५ लाख रोजगारी सिर्जना गर्ने | युवा | सरोकारवालाको भूमिका |
| ६० | राष्ट्रिय आवश्यकता परिपूर्ति, आयात प्रतिस्थापन, निर्यात प्रवर्धन, राष्ट्रिय उत्पादन वृद्धि र रोजगारी सिर्जनामा योगदान गर्ने गरी मुलुकलाई औद्योगिकीकरण गर्ने | युवा | अर्थतन्त्र सबलीकरण |
| ६८ | कृषिको आधुनिकीकरण, यान्त्रीकरण, विशिष्टीकरण र व्यावसायीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धिमा जोड दिने, व्यावसायिक सामूहिक, सहकारी र करार खेतीमा युवाहरूलाई प्रोत्साहित गर्ने | कृषक | व्यावसायिकता प्रवर्धन |
| १२८ | कृषिलाई प्रविधिमैत्री, व्यावसायिक, उच्च प्रतिफलदायी एवम् मर्यादित पेसाको रूपमा रूपान्तरण गरी युवाहरूलाई कृषिमा आकर्षित गर्ने, | कृषि | व्यावसायिकता प्रवर्धन |
| | कृषिको औद्योगिकीकरण गरी कृषिमा आश्रित जनसङ्ख्यालाई कृषि उद्योग, मूल्य श्रृङ्खलाका तहहरू र कृषि सेवा क्षेत्रमा स्थानान्तरण गर्ने | कृषि | अर्थतन्त्र सबलीकरण |
| १४८ | सूचना प्रविधिमा आधारित उद्योग व्यवसाय प्रवर्धन तथा रोजगारी सिर्जना गर्न राष्ट्रिय ज्ञान पार्क स्थापना गर्ने | उद्योग | अवसर सिर्जना |
| १६१ | उद्यमशीलता, मर्यादा र अनुशासनमा आधारित सामाजिक-सांस्कृतिक मूल्यहरूको प्रवर्धनमा योगदान गर्ने शैक्षिक प्रणाली विकास गर्ने | विद्यार्थी र युवा | जनशक्ति विकास |

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/क्षेत्र | सार |
|---|---|---|---|
| १६३ | प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, समृद्ध नेपाल निर्माणको आधार कार्यक्रम अन्तर्गत आगामी दुई वर्षभित्र सबै स्थानीय तहमा प्रविधिक विद्यालय सञ्चालन गर्ने | विद्यार्थी र युवा | जनशक्ति विकास |
| १६५ | प्राविधिक तथा व्यावसायिक तथा जीवनपयोगी शिक्षा प्रदान गरी देशलाई आवश्यक पर्ने दक्ष जनशक्ति विकास गर्ने | विद्यार्थी र युवा | जनशक्ति विकास |
| १७० | विद्यार्थीहरूलाई सार्वजनिक तथा निजी संस्था एवम् प्रतिष्ठानहरूको कार्यस्थलमा इन्टर्न गराउने | विद्यार्थी र युवा | जनशक्ति परिचालन |
| १७२ | युवाहरूको प्रतिभा पहिचान, परिचालन र प्रवर्धनका लागि नियमित रूपमा सिर्जनात्मक गतिविधि सञ्चालन गर्ने | युवा | जनशक्ति परिचालन |
| १७६ | विज्ञान तथा प्रविधि एक्स्पो, प्रदर्शनी, महोत्सव आयोजना गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा नेपालीहरूले गरेको आविष्कारहरूका बारेमा जानकारी तथा ज्ञान विस्तार गर्ने,<br>युवा उद्यमीहरूलाई व्यवसाय सञ्चालनका लागि सुरुआती पुँजीलगायतका सुविधा विस्तार गर्ने, | युवा उद्यमी | व्यावसायिकता प्रवर्धन |
| | प्राविधिक, व्यावसायिक र सीपमूलक तालिम उपलब्ध गराई स्वदेशमा नै रोजगारीका लागि युवाहरूलाई आकर्षित गर्ने | युवा | जनशक्ति विकास |
| १७८ | वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न थप मुलुकसँग श्रम सम्झौता गर्ने,<br>वैदेशिक रोजगारीलाई मर्यादित तथा सुरक्षित बनाउने | वैदेशिक रोजगारीमा जाने युवाहरू | पेसागत संरक्षण |
| १७९ | वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकको व्यवसायजन्य स्वास्थ्य एवम् सुरक्षा, बिमा, उचित पारिश्रमिक तथा सेवा सुविधा रोजगारदाताबाटै लागत ब्यहोर्ने गरी गन्तव्य मुलुकहरूसँग श्रम सम्झौता गर्ने | वैदेशिक रोजगारीमा जाने युवाहरू | पेसागत संरक्षण |

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/क्षेत्र | सार |
|---|---|---|---|
| १८४ | क्षमता विकास र रोजगारीका कार्यक्रमहरू सञ्चालन गर्ने, स्वास्थ्य र मनोरञ्जनका लागि उपयुक्त खेल परिसर र सुविधाको प्रबन्ध गर्ने, मनोबल बढाउने, दक्ष र सक्षम बनाउन शिक्षा र तालिमको व्यवस्था गर्ने | अपाङ्गता भएका व्यक्तिहरू | सशक्तिकरण |
| १८६ | वित्तीय सेवाको विस्तार गरी आगामी एक वर्षभित्र थप ५० हजार र पाँच वर्षभित्र थप ३ लाख युवालाई स्वरोजगार बनाउने | युवा | अवसर सिर्जना |
| १८७ | सङ्घीय लोकतान्त्रिक गणतन्त्रको प्रवर्धन, नेतृत्व विकास र सामाजिक आर्थिक विकासमा परिचालन गर्नका लागि आगामी आर्थिक वर्षमा युवा परिचालन वर्ष सञ्चालन गर्ने, राष्ट्रिय हितप्रति समर्पित युवा जनशक्ति विकास र परिचालनका लागि राष्ट्रिय सेवा दलको भूमिकालाई स्थानीयस्तरसम्म विस्तार गर्ने | युवा | जनशक्ति परिचालन |
| १८८ | युवाको आर्थिक-सामाजिक सशक्तिकरण गर्न उद्यमशीलता विकास एवम् प्राविधिक तथा व्यावसायिक तालिम उपलब्ध गराउने | युवा | जनशक्ति विकास |

### तालिका ३(च): आ.व. २०७७/७८ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/क्षेत्र | सार |
|---|---|---|---|
| २३ | सहुलियतका व्यवस्थाहरू गर्ने | महामारी र बन्दाबन्दीबाट प्रभावित उद्योग व्यवसाय | पुनःस्थापना |
| २५ | अधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षणका अवसर उपलब्ध गराउने | युवा | पुनःस्थापना |

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/ क्षेत्र | सार |
|---|---|---|---|
| ३६ (छ) | उत्पादनशील तथा रोजगारमूलक क्षेत्रमा लगानी केन्द्रित गर्ने | युवा | अवसर सिर्जना |
| ३६ (ज) | अन्तर्राष्ट्रिय श्रमबजार सङ्कुचित भई रोजगारीका अवसरहरू गुम्ने जोखिमलाई स्वदेशमै रोजगारी सिर्जना, आत्मनिर्भर अर्थतन्त्रको विकास र राष्ट्रिय क्षमता वृद्धिको अवसरमा रूपान्तरित गर्ने | युवा | अवसर सिर्जना |
| ३९ | स्वास्थ्य, सीप विकास तालिम र रोजगारी एवम् आय आर्जनसम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्ने | कोभिड-१९ महामारीका कारण रोजगारी गुमाएका श्रमिक, साना किसान, असहाय व्यक्ति, गरिब तथा विपन्न वर्गका परिवार | जनशक्ति विकास |
| ६९ | "चिनौं आफ्नो माटो, बनाऔं आफ्नै देश" अभियान सञ्चालन गरी स्नातकोत्तर युवाहरूलाई विकास निर्माण तथा शैक्षिक विकाससम्बन्धी काममा मुलुकभर परिचालन गर्ने | युवा | नेतृत्व विकास |
| ८० | व्यावसायिक कृषि, बृहत् भौतिक पूर्वाधार, स्थानीय पूर्वाधार, साना तथा मझौला उद्योग, उत्पादनमूलक उद्योग, निर्माण र सेवा क्षेत्रमा परिचालन गर्ने | बेरोजगार युवा | जनशक्ति परिचालन |

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/ क्षेत्र | सार |
|---|---|---|---|
| ८२ | उद्यम व्यवसाय सुरु गर्न सुरुआती पुँजी उपलब्ध गराउने र उद्यम व्यवसाय गर्न क्षमता विकास, प्रविधि हस्तान्तरण, वित्तीय पहुँच र बजारीकरणका कार्यक्रमसँग आबद्ध गराउने | नवप्रवर्तनकारी युवा तथा अन्य उद्यमी र वैदेशिक रोजगारीबाट फर्केका अनुभवी तथा सीपयुक्त उद्यमशील युवा | व्यावसायिकता प्रवर्धन |
| ८३ | शैक्षिक प्रमाणपत्रको आधारमा प्रोजेक्टमा आधारित सुरुआती पुँजी उपलब्ध गराई भरसक निजको शिक्षासँग सम्बन्धित व्यवसाय सञ्चालन गर्न प्रोजेक्ट निर्माणमा समेत सहयोग गरी उत्प्रेरित गर्ने | शिक्षित बेरोजगार युवा | व्यावसायिकता प्रवर्धन |
| ८४ | प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगारसम्बन्धी अन्य कार्यक्रमहरूसँग आबद्ध गरी यथार्थ उत्पादनमूलक रोजगारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रूपमा कार्यान्वयन गर्ने | बेरोजगार युवा | अवसर सिर्जना |
| ८५ | सबै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना र रोजगार व्यवस्थापन सूचना प्रणाली सञ्चालनमा ल्याउने | युवा | सरोकारवालाको भूमिका |
| ८६ | रोजगारदाता र श्रमिक सङ्गठनबिच असल श्रम सम्बन्ध विकास गर्ने<br><br>श्रम निरीक्षण प्रणाली मार्फत श्रम अडिटलाई थप व्यवस्थित गर्ने | रोजगारदाता र श्रमिक | पेसागत संरक्षण |
| ८८ | योगदानमा आधारित सामाजिक सुरक्षा प्रणलीमा आबद्ध गर्ने | अनौपचारिक क्षेत्रका श्रमिक, स्वरोजगार र वैदेशिक रोजगारीमा गएका श्रमिक | पेसागत संरक्षण |

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/ क्षेत्र | सार |
|---|---|---|---|
| ९६ | व्यावसायिक पुनरूत्पादन कार्यक्रम सञ्चालन गरी उत्पादन प्रणालीलाई सबल बनाउने | कृषक | व्यावसायिकता प्रवर्धन |
| ९७ | अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई उत्पादन, रोजगारी र नतिजासँग आबद्ध गर्ने | युवा | व्यावसायिकता प्रवर्धन |
| १०० | कृषि तथा कृषिजन्य उद्यम व्यवसायलाई रोजगारीको मुख्य क्षेत्रको रूपमा विकास गर्ने | कृषक | अवसर सिर्जना |
| १०४ | कृषि व्यवसायमा आकर्षित गर्ने | महिला सहकारी समूहहरू तथा अर्धबेरोजगार र वैदेशिक रोजगारीबाट फर्केका युवा | व्यावसायिकता प्रवर्धन |
| १२० | स्थानीय उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी न्यूनीकरण गर्न सहकारी प्रवर्धन गर्ने | कृषक | व्यावसायिकता प्रवर्धन |
| १३८ | उपलब्ध स्रोत, साधन, पुँजी, सीप एवम् प्रविधिको अधिकतम उपयोगबाट औद्योगिक उत्पादकत्व र उत्पादन वृद्धि गर्ने गरी उद्योग क्षेत्रका कार्यक्रमहरू सञ्चालन गर्ने | उद्योग | अर्थतन्त्र सबलीकरण |
| २४१ | शिक्षा, स्वास्थ्य, मनोरञ्जन, खेलकुद, रोजगारी र आय आर्जनका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने | अपाङ्ता भएका व्यक्तिहरू | पहुँच सुनिश्चितता |
| २४३ | सबै प्रदेशमा युवा नवप्रवर्तन केन्द्र स्थापना गर्ने,<br>स्वास्थ्य सचेतना, सरसफाइ, विपद् व्यवस्थापन तथा वातावरण संरक्षण र सामाजिक कुरीति, अन्धविश्वासविरुद्धको सामाजिक जागरण कार्यमा स्काउट र युवा स्वयम्सेवक परिचालन गर्ने | युवा | सरोकारवालाको भूमिका |

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/ क्षेत्र | सार |
|---|---|---|---|
| २६२ | रोजगारी र स्वरोजगारका अवसर उपलब्ध गराउन प्रविधि, तालिम र वित्तीय पहुँचको व्यवस्था गर्ने | आन्दोलन र द्वन्द्वबाट घाइते तथा अङ्गभङ्ग भएका व्यक्तिहरू | व्यावसायिकता प्रवर्धन |
| २७० | नेपाली कूटनीतिक नियोगहरूलाई मर्यादित वैदेशिक रोजगारीका लागि परिचालन गर्ने | वैदेशिक रोजगारीमा जाने युवाहरू | सरोकारवालाको भूमिका |

## तालिका ३(छ)ः आ.व. २०७८/७९ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/क्षेत्र | सार |
|---|---|---|---|
| १३ | उत्पादन र उत्पादकत्व वृद्धि, पूर्वाधार निर्माण, खानेपानी तथा विद्युत्मा पहुँच, मानव पुँजी निर्माण र रोजगारी सिर्जना, आय असमानता र बहुआयामिक गरिबीको दरमा कमी, दिगो विकास र पर्यावरणीय सन्तुलन, सङ्घीयताको सुदृढीकरण र सुशासनलाई प्राथमिकतामा राख्ने | समग्र अर्थतन्त्र | अर्थतन्त्र सबलीकरण |
| १६ | आन्तरिक उत्पादन वृद्धि तथा औद्योगिकीकरणका लागि गुणस्तरीय पूर्वाधार निर्माण, लगानी प्रवर्धन, व्यावसायिक वातावरण निर्माण एवम् सहजीकरण गर्न नीतिगत, कानुनी र प्रणालीगत सुधार गर्ने | समग्र अर्थतन्त्र | अर्थतन्त्र सबलीकरण |

## तालिका ३(ज)ः आ.व. २०७९/८० को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/क्षेत्र | सार |
|---|---|---|---|
| ३३ | तीनै तहका सरकारको समन्वयमा उत्पादन, रोजगारी र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने | पुनःस्थापना हुन बाँकी हरूवा-चरुवा | व्यावसायिकता प्रवर्धन |

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/क्षेत्र | सार |
|---|---|---|---|
| ३७ | उद्योगको अग्रपृष्ठ र समानान्तर सम्बन्ध भएका क्षेत्रहरूमा थप आय आर्जन र रोजगारीका अवसर वृद्धि गर्ने | उद्योग | अवसर सिर्जना |
| ३९ | तुलनात्मक लाभ भएका उत्पादनशील क्षेत्रहरूमा आन्तरिक तथा वैदेशिक लगानीमा वृद्धि,<br>साना तथा मझौला उद्यममा नवप्रवर्तन, सीपमूलक रोजगारी वृद्धि,<br>नेपाली उत्पादनको बजार विस्तार, मूल्यशृङ्खला विकास मार्फत उत्पादन तथा उपभोगको वृद्धि,<br>आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन गरी समुन्नत अर्थतन्त्रको विकास गर्न "नेपाली उद्योग, नेपालमै रोजगारः आफ्नो उत्पादन, आफ्नै व्यापार" भन्ने नाराका साथ नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि अभियान दशक प्रारम्भ गर्ने | समग्र अर्थतन्त्र | अर्थतन्त्र सबलीकरण |
| ४४ | नवप्रवर्तनमा आधारित स्टार्टअप व्यवसाय स्थापना र सञ्चालनमा सहजीकरण गर्ने,<br>उद्यमशीलता विकास, बौद्धिक सम्पत्ति अधिकार संरक्षण, नवप्रवर्तन, सिर्जनशील प्रविधि विकास, वित्तीय पहुँच र परम्परागत ज्ञान र सीपको आधुनिकीकरण गर्ने | युवा उद्यमी | व्यावसायिकता प्रवर्धन |
| १०१ | समाज र राष्ट्रको विकासमा योगदान पुऱ्याउने असल, योग्य, अनुशासित एवम् समाज र राष्ट्रप्रति जिम्मेवार नागरिक उत्पादन गर्ने,<br>व्यक्तिको ज्ञान, सीप र क्षमता वृद्धि गर्ने गरी गुणस्तरीय शिक्षा प्रणालीको विकास गर्ने | विद्यार्थी र युवा | जनशक्ति विकास |
| ११० | प्रत्येक प्रदेशमा कम्तीमा एउटा प्रशिक्षण सुविधासहितको अन्तराष्ट्रियस्तरको रङ्गशाला निर्माण गर्दै जाने | खेलकुद | जनशक्ति विकास |

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/क्षेत्र | सार |
|---|---|---|---|
| ११७ | श्रमको सम्मान र मर्यादित श्रमसहितको श्रमिकको हक अधिकार सुनिश्चित गर्ने<br>नेपाली श्रमशक्तिलाई स्वदेशमै रोजगारीका अवसर उपलब्ध गराउने | श्रमिक | अवसर सिर्जना |
| ११८ | श्रम बजारको मागअनुसारको विशिष्टीकृत सीपयुक्त जनशक्ति उतपादन गर्ने | युवा | जनशक्ति विकास |
| ११९ | योग्यता र रुचिअनुसारको सीप विकास, वित्तीय पहुँच एवम् सार्वजनिक र निजी क्षेत्रको कार्यस्थलमा तालिमको व्यवस्था गर्ने | श्रम बजारमा बर्सेनी आउने श्रमशक्ति | जनशक्ति विकास |

### तालिका ३(झ): आ.व. २०८०/८१ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु

| बुँदा नं. | कार्यक्रम | लक्षित वर्ग | सार |
|---|---|---|---|
| ११ | उत्पादन र रोजगारी वृद्धि सरकारको प्रमुख नीतिगत प्राथमिकता हुने | युवा | अर्थतन्त्र सबलीकरण |
| २१ | सहकारी क्षेत्रको पुनःसंरचनासहित बचत तथा ऋण सहकारीहरूलाई उत्पादन तथा श्रम क्षेत्रमा केन्द्रित हुने व्यवस्था गर्ने | सहकारी क्षेत्र | अर्थतन्त्र सबलीकरण |
| २२ | सरकारी ऋणपत्रका साथै निजी क्षेत्रका आयोजनाको प्रथामिक शेयरमा लगानी गर्न प्रेरित गर्ने | वैदेशिक रोजगारीमा जाने युवा | अर्थतन्त्र सबलीकरण |
| ५५ | वैदेशिक लगानीलाई उत्पादन एवम् रोजगारमूलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहित गर्ने | वैदेशिक लगानी | लगानी उपयोग |
| ६१ | ढुङ्गाखानीहरूको संरक्षण, प्रवर्धन, व्यावसायिक उत्खनन तथा निकासीका माध्यमबाट आय र रोजगारी सिर्जना हुने नीतिगत र कानुनी व्यवस्था मिलाउने | युवा | अवसर सिर्जना |

| बुँदा नं. | कार्यक्रम | लक्षित वर्ग | सार |
|---|---|---|---|
| ११८ | आय आर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने गरी आर्थिक सामाजिक विकासका कार्यक्रम सञ्चालन गर्ने | गरिब तथा विपन्न, दलित, आदिवासी जनजाति, एकल तथा अपाङ्गता भएका महिला, वादी कमलरी, कमैया, चेपाङ, बोटे, हिंसापीडित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एचआईभी सङ्क्रमित र वञ्चितीकरणमा परेका सबै समुदायका महिला तथा किशोरी | सशक्तिकरण |
| १२१ | आर्थिक तथा सामाजिक सशक्तिकरणसँगै सहज र सम्मानपूर्ण जीवन सुनिश्चित गर्ने<br>उनीहरूको स्वरोजगार तथा रोजगारमुखी कार्यक्रम मार्फत आत्मनिर्भर बनाउने र उच्च शिक्षालाई उद्यम तथा रोजगारकेन्द्रित बनाउने | अपाङ्ता भएका व्यक्ति | सशक्तिकरण |
| १५१ | युवा र उद्यमशीलतासँग सम्बन्धित कोषहरूलाई एकीकरण गर्ने,<br>मर्यादित श्रमसहितको रोजगारीको सुनिश्चितता गर्ने,<br>श्रमिकको हक अधिकार र न्यूनतम पारिश्रमिकको प्रत्याभूति गर्ने | युवा | पेसागत संरक्षण |

| बुँदा नं. | कार्यक्रम | लक्षित वर्ग | सार |
|---|---|---|---|
| १५२ | सरकारी र निजी प्रतिष्ठानहरूमा अनिवार्य श्रम अडिट गर्नुपर्ने व्यवस्था गरिने,<br>"युवासँग सरकार, हुनेछैनन् बेरोजगार" अभियान अन्तर्गत आगामी दुई वर्षभित्र पाँच लाख थप आन्तरिक रोजगारी सिर्जना गर्न निजी क्षेत्रसँगको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने,<br>उत्पादनसँग प्रत्यक्ष जोडिने रोजगार र उद्यमशीलता सम्बन्धित संस्था, कोष तथा कार्यक्रमहरूलाई एकीकृत गर्ने | युवा र श्रमिक | अवसर सिर्जना |
| १५३ | श्रमिकहरूको न्यूनतम ज्याला जीवन धान्न पुग्ने तहमा स्वतः बढ्ने गरी स्वचालित ज्याला प्रणाली लागु गर्ने | श्रमिक | अर्थतन्त्र सबलीकरण |
| १५४ | वैदेशिक रोजगारीका लागि श्रम अनुमति र पुनः श्रम स्वीकृति लगायतका सेवा प्रदेश तहबाटै अनलाइन मार्फत उपलब्ध गराउने,<br>वैदेशिक रोजगारीमा रहेका सबै नागरिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने | वैदेशिक रोजगारीमा जाने युवा | पेसागत संरक्षण |

**तालिका ३(ञ): आ.व. २०८१/८२ को नीति तथा कार्यक्रममा समावेश भएका युवासम्बद्ध विषयवस्तु**

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/क्षेत्र | सार |
|---|---|---|---|
| २७ | विकास आयोजना छनोट गर्दा सामाजिक-आर्थिक लाभ, प्रदेशिक सन्तुलन, उत्पादन र रोजगारी सिर्जनालाई प्रमुख आधार लिने | युवा | अर्थतन्त्र सबलीकरण |
| ३२ | तीनै तह, निजी क्षेत्र, सहकारी र समुदायको साझेदारीमा उत्पादन र रोजगारीका लागि साझेदारी कार्यक्रम सञ्चालन गर्ने | युवा | अवसर सिर्जना |

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/क्षेत्र | सार |
|---|---|---|---|
| ४२ | युवा कृषक तथा उद्यमीहरूसँगको साझेदारीमा वडास्तरमा नमुना फार्म स्थापना गरी सिकाइ केन्द्रको रूपमा विकास गर्ने | कृषक | व्यावसायिकता प्रवर्धन |
| ४८ | तीनै तहका सरकार र निजी क्षेत्रको सहकार्यमा प्रत्येक प्रदेशमा कम्तीमा एक हजार गाईभैंसीपालन क्षमताको पूर्वाधारसहित स्रोत केन्द्र विकास गर्ने | कृषक | व्यावसायिकता प्रवर्धन |
| ७१ | उद्योग र कृषि तथा अन्य क्षेत्रका उत्पादन, उपभोग र रोजगारी वृद्धिसँग सम्बन्धित कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्ने | समग्र अर्थतन्त्र | व्यावसायिकता प्रवर्धन |
| १३३ | शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक न्याय लगायतका संविधान प्रदत्त हकको सुनिश्चितताका लागि जनसाङ्ख्यिक वितरणको वस्तुगत अध्ययन गरी लक्षित कार्यक्रम सञ्चालन गर्ने | युवा | पहुँचको सुनिश्चितता |
| १४६ | उच्च शिक्षा अध्ययनरत विद्यार्थीलाई सरकारी कार्यप्रणालीको आधारभूत तालिम प्रदान गर्ने र शैक्षिक बिदामा बसेका विद्यार्थीलाई अनौपचारिक शिक्षा र सामुदायिक विकास कार्यमा सहभागी गराउने | विद्यार्थी र युवा | जनशक्ति विकास |
| १४९ | सार्वजनिक, निजी र सम्बद्ध क्षेत्रको सहकार्यमा सघन आवासीय तालिम (bootcamp model) कार्यक्रम सञ्चालन गरी तत्काल आवश्यक जनशक्ति उत्पादन गर्ने,<br><br>प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी पाठ्यक्रम तयार गर्ने विधि परिमार्जन गर्ने र श्रमबजारको मागको आधारमा राष्ट्रिय दक्षता मापदण्ड निर्माण गर्ने | विद्यार्थी र युवा | जनशक्ति विकास |
| १५१ | माध्यमिक विद्यालयमा अङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षकको अभाव पूर्ति गर्न विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीलाई मूल्याङ्कनसहितको शिक्षण इन्टर्नसिपमा पठाउने प्रबन्ध गर्ने | विद्यार्थी र युवा | जनशक्ति परिचालन |

| बुँदा | कार्यक्रम | लक्षित वर्ग/क्षेत्र | सार |
|---|---|---|---|
| १६८ | रोजगार तथा स्वरोजगारसँग सम्बन्धित प्रधानमन्त्री रोजगार, युवा स्वरोजगार कोष, सीपविकास तथा रोजगार प्रवर्धन लगायतका कार्यक्रमलाई एकीकृत गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,<br>प्रदेशमा निजी क्षेत्र समेतको सहकार्यमा बहुप्राविधिक शिक्षालय स्थापना गर्ने | विद्यार्थी र युवा | सरोकारवालाको भूमिका |
| १६९ | श्रम कूटनीतिलाई थप सक्रिय बनाउँदै विभिन्न मुलुकसँगको श्रम सम्झौताको पुवरावलोकन तथा थप गन्तव्य मुलुकसँग श्रम सम्झौता तथा समझदारी गर्ने | श्रमिक | पेसागत संरक्षण |
| १७० | वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन वैदेशिक रोजगारीसम्बद्ध कानुनमा परिमार्जन गर्ने | वैदेशिक रोजगारीमा जाने युवाहरू | पेसागत संरक्षण |
| १७५ | युवालाई सीपविकास, वित्तीय साक्षरता तथा उद्यमशीलता तालिम मार्फत सामाजिक जीवनका सबै क्षेत्रमा महत्त्वपूर्ण साझेदार र संवाहकका रूपमा अगाडि बढाउने | युवा | जनशक्ति विकास |
| १७६ | विभिन्न विषय क्षेत्रका एक हजार प्रतिभावान् युवालाई फेलोसीप उपलब्ध गराउने व्यवस्था मिलाउने र युवालाई फेलोसिप प्रदान गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने | प्रतिभावान् युवा | जनशक्ति परिचालन |

समग्रमा नेपाल सरकारले अङ्गीकार गरेका आ.व. २०७२/७३ देखि आ.व. २०८१/८२ सम्मका नीति तथा कार्यक्रमहरूले राष्ट्रिय युवा नीति, २०७२ लाई समय सापेक्ष रूपमा सम्बोधन गर्न नसके तापनि कार्यान्वयनको सन्दर्भमा नीतिसँग अन्तरनिहित भएर कार्यक्रमहरू समावेश भएको पाइन्छ । युवालाई नै सम्बोधन गरेर निकै कम कार्यक्रमहरू समावेश भएका छन् तर युवासँग अन्तरसम्बन्धित अन्य विषयहरूमा कार्यक्रमहरू समावेश गरिएकाले यस नीतिको कार्यान्वयनमा सहयोगी भूमिका निर्वाह गर्दैआएको र गरिरहेको देखिन्छ ।

## २.४.३ प्रदेश सरकार नीतिहरूमा युवा

प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू र वार्षिक कार्यक्रमहरूमा युवाका मुद्दालाई समेट्ने प्रयास गरिएको पाइन्छ । प्रदेश अनुसार युवाका सवालहरू फरक फरक ढङ्गले समेटिने गरेकाले सबैमा एकरूपता पाइँदैन । यहाँ केही उदाहरणहरू मार्फत प्रदेश सरकारहरूले समेटेका युवाका कार्यक्रमहरूलाई प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### कोशी प्रदेश

कोशी प्रदेशको नीति तथा कार्यक्रम (२०८१/८२) ले निर्धारण गरेका युवा तथा खेलकुदसम्बद्ध कार्यक्रमहरूलाई हेर्दा प्रदेश रङ्गशाला विकास गर्ने, खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकहरूको क्षमता विस्तार गर्ने तथा खेल पूर्वाधारहरूको विकास गर्ने र खेलकुद पर्यटनलाई विस्तार गर्ने लगायतका नीति लिएको देखिन्छ (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश सरकार, २०८१) । यसैगरी, युवालाई रोजगारी र आयआर्जनसँग जोड्न स्टार्टअप नीतिको निर्माण गर्ने, युवालाई तालिम र सहुलियत कर्जाको व्यवस्था गर्ने जस्ता कार्यक्रमहरू प्राथमिकतामा रहेका छन् । युवासम्बन्धी प्रादेशिक नीति मार्फत युवा प्रतिभा पहिचान, युवालाई सरकारी सेवामा आकर्षित गर्ने कार्यक्रम लगायत उद्यम, व्यवसाय र स्काउट शिक्षालाई विद्यालय र समुदायस्तरमा विस्तार गर्ने उद्देश्य कोशी प्रदेशले लिएको छ ।

### मधेश प्रदेश

मधेश प्रदेशको नीति तथा कार्यक्रम (२०८१/८२) ले प्राथमिकतामा राखेका युवासम्बद्ध कार्यक्रमहरू अन्तर्गत युवा उद्यमशीलता प्रवर्धन गर्ने, वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई स्वरोजगारमा सहयोग गर्ने र स्थानीय तहमा संयन्त्रहरू तयार गरी युवालाई रोजगार वा स्वरोजगार बनाउने तथा क्षमता विकास गर्ने आदि रहेका छन् (प्रदेश नीति तथा योजना आयोग, मधेश प्रदेश सरकार, २०८१) । यस्तै, युवा नीतिको तर्जुमा गर्ने समेत लक्ष्य मधेश प्रदेशको नीति तथा कार्यक्रममा उद्घघोष भएको छ । खेलकुद क्षेत्रको विकासका लागि लगानी र खेलाडी प्रशिक्षण तथा खेलाडीको दुर्घटना बीमा व्यवस्था गर्ने नीति तथा कार्यक्रम लिइएको पाइन्छ ।

### बागमती प्रदेश

बागमती प्रदेश नीति तथा कार्यक्रम (२०८१/८२) ले निर्धारण गरेका युवासम्बद्ध कार्यक्रमहरू अन्तर्गत विदेशमा सिकेको सीपलाई मान्यता प्रदान गर्न सीप परीक्षणलाई निरन्तरता दिने, युवालाई उद्यमशीलतातर्फ उन्मुख गराउन तालिम, सीप, र बीउपुँजी प्रदान गर्ने गरी सीप वर्ष कार्यक्रम सञ्चालन गर्ने, कृषिमा युवालाई जोड्न स्मार्ट एग्रिकल्चर कार्यक्रम सञ्चालन गर्ने आदि रहेका छन् (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश सरकार, २०८१) । यस्तै युवाहरूको विदेश पलायन रोक्न स्टार्टअप लगायतका कार्यक्रमहरू सहयोगी हुने अपेक्षासहित आइडिया ल्याब (Idea Lab) र बिजनेस इन्क्युबेसन केन्द्रहरू (Business Incubation Center) सञ्चालनमा ल्याउने नीति लिएको देखिन्छ । खेलकुदको माध्यमबाट युवाहरूको क्षमता विकास र समग्र खेलकुद क्षेत्रको उन्नयनका लागि बागमती

प्रदेशले निर्माणाधीन रङ्गशाला निर्माण सम्पन्न गर्ने, खेलाडी प्रशिक्षण र खेल पर्यटनको विस्तार गर्नेजस्ता योजना तय गरेको पाइन्छ ।

### गण्डकी प्रदेश

गण्डकी प्रदेश नीति तथा कार्यक्रम (२०८१/८२) ले युवा जनशक्तिलाई सीपमूलक तालिम, उद्यमशीलता विकास तथा प्रविधिमा आधारित उद्योग सञ्चालन, युवा उद्यमी कार्यक्रम, बीउ पुँजी, प्रविधिमैत्री सिकाइ, युवा प्रतिभा सम्मान गर्ने लगायतका बहुपक्षीय कार्यक्रम तय गरेको छ (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश सरकार, २०८१) । यस्तै, खेलकुदमा साहासिक पर्यटन विकास, उच्च स्थानमा खेलिने खेलका लागि तालिम केन्द्र स्थापना गर्ने र खेलकुद पर्यटनका लागि समेत कार्यक्रमहरू प्राथमिकतामा राखेको छ ।

### लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश (सामाजिक विकास मन्त्रालय) अन्तर्गत युवा तथा खेलकुदसम्बद्ध धेरै कार्यक्रम र आयोजनाहरू सञ्चालित छन् । केही प्रतिनिधिमूलक कार्यक्रमहरू यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेटमा युवा लक्षित कार्यक्रम (देवदह), विभिन्न युवा युवतीलाई प्राविधिक तालिम कार्यक्रम (सियारी नगरपालिका-५), र युवा सम्मेलन, २०८१ (रूपन्देही क्षेत्र नं. ३(१)) का लागि क्रमशः तीन लाख, दश लाख र पन्ध्र लाख विनियोजन भएको देखिन्छ । खेलकुदको प्रवर्धनका लागि माननीय कप, २०८१ (रूपन्देही क्षेत्र नं. ३(१)), नवदुर्गा युवाक्लब खेल मैदान विस्तार तथा पार्क निर्माण (रूरूक्षेत्र गाउँपालिका) लगायतका कार्यक्रम सञ्चालन गरिएको थियो । युवाहरूलाई सीप तथा स्वरोजगारी प्रवर्धनका लागि तालिम, युवा सीप तथा उद्यम विकास कार्यक्रम (रैनादेवी छहरा गाउँपालिका), युवा सशक्तिकरण कार्यक्रम (प्युठान नगरपालिका र झिमरुक गाउँपालिका), स्थानीय तहसँगको समन्वय र सहकार्यमा युवालाई शिक्षा तथा कामको संसार सम्बन्धमा परामर्श आदि कार्यक्रमले युवाका लागि थप क्षमता अभिवृद्धि गर्न मद्दत पुग्ने देखिन्छ । यस्तै मधेशी मुस्लिम तथा पिछडा वर्गका युवा युवतीहरूका लागि क्षमता अभिवृद्धि तथा सीपमूलक कार्यक्रम (रोहेणी गाउँपालिका) का लागि चार लाख बजेट विनियोजन भएको देखिन्छ ।

यसले प्रदेश सरकारले युवाका क्षेत्रमा गरेको प्रयास र लगानीका बारेमा स्पष्ट हुन मद्दत गर्दछ । सामाजिक विकास मन्त्रालयको वार्षिक कार्यक्रममा तय गरिएका योजना र कार्यक्रमहरूका प्राथमिकता, स्थान र बजेटले प्रदेशका कार्यक्रमहरूको स्थितिका बारेमा बुझ्न मद्दत गर्दछ । प्रायः कार्यक्रम र आयोजनाहरू पूर्वाधार लगानीमा नै केन्द्रित भएको उल्लिखित दस्ताबेजले देखाउँछन् (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश सरकार, २०८१) ।

## कर्णाली प्रदेश

कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयको वार्षिक कार्यक्रम (आ.व. २०८१/८२) का केही युवा लक्षित कार्यक्रमहरूलाई हेर्ने हो भने युवासम्बद्ध योजना तथा कार्यक्रमहरूको प्राथमिकता स्पष्ट पार्न सकिन्छ। उदाहरणका लागि, विकासमा युवाको दृष्टिकोण तथा विचार सङ्कलन, प्रस्तुतिकरण, प्रोत्साहन तथा अभिलेखीकरण, स्काउटको सहयोगमा युवालाई नेतृत्त्व सीप र अनुशासनसम्बन्धी तालिम र स्थानीय तहसँगको समन्वय र सहकार्यमा युवालाई शिक्षा तथा कामको संसार सम्बन्धमा परामर्श जस्ता कार्यक्रमहरू सञ्चालन भएका थिए (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश सरकार, २०८१) । यद्यपि, युवा नीतिको कार्यान्वयनका लागि सहयोग र पक्षपोषण हुने कार्यक्रमहरूको बजेट भने न्यून नै छ ।

## सुदूरपश्चिम प्रदेश

सुदूरपश्चिम प्रदेशको नीति तथा कार्यक्रम आ.व. २०८१/८२ मा युवासम्बद्ध कार्यक्रमहरू तय गरिएको पाइन्छ। युवा वर्गलाई कृषिमा आकर्षित गर्न र रोजगारीका अवसर सिर्जना गर्नका लागि कृषि पर्यापर्यटनमा जोड दिने, युवाहरूलाई नवप्रवर्तनमा आधारित उद्योग तथा व्यवसाय सञ्चालनका लागि ज्ञान, सीप, तालिम र वित्तीय पुँजीको व्यवस्था गर्ने, र वैदेशिक रोजगारीबाट फर्किएका युवाका लागि निजी क्षेत्रसँगको सहकार्यमा कार्य गर्ने लगायतका कार्यक्रमहरू प्राथमिकतामा परेका देखिन्छन्। यस्तै खेलकुद क्षेत्रको प्रवर्धनका लागि बहुउद्देश्यीय रङ्गशाला निर्माण र स्तरोन्नति गर्दै लैजाने नीति सुदूरपश्चिम प्रदेश सरकारले लिएको देखिन्छ (प्रदेश नीति तथा योजना आयोग, सुदूरपश्चिम प्रदेश सरकार, २०८१) ।

राष्ट्रिय युवा नीतिको सफल कार्यान्वयन गर्न मद्दत पुग्ने गरी प्रदेशगत रूपमा नीति तथा कार्यक्रमहरू र बजेट समेत विनियोजन गरेको पाइन्छ। हरेक प्रदेशको वस्तुस्थिति र आवश्यकताअनुरूप युवाका समस्या र मागलाई सम्बोधन हुने गरी नीतिहरू निर्माण भएर कार्यान्वयनमा गएको भए तापनि ती पर्याप्त भने छैनन्। सबैजसो नीति र कार्यक्रमहरू युवा केन्द्रित नभएको र संस्थागत समन्वयको कमी रहेको पाइन्छ। सङ्घीय सरकार र प्रदेशको बजेटले मात्र कार्यक्रम सञ्चालन गर्न कठिनाइ भएको सन्दर्भमा वैकल्पिक स्रोतको रूपमा स्थानीय सरकारलाई विशेष कार्यक्रम बनाउन लगाउने र निजी क्षेत्र तथा उद्योगहरूसँग सहकार्य गर्न जरूरी रहेको देखिन्छ ।

# परिच्छेद ३

# तथ्याङ्कको प्रस्तुति, विश्लेषण तथा समीक्षा

यस परिच्छेदमा  विषयवस्तुको प्रस्तुति र विश्लेषण गर्दा नीति अनुसन्धान प्रतिष्ठानले तय गरेको नीति समीक्षाको मार्गदर्शनको आधारमा समीक्षालाई संरचित गरिएको छ । तथापि, विषयहरूको उठान, तथ्याङ्क प्रस्तुति र विश्लेषण नीतिको प्रावधानका आधारमा रहेको छ। कतिपय नीतिगत उपलब्धि वा नीतिगत रूपमा लक्षित वर्गमा परेको प्रभाव नीतिको कार्यान्वयनको  कारणले मात्र हो या होइन भन्ने आधार खोज्न निकै कठिन छ।

नीति समीक्षा प्रमाणमा आधारित हुनु जरूरी हुन्छ । नीति समीक्षाका लागि आवश्यक प्रमाणहरूको सङ्कलन गर्नुभन्दा पहिले त्यस्ता प्रमाणहरूको अभिलेखीकरण गर्ने परम्परा र पद्धतिको निर्माण गर्नुपर्ने आवश्यकता खड्किएको छ। यद्यपि, यस खण्डमा नीतिले समेटेका विषय क्षेत्रसँग सम्बन्धित र उपलब्ध सबैभन्दा नजिकका तथ्याङ्कहरूलाई आधार मानेर विश्लेषण गरिएको छ। यसरी विश्लेषण गर्दा युवा नीतिले प्रभाव पार्ने वा नीतिमा प्रभाव पर्ने क्षेत्र हो वा होइन भनी एकीन गर्ने प्रयास पनि गरिएको छ। यसरी विश्लेषण गर्दा विशेषतः युवा नीति लागु भएको समयभन्दा पछिको समयका सान्दर्भिक तथ्याङ्क खोतल्ने प्रयास गरिएको छ। युवा नीतिका कारणले मात्र परिवर्तन वा उपलब्धि प्राप्त भएको भन्ने निचोड निकाल्नु उपयुक्त नहुन सक्छ । तर, कुनै पनि नीतिको कार्यान्वयनको सफलता एउटा नीति एक्लैले मात्र प्राप्त हुने होइन, बरू धेरै त्यस्ता अन्तरनिहीत नीतिहरूको प्रभावबाट यो सम्भव हुने गर्दछ। तसर्थ, नीतिको पूर्ण समीक्षा र यसको उपलब्धि मापन कुनै अङ्कगणितीय पद्धतिबाट मात्र गर्नु सर्वथा अनुचित ठहर्छ।


## ३.१ द्वितीयक तथ्याङ्कको विश्लेषण

राष्ट्रिय युवा नीति, २०७२ ले उल्लेख गरेका नीति प्रावधान, रणनीति र कार्यनीतिहरूको जगमा हालको परिवर्तित समय, परिवेश र वस्तुगत आधारहरूलाई प्रस्तुत तथा विश्लेषण गरिएको छ। यस समीक्षामा युवासम्बद्ध विविध तथ्य र तथ्याङ्कहरूले निर्धारण गरेको मापक र त्यसको परिधिभित्र रहेर युवा नीतिलाई सुक्ष्म विश्लेषण गरिएको छ।

### ३.१.१ युवाको जनसाङ्खिक अवस्था

युवा नीति समीक्षाको पहिलो आधारभूत खड्किलो युवाको भौतिक उपस्थिति र अवस्थाका बारेमा चित्रण गर्नु नै हो । नेपालको राष्ट्रिय जनगणना, २०७८ अनुसार, १६ देखि ४० वर्ष उमेर समूहमा रहने युवाहरूको सङ्ख्या निकै ठुलो छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८) ।

## चित्र १: उमेर समूह अनुसार जनसङ्ख्या




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८)*

नेपालमा युवाको वर्चस्व उच्च छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार १८ देखि ५९ वर्ष उमेर समूहका नागरिकहरूमध्ये ६९ प्रतिशत १८ देखि ४० वर्षका छन् (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८)। यो युवा शक्ति भनेको सुशासन, सामाजिक न्याय र समृद्धिका लागि अवसर हो। सामाजिक समावेशीकरणमा युवाको संलग्नता रचनात्मक हुन्छ।


सबै भन्दा धेरै १५ देखि १९ वर्ष उमेर समूहभित्र पर्दछन् भने १० देखि १४ वर्ष उमेर समूह दोस्रो ठुलो जनसङ्ख्याको भएको उमेर समूह हो, जुन किशोर अवस्थाका मानिन्छन् र छिट्टै युवामा परिणत हुन्छन्। त्यसैगरी, तेस्रो ठुलो जनसङ्ख्या रहेको उमेर समूह २० देखि २४ वर्ष हो, र ती वर्गका व्यक्ति पनि युवा वर्गमा पर्दछन् (चित्र १)। राष्ट्रिय युवा नीति, २०७२ ले परिभाषित गरेको युवा उमेर समूह १६ देखि ४० वर्षको जनसङ्ख्यालाई केन्द्रमा राख्ने हो भने युवाका लागि तयार भइरहेका पूर्वउमेर समूह अर्थात् किशोरावस्थाको जनसङ्ख्या र ४० वर्ष पुग्ने उमेर समूहको जनसङ्ख्याको अवस्था जनसाङ्ख्यिक दृष्टिकोणले सबल रहेको देखिन्छ। यस प्रकारको सबल जनसाङ्ख्यिक अवस्थालाई देश निर्माणमा जनसाङ्ख्यिक लाभ लिने अवसरका रूपमा हेर्ने गरिन्छ।

### ३.१.२ गरिबी र युवा

देशको वर्तमान जनसाङ्ख्यिक अवस्थिति अनुसार युवा उमेर समूहको मात्रा ठुलो छ र सक्रिय उमेर समूहसम्म पुग्दा यो बढ्दै जाने निश्चित रहेको अवस्था छ। यसरी सक्रिय युवा उमेर समूहको उपयोगबाट राज्यले आर्थिक विकास गर्न सम्भव हुने भएकाले प्रत्यक्ष रोजगारी र आर्थिक क्रियाकलापमा सहभागी गराई गरिबीको स्तरबाट माथि उकास्नु जरूरी छ।

नेपालको गरिबीलाई तीन दशकअघिको अवस्थासँग तुलना गर्ने हो भने सरदर आधा घटेको तथ्याङ्कहरूले देखाउँछन्। वि.सं. २०५२/५३ मा समग्र गरिबी ४१.७६ प्रतिशत थियो भने वि.सं. २०७९/८० मा आइपुग्दा २०.२७ प्रतिशतमा झरेको छ। मानिसको बसोबासको स्थिति र बसाईंसराइका कारणले गर्दा सहरी र ग्रामीण जनसङ्ख्याको स्वरूप परिवर्तन भएको देखिन्छ र यसले गरिबीको स्थितिमा समेत असर गरेको छ। तीन दशक अगाडि ग्रामीण गरिबीको तुलनामा कम रहेको सहरी गरिबी अहिले बढेको अवस्था देखिन्छ (चित्र २)।

**चित्र २ः सहरी तथा ग्रामीण क्षेत्रको गरिबी अवस्था (प्रतिशत)**





*स्रोतः National Statistics Office [NSO], (2024)*

राष्ट्रिय जनगणना, २०७८ अनुसार नगरपालिका (अर्थात् सहर) र सहर उन्मुख तथा गाउँपालिकाको जनसङ्ख्या क्रमशः ६६.१७ र ३३.८३ प्रतिशत रहेको देखिन्छ। यस्तै, कुल जनसङ्ख्याको ५३.६१ प्रतिशत तराईमा बसोबास गर्ने तथा पहाड र हिमालमा बसोबास गर्ने जनसङ्ख्या क्रमशः ४०.३१, र ६.०८ प्रतिशत रहेको देखिन्छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८)। भौगोलिक बनोटअनुरूप र ग्रामीण क्षेत्रबाट सहर क्षेत्रमा बसाईंसराइ हुनुमा युवाको आर्थिक अवस्था र रोजगारीका अवसरहरूले

महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसैगरी, परिवारमूलीको मुख्य पेसा अनुसार गरिबीको स्थिति समेत फरक रहेको अवस्थामा (चित्र ३) पेसागत उपलब्धता र गरिबीको विश्लेषण गरी युवाका लागि पेसागत छनोट र सुरक्षासहितको रोजगारी सुनिश्चित गर्न आवश्यक रहेको देखिन्छ । युवा नीति परिमार्जन गर्दा यस प्रकारका साना तर विशेष महत्त्वका पक्षहरूलाई ध्यान दिनु जरूरी छ । नेपालको विशेष खालको परिस्थितिमा हरेक व्यक्ति, परिवार र परिवारमूलीको आ-आफ्नो फरक हैसियत बनेको हुन्छ । यस अवस्थामा फरक फरक पेसाअनुरूप गरिबी र त्यसको सामाजिक आर्थिक हैसियतलाई हेर्नुपर्दछ ।

**चित्र ३ः परिवारमूलीको मुख्य पेसा अनुसार गरिबीको स्थिति (प्रतिशतमा)**




*स्रोतः NSO (2024)*


परिवारमूलीको मुख्य पेसा अनुसार गरिबीको दरको तथ्याङ्क हेर्दा कृषि क्षेत्रको तलब ज्यालामा काम गर्ने परिवारमूली भएका परिवारहरू सबैभन्दा धेरै गरिब रहेको देखिन्छ (चित्र ३) । त्यस क्षेत्रमा काम गर्ने कुल सङ्ख्याको ३७.८१ प्रतिशत गरिबीमा रहेको देखिन्छ । यसैगरी, उत्पादनको क्षेत्रमा तलब ज्यालामा काम गर्ने परिवारमूली रहेका परिवारमा दोस्रो धेरै गरिबी रहेको तथ्याङ्कले देखाउँछ । निष्क्रिय, बेरोजगार र सेवा क्षेत्रको तलब ज्यालामा रहने परिवारहरू पनि गरिबीको चपेटामा रहेको तथ्याङ्कले देखाउँछन् । अर्कोतर्फ, स्वरोजगारमा लागेका परिवारमूलीको गरिबी तलब ज्याला लिएर काम गर्नेको भन्दा कम देखिन्छ । तथ्याङ्कले देखाए अनुसार, परिवारमूली सेवा, कृषि र उत्पादन क्षेत्रमा संलग्न हुने परिवारमध्ये क्रमशः ७.२६, १०.२३, १३.१४ प्रतिशत गरिबीको रेखामुनि रहेका छन् । युवा उमेरसमूहका यस्ता निष्क्रिय जनशक्तिहरू श्रम बजारमा नआउनु र आउन नचाहनुलाई लिएर अध्ययन भएमा मात्र यसबारे स्पष्ट नीतिगत व्यवस्था मार्फत उनीहरूका समस्या सम्बोधन गर्न सकिन्छ । अझ

तलब ज्यालाको कामभन्दा स्वरोजगारतर्फ युवाहरूलाई उत्प्रेरित गर्न सक्ने हो भने यसको प्रतिफल प्रभावकारी रहेको समेत यी तथ्याङ्कले देखाउँछन् ।

### ३.१.३ युवा, शिक्षा र रोजगारी

युवा शक्तिलाई उपयोग गर्न रोजगारी, उद्यमशीलता र व्यवसायलाई प्रवर्धन गर्नु जरूरी हुन्छ । नेपालको सन्दर्भमा युवा जनशक्तिका लागि रोजगारी सिर्जना हुने क्षेत्रहरूमा सरकारी सेवा, गैरसरकारी सेवा र निजी क्षेत्र प्रमुख रहेका छन् । लैङ्गिक रूपमा युवाको रोजगारी र जनसङ्ख्याको अनुपात तथा बेरोजगारीको अनुपातलाई हेर्दा सकारात्मक नै मान्नुपर्ने देखिन्छ । नेपालको श्रमशक्ति बजारको तथ्याङ्कबाट युवा र रोजगारीको चित्र देख्न सकिन्छ (चित्र ४) ।

**चित्र ४: नेपालमा प्रमुख श्रमशक्ति क्षेत्र सूचकको लैङ्गिक अनुपात २०७९ (प्रतिशतमा)**




स्रोतः *Danish Trade Union Development Agency [DTUDC] (2023)*


प्रस्तुत तथ्याङ्कमा जोखिम रोजगारीमा पुरूषभन्दा बढी महिला रहेको देखिन्छ । यस्तै महिला रोजगारदाताहरूको सङ्ख्या निकै न्यून रहेको अवस्था छ (चित्र ४) । तथ्याङ्क अनुसार सेवा क्षेत्रमा कार्यरत कर्मचारीहरूको लैङ्गिक अनुपातमा भने निकै अन्तर देखिन्छ । महिला तथा पुरूष कर्मचारीहरूको अनुपात २६ अङ्कले फरक देखिएको छ । यस्तै रोजगारदाताहरूको न्यून सङ्ख्याको उपस्थिति र ठुलो सङ्ख्यामा रहेको जोखिम रोजगारीले युवाको अवस्थालाई चित्रण गरेको छ ।

आर्थिक वर्ष २०७९/८० मा बेरोजगारीको सूचीमा सूचीकृत भएका श्रमशक्तिमध्ये ६४ प्रतिशत युवा रहेको पाइन्छ । साथै, १५ वर्षदेखि ३४ वर्ष उमेर समूहका युवाको बेरोजगारी दर ६९ प्रतिशत रहेको

तथ्य नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७ ले देखाएको छ (श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०७९) ।

रोजगारीमा लाग्ने श्रमशक्तिहरूको ज्याला र त्यसको वृद्धिदरलाई हेर्ने हो भने पनि धेरै उतारचढाव रहेको देख्न सकिन्छ । सन् २०१५ देखि २०२२ सम्मको ज्याला वृद्धि हेर्दा सन् २०१८ मा केही बढेको देखिएको छ (चित्र ५) । तर धेरैजसो ऋणात्मक देखिन्छ । यसले श्रम गर्ने उमेरसमूहका युवालाई सकारात्मक प्रभाव पार्न सक्दैन ।


**चित्र ५ः नेपालमा वार्षिक वास्तविक न्यूनतम ज्याला वृद्धि (२०१५-२०२२) प्रतिशत**




*स्रोतः DTUDC (2023)*

नेपालको सन्दर्भमा ज्यालाको दरमा वृद्धि हुन नसक्नुका कारणहरू सन् २०१५ को महाभूकम्प र त्यसले सिर्जना गरेको आर्थिक सङ्कुचन तथा सन् २०१९ देखि विश्वव्यापी रूपमा फैलिएको कोरोना माहामारी र त्यसको प्रभाव हुन् । यसले समग्र रोजगारीको स्थितिमा प्रभाव पारेको पाइन्छ । यद्यपि, विश्वव्यापी रूपमा आउने आर्थिक सङ्कट र सङ्कुचनको प्रभाव नेपालको रोजगारी क्षेत्रमा मात्र परेको होइन । श्रमशक्तिका लागि कामको खोजी र व्यवस्थापन गर्नु भविष्यका लागि चुनौतीपूर्ण नै हुने अनुमान गरिएको छ । सन् २०३० सम्म मर्यादित कामको परम्पराहरू राम्रोसँग स्थापित नभएका निम्न र निम्न-मध्यम आय भएका देशहरूमा करिब ९१ प्रतिशत नयाँ रोजगारी आवश्यक हुनेछन् (Bloom et al., 2019) । यसरी मर्यादित कामको वातावरण सिर्जना गर्नु नेपालका लागि समेत आवश्यकता र चुनौती दुवै रहेको देखिन्छ । नेपाल र दक्षिण एसियाको युवा रोजगारीमा सन् २०२० मा परेको प्रभावको स्थितिलाई हेर्दा थप स्पष्ट हुन सकिन्छ (चित्र ६) ।

### चित्र ६: लिङ्ग र उमेरको आधारमा नेपालमा र दक्षिण एसियामा बेरोजगारीको दर (प्रतिशत)





*स्रोतः DTUDC (2023)*

नेपालको युवा बेरोजगारीलाई दक्षिण एसियाको युवा बेरोजगारीसँग तुलना गर्दा धेरै अन्तर रहेको देखिन्छ । नेपालको कुल युवा बेरोजगारी ८.१ प्रतिशत रहेकोमा दक्षिण एसियाको २० प्रतिशत देखिएको छ। यो दरको अन्तर महिलामा अझ बढी रहेको छ। यस्तै, समग्र बेरोजगारी नेपालको ४.७ प्रतिशत रहेको देखिन्छ भने दक्षिण एसियाको ७.४ प्रतिशत छ। यसरी तथ्याङ्कका आधारमा नेपालको युवा बेरोजगारीको अवस्था दक्षिण एसियाको तुलनामा धेरै राम्रो रहेको देखिन्छ । यद्यपि, धेरै युवा विदेश पलायन भएको, आफ्नो क्षमताअनुरूपको कार्य नगरी अन्य कार्यमा संलग्न रहनुपरेको (under-employed), कृषि व्यवसायमा निर्वाहमुखी कार्य गर्नुलाई स्वरोजगारी मानिएको; आदि जस्ता कारणले बेरोजगारीको तथ्याङ्कले वास्तविक अवस्था नदेखाएकोमा शङ्का गर्न सकिन्छ । युवा बेरोजगारीलाई पूर्णतया अन्त्य नगरेसम्म युवाशक्तिले न्यूनतम रूपमा गर्न सक्ने योगदान समेत गर्न पाउँदैन र देशको युवा शक्ति विदेश पलायन हुने परिस्थिति सिर्जना हुन पुग्दछ ।

संसारभर शिक्षित युवाको जनसङ्ख्या बढ्दै गएको देखिन्छ। शिक्षित जनशक्ति बढ्दै जानुले भविष्यका लागि महत्त्वपूर्ण अवसरहरू प्रदान गर्दछ। तर, मूलतः अझ गुणस्तरीय कामको सन्दर्भमा, जनसङ्ख्याको वृद्धिसँगै अवसरको सिर्जनामा यो असफलसिद्ध भएको तर्क गरेको पाइन्छ (McKay et al., 2018, p.1)। धेरै देशहरूमा, युवालाई स्थानीय तहदेखि राष्ट्रिय स्तरका मञ्चहरूमा पहुँच वृद्धि गर्ने हेतुले गठन गरिएका युवा परिषद्हरू राज्यको नीति निर्माण तथा परियोजना कार्यान्वयनको मुलधारमा रहँदै आएको पाइन्छ। युवाको काम, कर्तव्य र अधिकार भने देश अनुसार फरक फरक रहेको पाइन्छ। यद्यपि, युवा परिषद्हरूलाई उच्चस्तरीय निर्णय प्रक्रियामा उचित स्थान र पहुँचको व्यवस्था हुँदै आएको छ (Restless Development: The Youth-led Development Agency, n.d.) ।

युवा पुस्तालाई विश्वव्यापी रूपमा चिनाउनका लागि ज्ञान र प्रविधिको विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक छ । सन् २०३० सम्ममा अहिले भएको ५० प्रतिशत रोजगारीहरू अटोमेसन र कृत्रिम बुद्धिमत्ताले विस्थापित गर्नेछन् भन्ने प्रक्षेपण गरिएको छ (International Commission on Financing Global Education Opportunity, n.d.)। रोजगारीका नयाँ क्षेत्रहरू त खुल्ने छन्, तर त्यहाँ उच्च दक्ष जनशक्तिको माग हुनेछ । रोजगारीको प्रकृति छिटो-छिटो परिवर्तन हुँदै गएकाले वा जाने हुनाले पहिलेको कामबाट नयाँमा सङ्क्रमण हुने दर जम्मा ५० प्रतिशत छ । उच्च जनशक्तिको उत्पादन नहुँदा बजारमा श्रमको माग र आपूर्तिबिच ४० प्रतिशतको खाडल छ । अबको दुनियामा बाँच्नका लागि व्यक्तिले चित्र ७ मा प्रस्तुत गरिएका ८ प्रकारका सीपहरू न्यूनतम सिक्नुपर्ने आकलन गरिएको छ (World Economic Forum, 2023)।

### चित्र ७: विश्व बजारमा प्रतिस्पर्धा गर्न आवश्यक सीपहरू




स्रोतः *World Economic Forum (2023)*

केही वर्षयताका बजेट वक्तव्य अनुसार नेपाल सरकारले कुल बजेटको १० प्रतिशत मात्र शिक्षामा खर्च गरिरहेको छ । न्यूनतम २० देखि २५ प्रतिशत शिक्षामा लगानी गर्न विज्ञहरूले सुझाव दिँदै आए तापनि यो कार्यान्वयन गर्न सकिएको छैन । शिक्षामा लगानी गर्नु भनेको धेरै क्षेत्रमा लगानी गर्नु हो । अहिले वैदेशिक रोजगारीमा जानेमध्ये ९८ प्रतिशत अदक्ष छन् । वैदेशिक रोजगारीमा जानेको सङ्ख्या बढाउने उपाय भनेको शिक्षामा गरिने लगानी नै हो ("शिक्षा आयोगको प्रतिवेदनबारे", २०७९) । नेपालको अर्को डरलाग्दो समस्या भनेको करिब ५० प्रतिशत विद्यार्थीहरूले एसईई परीक्षा नदिँदै विद्यालय छाड्नु हो । कक्षा १२ मा पुग्दासम्म ६ मध्ये पाँच विद्यार्थीले पढाइ छोड्दै गरेको भेटिन्छ । ("शिक्षा आयोगको प्रतिवेदनबारे", २०७९) ।

केही दशक यता समग्र रूपमा साक्षरताको दर उल्लेख्य रूपमा वृद्धि भए तापनि देशमा निकै थोरै जनसङ्ख्या मात्र शिक्षित छ। वि.सं. २०६८ को जनगणनाले महिला जनसङ्ख्या साक्षरता दर ५७.७ प्रतिशत देखाएको थियो र त्यसको एक दशकपछि वि.सं. २०७८ को जनगणनाले महिला जनसङ्ख्या साक्षरता दर ६९.४ प्रतिशत देखाएको छ। यसलाई पुरुष जनसङ्ख्यासँग तुलना गर्ने हो भने झण्डै १४ प्रतिशतको अन्तर देखिन्छ। वि.सं. २०७८ को जनगणनाले पुरुष जनसङ्ख्याको साक्षरता प्रतिशत ८३.६ प्रतिशत देखाएको छ। राष्ट्र बैंकको तथ्याङ्क अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को ६ महिनामा मात्र रोजगारीका लागि ३ लाख ४३ हजार ४ सय ५ जनाले मुलुक छोडेका छन्।

### ३.१.४ श्रम र वैदेशिक रोजगारीमा युवा

युवा श्रमलाई व्यवस्थित रोजगारीमा लगाई देश विकासमा युवाको सहभागिता र परिचालन गर्ने लक्ष्य युवा नीतिले लिएको छ। युवा श्रमशक्तिको अवस्था र बेरोजगारीको समस्यालाई निराकरण गर्न राज्यले युवाको स्वास्थ्य र शिक्षा जस्ता क्षेत्रहरूमा गरेको लगानी र प्रयासलाई श्रम र रोजगारीसँग प्रत्यक्ष जोड्नुपर्छ। नेपालमा १५ वर्ष भन्दा माथिका श्रमशक्तिको श्रमबजार सहभागिता हेर्दा रोजगारीमा ३२.४ प्रतिशत, बेरोजगारीमा ४.७ प्रतिशत र श्रम सम्बन्धभन्दा बाहिर ६२.९ प्रतिशत रहेका देखिन्छन् (NSO, 2024, p. 232)। देशभित्र वा देश बाहिर दुवै परिवेशमा काम गर्न पाउनु युवाको अधिकार र छनोटको विषय हुन सक्दछ तर राज्यले कसरी रोजगारीका बढी भन्दा बढी अवसरहरू सिर्जना गरेर युवा श्रमशक्तिलाई उपयोग गर्ने भन्ने पक्ष निकै महत्त्वपूर्ण रहन्छ। यसै सन्दर्भमा युवाहरूको रोजाइ वैदेशिक रोजगारी पनि रहेको देखिन्छ।

वैदेशिक रोजगारी मार्फत विश्व श्रम बजारमा धेरै युवा कामदार पठाउने देशहरूमध्ये नेपाल अगाडि नै रहेको छ। सन् २०२२/२०२३ मा ५ लाख नेपाली श्रमिकहरू विदेश गएका छन्, जुन अघिल्लो वर्षको तुलनामा ४२ प्रतिशत बढी हो र सन् २०१९/२०२० को तुलनामा दुई गुणा भन्दा बढी हो (ADBI, OECD & ILO, 2024)। यसरी नेपालबाट वैदेशिक रोजगारीमा जाने श्रमिकहरूमध्ये अधिकांश युवा नै छन्। हाम्रै देशमा युवालाई आत्मनिर्भर बनाइयो भने श्रम निर्यातमा कमी आउँछ र श्रम आयात गर्ने देशहरू उच्च खर्चमा श्रम आयात गर्न बाध्य हुन्छन्। फलस्वरूप, नेपालले थोरै सङ्ख्यामा श्रम विदेश पठाएर पनि धेरै आम्दानी गर्न सक्छ।

युवाहरूको गन्तव्य नै वैदेशिक रोजगारी रहेको अन्तर्यलाई केलाउने हो भने यसले व्यक्ति, घरपरिवार र देशको आर्थिक परिचालनमा महत्त्वपूर्ण योगदान गरेको छ। देशबाहिर श्रम गरेर नेपालमा विप्रेषण प्राप्त गर्ने घरपरिवारको सङ्ख्या ५५ लाख २० हजार ३ सय ९५ रहेको छ भने ती घरपरिवारले प्राप्त गर्ने औसत रकम वार्षिक १ लाख ४५ हजार ९३ रुपैयाँ रहेको छ (NSO, 2024, p. 271)। तालिका ४ मा उल्लेख गरिएको तथ्याङ्क अनुसार विप्रेषण प्राप्त गर्ने नेपालका करिब १० घरधुरीमध्ये ७ घरधुरीले विप्रेषण प्राप्त गर्छन्, विप्रेषण प्राप्त गर्ने घरधुरीमा औसत २.५ सदस्यले विदेशबाट रकम पठाउँछन्, नेपालका सबै घरधुरीलाई समेट्दा औसत १.९ सदस्यले विप्रेषण पठाउँछन्।

### तालिका ४: विप्रेषण प्राप्त गर्ने घरधुरीहरूको सङ्ख्या


| क. सं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | विप्रेषण प्राप्त गर्ने घरधुरीको सङ्ख्या १० मध्ये | ७ |
| २ | घरधुरीहरूमध्ये विप्रेषण प्राप्त गर्ने औसत सङ्ख्या | २.५ |
| ३ | सबै घरधुरीहरूबाट विप्रेषण प्राप्त गर्ने औसत सङ्ख्या | १.९ |

स्रोतः *NSO (2024)*

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको कुल ६६ लाख ६६ हजार ९ सय ३७ घरपरिवारमध्ये १५ लाख ५५ हजार ९ सय ६१ घरपरिवारहरूबाट २१ लाख ९० हजार ५ सय ९२ जना परिवारमा अनुपस्थित रही अक्सर विदेशमा बसोबास गर्छन् (NSO, 2023) । देशभित्रको रोजगारी वा वैदेशिक रोजगारी कुन क्षेत्रलाई प्राथमिकतामा राख्ने हो भन्ने निर्णय राज्यको आवश्यकता र परिस्थितिअनुरूप तय गरिन्छ । तथापि, वर्तमानमा देखिएको बढ्दो वैदेशिक रोजगारीको चापलाई कम गर्दै क्रमशः देशभित्रै रोजगारी सिर्जना गरी पारिवारिक विचलन, सामाजिक, आर्थिक तथा राजनैतिक वितृष्णालाई कम गर्दै जानुको विकल्प छैन ।

विश्व परिवेशमा नै आप्रवासन एक नियमित र सामान्य प्रक्रियाको रूपमा मानिन्छ । नेपाल पनि प्राचीन समयदेखि नै आप्रवासनको थलोको रूपमा रहेको र यहाँबाट अन्यत्र बसाईँसराइ गरेर जाने सङ्ख्या उल्लेख्य नै रहेको देखिन्छ । यसमा युवाहरू मुख्यतः कामको खोजीमा वा अध्ययनको सिलसिलामा स्थान परिवर्तन गरेर जाने चलन थियो ।

### चित्र ८: आप्रवासी जनसङ्ख्या सन् १९५२ देखि २०२१ सम्म




स्रोतः *International Organization for Migration (2021)*


नेपाल श्रम आप्रवासन प्रतिवेदन, २०२२ ले स्थानीय, प्रादेशिक, राष्ट्रिय, द्विपक्षीय, क्षेत्रीय र विश्वव्यापी स्तरमा बहुस्तरीय सुधार प्रयासहरूमा सरकारका पहलहरूको रूपरेखा प्रस्तुत गर्दै नेपाली युवालाई झन् अन्तर्राष्ट्रिय श्रम बजारमा प्रवेश गर्न उत्प्रेरित गरिएको इङ्गित गरेको छ । तथापि, धेरै समस्याहरूको चक्रमा युवाहरू फसेका यथार्थता पनि छ । यस प्रतिवदेनमा उल्लेख भए अनुसार, १ सय ११ देशहरूमा श्रम सम्झौता गरेको भए तापनि नेपालका युवाहरू अनौपचारिक मार्ग हुँदै आर्थिक वर्ष २०१९/२० देखि २०२०/२१ सम्म १५० देशहरूमा श्रमका लागि गएको देखिन्छ (Ministry of Labour, Employment and Social Security [MoLESS], 2022) ।

वर्तमान समाजमा अध्ययन वा कामको सिलसिलामा विदेश जाने वा स्वदेशमा बेरोजगार भएका कारण वैदेशिक रोजगारीमा प्रवेश गर्ने युवाको सङ्ख्या ठुलो छ । पछिल्लो समय यो सङ्ख्या बढ्दै गएकाले देशको जनसाङ्ख्यिक स्वरूपमा समेत परिवर्तन देखिँदै गएको छ । सन् १९५२ को जनगणनामा कुल जनसङ्ख्याको २.४० प्रतिशत मात्र रहेको आप्रवासी जनसङ्ख्या केही सामान्य उतारचढावका साथ बढ्दै गएको देखिन्छ । यद्यपि, यसलाई विश्वव्यापी घटनाका रूपमा लिने गरिन्छ । सन् २०११ को जनगणनामा कुल जनसङ्ख्याको ७.३० प्रतिशत आप्रवासीहरू रहेकोमा सन् २०२१ मा आइपुग्दा केही वृद्धि भई ७.४० प्रतिशत पुगेको देखिन्छ (चित्र ८) । यसरी आप्रवासीका रूपमा विदेशका विभिन्न स्थानहरूमा बसाइँसराइ गरेर जाने जनसङ्ख्याको मूल हिस्सा युवाहरूको नै हुने भएकाले यसले समग्र युवा श्रमशक्ति र बौद्धिक पलायनलाई नै बढवा दिने कार्य गरेको हुन्छ ।

वैदेशिक रोजगारीमा जाने र आप्रवासनका लागि देश छोडेर जाने युवा श्रमशक्तिलाई फरक फरक पृष्ठभूमिमा राखेर विश्लेषण गर्नुपर्दछ । वैदेशिक रोजगारीमा गएका धेरै युवाहरू निश्चित समयावधि श्रम गरेर केही आर्थिक उपार्जन गरेर स्वदेश नै फर्किने हुन्छन् भने आप्रवासनमा जानेहरूको सोचाइ र परिस्थिति फरक रहेको हुन्छ ।

नेपालका प्रायः सबै आप्रवासी कामदारहरू युवा वयस्कहरू छन् । १८ देखि ४४ वर्षको उमेर समूहका व्यक्ति आर्थिक रूपमा सबैभन्दा बढी उत्पादनशील हुन्छन् । तीन आर्थिक वर्षको तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढि २५ देखि ३४ वर्ष उमेर समूहका युवा वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ । नेपाल श्रम आप्रवासन प्रतिवेदन, २०२२ मा उल्लेख भए अनुसार उमेर र लिङ्गका आधारमा युवाशक्तिको विदेश पलायनलाई चित्र ९ मा प्रस्तुत गरिएको छ ।

### चित्र ९: उमेर र लिङ्गका आधारमा आप्रवासन श्रमिकहरूको विवरण (आर्थिक वर्ष २०१९/२० देखि २०२१/२२)




*स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (२०७९)*

श्रम आप्रवासन संसारभरका सबै राजनीतिक प्रणालीहरूमा प्रचलित एक गतिशील आयाम हो । यद्यपि प्रकृति, प्रवृत्ति र ढाँचाहरू सन्दर्भ र देश अनुसार फरक हुने गर्दछ । नेपाली सन्दर्भमा सुशासनको कमजोरी, कम उत्पादन र उत्पादकत्व, बेरोजगारी लगायत समग्र समस्यालाई सम्बोधन गर्न नसक्दा श्रम आप्रवासन प्रक्रिया अपेक्षित र वाञ्छनीय हुनु भन्दा बढी जोखिमपूर्ण भएको उल्लेख छ । एकातिर, आधिकारिक तथ्याङ्क आउन थालेको एक दशक बितिसकेको छ भने अर्कोतर्फ नेपाली सन्दर्भमा नयाँ गन्तव्य, प्रवृत्ति, ढाँचा, जोखिम, चुनौती र अवसरहरू थपिएका छन् (पौडेल, २०८०) ।

### तालिका ५: वैदेशिक रोजगारीमा जाने युवाहरूको विवरण (२०७२/७३-२०८०/८१ को जेठसम्म)

| क.सं. | आर्थिक वर्ष | पुनःश्रम स्वीकृतिसहित (नयाँ र पुराना) | | | श्रम स्वीकृतिसहित (नयाँ मात्र) | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | २०८०/८१ जेठ सम्म | ६,०९,००५ | ७३,५६१ | ६,८२,५६६ | ३,६६,७५० | ५४,६०६ | ४,२१,३५६ |
| २ | २०७९/८० | ६,९९,१९३ | ७२,१३४ | ७,७१,३२७ | ४,४०,७२४ | ५३,५०० | ४,९४,२२४ |
| ३ | २०७८/७९ | ५,८०,९६२ | ४९,१२८ | ६,३०,०९० | ३,१५,८०६ | ३३,०६२ | ३,४८,८६८ |
| ४ | २०७७/७८ | १,५५,२४२ | ११,४५६ | १,६६,६९८ | ६४,९०३ | ७,१७८ | ७२,०८१ |

| क्र.सं. | आर्थिक वर्ष | पुनःश्रम स्वीकृतिसहित (नयाँ र पुराना) | | | श्रम स्वीकृतिसहित (नयाँ मात्र) | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| ५ | २०७६/७७ | ३,४०,००० | २८,४३३ | ३,६८,४३३ | १,७२,२४७ | १८,२०६ | १,९०,४५३ |
| ६ | २०७५/७६ | २,१५,६३३ | २०,५७८ | २,३६,२११ | ४,७६,७०५ | ३२,१२३ | ५,०८,८२८ |
| ७ | २०७४/७५ | ५,७९,७२१ | ३२,९६४ | ६,१२,६८५ | ३,३१,६६५ | २२,४१७ | ३,५४,०८२ |
| ८ | २०७३/७४ | ६,०९,३३९ | ३३,५२० | ६,४२,८५९ | ३,६३,३०४ | २०,१८९ | ३,८३,४९३ |
| ९ | २०७२/७३ | ६,०९,०४७ | ३१,९३४ | ६,४०,९८१ | ३,८४,७९७ | १८,३७७ | ४,०३,१७४ |
| कुल | | ४३,९८,१४२ | ३,५३,७०८ | ४७,५१,८५० | २९,१६,९०१ | २,५९,६५८ | ३१,७६,५५९ |


*स्रोतः वैदेशिक रोजगार विभाग (२०८१)*

वैदेशिक रोजगारी नेपाल र नेपालीका लागि अवसर र बाध्यता दुवै नै भएकाले पनि यसमा नीतिगत सहजता ल्याउने कार्य गर्नु जरूरी देखिएको छ । ठुलो सङ्ख्यामा विभिन्न गन्तव्य मुलुकमा श्रमका लागि जाने नेपालीको तथ्याङ्कले यस विषयमा गम्भीर भएर सोच्नुपर्ने देखाउँछ। तालिका ५ मा आ.व. २०७४/०७५ देखिको तथ्याङ्क प्रस्तुत गरिएको छ। आ.व. २०७४/०७५ मा नयाँ र पुराना गरी पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या ६ लाख १२ हजार ६ सय ८५ रहेको थियो भने आ.व. २०८०/०८१ सम्ममा आइपुग्दा सो सङ्ख्या बढेर ६ लाख ८२ हजार ५ सय ६६ पुगेको छ । तथापि, आ.व. २०७५/०७६ देखि २०७७/०७८ सम्म यो सङ्ख्यामा कमी आएको देखिन्छ। यसरी युवा श्रमशक्ति देशबाहिर श्रम गर्न जाँदा देशको आर्थिक, सामाजिक र राजनैतिक लगायतका पक्षमा परेको प्रभावको मूल्याङ्कन भने हुन सकेको छैन। नीतिगत मुद्दाका रूपमा वैदेशिक रोजगारीको चर्चा र परिचर्चा धेरै हुने गरेको भए तापनि दीर्घकालमा यसको समाधान के हुने भन्ने जबाफ खोजिएको देखिँदैन।

आर्थिक वर्ष २०७७/०७८ मा वैदेशिक रोजगारीमा गएका कुल कामदारमध्ये उच्च सीपयुक्त र पेसागत दक्षता भएका श्रमिकहरूको हिस्सा ०.१९ प्रतिशत, अर्धदक्ष र अदक्षको हिस्सा ९०.४७ प्रतिशत र दक्ष कामदारको हिस्सा ९.३५ प्रतिशत रहेको विभागको तथ्याङ्कले देखाउँछ (पौडेल, २०८१)। आर्थिक वर्ष २०७८/०७९ मा वैदेशिक रोजगारीमा जानेमा ०.०२ प्रतिशत उच्च सीपयुक्त, ०.११ प्रतिशत पेसागत दक्षता भएका श्रमिकहरू, ८.६२ प्रतिशत दक्ष, ४६.३२ प्रतिशत अर्धदक्ष र ४४.९३ प्रतिशत अदक्ष कामदार थिए। त्यसैगरी, आर्थिक वर्ष २०७९/८० मा वैदेशिक रोजगारीमा जानेमध्ये ०.०३ प्रतिशत उच्च सीपयुक्त, ०.१५ प्रतिशत पेसागत दक्षता भएका श्रमिकहरू, ७.८५ प्रतिशत दक्ष, ६५.७० प्रतिशत अर्धदक्ष र २६.२७ प्रतिशत अदक्ष कामदार रहेका थिए (पौडेल, २०८१)। राहदानी विभागको तथ्याङ्क अनुसार, २०६७ मङ्सिर १० गतेदेखि २०८१ वैशाख मसान्तसम्मको साढे १३ वर्षको अवधिमा कुल एक करोड ४ लाख ९ हजार २ सय ३ थान एमआरपी र ई-पासपोर्ट जारी भएका छन्।

वैदेशिक रोजगारी नेपाली समाजको गम्भीर आर्थिक, सामाजिक र राजनैतिक मुद्दा बनिसकेको छ । विदेशबाट सीप सिकेर फर्किने युवाहरूलाई राज्यले उचित वातावरण तयार गरी उनीहरूको सीप र श्रमलाई देश निर्माणमा उपयोग गर्ने नीतिगत व्यवस्था गर्नुपर्दछ भन्ने आवाजहरू श्रमिक क्षेत्रमा काम गर्ने निकायहरूबाट समेत उठान गरिएको पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किएर नेपालमा आउने र आउन चाहनेलाई राज्यले उचित प्रबन्ध गर्नुपर्दछ । धेरै युवाको चाहना देश नफर्कने नै हुन्छ । तर, अध्ययनका लागि नभई कामका लागि जानेहरूका लागि भने कामको सम्झौता अवधि समाप्तिपछि स्वदेश फर्कनु अनिवार्य छ ।


**चित्र १०: वैदेशिक रोजगारीमा जान अनुमति लिएका श्रमिकहरूको सङ्ख्या (नयाँ र नवीकरण दुवै)**




*स्रोतः वैदेशिक रोजगार विभाग, २०८१*

वैदेशिक रोजगार विभागका अनुसार, आर्थिक वर्ष २०७९/८० मा कामका लागि ७ लाख ७५ हजार युवा विदेश पुगेका छन् (चित्र १०) । त्यस्तै, गत वर्ष १ लाख १० हजार नेपाली विद्यार्थी अध्ययनका लागि विदेशिएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तथ्याङ्क छ । यो चानचुने सङ्ख्या होइन, देशको युवा उमेर समूह (१६ देखि ४० वर्ष) को करिब सात प्रतिशत हो (कुमार, २०८०) । कामका लागि श्रम स्वीकृति लिएर जानेहरूमध्ये स्वदेश फर्कनेहरू पनि धेरै रहेको तथ्याङ्कले देखाउँछ (चित्र ११) । सन् २०२१ र २०२२ मा श्रम स्वीकृति लिएर काममा जानेहरूको स्वदेश फर्कने दर क्रमशः ९४.२ र ९३.३ प्रतिशत रहेको थियो (MoLESS, 2022) । मूलतः कोभिड-१९ को विश्वव्यापी महामारीपछि यसरी ठुलो सङ्ख्यामा श्रमिकहरू स्वदेश फर्किएका थिए ।

**चित्र ११: वैदेशिक रोजगारीबाट फर्किने श्रमिकहरूको सङ्ख्या (सन् २०२०/२१ र २०२१/२२)**




स्रोतः MoLESS (2022)

वैदेशिक रोजगारीमा जाने युवाहरूको ठुलो सङ्ख्यालाई उचित व्यवस्थापन गर्न र त्यसबाट प्राप्त हुने लाभ र हानीका विषयमा गहन अध्ययन गर्नुपर्ने समय आइसकेको छ । राज्यले युवालाई निर्देशित गर्ने नीति स्पष्ट बनाउँदै दीर्घकालीन लाभ हुने मार्ग पहिल्याउन ढिला गर्नुहुँदैन । युवाको शक्तिलाई देश निर्माणको मूल शक्तिका रूपमा परिभाषित गरिएको सन्दर्भमा उनीहरूको सहभागिता र परिचालन समेत सोहीअनुरूप गर्नु जरूरी छ ।

एकातर्फ वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई उचित कामको वातावरण तयार गरी उनीहरूको सीप र ज्ञानलाई उपयोग गर्ने नीतिलाई प्रभावकारी बनाउनुपर्दछ भने अर्कोतर्फ युवाहरूलाई बाध्यात्मक परिवेशमा विदेशमा काम गर्न परिरहेको अवस्थालाई ख्याल गर्दै स्वदेशमा रोजगारी र उद्यमशीलताको वातावरण तयार गर्नुपर्छ र स्वदेशमा फर्कन प्रेरित गर्नुपर्दछ । राज्यले वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूका लागि परियोजना ऋण दिने व्यवस्था गरेको छ । तथापि, यस योजनामा निकै कम मात्र युवा सहभागी हुनुले यसप्रतिको आकर्षण कम छ वा परियोजनामा काम गर्न युवा तयार छैनन् भन्ने देखिन्छ । अर्कोतर्फ, परियोजना ऋण युवाका लागि सहज, आकर्षक र पर्याप्त भएन कि भन्ने सवाल पनि उठ्दछ । यस विषयमा गहन अध्ययन गर्नु आवश्यक छ ।

सन् २०२१ को मध्य जुलाई र मध्यअक्टोबरमा परियोजना ऋण लिनेको सङ्ख्या क्रमशः ८३९ र ९२८ थियो भने ऋण रकम ५९ करोड ८० लाख र ६४ करोड ४० लाख ७० हजार थियो । यो रकम प्रतिव्यक्ति सरदर ७ लाख हुन आउँछ । यस्तै सन् २०२२ को मध्य-जुलाई र मध्य-अक्टोबरमा परियोजना ऋण लिनेको सङ्ख्या क्रमशः ९५२ र ९४४ थियो भने ऋण रकम ५६ करोड ४० लाख २० हजार र ५३ करोड थियो (Nepal Economic Forum, 2022, p. 29) । यसरी परियोजना ऋण क्रमशः वृद्धि गर्ने र युवालाई स्वदेशमा उद्यमशीलता र उद्योगको वातावरण तयार गरी युवामा रहेको उर्जाशील समय देशका लागि खर्चिने अवस्था निर्माण गर्नु आवश्यक छ ।

### ३.१.५ सामाजिक समस्याहरू र युवा

श्रम बजारमा जनशक्तिको लैङ्गिक अन्तर निकै ठुलो छ। तथापि, महिलाहरूको श्रमशक्ति सहभागिता दरमा वृद्धि भएको देखिन्छ। यसको मुख्य कारण महिलाहरूको श्रम बजारमा पहुँच सुधार हुनु नै हो। खासगरी, दक्षिण एसियामा सन् २०२३ मा महिलाको श्रमशक्ति सहभागिता दर ३०.८ प्रतिशत र पुरुषको ७६.७ प्रतिशत रहेको थियो। सन् २०१० मा महिलाहरूको श्रमशक्ति सहभागिता दर पुरुषको तुलनामा ५१.२ प्रतिशत अङ्कले कम थियो भने २०२३ मा यो भिन्नता घटेर ४५.९ प्रतिशत अङ्कमा पुगेको छ (ILO, 2024, p. 48)। अझैपनि महिला र पुरुषको बिचमा रहेको श्रमशक्ति सहभागिता दर निकै कम रहेको छ। यसले आम रूपमा श्रम बजारमा पुरुषको बाहुल्य देखाउँछ।

निर्माण क्षेत्रमा रहेका उद्योगको लैङ्गिक अन्तर पनि निकै ठुलो छ (चित्र १८)। निर्माण उद्योगमा महिला रोजगार सङ्ख्या १ लाख ११ हजार छ जबकि पुरूषको सङ्ख्या ८ लाख ६७ हजार रहेको छ। यस्तै अन्य क्षेत्रमा समेत लैङ्गिक असमानता देखिएको छ। यातायात र भण्डारणमा महिला रोजगारी नगन्य (७ हजार) छ भने पुरूषको ३ लाख १५ हजार छ। लैङ्गिक अन्तरलाई सम्बोधन गर्नका लागि क्षमता अभिवृद्धि र पहुँचलाई अझ विस्तार गर्नु आवश्यक छ। शिक्षा, प्राविधिक सीप र तालिमका माध्यमबाट सक्षमता अभिवृद्धि गरी लैङ्गिक अन्तरलाई कम गर्दै लैजानुपर्ने देखिन्छ। रोजगारीको अन्तर व्यापक भएको देखिए तापनि शिक्षा र श्रम बजारको पहुँचमा धेरै सुधार हुँदै गएको छ।

विद्यमान सामाजिक प्रणालीमा महिलाको श्रमशक्ति सहभागिता दरमा वृद्धि गर्ने कार्यक्रम र योजना समान रूपमा लागु गर्न सकेको देखिँदैन। लैङ्गिक ढाँचामा आधारित श्रमबजार र खण्डित प्रकृतिको पेसागत संरचना भएका कारण पनि श्रम सहभागितामा विभेदहरू बढी देखिने अवस्था सिर्जना भएको हुन्छ। श्रम बजारमा रोजगारी सिर्जना गर्ने विषय मूलतः सीपमूलक शिक्षामा निर्भर रहन्छ।

यसैगरी, नेपालको सन्दर्भमा धेरै सामाजिक समस्याहरू मध्ये बालविवाह एउटा गम्भीर सामाजिक समस्याका रूपमा देखिएको छ। नेपालको कानुनअनुसार विवाहयोग्य उमेर २० वर्ष निर्धारण गरिएको छ। यही कानुनले तोकेको उमेरभन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। "बिहेबारी २० वर्ष पारी" भन्ने अभियान नै चलेको छ। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ ले महिला र पुरुषको उमेर २० वर्ष नपुग्दै गरिने सबै विवाहलाई गैरकानुनी मान्दछ। नेपालको सविंधान, २०७२ को धारा ३९ मा बालबालिकाको हक उल्लेख गरिएको छ। उक्त धाराको उपधारा ५ मा कुनै पनि बालबालिकालाई बालविवाह गर्न पाइने छैन भनी उल्लेख गरिएको छ। संविधानले बालविवाहलाई बाल अधिकारको हननको रूपमा लिएको छ।

युवा अवस्थामा प्रवेश गर्न नपाउँदै वा भर्खर मात्र प्रवेश गरेको किशोरलाई सामाजिक मान्यता र परम्पराको नाममा विवाहको बोझिलो जिम्मेवारीसहित शिक्षा आर्जन र राम्रो रोजगारीको अवसर प्राप्त गर्न कठिन हुन्छ। समाजमा जरा गाडेर बसेका यस्ता सामाजिक कुरीतिलाई कम गर्न समाजिक नीतिलाई पुनःपरिभाषित गर्नुपर्दछ। नेपालको सन्दर्भमा गरिएको एक अध्ययन अनुसार, बालविवाहजस्ता पारम्परिक रूपमा प्रोत्साहित कुरीतिहरूलाई कम गर्न मद्दत पुग्ने गरी नीति निर्माण गर्नुपर्ने आवश्यकता छ। बालविवाहको

सन्दर्भमा, विवाहको उमेर बढाउने नीतिहरूले बालिकाहरूको शिक्षामा अभिभावकहरूलाई प्रोत्साहन प्रदान गर्न सक्छ । तसर्थ, महिला विवाहसम्बन्धी सांस्कृतिक मूल्य मान्यताहरूलाई सम्बोधन गर्ने एउटा माध्यम नीतिगत हस्तक्षेप गर्नु हो । यसैसँग अन्तरसम्बन्धित गर्दै नीति निर्माताहरूले महिलाहरूलाई उनीहरूका पारम्परिक भूमिकाहरूबाट बाहिर निकाल्न प्रयास गर्नुपर्छ र समुदायमा आधारित सङ्गठनहरूसँग घनिष्ठ रूपमा काम गर्दै तिनीहरूलाई सहयोग गर्नुपर्छ (Jafarey et al., 2010, p. 905)।

कानुन र संवैधानिक प्रावधानहरू विद्यमान भए तापनि ती सबैको अक्षरशः कार्यान्वयन हुन नसक्दा बालविवाह सामाजिक समस्याको रूपमा देखिएको छ । नेपाल विश्वमा बालविवाह बढी हुने देशमध्ये दशौं स्थानमा पर्दछ । दक्षिण एसियाली मुलुकमध्ये नेपालको बालविवाह र प्रजनन स्वास्थ्यका कारण मातृ मृत्युदर बढी भएको विभिन्न तथ्याङ्कहरूले देखाएको पाइन्छ । विश्वमा वार्षिक रूपमा लगभग १.२ करोड छोरीहरूको विवाह १८ वर्षभन्दा कम उमेरमा हुन्छ (United Nations Population Fund, 2019) । यसको अर्थ के हो भने, प्रत्येक मिनेटमा २३ बालिका विवाहमा बाँधिन्छन् । नेपालको जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण (Nepal Demographic and Health Survey) २०१६ अनुसार, "नेपालका २५ देखि ४९ वर्षसम्मको विवाहित महिलाहरूमध्ये ७२ प्रतिशतको विवाह २० वर्ष उमेर नपुग्दै हुने गरेको छ" (Ministry of Health, 2017) । यी सबै किसिमका चुनौती र समस्याहरूको समाधानका लागि गरिखाने शिक्षा, सीप, रोजगारी र उत्पादनको बजार व्यवस्था गर्नु अबको दिगो विकासको प्रवेश विन्दु हो ।

सामाजिक समस्याहरूको समाधान कुनै एक पक्षीय प्रयासबाट मात्र सम्भव नहुने भएकाले तीनै तहका सरकार, निजी क्षेत्र र अन्तर्राष्ट्रिय समुदायको समेत सहयोग लिएर गर्न सकिन्छ । यसको दिगो समाधानका लागि युवा सशक्तिकरण र नेतृत्व विकासलाई व्यावहारिक रूपमा लागु गर्दै लैजानु आवश्यक छ ।

## ३.१.६ आधारभूत सेवामा युवा पहुँच

स्वास्थ्य, शिक्षा जस्ता आधारभूत र मौलिक हकलाई उपभोग गर्न तदनुरूपका सेवाप्रवाह र सेवा केन्द्रहरूको उपलब्धताले युवाहरूको क्षमता र सीप विकासमा मुख्य प्रभाव पार्दछ । नेपालमा १६ देखि ४० वर्षसम्मका युवाले शिक्षा र स्वास्थ्यमा कस्तो पहुँच प्राप्त गरेका छन् भन्ने विषयले उनीहरूको क्षमता, सीप र गुणस्तर निर्धारण गर्दछ ।

### ३.१.६.१ शिक्षामा युवाको अवस्था

माध्यमिक शिक्षादेखि माथिल्लो तह अध्ययनका लागि कलेज तथा विश्वविद्यालयमा युवाको राम्रो पहुँच हुनु आवश्यक हुन्छ । शिक्षालाई सबै पूर्वाधारहरूको पनि पूर्वाधार भनेर मानिन्छ । युवा उमेरको खुट्किलो चढेसँगै विद्यार्थी उच्च शिक्षाको संसारमा प्रवेश गर्दछ । त्यहाँ उसले आफ्नो जीवन उन्नत बनाउनका लागि आवश्यक ज्ञान, सीप, क्षमता र आचरण सिक्दछ र स्वयम् आफू, आफ्नो परिवार र देशको विकास र समृद्धिमा जुट्न सक्षम व्यक्तिको रूपमा तयार हुन्छ । त्यसकारण शिक्षामा पहुँच पहिलो सर्तको रूपमा मानिन्छ ।

नेपालमा युवा उमेरमा प्राप्त हुने आधारभूत शिक्षाको पहुँचको स्थिति हेर्दा सन्तोष मान्न सकिने स्थिति देखिँदैन । Nepal Living Standard Survey (2022/23) को तथ्याङ्कअनुरूप स्वास्थ्य र शिक्षामा उनीहरूको पहुँचको अवस्था कमजोर छ ।

शिक्षा प्राप्त गर्ने संस्थाहरू सम्मको पहुँचलाई हेर्ने हो भने, माध्यमिक विद्यालय र विश्वविद्यालयको पढाइका लागि ३० मिनेटको दुरीमा पहुँच हुने घपरिवारको सङ्ख्या क्रमशः ७९.९ र ६०.९ प्रतिशत रहेको पाइन्छ (NSO, 2024) । पहुँचका दृष्टिकोणले घरबाट विद्यालय जान लाग्ने औसत समयका आधारमा प्रदेशगत रूपमा मधेश प्रदेशमा १५.३ मिनेट मात्र लाग्ने गरेको देखिन्छ भने कर्णाली प्रदेशमा ५८.४ मिनेट लाग्ने गरेको देखिन्छ। सबै प्रदेशहरू र नेपालको औसत घरबाट विद्यालयसम्म जान लाग्ने समय विस्तृत रूपमा तालिका ६ मा प्रस्तुत गरिएको छ।

### तालिका ६ः माध्यमिक शिक्षा प्राप्त गर्न घरबाट विद्यालयसम्म जान लाग्ने औसत समय र खुद समय अनुसारको घरधुरीहरूको प्रदेशगत विवरण

| विवरण | घर नजिक | ३० मिनेटको दुरीसम्म | ३० मि. देखि १ घण्टा | १ देखि २ घण्टा | २ देखि ३ घण्टा | ३ घण्टाभन्दा बढी | जम्मा | औसत समय (मिनेट) |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल | २८.२ | ५१.७ | १०.८ | ७ | १.४ | ०.९ | १०० | २६.४ |
| प्रदेश | | | | | | | | |
| कोशी | १३.५ | ५७.४ | १३ | ९.८ | २.८ | ३.६ | १०० | ४१ |
| मधेश | २६.७ | ६८ | ४.६ | ०.६ | ०.२ | ० | १०० | १५.३ |
| बागमती | ४४.७ | ४०.८ | ७.८ | ५.४ | १.१ | ०.१ | १०० | १९.१ |
| गण्डकी | २८.८ | ४४.६ | १६.१ | ८.६ | १.६ | ०.३ | १०० | २७.५ |
| लुम्बिनी | ३०.६ | ५१.१ | १०.६ | ७.६ | ०.१ | ० | १०० | २१.९ |
| कर्णाली | १३.१ | ३८.७ | १७.८ | १९.६ | ७.८ | ३ | १०० | ५८.४ |
| सुदूरपश्चिम | १९.४ | ५१ | १८.५ | ९.३ | १.२ | ०.६ | १०० | ३७.१ |


*स्रोतः NSO (2024)*

माध्यामिक शिक्षाको पहुँचका आधारमा शिक्षाको स्थितिलाई सुधार गर्न नीतिगत व्यवस्थामा ध्यान दिनु आवश्यक देखिएको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार एसईईभन्दा माथिल्लो तह उत्तीर्ण गर्नेहरूको सङ्ख्या कुल साक्षर जनसङ्ख्याको १९.५ प्रतिशत मात्र रहेको छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८)। यस उमेर समूहमा युवाहरू पर्दछन् र यसले युवाहरूको शिक्षाको समग्र अवस्थालाई चित्रण गर्दछ।

प्राविधिक शिक्षा, सीप र त्यसबाट युवा जनशक्तिले प्राप्त गर्ने अवसरहरूको सन्दर्भमा नेपालको युवा शक्तिको ध्यान खिच्न सक्ने गरी कार्य हुन सकेको अवस्था छैन। प्राविधिक ज्ञान, सीप र उद्यमशीलताले

नै युवालाई विकास, अन्वेषण र आविष्कार गर्न प्रेरित गर्दै समग्र आर्थिक समृद्धिमा योगदान गर्न मद्दत पुग्दछ । नेपालको वर्तमान प्राविधिक जनशक्ति उत्पादन र सीप मूल्याङ्कनको अवस्था हेर्दा रोजगारी तथा उद्यमशीलताको क्षेत्रमा युवालाई आकर्षित गर्न नसकेको पुष्टी हुन्छ ।

**चित्र १२ः प्राविधिक शिक्षालयमा जनशक्ति उत्पादन र सीप परीक्षण क्षमता (सन् २०२४)**




*स्रोतः CTEVT (2024)*

प्राविधिक शिक्षाको जनशक्ति उत्पादन र सीप परीक्षणको तथ्याङ्कलाई केलाउने हो भने, डिप्लोमा, टीएसईई (Technical Secondary Education Examination) तथा छोटो अवधिका तालिमहरू मार्फत सीपयुक्त र प्राविधिक जनशक्ति उत्पादन भएका छन् (चित्र १२) । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को क्षमताभन्दा निकै धेरै जनशक्ति उत्पादन भइरहेको अवस्था एकातिर छ भने अर्कोतिर यस्ता तालिम प्रदान गर्ने शैक्षिक संस्था र शिक्षालयहरूको क्षमता अभिवृद्धि भएको देखिँदैन । तथापि, सीप प्रदान गर्ने अन्य निकायहरू पनि रहेको हुँदा त्यहाँबाट उत्पादित सीपयुक्त जनशक्तिले समेत परिषद् अन्तर्गतको सीप परीक्षण केन्द्रबाट सीप परीक्षण गराउने व्यवस्था छ । यसले क्षमताभन्दा धेरै सीप परीक्षण भएको देखिन्छ । यस्तो व्यवस्थाले जुनसुकै निकायबाट सीप प्राप्त गर्ने युवालाई सीप परीक्षण गर्न र प्रमाणिक भई काम गर्न अवसर प्रदान गर्दछ ।

### ३.१.६.२ स्वास्थ्यमा युवाको अवस्था

नेपाली युवाहरूको कमजोर स्वास्थ्य अवस्था भएका कारण देशभित्र वा देशबाहिर रहेर काम गर्दा धेरै जटिल प्रकारका स्वास्थ्य समस्या भोग्ने गरेको तथ्यहरू बेला बेलामा सार्वजनिक हुने गरेको पाइन्छ । युवाहरूको स्वास्थ्य कमजोर हुनुको पछाडि खानपान, बासस्थान, वातावरण लगायत धेरै कारणहरू हुन सक्दछन् । राज्यले युवाको स्वास्थ्यमा विशेष ध्यान दिन सकेमा मात्र स्वस्थ र जाँगरिलो युवा जनशक्ति तयार हुन सक्दछ । नेपालमा युवाहरू मात्रको स्वास्थ्यसम्बन्धी अध्ययनहरू नभए तापनि समग्र घरपरिवारले प्राप्त गर्ने स्वास्थ्य सेवाको पहुँचलाई हेर्न सकिन्छ (तालिका ७) ।

## तालिका ७ः घरदेखि सामुदायिक अस्पताल पुग्नका लागि लाग्ने औसत समयको आधारमा घरधुरी प्रतिशत

| विवरण | घर नजिक | ३० मिनेटको दुरीसम्म | ३० मि. देखि १ घण्टा | १ देखि २ घण्टा | २ देखि ३ घण्टा | ३ घण्टा भन्दा बढी | जम्मा | औसत समय मिनेटमा |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल | ३.१ | २९.८ | १५.४ | ९.४ | ६.५ | ३२ | १०० | ६८.६ |
| प्रदेश | | | | | | | | |
| कोशी | २.८ | ३९.५ | १४ | ९.४ | ३.३ | ७.४ | १०० | ७०.९ |
| मधेश | ०.९ | १५.३ | २०.३ | १.५ | ० | ०.४ | १०० | ३६.५ |
| बागमती | ९.६ | ४९.२ | १६.४ | ११.८ | ५ | ५.४ | १०० | ५३ |
| गण्डकी | १.६ | २७.२ | १८.४ | २१.१ | ९ | १२.१ | १०० | ९०.१ |
| लुम्बिनी | ०.२ | २९.९ | १७ | १०.९ | ४.८ | ८.४ | १०० | ७२.५ |
| कर्णाली | ०.१ | ८.८ | ५.७ | ९ | ५.२ | १६.५ | १०० | १६४.९ |
| सुदूरपश्चिम | १.३ | ४.७ | ३.३ | ३.७ | १.२ | ४ | १०० | १२५ |

*स्रोतः NSO (2024)*

स्वास्थ्य सेवा प्राप्त गर्न घरदेखि सामुदायिक अस्पताल पुग्नका लागि लाग्ने औसत समयको आधारमा घरपरिवारहरूको सङ्ख्या हेर्दा कर्णाली प्रदेशमा सबैभन्दा धेरै समय (१६४.९ मिनेट) लाग्ने गरेको देखिन्छ जुन नेपालको औसत समय ६८.६ मिनेटको दोब्बरभन्दा बढी हो। यस्तै मधेश प्रदेशमा ३६.५ मिनेटको दुरीमा सामुदायिक अस्पताल पुग्न लाग्ने समय रहेको छ जुन राष्ट्रिय औसतको लगभग आधा हुन आउँछ। बागमती प्रदेशको ५३ मिनेट र अन्य प्रदेशहरूको औसत भन्दा माथि रहेको अवस्था देखिनुले स्वास्थ्यको पहुँच सहज छ भन्न सकिने स्थिति छैन।

नेपाल जीवनस्तर सर्वेक्षण, २०२२/२३ ले देखाए अनुसार ३० मिनेटको दुरीमा निजी क्लिनिकको सुविधा प्राप्त गर्ने घरपरिवारहरू ८०.६ प्रतिशत रहेका छन्। अर्कोतर्फ सामुदायिक अस्पतालको पहुँच ३० मिनेटको दुरीमा हुनेहरूको सङ्ख्या ३२.९ प्रतिशत रहेको देखिन्छ (चित्र १२)। निजी र सामुदायिक संस्थाबाट स्वास्थ्य सेवा प्राप्त गर्ने घरपरिवारको सङ्ख्यामा धेरै अन्तर रहेकाले राज्यले स्वास्थ्य सेवामा पहुँच बढाउन थप लगानी र पूर्वाधार विकास गर्नुपर्ने देखिन्छ। निजी क्लिनिकमा धेरै औषधि र सेवा प्राप्त गर्न सकिने भए तापनि आर्थिक रूपले निम्न वर्गका घरपरिवारले सामुदायिक अस्पताललाई रोज्ने गरेको वास्तविकता छ। सरकारी अस्पतालमा पुग्न लाग्ने राष्ट्रिय औसत समय ७०.२ मिनेट रहेको छ भने कर्णाली र सुदूरपश्चिम प्रदेशमा स्वास्थ्य सेवाको पहुँच झनै न्यून रहेको देखिन्छ। यसले स्वास्थ्यका

लागि आधारभूत सेवामा कठिनाइ सिर्जना गर्ने र युवालाई प्रत्यक्ष रूपमा कमजोर स्वास्थ्यको भागिदार बनाउने अवस्था निर्माण भएको छ ।

विशिष्टीकृत तथा उच्चस्तरको स्वास्थ्य सेवा प्रदान गर्ने जनशक्ति उत्पादन विस्तारै वृद्धि हुँदै गएको भए तापनि त्यो पर्याप्त भने देखिँदैन । आर्थिक सर्वेक्षण, २०८०/८१ अनुसार प्रतिहजार जनसङ्ख्यामा १.१५ डाक्टर र २.५४ नर्सहरूले सेवा प्रवाह गर्ने स्थिति रहेको छ (अर्थ मन्त्रालय, २०८१) । नेपालको पछिल्लो तथ्याङ्क अनुसार डाक्टर र नर्सहरूको उत्पादनको अवस्थाले भने स्वास्थ्य सेवामा सुधार हुँदै जानुपर्ने सङ्केत गर्दछ । तथापि, डाक्टर र नर्सहरूको विदेश पलायन बढ्दै जानुले स्वास्थ्य सेवामा चुनौती थपिँदै गएको देखिन्छ ।

### तालिका ८: नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सक र नर्सहरूको विवरण

| उपाधि | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| एमबीबीएस | १९,९५४ | १०,०७३ | ३०,०२७ |
| बीडीएस | १,७२७ | ३,१५६ | ४,८८३ |
| जम्मा | २१,६८१ | १३,२२९ | ३४,९१० |
| **विशिष्टीकृत डाक्टरहरूको विवरण** | | | |
| एमडी/एमएस | ७,०६३ | २,७६० | ९,८२३ |
| एमडीएस | ४०४ | ३६१ | ७६५ |
| जम्मा | ७,४६७ | ३,१२१ | १०,५८८ |
| नर्स | - | - | ७२,५५० |

*स्रोतः नेपाल मेडिकल काउन्सिल (२०२३)*


नेपाल मेडिकल काउन्सिलको २०२३ को तथ्याङ्क अनुसार एमबीबीएस र बीडीएस गरी कुल ३४ हजार ९ सय १० जना चिकित्सक रहेको अवस्था छ । विशिष्टीकृत चिकित्सक अर्थात् एमडी वा एमएस, एमडीएस गरेकाको सङ्ख्या १० हजार ५ सय ८८ रहेको छ । यसैगरी, नर्सहरू ७२ हजार ५ सय ५० छन् (तालिका ८) । चिकित्सक तथा नर्सहरूको उपलब्ध सङ्ख्या र तिनीहरूको सेवा प्रवाहमा प्रभावकारिता वृद्धि गर्न र उनीहरूलाई स्वदेशमा टिकाइराख्न समेत चुनौतीपूर्ण भएको छ । धेरै आकर्षक मानिएको चिकित्सा पेसालाई युवाका लागि थप आकर्षक बनाउँदै हरेक नागरिकलाई सेवा प्रदान गर्ने कार्यमा युवाको साथ जरूरी छ । भौगोलिक विकटताका कारण पहुँचविहीन रहेका दुर दराजका क्षेत्रमा गएर सेवा दिनु आफैंमा कठिन कार्य भएकाले यसमा संलग्न हुने युवालाई थप प्रोत्साहन आवश्यक देखिन्छ ।

स्वास्थ्य र शिक्षामा पहुँचमा भौगोलिक हिसाबले कर्णाली प्रदेश सबैभन्दा सीमान्तकृत प्रदेश हो। शिक्षा र स्वास्थ्यमा सहज र गुणस्तरीय पहुँच सुनिश्चित गर्न र सेवा प्रवाह गर्न नसक्दा बालबालिका, युवा, वृद्ध सबैलाई प्रत्यक्ष प्रभाव पर्छ। यसले आश्रित परिवार सदस्यहरूलाई पालनपोषण गर्नुपर्ने युवा पुस्तामाथि अझ बढी दबाब सिर्जना गर्दछ। राज्यले पूर्वाधार तथा मानव संसाधनमा लगानी गर्नुपर्ने र सेवाको गुणस्तर सुधार गर्नुपर्ने आवश्यकता छ। आ.व. २०७२/७३ मा स्वास्थ्य क्षेत्रको अनुमानित खर्च कुल गार्हस्थ उत्पादनको ६.३ प्रतिशत रहेको थियो। त्यसमध्ये सबैभन्दा धेरै औषधिमा ३८.१ प्रतिशत खर्च भएको देखिन्छ भने स्वास्थ्य सेवामा ३१.२ प्रतिशत र स्वास्थ्य जनशक्तिको पारिश्रमिकमा १३.८ प्रतिशत खर्च भएको पाइन्छ (स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०७८, पृ. ११)।

युवाहरूलाई आवश्यक क्यालोरी प्राप्त हुने गरी दैनिक खानपानको व्यवस्था गर्न नसक्दा उनीहरूको स्वास्थ्य स्थिति कमजोर रहेको देखिन्छ। हरेक व्यक्तिको स्वस्थ जीवन बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न नसकेसम्म युवाबाट अपेक्षाअनुरूप बौद्धिक र शारीरिक उपलब्धि हासिल गर्न सकिँदैन। हाल नेपालको प्रतिव्यक्ति प्रतिदिन क्यालोरी तथा प्रतिघरपरिवार औसत क्यालोरी हेर्दा सन्तोषजनक भने देखिँदैन। क्यालोरीका लागि स्वस्थ जीवनशैली, प्रभावकारी काम र मौलिक खाद्यबाली उत्पादन र उपयोगको प्रणालीमा स्वयम् युवाहरूलाई सुसूचित र संलग्न गराउने नीतिगत व्यवस्था गर्न आवश्यक छ।

आधुनिक समाजको विकास हुँदै जाँदा मौलिक परम्परा, संस्कृति र ज्ञानको विस्थापन हुने क्रम बढिरहेको छ। शरीरका लागि आवश्यक क्यालोरी दिने प्रकृतिका परम्परागत खाद्यबालीहरूको उत्पादनमा समेत ह्रास आएको देखिन्छ। खानपान र जीवनशैलीमा आएको परिवर्तन र अन्य कारणले गर्दा युवाको स्वास्थ्यमा प्रतिकूल प्रभाव परिरहेको छ। यसका लागि, स्वास्थ्यमा सुधार गर्न आवश्यक पूर्वतयारी गर्नुपर्दछ र स्वास्थ्यमा समस्या देखिएपछि प्राप्त गर्नुपर्ने आधारभूत उपचार सुविधामा सहज पहुँच र गुणस्तरीय सेवा उपलब्ध गराइनुपर्दछ।

**चित्र १३ः सेवाको प्रकार र प्रदेशगत रूपमा अस्पताल सेवा प्रयोग गर्ने जनसङ्ख्या (प्रतिशत)**





स्रोतः *Department of Health Services [DHS], 2023*

नेपालमा स्वास्थ्य सेवा प्राप्त गर्न अस्पताल पुग्ने र सेवा लिने जनसङ्ख्या हेर्दा कुल जनसङ्ख्याको धेरै ठुलो सङ्ख्याले आपतकालीन सेवा लिएको देखिन्छ भने अन्तरङ्ग उपचार सेवा लिनेको सङ्ख्या दोस्रो ठुलो रहेको छ (चित्र १३)। प्रदेशगत रूपमा कर्णालीमा उपचारका लागि अन्य ठाउँमा सिफारिस गरिने बिरामीहरूको सङ्ख्या अन्तरङ्ग सेवा लिनेहरूको भन्दा बढी छ। यसले कर्णालीमा विशेषज्ञ सेवा वा जटिल समस्या भएका बिरामी बढी रहेको तथ्यलाई पुष्टि गर्दछ। यसैगरी, मधेश प्रदेशमा स्वास्थ्य सेवा लिने बिरामीको सङ्ख्या नै कम रहेको देखिन्छ। मधेशमा स्वास्थ्य सेवा लिनका लागि अस्पताल प्रयोग गर्नेको सङ्ख्या कम हुनुमा अन्य धेरै कारणहरू हुन सक्छन् तर, यसको प्रत्यक्ष प्रभाव युवा वर्गमा समेत पर्दछ। पारिवारिक आर्थिक स्तर, उच्च गरिबी र सामाजिक कारणले गर्दा स्वास्थ्य सेवा लिन अस्पताल जानेको सङ्ख्या निर्धारण भएको देखिन्छ। सामान्य उपचारका लागि ओपीडी सेवा लिनेहरूको सङ्ख्या अझै पनि मधेश प्रदेशमा कम नै देखिन्छ (चित्र १४)। गण्डकी र कर्णाली प्रदेशमा ८८ प्रतिशत जनसङ्ख्याले ओपीडी सेवा लिने गरेकोमा मधेशमा ६१ प्रतिशतले मात्र यस्तो सेवा लिएको देखिन्छ।

अस्पतालबाट प्रवाह हुने ओपीडी सेवाको आधारमा कति युवा जनसङ्ख्या प्रभावित हुन्छन् वा उनीहरूको स्वास्थ्य सेवामा पहुँच कति छ भनेर एकीन गर्न यो तथ्याङ्क पर्याप्त भने हुँदैन। तर, प्रदेशगत रूपमा समग्र जनसङ्ख्याले लिने सेवाका आधारमा स्वास्थ्य सेवाको स्थितिलाई आकलन गर्न सहज भने हुन्छ।

**चित्र १४ः ओपीडी सेवाहरू प्रयोग गर्ने जनसङ्ख्याको प्रतिशत (२०७९/८०)**





*स्रोतः DHS, 2023*

युवाको स्वास्थ्य सबल हुनका लागि बालबालिका र किशोर अवस्थादेखि नै पौष्टिक आहार, खेलकुद र स्वच्छ वातावरणको निर्माण गर्नुपर्दछ। बालबालिकामाथि गरिएको लगानी युवाको स्वस्थ जीवनशैलीको आधार हुन्छ।

महिलाका रूपमा एक स्वस्थ आमाले जन्म दिने स्वस्थ सन्तान नै भोलीका लागि स्वस्थ नागरिक बन्दछ। युवाका रूपमा महिला र पुरूष दुवैले स्वस्थ रहन पाउने आधारभूत अधिकार पनि हो। तथापि, समाज र परिवेश अनुसार महिला र पुरूषका रूपमा गरिने विभेदको सिकार महिलाहरू नै बढी भएका छन्। यसले गर्दा महिलाको स्वास्थ्यमा प्रतिकूल असर पर्दछ।

**चित्र १५: प्रदेशगत रूपमा १८० आइरन चक्की प्राप्त गर्ने गर्भवती महिलाहरूको विवरण (२०७९/८०)**




*स्रोतः DHS (2023)*


एक स्वस्थ महिलाले युवा उमेरमा एक आमाका रूपमा ठुलो जिम्मेवारी उठाउनुपर्दछ। गर्भवती महिलाले सबल स्वास्थ्य कायम राख्न आवश्यक पर्ने आइरन चक्की उपयोग गरिरहेका हुन्छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागको २०२३ को तथ्याङ्क अनुसार प्रदेशगत रूपमा गर्भवती महिलाले प्राप्त गर्ने आइरन चक्कीको वितरणको अवस्थालाई हेर्दा सबैभन्दा धेरै कोशी प्रदेशमा उपलब्ध रहेको देखिन्छ (चित्र १५)। यस्तै बागमती प्रदेशमा सबैभन्दा कम आइरन चक्की वितरण भएको छ। अन्य प्रदेशहरूमा आइरन चक्की वितरण समान खालको देखिन्छ।

स्वास्थ्यको विषयमा मूलतः महिनावारीको विषय समेट्न नसक्नु, युवाको परिभाषाभित्र लैङ्गिक तथा यौनहिंसामा परेका लगायतका वर्ग छुट्नुले पनि नीति कार्यान्वयनको विषयमा समस्या देखिन सक्छ। बालविवाह, सामाजिक विभेद र घरेलु हिंसाबाट बच्न र बचाउन सक्ने गरी युवा नीति मार्फत राज्यले सीमान्तकृत वर्गलाई भरोसा प्रदान गर्नुपर्छ।

### ३.१.६.३ बीमामा युवाको अवस्था

युवाको स्वास्थ्य अवस्था कमजोर हुनुको पछाडि गरिबी, स्वास्थ्य सेवाको पहुँच र सामाजिक मनोवैज्ञानिक कारणहरू रहेका हुन सक्दछन्। राज्यले प्रदान गर्ने स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन अस्पताल लगायतका सुविधाहरू विस्तार गर्दै जानु एउटा सहज विकल्प हो भने उपलब्ध स्वास्थ्य सेवालाई उपयोगी बनाउने र नियमित स्वास्थ्य उपचार सेवाको प्रत्याभूति गरी युवालाई स्वस्थ र सक्षम बनाउन सहयोग गर्ने आधार स्वास्थ्य बीमा हो। नेपालमा स्वास्थ्य बीमालाई विस्तार गर्दै लागिएको भए तापनि सबै क्षेत्र र वर्गमा यो समान रूपले पुग्न सकेको छैन।

**चित्र १६: स्वास्थ्य बीमाको कभरेजसम्बन्धी विवरण**





*स्रोतः DHS (2023)*

आ.व. २०७९/८० को तथ्याङ्क अनुसार बीमा लिएका कुल परिवार सङ्ख्या २२ लाख १२ हजार ८ सय २७ रहेका छन्। त्यसमध्ये बीमा नवीकरण गरेका परिवार सङ्ख्या १४ लख ३५ हजार ८० रहेको देखिन्छ। नेपालमा बीमित कुल जनसङ्ख्या ७१ लाख ७१ हजार ८ सय ४३ रहेकोमा बीमा नवीकरण गरेका व्यक्तिहरू ४३ लाख ९४ हजार ३ सय ९४ जना रहेका छन् (चित्र १६)।

कुल जनसङ्ख्यामा बीमितहरूको प्रदेशगत विवरण हेर्दा मधेश प्रदेश निकै पछाडि रहेको देखिन्छ। बीमा विस्तार गर्ने प्रदेशहरूमध्ये गण्डकी प्रदेश सबैभन्दा अगाडि रहेको छ जहाँ २७ प्रतिशत जनसङ्ख्याले बीमाको सुविधा लिएका छन् (चित्र १८)। कोशी प्रदेशले पनि सोही हाराहारीमा बीमाको सेवा दिएको देखिन्छ भने अन्य बाँकी प्रदेशमा सरदर १३ देखि १८ प्रतिशत जनसङ्ख्याले बीमा लिएका छन्। बीमाले स्वास्थ्य सुरक्षा प्रदान गर्ने र उपचारमा सुनिश्चितता प्रदान गर्ने भएकाले यसको व्यापक विस्तार गर्नु जरूरी देखिन्छ।

### चित्र १७: कुल जनसङ्ख्यामा स्वास्थ्य बीमाको प्रदेशगत कभरेज (प्रतिशत)




स्रोतः *Ministry of Health and Population (2023)*


वर्तमानमा बीमाको धेरै प्रकार र स्रोत उपलब्ध भए तापनि राज्यले उपलब्ध गराउने बीमाले परिवार सुरक्षाका लागि ठुलो योगदान गर्न सक्दछ। परिवारमा बालबालिका र ज्येष्ठ नागरिकहरूको स्वास्थ्य बीमा महत्त्वपूर्ण मानिने भए तापनि युवा लगायत परिवारका सम्पूर्ण सदस्यहरूले समान रूपले यस्तो बीमाको सेवा लिन पाउने व्यवस्था छ।

## ३.१.७ आर्थिक क्षेत्रमा युवा

### ३.१.७.१ औद्योगिक क्षेत्र र युवा

नेपालमा युवाहरूका लागि रोजगारी सिर्जना गर्ने र समग्र आर्थिक क्रियाकलापमा प्रभाव पार्ने क्षेत्र उद्योग हो। औद्योगिक वर्गीकरण अनुसार गणना गरिएका उद्योगहरूमा संलग्न र रोजगार प्राप्त व्यक्तिहरू सबैभन्दा धेरै निर्माण क्षेत्रमा र बिजुली तथा ग्याँसमा रहेको देखिन्छ। खानेपानी, ढल र फोहर व्यवस्थापन तथा खानी र उत्खननमा निकै कम व्यक्ति संलग्न रहेको देखिन्छ (चित्र १८)।


### चित्र १८: औद्योगिक वर्गीकरण अनुसार औद्योगिक क्षेत्रमा संलग्न र रोजगार प्राप्त व्यक्तिहरूको सङ्ख्या




स्रोतः *CBS (2020)*

औद्योगिक विकास र विस्तारको गति सुस्त रहेकाले पनि युवा श्रमशक्तिले चाहेअनुरूप रोजगारी प्राप्त गर्न सकेको देखिँदैन। तसर्थ, दीर्घकालीन रूपमा युवा श्रम शक्तिको लाभ लिन र आर्थिक समृद्धि हासिल गर्न उद्योगमा स्वदेशी र विदेशी लगानी भित्र्याउने वातावरण तयार गर्नुपर्ने आवश्यकता छ। उद्योगहरूको विस्तार नहुनु र रोजगारी सिर्जनामा थप योगदान गर्न नसक्नुले उद्योग क्षेत्रसँग युवाहरू आशावादी हुने ठाउँ छैन। नेपालको उद्योगलाई लिएर International Organization for Migration [IOM] (2021) ले गरेको अध्ययनमा उद्योग अनुसारको रोजगारीको स्थितिलाई देखाइएको छ (चित्र १९)। कृषि, वन र माछापालन उद्योगमा सबैभन्दा धेरै रोजगारी सिर्जना भएका छन् भने यातायात र भण्डारण उद्योगमा सबैभन्दा कम रहेको अवस्था छ।

**चित्र १९ः उद्योग अनुसार रोजगारीको प्रोफाइल (हजारमा)**





*स्रोतः IOM (2021)*

### ३.१.७.२ कृषि क्षेत्रमा युवा

राज्यका विभिन्न आर्थिक क्षेत्रहरूमा युवाहरूको सहभागितालाई अभिप्रेरित गर्ने, प्रोत्साहन र संवर्धन गर्ने नीति लिई नयाँ नेपालको निर्माणमा युवाको योगदान सुनिश्चित गर्नु अत्यावश्यक छ। युवाहरूलाई आकर्षित गर्नुपर्ने र गर्न सकिने यस्तै एक प्रमुख क्षेत्र कृषि हो। कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २४ प्रतिशत रहेको छ र कुल जनसङ्ख्याको ६७ प्रतिशत जनसङ्ख्या कृषिमा आबद्ध रहेका छन् (अर्थ मन्त्रालय, २०८१)।

कृषि गणना, २०६८ मा ८१ प्रतिशत पुरूषहरू मुख्य कृषक रहेकोमा २०७८ मा यो १३ प्रतिशतले घटेको देखिन्छ। लिङ्ग अनुसार मुख्य कृषकको सहभागिता बढ्नु घट्नुले पुरूष युवाहरूको प्राथमिकतामा कृषि नपरेको हो कि भन्नेतर्फ सङ्केत गर्दछ। चित्र २० मा प्रस्तुत कृषि पेसामा युवाहरूको सहभागितासम्बन्धी विवरण हेर्दा अझ स्पष्ट हुन सकिन्छ।


## चित्र २०: लिङ्ग अनुसार मुख्य कृषकको विवरण (प्रतिशत)




स्रोतः *NSO, 2023*

मुख्य कृषक रहेका व्यक्तिको उमेरगत विवरण हेर्दा सबैभन्दा धेरै ३५ देखि ४४ वर्ष उमेर समूहका युवाहरू रहेका देखिन्छन् भने दोस्रो धेरै २५ देखि ३४ वर्षका युवा र सबैभन्दा कम २५ वर्षमुनिका रहेका देखिन्छन् (चित्र २१)।


## चित्र २१: उमेर समूहअनुसार मुख्य कृषकको विवरण (प्रतिशत)




स्रोतः *NSO, 2023*

यद्यपि, कृषि पेसामा आबद्ध भई स्थायी रूपमा काम गर्ने कामदारहरूको सङ्ख्या भने वि.सं. २०६८ को तुलनामा बढेको देखिन्छ। यसबाट कृषि पेसामा स्थिरता चाहने र उन्नत कृषिलाई अपनाउनेको सङ्ख्या बढ्दै गएको अनुमान गर्न सकिन्छ। तर, वि.सं. २०७८ सम्म आइपुग्दा कृषिमा स्थायी रूपमा काम गर्ने महिला र पुरूषबिचको अन्तर भने बढेको देखिन्छ (चित्र २२)।

**चित्र २२: स्थायी रूपमा काम गर्ने कामदार सङ्ख्या**




*स्रोतः NSO, 2023*

उन्नत प्रविधिको प्रयोग गरी कृषि पेसा अपनाउने र कृषिलाई व्यवसायको रूपमा प्रवर्धन गर्ने प्रवृत्ति बढ्न नसकेको अवस्थामा कृषकहरूको तालिम प्राप्त गर्ने स्थितिलाई समेत हेर्नुपर्दछ । राष्ट्रिय कृषि जनगणना, २०७८ अनुसार कृषिसम्बन्धी तालिम लिएका कृषक परिवार ६ प्रतिशत मात्र रहेको देखिन्छ भने बाँकी ९४ प्रतिशत कृषक परिवारले कृषिसम्बन्धी कुनै तालिम लिएका छैनन् (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०) ।

यस्तै, कृषकहरूले प्रत्यक्ष रूपमा समाना गर्नुपरेको समस्या जलवायु परिवर्तन र त्यसका असरहरूका विषयमा जानकारी नहुँदा कृषकले ठुलो क्षति व्यहोर्नु परिरहेको छ । राष्ट्रिय कृषिगणना, २०७८ ले गरेको सर्वेक्षणमा ४४ प्रतिशत कृषकले मात्र जलवायु परिवर्तनका बारेमा जानकारी राखेको पाइएको छ । यसरी जलवायु परिवर्तनको संवेदनशीलतालाई आत्मसात् नगरी कृषि पेसामा गरिएको लगानी वा आकस्मिक रूपमा आउने प्राकृतिक प्रकोपका कारण हुने क्षतिका बारेमा जानकारी कृषकलाई गराउन सकिएको छैन । यसका लागि अपनाउनुपर्ने पूर्वतयारीहरू र क्षति भइहालेमा कृषि बीमा आदिबाट कृषकलाई क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था रहेको देखिन्छ ।

### ३.१.७.३ पर्यटनमा युवा

नेपालमा युवाहरूका लागि पर्यटन क्षेत्र धेरै सम्भावना भएको क्षेत्र हो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार, मनोरञ्जन ६०.५ प्रतिशत, पदयात्रा र पर्वतारोहण १२.४ प्रतिशत, तीर्थयात्रा १५.६ प्रतिशत र अन्य उद्देश्य राखेर ११.५ प्रतिशत पर्यटक नेपाल भित्रिएका थिए (Ministry of Culture, Tourism & Civil Aviation [MoCTCA], 2021, p. 39) ।


यसरी नेपाल भित्रिने पर्यटकलाई स्वागत सत्कार गर्नेदेखि बिदाइ गर्नेसम्मका क्रियाकलापहरूमा युवा जनशक्तिहरूको उपयोग भइरहेको छ र यो युवाहरूका लागि आकर्षणको क्षेत्र पनि मानिन्छ । धेरै युवाहरू

औपचारिक तालिम तथा भाषाको सीप सिकेर पर्यटन क्षेत्रमा आबद्ध भएको पाइन्छ। अनौपचारिकतर्फ कति जनशक्ति छन् भन्ने एकीन तथ्याङ्क नभए तापनि नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानबाट हालसम्म २७ हजार ३ सय ४६ जना दक्ष जनशक्ति उत्पादन भएका छन् भने ५ हजार ८ सय ५३ व्यक्तिले विभिन्न विधामा तालिम लिएका छन् (अर्थ मन्त्रालय, २०८१)।

पर्यटनसम्बन्धी अध्यापन गर्ने गराउने संस्था नेशनल एकेडेमी अफ टुरिजम एण्ड होटल म्यानेजमेन्ट अन्तर्गत सन् २०२० मा २५२ जना व्याचलर अफ होटल म्यानेजमेन्ट र १६८ जना ट्राभल एण्ड टुरिजम म्यानेजमेन्टमा भर्ना भई अध्ययन गरेका थिए (MoCTCA, 2021, p. 94)। नेपालको पर्यटन विकासका लागि प्राज्ञिक संस्था मार्फत हुने अध्ययन अध्यापनको यो परिमाण निकै कम हो। यसले न त युवा वर्गलाई आकर्षित गरेको देखिन्छ न त सैद्धान्तिक र प्राज्ञिक रूपमा पर्यटन क्षेत्रले विस्तार र विकास हुने अवसर प्राप्त गर्दछ। युवा जनशक्तिलाई पर्यटन क्षेत्रमा आबद्ध गर्न, रोजगारीका अवसर सिर्जना गर्न र आर्थिक लाभ प्राप्त गर्न ध्यान पुगेको छैन।

धेरैभन्दा धेरै युवाहरूलाई पर्यटन क्षेत्रमा आबद्ध गर्दै दक्ष जनशक्तिका रूपमा विकास गरी सेवा उद्योगको रूपमा स्थापित गर्न नसक्दा राज्यलाई पर्यटन क्षेत्रबाट हुने आम्दानी वृद्धि गर्न सकिएको छैन (चित्र २३)। पर्यटन क्षेत्रबाट पछिल्लो एक दशकको कुल विदेशी मुद्रा आर्जनको अवस्थालाई हेर्ने हो भने धेरै फड्को मारेको अवस्था देखिँदैन। यसको मूल कारण २०७२ सालको महाभूकम्प र २०७६ पछिको कोभिड-१९ को विश्वव्यापी महामारी पनि रहेका छन्।

**चित्र २३: पर्यटन क्षेत्रबाट भएको वार्षिक विदेशी मुद्रा आम्दानी (२०६७/६८ देखि २०७६/७७)**




*स्रोतः MoCTCA (2021, p. 71)*

पर्यटन क्षेत्रमा युवाहरूको संलग्नतालाई आकर्षित गर्दै पर्यटकहरूलाई आवश्यक पूर्वाधार र सुविधा विस्तार गर्दै लैजानु अहिलेको लागि एक उत्तम विकल्प हुन सक्छ। पर्यटकका लागि महत्त्वपूर्ण पूर्वाधार होटल सुविधा नै हो। वि.सं. २०७७ मा ४५ हजार ८ सय ५० बेड सुविधाका १ हजार ३ सय १३ होटल रहेको देखिन्छ जुन अघिल्लो वर्षको तुलनामा क्रमशः १ हजार ८ सय ५१ बेड र २४ ले वृद्धि भएको हो (MoCTCA, 2021, p. 89)। पर्यटकका लागि सेवा सुविधामा विस्तार गरी धेरैभन्दा धेरै पर्यटक आकर्षण गर्ने र विदेशी मुद्रा आर्जन गर्ने लक्ष्यअनुरूप कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रबाट प्राप्त हुने आम्दानी सन् २०२० मा ४.९४ र सन् २०२५ मा ९.२९ ले वृद्धि हुने प्रक्षेपण गरिएको थियो (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०७३)।

### ३.१.८ प्रविधि र नेपाली युवा

सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रको रचनात्मक रूपान्तरण गर्दै समग्र मानव समुदायको सुखी वर्तमान र उज्ज्वल भविष्य निर्माणमा युवाहरूको भूमिका अपरिहार्य छ। वर्तमान पुँजीवादभित्रको सूचना र प्रविधियुक्त विश्व परिवेशमा द्रुत गतिमा आफूलाई समायोजन गर्दै अगाडि बढ्ने जोस, जाँगर, क्षमता र जुझारूपन युवा पुस्तामै हुन्छ। आजको युवा पुस्तालाई डिजिटल पुस्ता पनि भनिन्छ। विज्ञान र प्रविधिको तीव्रतम विकासले संसार सीमाविहीन विश्व (boundaryless world) का नामले समेत चिनिन्छ। सूचना, प्रविधि, बसाइँसराइ, वैश्वीकरण, उदारवाद आदिजस्ता विकासका नयाँ आयामहरूले समाजका हरेक पक्षलाई प्रभावित पारेको छ।

विशेषगरी, युवा पुस्तालाई सूचना प्रविधिले प्रत्यक्ष प्रभाव पारिरहेको छ। नेपाली युवा समुदाय पनि विज्ञान प्रविधिसँग निरन्तर जोडिइरहेको छ। विज्ञान प्रविधिको विभिन्न क्षेत्रमा नेपाली युवाहरूले उल्लेखनीय प्रगति हासिल गर्दै आएको पाइन्छ। तथापि, नेपाली समाजको बनोट, सामाजिक संरचना, राजनीतिक अस्थिरता, शासनको कमजोरीपना, भौगोलिक विकटता, गरिबी, बेरोजगारी, सामाजिक उद्यमशीलताको न्यूनता, प्रतिभा पलायन, असन्तुलित विकास आदिका कारण ऊर्जाशील नेपाली युवावर्ग उदीयमान नवप्रविधिको पहुँच र प्रयोगबाट टाढा रहेको पाइन्छ (केसी, २०८१)। विविध समस्याका बिचमा नेपाली युवाहरूको प्रविधिप्रति लगाव र योगदान बढ्दै गएको पाइन्छ।

सन् २०२२ मा गरिएको एक अध्ययन अनुसार, नेपालमा सूचना प्रविधि (आइटी) सेवा निर्यात उद्योगहरूले ५ सय १५ मिलियन अमेरिकन डलर बराबरको सेवा निर्यात गरेको देखिन्छ भने आइटी सेवा निर्यात गर्ने १०६ वटा कम्पनीहरूले कुल २०१.२७ मिलियन अमेरिकन डलर बराबरको राजस्व योगदान गरेका थिए। आइटी सेवा निर्यात गर्ने उद्योगमा काम गर्ने श्रमशक्तिहरूको शैक्षिक योग्यतामा कुनै औपचारिक शैक्षिक उपाधि नभएका, प्रमाणपत्रसहितको आइटी सीप भएका, डिप्लोमा डिग्री भएका, स्नातक डिग्री भएका र स्नातकोत्तर डिग्री भएका क्रमशः १८.५, १६, १.२, ६१.७, २.५ प्रतिशत रहेको देखिन्छ (Institute for Integrated Development Studies [IIDS], 2023, p. 10)। अतः युवालाई प्रविधिसँग

जोड्न सके कुनै सैद्धान्तिक डिग्री नहुँदा पनि उनीहरूले उद्यमशील संस्कृतिको विकास गर्दै समाज रूपान्तरणमा ठोस योगदान दिन सक्ने देखिन्छ ।

वर्तमानमा इन्टरनेटको उपलब्धताले नेपाली युवाहरूलाई विश्वबजारसँग जोड्ने पुलको काम गरेको छ । सामाजिक सञ्जाल, ब्लग, व्हाटसएप, भाइवर, इन्स्टाग्राम, इमो, पोडकास्ट र युट्युब आदि सूचनाका साधनहरूले गर्दा युवा पुस्ताले आफूले आर्जन गरेको ज्ञान, अनुभव र सीपको प्रयोग विश्वस्तरमा गर्दै आएका छन् । सूचना प्रविधिले सिकाइ प्रक्रियालाई बन्द कोठाबाट आकाश हुँदै विश्वव्यापी बनाएको छ । अनलाइन शिक्षाका माध्यमबाट नेपाली युवाहरूले संसारका प्रसिद्ध विश्वविद्यालयहरूबाट ज्ञान आर्जन गर्न सफल भएका छन् । कृत्रिम बुद्धिमत्ता (AI) को प्रयोगले अध्ययन, अनुसन्धान र सिकाइलाई सहज बनाउँदै आएको छ । प्रविधिले युवाहरूलाई उद्यमशीलता र स्टार्टअप संस्कृतिमा रूपान्तरित गर्दै आएको छ । सूचना प्रविधि, शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता र सामाजिक जीवनमा भएका परिवर्तनहरूलाई समग्र रूपमा विश्लेषण गर्दा यो स्पष्ट हुन्छ कि विज्ञान प्रविधिले नेपाली युवाहरूको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याएको छ (केसी, २०८१) ।

नेपालको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वैदेशिक अध्ययन अनुमति शाखाका अनुसार आर्थिक वर्ष २०८०/०८१ को ६ महिना अवधिमा ८५ हजार ७५ जना विदेशिएका थिए भने उच्च शिक्षा अध्ययनका नाममा ५८ अर्ब ९५ करोड १ लाख रूपैयाँ बाहिरिएको थियो । विश्वविद्यालय र प्रतिष्ठानहरूमा रहेका सामुदायिक, आङ्गिक र निजी गरी जम्मा १ हजार ४ सय ३२ क्याम्पसहरू सञ्चालनमा रहेका छन् । हिजो ४० सिटमा भर्नाका लागि हजारौं आवेदन पर्ने विषयहरूमा आज विद्यार्थी पाउन मुस्किल बन्दै गएको आवाजहरू उठेका छन् (देवकोटा, २०८१) । यी सबै चुनौतीहरूलाई समाधान गर्नका लागि स्वदेशमै गुणस्तरीय उच्च शिक्षाको प्रबन्ध गर्ने र त्यसका लागि आवश्यक लगानीको व्यवस्था गर्ने गरी नीतिको निर्माण र कार्यान्वयन गर्नु जरुरी छ । साथै, युवालाई सूचना प्रविधिसँग अन्तरघुलित बनाउँदै सामाजिक उद्यमशीलता र स्टार्टअपसँग जोड्दै जान सक्नुपर्दछ । युवाशक्तिलाई समयको गतिसँगै पुँजी र प्रविधिको क्षेत्रमा परिचालन गर्न सकेमा विकासले गति लिन सक्ने कुरामा दुईमत छैन ।

### ३.१.९ बजेटमा युवा

राज्यले युवाका लागि विनियोजन गरेको वार्षिक बजेट कुल बजेटको ०.८६ प्रतिशत रहेको छ ("युवा मन्त्रालय", २०८०) । युवा तथा खेलकुद मन्त्रालयका साथसाथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कृषि विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, तथा गृह मन्त्रालयले युवाका लागि विभिन्न क्षेत्रमा काम गरिरहेका छन् । यसरी विभिन्न मन्त्रालयहरूबाट बजेट विनियोजन हुने गरेको छ र सरकारले एक दशकयता युवाका लागि विभिन्न मन्त्रालय अन्तर्गत वार्षिक १५ अर्ब बराबरको बजेट विनियोजन गर्दै आएको छ (भारती, २०७७) । सरकारले युवाका क्षेत्रमा काम गर्दै आएको भए तापनि अधिकांश युवा विदेशको श्रम बजारमा निर्भर रहेको तीतो यथार्थ छ ।

यसअघिको अनुभव हेर्दा सरकारको राष्ट्रिय बजेटको ०.१६ प्रतिशत मात्र बजेट युवा तथा खेलकुद मन्त्रालयमा आउने गरेको पाइन्छ । यो अति नै कम हो । उक्त बजेटको ठुलो हिस्सा राष्ट्रिय खेलकुद परिषद्लाई प्रदान गरिन्छ । त्यसबाट बाँकी रहेको बजेट राष्ट्रिय युवा परिषद्, युवा स्वरोजगार र नेपाल स्काउटमा जाने गर्दछ ("उद्यमशीलता नै महत्त्वपूर्ण", २०७८) ।

## ३.२ युवाको अवस्था सम्बन्धमा विभिन्न प्रतिवेदनबाट साभार गरिएको जानकारी

युवा, श्रम तथा रोजगारीसम्बन्धी विभिन्न समयमा गरिएका अध्ययन प्रतिवेदनहरूमा रहेका तथ्याङ्कहरूले पनि युवाको अवस्था उजागर गर्दछ ।

### ३.२.१ नेपाल श्रम आप्रवासन प्रतिवेदन, २०२२

सन् २०१९/२० देखि २०२१/२२ बिचको अवधिमा भएको श्रम आप्रवासनको विस्तृत अध्ययनमा केन्द्रित भई नेपाल श्रम आप्रवासन प्रतिवेदन, २०२२ प्रकाशन गरिएको थियो । उक्त प्रतिवेदनले देशमा श्रम आप्रवासन सुशासनका प्रमुख प्रवृत्ति र गतिविधिहरूको सारांश प्रस्तुत गरेको छ । नेपाली अर्थतन्त्रको उल्लेखनीय हिस्सा नेपाली युवाहरूले विदेशमा आर्जन गरेको विप्रेषणमा आधारित छ । आन्तरिक बजारको आकार सानो भएको र रोजगारीका अवसरहरू सिर्जना गर्न नसकेका कारण एक सूचित विकल्पको रूपमा वैदेशिक रोजगारी सुनिश्चित गर्ने बाटोमा नेपाल सरकार उद्वेलित छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय श्रम नीति निर्धारण गर्ने छाता निकायको रूपमा क्रियाशील छ । वैदेशिक रोजगार विभागले यस क्षेत्रलाई नियमन गर्ने काम गरेको छ । साथै, आप्रवासी कामदार र तिनीहरूको परिवारको कल्याण र पुनर्मिलनलाई समर्थन गर्न वैदेशिक रोजगार बोर्ड क्रियाशील छ । वैदेशिक रोजगार न्यायाधिकरण कानुनी मुद्दाहरूको फैसला गर्न समर्पित छ । प्रदेश तहमा प्रादेशिक मन्त्रालय र स्थानीय तहमा श्रम डेस्कहरूको स्थापना गरी तीन तहका सरकार, मन्त्रालय, विभाग, बोर्ड, तथा निजी क्षेत्रले एकीकृत पहलमा कामदारहरूलाई विदेशका रोजगारदाताहरूसँग जोड्ने कार्यमा रचनात्मक भूमिका खेल्दै आएका छन् (MoLESS, 2022) ।

नेपालको सन्दर्भमा गाँउदेखि सहरतर्फ हुँदै गरेको अप्रत्यासित बसाइँसराइलाई कम गर्नु दिगो र सन्तुलित विकासका लागि एक व्यावहारिक र दीर्घकालीन समाधान हो । स्थानीय असमानतालाई न्यूनीकरण गर्दै दूरदराजसम्म आधुनिक सामाजिक आधारशिला पुँजीको विस्तार गरेर युवा श्रमशक्तिलाई स्थानीयकरण गर्न सक्ने नीतिगत उपायको खोजी अबको अपरिहार्यता हो । यस किसिमको अभ्यासलाई अन्तर्राष्ट्रिय आप्रवासन नियन्त्रण गर्ने उपायको रूपमा लिन सकिन्छ (Aikaeli et al., 2021) । संरचनात्मक परिवर्तन सिद्धान्त अनुसार, अधिकांश विकासोन्मुख देशहरूले आफ्नो परम्परागत निर्वाहमुखी कृषिलाई तीव्र पुँजी निर्माणको माध्यमबाट थप उत्पादक, औद्योगिक र सेवा उन्मुख क्षेत्रमा रूपान्तरण वा आधुनिकीकरण गर्नुपर्छ (Todaro & Smith, 2012) । यसर्थ युवा नीति लगायत अन्य अन्तरसम्बन्धित नीतिहरूले

नेपालको आन्तरिक श्रमबजारको आकार विस्तार गर्ने लक्ष्य लिँदै नीतिगत प्रावधान र रणनीति तर्जुमा गर्नुपर्ने देखिन्छ ।

नेपाल श्रम आप्रवासन प्रतिवेदन, २०२२ ले आगामी दिनमा कानुनी र नीतिगत ढाँचामा सुधार गरी अनियमित तरिकाले वैदेशिक रोजगारीमा जाने तथा घरेलु काममा जाने श्रमिकहरूले भोग्दै आएका समस्याहरूको सम्बोधन गर्नुपर्ने उल्लेख गरेको छ (MoLESS, 2022) । साथै, मानव बेचबिखन र तस्करीको मुद्दालाई पनि सम्बोधन गर्न व्यावहारिक र नीतिगत उपाय अपनाउनुपर्ने विषय उक्त प्रतिवेदनमा उल्लेख छ । वैदेशिक रोजगारी नीति मार्फत नेपालका युवा श्रमिकहरूले भौग्दै आएका चुनौती, बाध्यता र जटिलताहरूको सरलीकरणसहितको समाधानका लागि सेवालाई स्थानीय बस्ती तहसम्म विकेन्द्रित गर्ने, श्रमिकको न्यायमा पहुँच विस्तार गर्ने, सामाजिक संरक्षण गुर्नपर्ने तथा दुवै मुलुकका अधिकारीहरू कामदारको स्वास्थ्य सेवाप्रति जिम्मेवार रहनुपर्ने समेत उक्त प्रतिवेदनमा उल्लेख छ । भविष्यमा आइपर्ने थप समस्या र जटिलताहरूको सम्बोधन गर्नका लागि श्रम कूटनीति, बहुसरोकारवाला निकायहरूको सहयोग, फिर्ता र पुनःएकीकरण, सीप पहिचान र प्रमाणीकरण, आप्रवासनसम्बन्धी एकीकृत तथ्याङ्क आदि जस्ता आयामहरूमा सुधार गर्नुपर्ने कुरा प्रतिवदेनले उल्लेख गरेको छ ।

हाम्रो देशको जनसङ्ख्या र जारी पासपोर्टको सङ्ख्याबिच तुलनात्मक अध्ययन गर्दा अबको केही समयपछि सबैको हातमा पासपोर्ट हुने त होइन भन्ने प्रश्न पनि उठ्न सक्छ । यस किसिमको प्रवृतिले अल्पकालमा नाफा भए जस्तो देखिए तापनि दीर्घकालमा देश रित्तिने सम्मको अवस्था नआउला भन्न सकिन्न । यसकारण युवा नीति तथा अन्य अन्तरसम्बन्धित नीतिहरूको समीक्षाद्वारा युवालाई कसरी स्वदेशमा रोक्ने? कसरी युवालाई स्वदेशमा उद्यमी बनाउने? नीतिका कुन कुन नीति प्रावधान र आयामहरूमा कमजोरी छन् भनी उत्तर खोजेर कार्यान्वयन गर्न ढिलो गर्न नहुने देखिन्छ । रोजगारीको लागि विदेश जाने प्रवृति उच्च हुनु राम्रो सङ्केत होइन । काम वा अध्ययनका लागि युवाहरू विदेशिने प्रवृत्ति बढेको अध्ययनको निष्कर्ष रहेको छ ।

विदेशबाट फर्केका युवाहरूमा निहित ज्ञान र सीपलाई स्रोतका रूपमा लिँदै पन्ध्रौं पञ्चवर्षीय योजना उनीहरूलाई उत्पादनशील क्षेत्रमा संलग्न हुन थप तालिम प्रदान गर्न केन्द्रित भएको देखिन्छ । कृषिमा विदेशी शिक्षित र प्रशिक्षित युवाहरूलाई प्रोत्साहन गर्न अनुदान योजनासम्बन्धी निर्देशन, २०१५ ले युवाहरूलाई कृषि क्षेत्रमा प्रवेश गर्न प्रोत्साहित गर्ने लक्ष्य राखेको पाइन्छ । यसले प्रशिक्षित र शिक्षितहरूलाई लक्षित गर्दछ । शिक्षा वा रोजगारीपश्चात् नेपाल फर्केका युवाहरूलाई आफ्नो पुँजी, ज्ञान र सीपलाई स्वदेशी कृषि क्षेत्रको विकासमा प्रयोग गर्न प्रोत्साहित गर्ने अभ्यास हुँदै गरेको वस्तुगत यथार्थ नेपाल श्रम आप्रवासन, २०२२ को प्रतिवदेनमा उल्लेख छ (MoLESS, 2022) ।

### ३.२.२ प्रधानमन्त्री रोजगार कार्यक्रम २०७९/८० र २०८०/८१ को प्रतिवेदन

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार पाँच वर्षको अवधिमा जम्मा ४० लाख ४ हजार श्रमिक सूचीकृत भएको देखिन्छ । सोमध्ये ७ लाख १२ हजार मात्र न्यूनतम रोजगारीमा

संलग्न भएको देखिन्छ । कार्यक्रमले सूचीकृत श्रमिकको ठुलो हिस्सालाई रोजगारी दिन नसकेको देखिन्छ। वैदेशिक रोजगारबाट फर्केका युवा श्रमिकहरूको सामाजिक आर्थिक पुनः एकीकरण कार्यक्रम मार्फत उद्यमशीलता विकासका लागि जम्मा ८१ स्थानीय तहमा कार्यक्रम कार्यान्वयन भए तापनि ५९ हजार ५ सयलाई कार्यस्थलमा आधारित तालिम सञ्चालन गर्ने लक्ष्य लिएकोमा सो कार्यको आरम्भनै नभएको देखिन्छ ।

बेरोजगारहरूलाई न्यूनतम १०० दिनको रोजगारी दिने नीति लिएको भए तापनि बेरोजगारको सूचीमा सूचीकृतहरूमध्ये १० प्रतिशतले मात्र काम पाएको र बाँकी ९० प्रतिशतले यो अवसर नपाएको प्रधानमन्त्री रोजगार कार्यक्रम (२०८१) को वार्षिक प्रतिवेदनमा उल्लेख छ। यो प्रतिवेदन बागमती र गण्डकी प्रदेशभित्रका छनोट गरिएका निश्चित स्थानीय तहको अध्ययनमा मात्र सीमित रहेको थियो । यस कार्यक्रम मार्फत कार्यक्रमका अवधिभर एक पटक मात्र काम पाएको र बाँकी समय पुनः बेरोजगार भएको प्रतिवदेनमा उल्लेख छ। प्रधानमन्त्री रोजगार कार्यक्रमले प्रत्येक वर्षको बजेट मार्फत २ लाख बेरोजगारलाई न्यूनतम १०० दिनको रोजगारी प्रदान गर्ने लक्ष्य लिएको भए तापनि सबै स्थानीय तहमा यो कार्यक्रम सञ्चालन नभएको र सूचीकृत सबैलाई न्यूनतम १०० दिन रोजगारी दिन सो अनुसारको अवसर उपलब्ध नभएको देखिन्छ (महालेखापरीक्षकको कार्यालय, २०८१) ।

साथै, बेरोजगार श्रमिकको नाम सिफारिस गर्ने कार्यमा वडातहमा दलीयकरण भएको समेत प्रतिवेदनमा उल्लेख छ (महिला, बालबालिका, ज्येष्ठ नागरिक, श्रम तथा सामाजिक सुरक्षा शाखा, २०८०) । यसरी दलीयकरण हुनुले युवाका आशा र भरोसालई मलजल गर्नुको साटो निराशा पैदा गर्ने र अन्योलग्रस्त बनाउने स्थिति निर्माण गर्दछ। नीतिको कार्यान्वयनलाई राजनीतिक हस्तक्षेपबाट पृथक गर्ने नयाँ संयन्त्रको विकास गर्नुपर्ने देखिन्छ । यसैगरी प्रतिवदेनमा उल्लेख भए अनुसार, श्रमबजारमा उपलब्ध बेरोजगार श्रमशक्तिलाई रोजगारी दिनुपूर्व काम गर्न सक्ने गरी सीपयुक्त, दक्ष, क्षमतावान बनाउँदै बजारको माग अनुसार दक्ष श्रमिक उत्पादन गर्नुपर्ने देखिन्छ ।

यसका लागि युवा नीति वा अन्य अन्तरसम्बन्धित नीतिहरू सैद्धान्तिकभन्दा माथि उठेर वस्तुगत, व्यावहारिक र कार्यान्वयनयोग्य बनाउनुपर्ने दखिन्छ । यी सबै तथ्यहरू केलाउँदा नेपालमा युवाको सङ्ख्या उच्च छ तर त्यो शक्तिले रोजगारीको अवसर पाएको छैन भन्ने देखिन्छ । अतः युवालाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने गरी उत्पादनमूलक उद्योग, उद्यमशीलता, सामाजिक रूपान्तरण, अन्वेषण, अनुसन्धान, कृषि, पर्यटन, जङ्गल, जडीबुटी जस्ता उच्च सम्भावना भएका क्षेत्रमा लगानीको दर वृद्धि गरी युवालााई स्वदेशमै स्वरोजगार बनाउन सक्ने गरी नीति ल्याउनुपर्ने देखिन्छ ।

### ३.२.३ पनौति र कमलामाई नगरपालिकामा आधारित युवा रोजगारीको अवस्थासम्बन्धी अध्ययन प्रतिवेदन, २०७५

युवा रोजगारीको विषय संसारका सबै देशहरूको प्रमुख प्राथमिकताको सवाल बन्दै आएको छ । यस किसिमको बहस, चासो र चिन्ताबाट नेपाल पनि अछुतो छैन। नेपालको शासकीय स्वरूप र राजनीतिक

अस्थिरताको गोलचक्करका कारण राष्ट्रिय पुँजी निर्माणको स्तर कमजोर देखिन्छ । रोजगारीका लागि लगानीमैत्री वातावरण बन्न सकेको छैन । स्वदेशमा आवश्यक रोजगारी सजिलै प्राप्त नहुँदा दैनिक करिब २१०० श्रमिकहरू वैदेशिक रोजगारीमा जाने गरेको तथ्यले नेपालका युवासम्बद्ध नीतिहरू असफल भएको सावित गर्दछ । दैनिक यति ठुलो आकारमा विदेश पलायन हुनु बाध्यता हो, रहर होइन । वि.सं. २०७२ साल वैशाख १२ गतेको महाभूकम्पपछिको पुनर्स्थापना तथा पुनःनिर्माणमा र कोभिड-१९ जस्ता महामारीको अवस्थामा देशमा दक्ष, योग्य, सक्षम युवा जनशक्तिको अभाव खड्किएको प्रस्टै हुन्छ (युवा तथा खेलकुद मन्त्रालय, २०७५) ।

युवा तथा खेलकुद मन्त्रालय (२०७५) ले सिन्धुलीको कमलामाई नगरपालिका र काभ्रोपलाञ्चोकको पनौती नगरपालिकालाई अध्ययन क्षेत्र बनाई युवा रोजगारीको सम्भावनाबारे अध्ययन गरेको थियो । यस अध्ययनको निष्कर्ष अनुसार युवा वर्गको परिचालन गर्ने सवालमा दुवै नगरपालिकाले आंशिक रूपमा नीति तर्जुमा गरेको तर सो नीति कार्यान्वयनका लागि कार्यक्रम बनाउन नसकेको देखाएको छ । ती दुई नगरपालिकाभित्र युवासम्बन्धी अद्यावधिक र प्रमाणिक कुनै तथ्याङ्क नभएको देखिएको छ ।

जिल्लामा युवा समिति गठन भई नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत सदस्य सचिव हुने गरी कार्यालय सञ्चालन भइरहँदा समेत युवाको अवस्थाबारे सूचना व्यवस्थापन नहुँदा युवा लक्षित कार्यक्रम तर्जुमा गर्न कठिन भएको देखिन्छ । तीनै तहका सरकारले युवालाई दिने सेवा सुविधाहरूका बारेमा युवाहरू अनभिज्ञ रहेको र युवाका कार्यक्रम सबै स्थानीय बिचौलियाहरूको नियन्त्रणमा रहेको उक्त अध्ययनको निष्कर्ष छ । राष्ट्रिय युवा नीति, २०७२ र यसका अन्तरसम्बन्धित अन्य नीति तथा कार्यक्रमहरूका बारेमा दूरदराजका युवाशक्तिलाई पर्याप्त ज्ञान नभएको र नीति साक्षरताका लागि कुनै पहल नभएकाले नीति कार्यान्वयनमा थप जटिलता देखिएको पाइन्छ । अतः भविष्यमा युवासम्बन्धी सबै नीति तथा कार्यक्रमहरूको उपयोगिता र युवाका अधिकारहरूलाई बस्तीस्तरसम्म विभिन्न माध्यमबाट प्रसारण गर्नुपर्ने देखिन्छ ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको आ.व. २०८०/८१ को तेस्रो त्रैमासिक प्रगतिको आँकडाअनुरूप कार्यक्रम र बजेटको कार्यान्वयनले कतिपय कार्यक्रममा लक्ष्य भेट्न सकेको देखिँदैन । माइलस्टोन, लक्ष्य, प्रगतिको अवस्था र प्रतिशतमा हेर्दा स्वरोजगारी सिर्जनाको प्रगति जम्मा ५६.७७ प्रतिशत र रोजगारी सिर्जना ७४.४७ प्रतिशत रहेको देखिन्छ (तालिका ९) । यद्यपि, परियोजना तथा व्यावसायिक बीमा भने लक्ष्यको शत प्रतिशत नै हासिल भएको अवस्था रहेको छ । अर्कोतर्फ, सहकारी अध्यक्ष र व्यवस्थापकलाई अनुशिक्षण गर्ने कार्य निकै कमजोर (१२.२९ प्रतिशत) रूपमा कार्यान्वयनमा गएको पाइएको छ । यसले युवा केन्द्रित कार्यक्रममा ऋण मार्फत रोजगार र स्वरोजगार सिर्जना गर्ने कार्यमा लक्ष्यलाई पछ्याउन मुस्किल भएको देखिन्छ ।

### तालिका ९: युवा तथा साना व्यवसायी स्वरोजगार कोषको आ.व. २०८०/८१ तेस्रो त्रैमासिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको प्रगति

| माइलस्टोन | लक्ष्य (जना) | चैत महिनासम्मको प्रगति | प्रतिशत (लक्ष्यको आधारमा) |
|---|---|---|---|
| स्वरोजगारी सिर्जना | १० हजार | स्वरोजगारीका लागि रु. ६३ करोड ५६ लाख कर्जा लगानी गरी ४,२५८ जना स्वरोजगार भएका। | ५६.७७ |
| रोजगारी सिर्जना | ६ हजार | स्वरोजगारीका लागि सञ्चालन गरिएको व्यवसायमा ३,३६२ जनाले थप रोजगार प्राप्त गरेको। | ७४.४७ |
| परियोजना तथा व्यावसायिक बीमा | २,५०० | ४,३८४ जना व्यवसाय र व्यवसायीको बीमा गरिएको। | १०० |
| सहकारी/वित्तीय संस्थालाई कर्जा व्यवस्थापन शुल्क वितरण | २,००० | १,३३६ जना व्यवसायीहरूलाई रु. ६,६८,००० कर्जा व्यवस्थापन शुल्क भुक्तानी भएको | ८९.०७ |
| सहकारीका अध्यक्ष र व्यवस्थापकलाई अनुशिक्षण | १,००० | सहकारी संस्थाका ८२ जना अध्यक्ष र व्यवस्थापकलाई अनुशिक्षण तालिम दिएको। | १२.२९ |

*स्रोतः युवा तथा साना व्यवसायी स्वरोजगार कोष (२०८१)*

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको तथ्याङ्क अनुसार २०६६/०६७ मा जम्मा १२ जनालाई स्वरोजगारीको अवसर प्रदान गरेको र आ.व. २०७९/८० सम्ममा १२ हजार ३६ जनालाई स्वरोजगारीका लागि ऋण प्रदान गरी हालसम्म कुल १ लाख ३ हजार ५ सय ७९ जनालाई स्वरोजगार कार्यक्रममा आबद्ध गरेको देखिन्छ (तालिका १०)। स्वरोजगार कार्यक्रमका लागि बजेट, अभिमुखीकरण तालिम, सीपमूलक तालिम, ब्याज अनुदान, बीमा लगायतका विषयमा राज्यले गरेको लगानीबाट युवाहरूले पाएको प्रतिफल वा उनीहरूको जीवनमा परेको प्रभावको मूल्याङ्कन भने हुन सकेको पाइँदैन।

**तालिका १०: युवा तथा साना व्यवसायी स्वरोजगार कोषको प्रगति विवरण (स्थापना कालदेखि २०८० असार मसान्तसम्म)**

| आ.व. | स्वरोजगार सङ्ख्या (जना) | लगानी रकम रु. निकासा | अभिमुखीकरण तालिम (जना) | सीपमूलक तालिम (जना) | अनुशिक्षण तालिम (जना) | ब्याज अनुदान | | बीमा गरेको सङ्ख्या (जना) | कर्जा व्यवस्थापन शुल्क | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जना | रकम (रु.) | | जना | रकम |
| ०६६/६७ | १२ | १००,०००,००० | - | - | - | - | - | - | - | - |
| ०६७/६८ | ५४६ | १७७,०००,००० | - | - | - | - | - | - | - | - |
| ०६८/६९ | ४,२०६ | ६५७,०५०,००० | - | ४,५८९ | - | - | - | - | - | - |
| ०६९/७० | १०,०२५ | १,४६७,२००,००० | १७,०२३ | - | १,२८९ | - | - | - | - | - |
| ०७०/७१ | १०,६८० | ८४३,७९०,००० | ११,५०० | ३,१५६ | १०२ | - | - | १५,८५८ | - | - |
| ०७१/७२ | २,८९६ | २१५,५९५,००० | २,७६२ | - | १२८ | - | - | १,०२६ | ४,२११ | २,१०५,५०० |
| ०७२/७३ | २,५९७ | ३६६,०६५,००० | २,६६२ | - | ३४० | ६४१ | ४,८६६,९८७.७३ | ४,४२७ | ७,०६७ | ३,५३३,५०० |
| ०७३/७४ | ७,५९५ | १,०९३,६१५,००० | ७,१९८ | ६५८ | ८६५ | १,६६७ | १७,१०८,४८०.७७ | ४,७८९ | १,१४६ | ५७३,००० |
| ०७४/७५ | १७,०३९ | २,३५०,८१०,००० | ० | - | ९५७ | ५,७०३ | ५८,१५५,८२१ | १४,५७१ | १,५७९ | ७८९,५०० |
| ०७५/७६ | १२,८४० | १,५२१,७००,००० | ८३० | - | ५२० | ४,१९२ | ४०,५९०,१४४.९४ | ९,१२९ | १,३२५ | ६६२,५००० |
| ०७६/७७ | ५,२०२ | ७२४,८६०,००० | ५८८ | - | ३४८ | ३५९ | ३,९७४,१२६.१३ | ५,६९४ | १,५१० | ७५५,००० |
| ०७७/७८ | ५,७६६ | ३८७,७५०,००० | ० | ८४०३ | २२२ | १९ | २४०,५३८.८० | २,३१४ | २,५९९ | १,२९९,५०० |
| ०७८/७९ | १२,१३९ | २,०३१,६५०,००० | ० | ३७ | ९१५ | १,४८१ | २०,९१९,२५४.२० | ७,५४६ | २,९०७ | १,४५३,५०० |
| ०७९/८० | १२,०३६ | १,४१३,४५०,००० | - | - | ८९३ | १,००६ | १६,४३१,४९०.०१ | १०,१३० | ३,६०१ | १,८००,५०० |
| जम्मा | १०३,५७९ | १३,३५०,५३५,००० | ४२,५६३ | ८,४४० | ६,५७९ | १५,०६८ | १६२,२८६,८४३.५८ | ७५,४८४ | २५,९४५ | १२,९७२,५०० |

*स्रोतः युवा तथा साना व्यवसायी स्वरोजगार कोष, २०८१*

### ३.२.४ युवा विकास सूचकाङ्क

सन् २०१६ को विश्व युवा विकास सूचकाङ्कमा नेपाल ७७औँ स्थानमा परेको थियो। राष्ट्रिय युवा नीति, २०७२ लागु हुनुपूर्व सन् २०१६ मा र लागु भएपछिको अवस्थाको प्रतिनिधित्वस्वरूप सन् २०२३ मा नेपाल लगायत केही मुलुकको युवा विकास सूचकाङ्कको अवस्था तालिका ११ मा प्रस्तुत गरिएको छ।

**तालिका ११: विश्व युवा विकास सूचकाङ्कमा नेपालको अवस्था**

| क.सं. | देश | युवा विकास सूचकाङ्क मान | | युवा विकास सूचकाङ्क स्थान | |
|---|---|---|---|---|---|
| | | २०१६ | २०२३ | २०१६ | २०२३ |
| १ | जर्मनी | ०.८९४ | ०.८२८ | १ | १२ |
| २ | अष्ट्रेलिया | ०.८३८ | ०.७८६ | ३ | ११ |
| ३ | जापान | ०.८१५ | ०.७९७ | १० | ४० |
| ४ | क्यानडा | ०.८०९ | ०.७८६ | १४ | ५२ |
| ५ | अमेरिका | ०.७७५ | ०.७५७ | २३ | ७६ |
| ६ | कतार | ०.६५० | ०.८०३ | ७५ | ३३ |
| ७ | नेपाल | ०.६४७ | ०.७१७ | ७७ | १०८ |
| ८ | दक्षिण अफ्रिका | ०.५६० | ०.६७५ | १२६ | १४१ |
| ९ | बङ्गलादेश | ०.४९२ | ०.६७८ | १४६ | १३८ |
| १० | पाकिस्तान | ०.४७० | ०.६४३ | १५४ | १६२ |

*स्रोतः Commonwealth Secretariat (2024); सिलवाल (२०७४)*

युवा विकास सूचकाङ्क, २०१६ अनुसार अन्य विकासशील देशहरू जस्तैः बङ्गलादेश, पाकिस्तान आदिको तुलनामा नेपालको अवस्था राम्रो देखिएको थियो। तर, २०२३ सम्म आइपुग्दा नेपालको स्थान खस्किएको छ। यस्तो अवस्था हुनुको कारण मूलतः कोभिड-१९ ले पारेको सामाजिक-आर्थिक प्रभावलाई मान्न सकिन्छ। तर वास्तविकतामा, नेपालको युवा जनसङ्ख्याको ठुलो हिस्सा देशभित्र उत्पादनमुखी र सीपयुक्त क्रियाकलापमा लाग्न नसक्नु यसको मुख्य कारण हुन सक्दछ। यस विषयमा भने अध्ययन र विश्लेषण भएको पाइँदैन।

### ३.२.५ स्थानीय तहको निर्वाचन २०७४ र २०७९ मा युवा वर्गको प्रतिनिधित्वको अवस्था

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (१० डिसेम्बर, १९४८), नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ लगायतका अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूमा हरेक नागरिकलाई स्वतन्त्र रूपमा निर्वाचनमा भाग लिन पाउने अधिकार प्रत्याभूत गरिएको छ। यसै बमोजिम नेपालको स्थानीय तहको निर्वाचन, २०७४ र २०७९ मा सम्पन्न निर्वाचनमा युवा वर्गको प्रतिनिधित्वको वर्तमान अवस्थाले राजनीतिक नेतृत्व तथा शासन व्यवस्थामा उनीहरूको प्रवेशलाई झल्काउँछ।

वि.सं २०७४ को स्थानीय निर्वाचनमा करिब ४० प्रतिशत जनप्रतिनिधिहरू २१ वर्षदेखि ४० वर्ष उमेर समूहका रहेका थिए। त्यसपछि पाँच वर्षको अन्तरालमा भएको आवधिक निर्वाचन, २०७९ मा सोही उमेर समूहका युवाको प्रतिनिधित्व करिब ४१ प्रतिशत भएको पाइन्छ।

स्थानीय तह निर्वाचन, २०७४ मा २१ देखि ४० वर्ष समूहमा रहेका पालिका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र सदस्यहरूको उम्मेदवार प्रतिशत कुल ३९.९ प्रतिशत हुँदा सोही पदहरूमा ४१ देखि ६० वर्ष उमेरको नै बाहुल्य अर्थात् ५३.०५ प्रतिशत रहेको देखिन्छ। यस्तै, ६० वर्षभन्दा माथिका उम्मेदवारहरूको सङ्ख्या ७.८६ प्रतिशत रहेको छ। यसले युवाहरूको राजनैतिक प्रतिनिधित्वमा रहेको चित्रलाई स्पष्ट पार्दछ।

त्यसैगरी, स्थानीय तह निर्वाचन, २०७९ मा ३० वर्ष उमेर समूहका १६ हजार ३ सय ७२ उम्मेदवार र ३१ वर्षदेखि ४० वर्ष उमेर समूहका ४३ हजार ४ सय ४२ जना उम्मेदवारहरू प्रतिस्पर्धामा उत्रिएका थिए। निर्वाचन आयोगले सार्वजनिक गरेको परिणाम अनुसार उक्त निर्वाचनमा निर्वाचित एक तिहाइभन्दा बढी स्थानीय जनप्रतिनिधिहरू युवा वर्गका छन्। यिनीहरूमध्ये २१ देखि ४० वर्ष उमेर समूहका ४१.१९ प्रतिशत जनप्रतिनिधिहरू निर्वाचित भएका थिए। युवाको परिभाषा र निर्वाचनमा उम्मेद्वारी दिने उमेर समूहमा बाझिएको अवस्था देखिन्छ। युवालाई १६ वर्षको उमेरदेखिनै परिभाषामा राखिनु र उम्मेदवारी दिने उमेर कम्तीमा १८ हुनुले राजनीतिक रूपमा उम्मेदवार हुन युवा बालिग मात्र भएर नहुने, बरू अलिक परिपक्व हुनुपर्दछ भन्ने बुझ्न सकिन्छ।

# परिच्छेद ४

# राष्ट्रिय युवा नीति, २०७२ को समीक्षा

नीति अनुसन्धान प्रतिष्ठानले "सार्वजनिक नीति समीक्षाका आयाम र विषयवस्तु" नामक नीति समीक्षाको मार्गदर्शन प्रकाशित गरी नीति समीक्षाका लागि आधारभूत खाका तयार गरेको सन्दर्भमा राष्ट्रिय युवा नीति, २०७२ लाई सोही मार्गदर्शनका आधारमा समीक्षा तथा विश्लेषण गर्ने कार्य गरिएको हो। नीति समीक्षाको सबैभन्दा पहिलो र अनिवार्य सर्त परिवेशको समीक्षालाई मानिन्छ। नीति निर्माण गरिएको, र कार्यान्वयन तथा यसको प्रतिफल प्राप्त गरिएको समय, सन्दर्भ र परिवेशलाई आकलन गरेर मात्र नीतिको वास्तविक चित्रण हुन सक्दछ। यसपश्चात् परिवर्तित समय, सन्दर्भ र परिवेशलाई सम्बोधन गर्ने उपायका साथ नीतिको समीक्षा र सुधारको खाका प्रस्तुत गरिन्छ।

## ४.१ नीतिको परिवेश र समीक्षा

राष्ट्रिय युवा नीति २०६६ लाई खारेज गरी नयाँ राजनैतिक, सामाजिक, आर्थिक र नयाँ नेपाल निर्माणको परिकल्पनासँगै राष्ट्रिय युवा नीति, २०७२ कार्यान्वयनमा आएको हो। सङ्घीय गणतन्त्रात्मक शासन पद्धति तथा संविधान प्रदत्त अधिकारहरूको उपयोग र आम युवाहरूको परिचालन मार्फत देश निर्माणमा लाग्न अभिप्रेरित गर्ने उद्देश्यले यो नीति तयार भएको हो। नीति तयार भएको परिवेश र पृष्ठभूमि सान्दर्भिक भए तापनि झन्डै एक दशक पुग्न लाग्दा नीतिले लिएको उद्देश्य समयानुकूल बनाउनुपर्ने आवश्यकता एकतातिर देखिएको छ भने अर्कोतिर आम युवाहरूलाई देश विकासमा सहभागी बनाउन नयाँ रणनीति तथा कार्यनीतिहरू तयार गनुपर्ने आवश्यकता छ। देशमा युवाका लागि उचित रोजगारी, उद्योग तथा कलकारखानाको विस्तार, उद्यमशीलताको वातावरण र पुँजीगत सहजीकरण हुन नसक्दा युवाहरूमा चुलिँदो निराशालाई कम गर्दै कर्मयोगी युवा बनाउन नसकेको अवस्था छ। परिवेश बदलिएअनुरूप युवाको चाहना र आकाङ्क्षालाई सम्बोधन भएको परिस्थिति देखिँदैन।

## ४.२ नीतिको संरचना र विषयवस्तुको प्रस्तुति

नीति निर्माणको प्रक्रिया बहुपक्षीय र बहुसरोकारवालाको समन्वयमा हुनुका साथै क्षेत्रगत रूपले धेरै निकायहरूसँग अन्तरसम्बन्धित रहेको हुन्छ। नीति निर्माणको विधि र प्रकियामा समरूपता नहुँदा धेरै नीतिहरूमा संरचनागत र विषयवस्तुगत पक्ष नमिलेको देखिनु स्वभाविक हो। राज्यले नीति निर्माणको प्रकियालाई प्रमाणमा आधारित र वस्तुगत बनाउने नीति अपनाएको धेरै समय नभए तापनि अब निर्माण हुने नीतिहरूले यस पक्षलाई विशेष ध्यान दिँदै गएको पाइन्छ। यसरी नीतिलाई निश्चित विधि र पद्धतिअनुरूप निर्माण गर्नाले नीतिको संरचना र विषयवस्तुमा स्पष्टता देखिँदै जान्छ र कार्यान्वयनमा समेत सहजता हुन्छ।

नीतिको मार्गदर्शनका प्रमुख अङ्गहरू मानिएका नीति प्रावधान, रणनीति तथा कार्यनीतिहरूको सन्दर्भमा राष्ट्रिय युवा नीति, २०७२ लाई औसत रूपमा प्रस्तुत भएको मान्न सकिन्छ। पृष्ठभूमि, परिभाषा, वर्तमान स्थिति, समस्या तथा चुनौती, नीतिको आवश्यकता, दूरदृष्टि, लक्ष्य र उद्देश्यहरूको सान्दर्भिक प्रस्तुति गरिएको भए तापनि परिवर्तित परिवेशअनुरूप केही विषयवस्तुहरू अपुग भएको देखिन्छ । संरचनागत रूपमा हेर्दा, सङ्घीयदेखि स्थानीय सरकारसम्म र बहुनिकायहरूको संलग्नता रहने गरी राष्ट्रिय युवा नीति, २०७२ अख्तियार गरिएको छ । यसले संरचनागत समन्वय र सहकार्यको आवश्यकता दर्साउँछ ।

साथै, नीति प्रावधानमा तय गरिएका विषयले धेरैभन्दा धेरै पक्षहरू समेट्ने प्रयास गरेको सन्दर्भमा त्यसका रणनीति तथा कार्यनीतिलाई समयानुकूल कार्यान्वयन गर्न संयन्त्रहरूको विकास गर्न कठिनाइ रहेको देखिन्छ । यस्ता कठिनाइहरू मूलतः कानुनी, संरचनागत, आर्थिक तथा समन्वयात्मक पक्षहरूमा रहेको यस समीक्षाले ठहर गरेको छ र ती कठिनाइ र समस्यालाई समाधान गर्ने र सुधार गर्ने विषय केलाउने प्रयास गरिएको छ। यस्तै अन्तरनीति, अन्तरतह तथा अन्तरनिकाय समन्वय, र सम्भाव्य जोखिम पूर्वानुमान र व्यवस्थापन लगायतका विषयहरू समेटी समय सान्दर्भिक राष्ट्रिय युवा नीति बनाउन सकेको देखिँदैन ।

नीति समीक्षाको बहुपक्षीय आधारहरूमध्ये अर्को आधार नीति निर्माणको विषय पहिचान र निर्धारण पनि हो । विषय पहिचान र छनोट विधिमा अनुसन्धानात्मक तथा प्रकियागत चरणहरू पार गर्दै तार्किक निष्कर्षमा पुग्नुपर्दछ। राष्ट्रिय युवा नीति, २०७२ को सन्दर्भमा निर्धारित विधिको प्रयोग भएनभएको उल्लेख छैन । तथापि, नीतिको आवश्यकता अन्तर्गत समसामयिक सन्दर्भहरू उठाइएको छ । यसैगरी नीतिले विषयहरूको प्राथमिकीकरण समेत गरेको छ। नीतिको प्रभावकारी कार्यान्वयनका लागि विषयको उचित प्राथमिकीकरण हुनु अनिवार्य सर्त हो। शिक्षा, रोजगारी, स्वास्थ्य र सामाजिक सुरक्षा, युवा सशक्तिकरण तथा नेतृत्त्व विकास, सहभागिता र परिचालन, कला, साहित्य, संस्कृति, खेलकुद र मनोरञ्जन लगायतका विषयहरू यस नीतिमा प्राथमिकीकरण गरिएको छ ।

समग्रमा, यस नीति समीक्षाका क्रममा देखिएका र नीति समीक्षाको मार्गदर्शनले निर्देशित गरेका विषयका आधारमा नीति परिवेशको समीक्षा, नीति संरचना र विषयवस्तुको प्रस्तुतिजस्ता महत्त्वपूर्ण पक्षमा नीति निर्माण गर्दा उपयोग गरिएका क्रियाकलाप र प्रकियाका बारेमा स्पष्ट किटान गरेर उल्लेख गर्ने गरेको पाइँदैन। यसले नीति समीक्षाका क्रममा थप स्पष्टता प्रदान गर्न कठिनाइ भएको छ ।

नीतिमा स्पष्ट प्रावधान, दोहोरो अर्थ नलाग्ने र विशिष्ट खालका विषय मात्र समेट्नुपर्नेमा सो हुन नसकेकाले यसलाई बुझ्न र कार्यान्वयनमा लैजान समेत समस्या सिर्जना हुने गरेको छ । नीतिगत प्रावधानहरू प्रभावकारी बनाउन सामान्यीकरणभन्दा विशिष्टीकरणमा ध्यान दिन आवश्यक देखिन्छ। "व्यापक लगानी गरिनेछ" जस्ता अमूर्त अभिव्यक्तिहरूभन्दा ठोस कार्यनीति र स्पष्ट लक्ष्यहरू राख्दा मात्र नीति व्यवहारमा लागु गर्न सकिने हुन्छ । यसका लागि, सबै तहका सरकारी निकायहरूले युवामैत्री नीति, कार्यक्रम, रणनीति र बजेटलाई अनिवार्य रूपमा समावेश गर्नुपर्छ भन्ने प्रावधानलाई बलियो बनाउनुपर्छ । संघ, प्रदेश र स्थानीय तहका कार्यक्रमहरूमा स्वरोजगारी सिर्जना, मानसिक स्वास्थ्य परामर्श, नेतृत्व क्षमता

विकास जस्ता व्यावहारिक विषयलाई प्राथमिकतामा राख्न सकेको पाइँदैन। आगामी वर्षको बजेट निर्माण प्रक्रियामा युवाको सहभागिता सुनिश्चित गर्न केही महिना अघिदेखि प्रदेश र राष्ट्रिय स्तरमा छलफल तथा परामर्श कार्यक्रम सञ्चालन गरी युवाबाट सङ्कलित सुझावलाई नीति निर्माण र बजेट तर्जुमाको आधार बनाइनुपर्नेमा त्यसो गरेको देखिँदैन। यस्तै, अन्तरमन्त्रालय युवा समूहका कार्यक्रमहरू कुन क्षेत्रमा कति प्रभावकारी रूपमा कार्यान्वयन भएका छन् भन्ने विषयमा नियमित अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था र त्यसको अभिलेखीकरण गर्ने परम्परा मजबुत बन्न सकेको देखिँदैन।

नीति मस्यौदा गर्दादेखि नै एक स्थापित विधि र पद्धति अपनाई गरिने नीति निर्माणले वस्तुगत र प्रमाणमा आधारित नीति निर्माणमा सहयोग पुग्नुका साथै समीक्षा र मूल्याङ्कनका लागि समेत मजबुत आधार तयार गर्दछ। यसबाट नीतिमा प्रस्तुत हुने सामान्य खालका विषयभन्दा पनि विशिष्टीकृत विषय र प्राथमिकताका क्षेत्रहरू समेट्न आवश्यक मद्दत पुग्दछ।

## ४.३ नीतिका विषयवस्तुको सबल र दुर्बल पक्ष

यस खण्डमा राष्ट्रिय युवा नीति, २०७२ को संरचना र विषयवस्तुलाई नीति अनुसन्धान प्रतिष्ठान (२०७९) ले तर्जुमा गरेको सार्वजनिक नीति समीक्षाका आयाम र विषयवस्तुले दिएको मार्गदशर्नमा आधारित रहेर विश्लेषण गर्नुका साथै नीतिका लक्ष्य, उद्देश्य, नीति प्रावधान, रणनीति, कार्यनीति, संस्थागत संरचना, आर्थिक पक्ष, क्षेत्रगत प्रावधानहरू, मानवीय तथा वित्तीय स्रोतहरू लगायत अनुगमन तथा मूल्याङ्कनको विधिलाई केन्द्रमा राखेर आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ। नीति प्रावधानसँग सम्बद्ध तथ्याङ्कहरूको विश्लेषण, सार्वजनिक नीति संवादमा प्रस्तुत विज्ञका धारणाहरू, मुख्य सूचनादाताबाट प्राप्त रायहरू, युवा परिषद् लगायतका संस्थागत निकायहरूको प्रतिवेदन अध्ययन, लेखकहरूद्वारा गरिएको साहित्य समीक्षा आदिबाट प्राप्त जानकारी तथा टिप्पणीलाई आधार मानेर नीतिका विषयवस्तुभित्र समेटिएका बहुआयामिक पक्षहरू र तिनीहरूका सबल तथा दुर्बल पक्षलाई केलाउँदै सुझाव प्रदान गरिएको छ।

### तालिका १२(क)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः पृष्ठभूमि

| नीति खण्ड | सबल पक्ष | दुर्बल पक्ष |
|---|---|---|
| पृष्ठभूमि | तर्क र तथ्यमा अधारित, दर्शन र सिद्धान्तको जगमा अडिएको, युवा नीति, २०६६ को समीक्षापश्चात् प्राप्त सुझावहरूको आधारमा तर्जुमा गरिएको | पृष्ठभुमिमा युवाले भोग्दै आएको चुनौती र समस्याहरूको उठान गर्न नसकेको, उत्पादन तथा रोजगारीका पक्षहरू समावेश गर्न नसकेको,<br>अन्तर्राष्ट्रिय स्तरमा सर्वमान्य युवाको परिभाषा समावेश नगरेको |

| नीति खण्ड | सबल पक्ष | दुर्बल पक्ष |
|---|---|---|
| **सुझाव**<br>▸ नीति दर्शनले युवा नीति के, किन, कसलाई र कसरी जस्ता प्रश्नहरू उठाउने हुनाले यिनै प्रश्नको जगमा पृष्ठभूमि तयार गुर्नपर्ने,<br>▸ युवासँग सम्बन्धित अद्यावधिक प्रमाण, तथ्य, तर्क, नीति दर्शन र सिद्धान्तहरूको जगमा रहेर पृष्ठभूमि तयार गर्नुपर्ने,<br>▸ वर्तमान नेपालमा युवाले भोग्दै आएका समस्याहरू जस्तैः प्रतिभा प्रलायन, युवा पलायन, बौद्धिक पलायन, बेरोजगारी, गरिबी, सिमान्तकृत, बहिष्करण, निराशा, कुण्ठा, कुलत र लागुऔषधमा संलग्नता, युवा र बसाइँसराइ, युवा र सहभागिता, युवा र समृद्धि, युवा र राजनीति, युवा र कृषि, युवा र पर्यटन, युवा र ऊर्जा, युवा र नेतृत्व, युवा र सामाजिक उद्यमशीलता, युवा र जलवायु परिवर्तन, युवा र नवप्रर्वतन, युवा र सामाजिक सुधार आदि क्षेत्रमा देखिएका समस्या, सवाल र चुनौतीहरूको जगमा रहेर पृष्ठभुमि तयार गर्नुपर्ने (युएनडीपी, २०१८)। | | |

## तालिका १२(ख)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः परिभाषा

| नीति खण्ड | सबल पक्ष | दुर्बल पक्ष |
|---|---|---|
| परिभाषा | युवा वर्गको स्पष्ट परिभाषा दिएको | युवाहरूको उमेर अुनसार इच्छा, चाहना, आवश्यकता र रुचिमा भिन्नता आउने हुँदा नीतिले उमेरको ठुलो अन्तरलाई (१६-४०) एउटै समूहमा राखी परिभाषा गर्नु न्यायोचित देखिँदैन। जस्तैः १६ देखि २२ वर्ष उमेर समूहको युवा र ३५ देखि ४० वर्ष उमेर समूहका युवाका समस्या र रुचिलाई एकै ठाउँमा राखेर सामान्यीकरण गर्न सकिँदैन। |
| **सुझाव**<br>▸ युवाको परिभाषालाई थप विस्तृत गरिनुपर्ने र विभिन्न वर्ग/अवस्था/जात/लिङ्गका व्यक्तिहरूलाई समेट्नुपर्ने। | | |

## तालिका १२(ग)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः समस्या तथा चुनौती

| नीति खण्ड | सबल पक्ष | दुर्बल पक्ष |
|---|---|---|
| समस्या तथा चुनौती | युवा शक्तिले भोग्दै आएको वर्तमान सामाजिक, आर्थिक, सांस्कृतिक र स्थलगत समस्याहरू फेहरिस्त प्रस्तुत गरिएको | समस्या र चुनौतीलाई एउटै मान्यतामा राखेर वर्णन गरिएको,<br>समस्यालाई प्रमाणविना नै उठान गरिएको, कमजोर तथ्य र तर्कका आधारमा समस्या लेखन भएको,<br>नेपाली समाजमा युवाका अगाडि समृद्धिका लागि प्रचुर सम्भावना र अवसरहरू छन् भनी समस्या र चुनौतीसँगै व्याख्या गरिएको जुन तथ्यपरक नभएको,<br>समस्या र चुनौतीलाई क्षेत्रगत रूपमा के, कति र कुन अवस्थामा छ भनी तथ्य र तथ्याङ्कमा प्रस्तुत नगरिएको,<br>समस्याका कारणहरूको कुनै आधार प्रस्तुत नगरिएको, किन ती समस्याहरू आए ? ती समस्याहरूको उत्पत्तिको विन्दु के हो ? यी प्रश्नहरू अनुत्तरित देखिएको । |

**सुझाव**

- वर्तमान श्रम बजारमा युवा शक्तिले भोग्दै आएका चुनौती र समस्याहरूको प्रमाणसहित उठान गर्नुपर्ने,
- समस्या, चुनौती, सम्भावना, र अवसरहरूलाई फरक फरक शीर्षकमा सुस्पष्ट हुने गरी विश्लेषण र वर्णन गर्न सकेमा मात्र योजना, नीति तथा कार्यक्रमहरूको तर्जुमा गर्दा उक्त नीतिगत औजारहरू कार्यान्वयन गर्न सजिलो हुने,
- नीति बहस गर्दा यदि विद्यामान समस्यालाई नीतिगत तरिकाले सम्बोधन गर्न नसकेमा आउन सक्ने थप जटिलता र परिणामहरूको समेत उल्लेख गर्नुपर्ने ।

## तालिका १२(घ)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः युवा नीतिको आवश्यकता

| नीति खण्ड | सबल पक्ष | दुर्बल पक्ष |
|---|---|---|
| युवा नीतिको आवश्यकता | नेपालको सार्वभौमसत्तालाई अक्षुण्ण राख्दै राजनीतिक, आर्थिक, सामाजिक, तथा सांस्कृतिक रूपान्तरणमा युवा नेतृत्वको सम्भावनालाई मूर्तरूप दिने शसक्त शक्ति युवा हो भन्ने वस्तुगत यथार्थको जगमा रहेर नीतिको निर्माण गरिएको,<br>शासन सञ्चालनमा युवाको सक्रिय सहभागिता र नेतृत्वदायी भूमिका अपरिहार्य भएको यर्थाथलाई उजागर गरेको । | आर्थिक रूपान्तरण र सामाजिक परिवर्तनभन्दा राजनीतिक आन्दोलनमा युवाले खेलेको भूमिकामा मात्र केन्द्रित भएर युवाको भूमिकालाई व्याख्या गरेको,<br>युवाको भूमिकालाई परम्परागत शैलीमा व्याख्या गर्न खोजिएको, आधुनिक ज्ञान पुँजी, र यसका लागि वर्तमान विश्व जगतमा आवश्यक ज्ञानका आयामहरूका बारेमा मौन रहेको । |

**सुझाव**

निम्नलिखित पक्षहरू समावेश गर्नुपर्नेः

- युवा शक्तिमा ज्ञान आर्जन गर्ने जोस, जाँगर र दृढता उच्च हुने भएकाले अर्थतन्त्रमा उपलब्ध युवा पिंढीलाई ज्ञान आर्जनको मार्गमा रूपान्तरण गर्नपर्ने,
- वर्तमान प्रविधियुक्त वैश्विकरणको युगमा जुन देशसँग ज्ञान छ, त्यो नै शक्तिशाली र धनी मानिने भएकाले अबको युवा नीतिले मूलतः विश्वबजारको मागमा आधारित ज्ञान भएको युवाको विकास गर्नेतर्फ मार्गदर्शन प्रदान गर्न,
- लर्निङ जेनेरेसन (२०१८) को रिपोर्ट अनुसार, 'सन २०३० सम्ममा अहिले भएको ५० प्रतिशत रोजगारी अटोमेसन र कृत्रिम बौद्धिकताले विस्थापित गर्ने छन्' । यस प्रकारको प्रभावबाट नेपाली समाज पनि अछुतो नहुने हुँदा सोको तयारी गर्न,
- नेपालको मूलधन युवाशक्ति मानिएकाले ती युवाशक्तिलाई उद्यमशीलता, उत्पादन, प्रविधि, शिक्षा, राजनीति, सामाजिक-सांस्कृतिक रूपान्तरण, ज्ञानको निर्माण, विकास र विस्तारमा अधिकतम परिचालन गरी आत्मनिर्भर विकासको मोडेल अवलम्बन गर्न,

## तालिका १२(ङ)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः दूरदृष्टि

| नीति खण्ड | सबल पक्ष | दुर्बल पक्ष |
|---|---|---|
| दूरदृष्टि | समष्टिमा युवाको परिचालनबाट राष्ट्रले प्राप्त गर्न सक्ने उपलब्धिको उठान गरेको | लामो वाक्य,<br>मापन गर्न नसकिने,<br>युवाको नेतृत्वदायी भूमिकामा बढी जोड दिइएको। |

**सुझाव**

- दीर्घकालीन सोच र लामो समयको प्रयासबाट भविष्यमा हासिल गर्न चाहेको समृद्धिको आदर्श अवस्थाको परिकल्पना गरी तय हुनुपर्ने,
- विद्यमान सामाजिक, आर्थिक, राजनीतिक, जानसाङ्ख्यिक, वातावरणीय तथा विश्वपरिवेशमा हुँदै गरेका परिघटनाहरूको गहन अध्ययन र विश्लेषणपश्चात् राष्ट्रले चाहेको परिवर्तनलाई मध्यनजर गरी नीतिको दूरदृष्टि तर्जुमा गर्नुपर्ने,
- मष्तिस्कमन्थन, सबै सरोकारवालाहरूसँगको अर्थपूर्ण परामर्श र कार्यशाला गोष्ठीको प्रक्रियाबाट दीर्घकालीन सोच तयार गर्नुपर्ने,
- मापनयोग्य, छोटो-छरितो, सङ्क्षेपमा सबैले बोध गर्न सक्ने खालको, र साध्य तथा साधन प्रस्ट उल्लेख भएको हुनुपर्ने (राष्ट्रिय योजना आयोग, २०७७),
- मुलकको समग्र परिवेश र युवाको आवश्यकता, दक्षता, क्षमता, चाहना र अपेक्षाको प्रतिनिधित्व हुने गरी निर्धारण गर्नुपर्ने ।

## तालिका १२(च)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः लक्ष्य

| नीति खण्ड | सबल पक्ष | दुर्बल पक्ष |
|---|---|---|
| लक्ष्य | युवाको सहभागिता, क्षमता र नेतृत्व विकास तथा मूलप्रवाहिकरणमा युवाको भूमिकाजस्ता समसामयिक विषयवस्तुको उठान गरेको | अबोधगम्य, मापन गर्न कठिन देखिने साथै लक्ष्य तर्जुमाको आधारभूत नियम र मार्गदर्शनभन्दा फरक तरिकाले निर्माण गरिएको |

**सुझाव**

- लक्ष्य भनेको नीतिको कार्यान्वयनपश्चात् पुग्ने गन्तव्यका विन्दुहरू हुन् (राष्ट्रिय योजना आयोग, २०७७), अतः नीतिले लिने लक्ष्यहरूलाई दूरदृष्टिसँग सन्निकट हुने गरी र गुणात्मक र सङ्ख्यात्मक रूपमा सजिलै मापनयोग्य हुने गरी तयार गर्नुपर्ने,

| नीति खण्ड | सबल पक्ष | दुर्बल पक्ष |
|---|---|---|
| ▸ नीतिको कार्यान्वयनपश्चात् प्राप्त हुने अन्तिम प्रतिफल (output), परिणाम (outcome) र प्रभाव (impact) समेटिने गरी सकेसम्म छोटो वाक्यमा लेख्नुपर्ने,<br>▸ जुनसुकै योजना र नीतिका लक्ष्यहरू लेख्दा अन्तिममा 'ने' मा टुङ्ग्याउने गरी लेख्नुपर्ने (राष्ट्रिय योजना आयोग, २०७७),<br>▸ युवाको विषयसँग अन्तरसम्बन्धित अन्य क्षेत्रगत र विषयगत नीतिहरूले लिएका लक्ष्य, संविधानको मूलमर्म, राज्यका निर्देशक सिद्धान्त र नीतिहरू, दिगो विकास लक्ष्यले अङ्गीकार गरेका प्रतिबद्धताहरू, तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय सवालहरूलाई आधार मान्दै युवा नीतिको लक्ष्य तयार गर्नुपर्ने । | | |

## तालिका १२(छ): राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः उद्देश्य

| नीति खण्ड | सबल पक्ष | दुर्बल पक्ष |
|---|---|---|
| उद्देश्य | राष्ट्रिय विकास, लोकतन्त्र, सङ्घीयता, मानव अधिकार, सहभागिता, युवामा निहित सिर्जनशीलता, उद्यमशीलता, श्रमको सम्मान, मूलप्रवाहीकरण र अन्वेषणात्मक क्षेत्रमा युवाहरूको क्षमता वृद्धि गर्दै रचनात्मक प्रयोग गर्ने उद्देश्य अङ्गीकार गरेको | दूरदृष्टि, लक्ष्य र उद्देश्यबिच सङ्गतिपूर्ण विन्यास नभएको, जस्तैः<br>▸ उद्देश्य १ मा उल्लेख भएको सम्भाव्यताको अध्ययन नीतिले अङ्गीकार गरेको दूरदृष्टि, र लक्ष्यभन्दा बाहिर रहेर तयार गरिएको,<br>▸ उद्देश्य ७ ले परिभाषा खण्डका क र ख वर्गका युवाहरूमा मात्र सकारात्मक विभेदको अवसर दिँदै ग, घ, ङ, च र छ वर्गका युवाहरूलाई उक्त अवसरबाट बञ्चित गरेको । |
| **सुझाव**<br>▸ नीतिको उद्देश्यले उक्त नीति कार्यान्वयनबाट के हासिल हुन्छ भन्ने दर्साउने भएकाले उद्देश्य लेख्दा नीतिले अङ्गीकार गरेको सोच/दूरदृष्टि र लक्ष्यको दायराभित्र रहेर तयार गर्नुपर्ने,<br>▸ विश्वनागरिक, प्राविधिक, स्वगति सिकाइ, सिर्जनशिलता, आत्मविश्वास, अन्तरवैयक्तिक, समावेशी, समस्या समाधान तथा सहकार्य र जीवनपर्यन्त सीपको विकास गर्ने गरी उद्देश्यहरू निर्माण गुर्नपर्ने । | | |

## तालिका १२(ज)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः नीति

| नीति खण्ड | सबल पक्ष | दुर्बल पक्ष |
|---|---|---|
| नीति | सबै विषयलाई समेट्ने प्रयास गरेको | नीति कार्यान्वयनयोग्य हुनपर्ने तर कतिपय नीति अस्पष्ट र कार्यान्वयन गर्न जटिल देखिन्छन, जस्तैः<br>➢ नीति २३ मा दलित युवालाई अतिरिक्त अधिकारसहित राज्यको सेवासुविधा प्राप्त हुने तथा रोजगार र स्वरोजगार हुने वातावरण तयार गरिनेछ भनी उल्लेख गरेको छ तर कसरी उक्त वातावरण बनाउने भन्न स्पष्ट नभएको, |

**सुझाव**

- नीतिलाई छोटकरीमा सजिलसै सबैले बुझ्ने र कार्यान्वयन गर्न सकिने बनाउनुपर्ने,
- मुलुकभरी नै युवाहरूको उमेर समूह अनुसार उनीहरूको चाहना, रुचि र क्षमताको पहिचान गर्न सर्वेक्षण गरी सोहीअनुरूपका कार्यक्रमहरू सञ्चालन गर्न सकेमा माग र पूर्तिबिच सामञ्जस्यता कायम गर्न सकिने ।

## तालिका १२(झ)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः रणनीति तथा कार्यनीति

| नीति खण्ड | सबल पक्ष | दुर्बल पक्ष |
|---|---|---|
| रणनीति तथा कार्यनीति | ➢ दूरदृष्टि, लक्ष्य, उद्देश्य र नीतिका आधारमा रणनीति र कार्यनीतिको तर्जुमा गरिएको,<br>➢ सबै मन्त्रालय, निजी क्षेत्र, नागरिक समाज र गैरसरकारी संस्थाहरूले गर्न सक्ने कार्यलाई समेटेको । | नीति र रणनीतिहरूबिच सिलसिलेवार प्रस्तुति नभएको, जस्तैः<br>➢ नीति १ मा युवालाई परिवर्तनका संवाहक र दिगो विकासका उत्प्रेरक शक्तिका रूपमा विकास गर्न राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, लोकतन्त्र र मानव अधिकारका आधारभूत सिद्धान्त एवम् मूल्य-मान्यताहरू बोध गराउने कार्यक्रमहरू सञ्चालन गरिने छन् भनी लेखिएको तर पहिलो रणनीति शिक्षा क्षेत्रमा मात्र केन्द्रित रहेको,<br>➢ रणनीति र कार्यनीतिलाई एउटै भाषा र बुँदामा लेखिएको जुन सर्वव्यापी मान्यता र नीति मार्गदर्शन अनुसार नभएको,<br>➢ अत्यन्तै बोझिलो, बृहत्, सम्पन्न गर्न नसकिने, दोहोरो अर्थ लाग्ने, |

| नीति खण्ड | सबल पक्ष | दुर्बल पक्ष |
|---|---|---|
| | | ▸ मन्त्रालय, विभाग, प्रदेश र स्थानीय सरकार, निजीक्षेत्र, नागरिक समाज तथा गैरसरकारी संस्थाहरूका लागि हुनुपर्ने पृथक र स्वतन्त्र नीति तथा रणनीतिहरूलाई समेत केन्द्रीकृत भावले एउटै डालोमा राखेको, जसका कारण कार्य जिम्मेवारी र उत्तरदायित्वमा दोहोरोपना आउन सक्ने । |
| **सुझाव**<br>▸ रणनीतिलाई कार्यान्वयन गर्ने साधनको रूपमा कार्यनीति तर्जुमा गर्नुपर्ने,<br>▸ रणनीति र कार्यनीतिलाई सरल भाषामा, छोटो र कार्यान्वयनयोग्य तरिकाले लेखन गर्नुपर्ने । | | |

## तालिका १२(ञ)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः संस्थागत व्यवस्था

| नीति खण्ड | सबल पक्ष | दुर्बल पक्ष |
|---|---|---|
| संस्थागत व्यवस्था | ▸ नीति कार्यान्वयनका लागि संस्थागत व्यवस्थाको प्रावधानहरू कार्यान्वयनमा सहजता हुने र एकता कायम गर्न सक्ने गरी उल्लेख गरिएको,<br>▸ सार्वजनिक निजी साझेदारीको मोडेल अपनाएको । | ▸ नागरिक समाज, स्थानीय समुदाय, समुदायमा आधारित औपचारिक र अनौपचारिक सङ्गठनको भूमिकालाई सापेक्षिक रूपमा गौण राखिएको,<br>▸ युवाको प्रत्यक्ष सम्बन्ध रहने पेसागत तथा प्राज्ञिक संस्थाहरूको भूमिकालाई उपेक्षा गरेको,<br>▸ नीतिको सफल कार्यान्वयन तथा अन्तरमन्त्रालयगत समन्वयका लागि राष्ट्रिय युवा नीति समन्वय समिति बनाइने र नीति कार्यान्वयनको प्रभावकारिता अनुगमन एवम् मूल्याङ्कन गर्न राष्ट्रिय युवा नीति अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनुले आर्थिक बोझ उच्च हुने । |
| **सुझाव**<br>▸ नीति कार्यान्वयनका लागि समुदायलाई स्वामित्व ग्रहण गराउने व्यवस्था मिलाउने, समुदायमा आधारित सङ्गठनहरूलाई समेत परिचालन गर्ने,<br>▸ कार्यक्रमको कार्यान्वयन सम्बन्धित मन्त्रालयले गर्ने तर उक्त कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी तेस्रो पक्षलाई दिनुपर्ने । | | |

## तालिका १२(ट)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः आर्थिक पक्ष

| नीति खण्ड | सबल पक्ष | दुर्बल पक्ष |
|---|---|---|
| आर्थिक पक्ष | बजेटका स्रोतहरूको आधिकारिक माध्यमहरूको उठान गरेको । | ➢ धेरै कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक रकमको विशिष्टिकरण नभएको,<br>➢ सम्बद्ध मन्त्रालय तथा निकायहरूबाट जुटाउने भनी वर्णनात्मक शैलीमा उल्लेख गरिएको । |
| **सुझाव**<br>➢ नीति कार्यान्वयनका लागि वित्तीय स्रोतको सुनिश्चितता सबैभन्दा महत्त्वपूर्ण पक्ष रहेकाले नीति तर्जुमा गर्दाको बखत नै सम्भावित स्रोतको यथार्थपरक विश्लेषण गर्नुपर्ने,<br>➢ तीनै तहका सरकारले नीतिले परिलक्षित गरेका कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्नुपर्ने र सोही अनुसार बजेटको विनियोजन गर्न नीतिगत व्यवस्था गर्नुपर्ने,<br>➢ एकद्वार नीति अनुसार निजी क्षेत्र, गैरसरकारी संस्था तथा अन्य विकास नियोगहरूको सहयोग र कोषलाई परिचालन गर्दै जाने संयन्त्रबारे नीतिमा उल्लेख हुनुपर्ने । | | |

## तालिका १२(ठ)ः राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः मानव स्रोत व्यवस्थापन

| नीति खण्ड | सुझाव |
|---|---|
| मानव स्रोत व्यवस्थापन (उल्लेख नभएकाले सबल र दुर्बल पक्षको विश्लेषण आवश्यक नरहेको) | ➢ कार्यक्रमहरूको दायरा फरक हुँदै गर्दा थप जनशक्तिको आवश्यकता पर्ने भएकाले अतिरिक्त जनशक्ति आपूर्ति कसरी गर्न सकिन्छ भन्ने पक्ष स्पष्ट उल्लेख गर्नुपर्ने,<br>➢ कार्यक्रमको वित्तीय स्रोत कसले प्रदान गरेको हो? सरकार, निजी क्षेत्र वा गैरसरकारी संस्था; सो आधारमा कार्यक्रम सम्पन्न गर्न आवश्यक मानव संसाधनको व्यवस्थापन गर्ने प्रक्रिया वा अख्तियारी कसलाई दिने भन्ने विवरण स्पष्टसँग उल्लेख गर्नुपर्ने । |

## तालिका १२(ड): राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः जोखिम तथा पूर्वानुमान

| नीति खण्ड | सुझाव |
|---|---|
| जोखिम तथा पूर्वानुमान (उल्लेख नभएकाले सबल र दुर्बल पक्षको विश्लेषण आवश्यक नरहेको) | ➢ प्रगति रेखीय (linear) नहुन सक्ने भएकाले नीति कार्यान्वयन गर्दै गर्दा विभिन्न चरणमा आइपर्ने सक्ने अवरोध, जोखिम र समस्याहरूलाई समावेश गर्नुपर्ने,<br>➢ जोखिम न्यूनीकरण गर्ने प्राविधिक, आर्थिक र व्यवस्थापकिय उपकरणहरू उल्लेख गर्नुपर्ने । |

## तालिका १२(ढ): राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः नीतिगत तथा कानुनी व्यवस्था

| नीति खण्ड | सुझाव |
|---|---|
| नीतिगत तथा कानुनी व्यवस्था (उल्लेख नभएकाले सबल र दुर्बल पक्षको विश्लेषण आवश्यक नरहेको) | नीति दस्ताबेजमा नीति कार्यान्वनका लागि आवश्यक ऐन, कानुन, नियम, कार्यविधि, मार्गदर्शक सिद्धान्त, मूल्य आदिको निर्माण वा व्यवस्थासम्बन्धी विस्तृत विवरण उल्लेख गुर्नपर्ने । |

## तालिका १२(ण): राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः नीति कार्यान्वयन योजना

| नीति खण्ड | सुझाव |
|---|---|
| नीति कार्यान्वयन योजना (उल्लेख नभएको) | नीति कार्यान्वयन गर्ने कार्ययोजना उल्लेख गर्नुपर्ने । |

## तालिका १२(त): राष्ट्रिय युवा नीति, २०७२ को संरचनागत विश्लेषणः अनुगमन र मूल्याङ्कन

| नीति खण्ड | सबल पक्ष | दुर्बल पक्ष |
|---|---|---|
| अनुगमन र मूल्याङ्कन | नीतिको कार्यान्वयनपश्चात् प्राप्त प्रतिफलको अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था गरिएको,<br>प्रत्येक दुई वर्षमा नीतिको समीक्षा गर्ने प्रावधानले नीतिको प्रभावकारीता बढाउने । | अनुगमन तथा मूल्याङ्कन कसरी गर्ने? कहिले-कहिले गर्ने, कुन-कुन सूचकहरूलाई आधार बनाएर गर्ने? परिलक्षित प्रतिफल प्राप्त गर्न नसक्ने कार्यक्रम र सञ्चालन गर्ने निकाय वा मन्त्रालय वा सरकारका अधिकारीहरूलाई के कस्तो दण्ड सजाय हुने भन्ने स्पष्ट रूपरेखा नभएको,<br>नीतिको प्रत्येक दुई वर्षमा समीक्षा गर्ने व्यवस्था भए तापनि नौ वर्षसम्म नगर्नु आफैंमा नीतिको दुर्बल पक्ष भएको । |

<table>
<tr><th>नीति खण्ड</th><th>सबल पक्ष</th><th>दुर्बल पक्ष</th></tr>
<tr><td colspan="3">सुझाव<br>
➢ कार्यान्वयन हुँदै गरेका कार्यक्रमहरूको नियमित अनुगमन गर्नुपर्ने,<br>
➢ निश्चित चरणहरूमा नियमित मूल्याङ्कन गर्नुपर्ने,<br>
➢ अनुगमन र मूल्याङ्कन गर्ने समय तथा आधिकारिक निकायको स्पष्ट उल्लेख गर्नुपर्ने,<br>
➢ नीति बनाउने, कार्यान्वयन गर्ने तथा अनुगमन र मूल्याङ्कन गर्ने निकाय एउटै हुँदा आधिकारिक तथ्य-प्रमाण, समस्या, चुनौती र समस्याहरू नआउने हुनाले फरक फरक निकायहरूबाट गर्नुपर्ने,<br>
➢ अनुगमनलाई निरन्तर तथा आवधिक रूपमा गर्नुपर्ने र कार्यक्रमको अनुगमन कार्यतालिका बनाएर गर्दै जानुपर्ने,<br>
➢ कार्यक्रमको प्रगति विवरण मापन गर्न निश्चित सूचकहरू बनाएर अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने,<br>
➢ अनुगमनका लागि नतिजा तालिका, कार्यान्वयन कार्ययोजना, आयोजना विवरण तालिका र जिम्मेवारी तालिका बनाएर मिहिन र गहन तरिकाले कार्यक्रमको अनुगमन गर्नुपर्ने,<br>
➢ प्रस्तावित कार्यक्रमहरूको कार्यान्वयनबाट निर्दिष्ट उद्देश्य हासिल भए नभएको विश्लेषण गर्ने कार्य मूल्याङ्कन भएकाले अनुगमन जस्तै गरी मूल्याङ्कनलाई पनि वस्तुनिष्ठ, यथार्थपरक, पारदर्शी र वैज्ञानिक तरिकाले गर्ने व्यवस्था मिलाउने,<br>
➢ निरन्तर मूल्याङ्कनलाई निरन्तरता दिने,<br>
➢ अन्तिम मूल्याङ्कनलाई निरन्तरता दिने,<br>
➢ कार्यक्रमको दिगोपना तथा प्रभाव (impact) छ छैन भनी चेक जाँच गर्नका लागि भयमुक्त मूल्याङ्कनलाई अनिवार्य गर्नुपर्ने,<br>
➢ सञ्चालित कार्यक्रमहरूबाट प्राप्त परिणाम (output), प्रतिफल (outcome) र प्रभावको (impact) जाँच गर्न मूल्याङ्कन खाका (evaluation framework) बनाएर गर्ने व्यवस्था मिलाउने,<br>
➢ प्रस्तावित कार्यक्रम कार्यान्वयन भए निर्धारित परिमाणात्मक र गुणात्मक लक्ष्य प्राप्ति भए नभएको अन्तिम मूल्याङ्कन तेश्रो पक्षबाट गराउनुपर्ने,</td></tr>
</table>

यस नीतिमा उल्लिखित दूरदृष्टि, लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न थप कार्यनीति, संस्थागत सुदृढीकरण, कार्यान्वयन कार्ययोजना समावेश गर्न सकिने पर्याप्त ठाउँ रहेको देखिन्छ । युवा नीतिको तर्जुमा गर्दा गन्तव्यको रूपमा दूरदृष्टि, सोको आधारमा लक्ष्य अनि लक्ष्यको आधारमा उद्देश्य हुँदै नीति, रणनीति, कार्यनीति, कार्यक्रम, कार्यक्रम कार्यान्वयनको खाकासहित अनुगमन र मूल्याङ्कनको खाका (सूचकहरूसहित) प्रस्तुत गर्नुपर्ने हुन्छ । रणनीति तथा कार्यनीतिले वर्तमान युवा पलायन र बेरोजगारी समस्यालाई सिधै सम्बोधन गर्ने गरी नीति तर्जुमा गरिनुपर्छ ।

तीनै तहका सरकारका कार्यक्रमहरूमा स्वरोजगारी, मानसिक परामर्श, नेतृत्त्व क्षमता विकासजस्ता विषयलाई प्राथमिकतामा राख्नुपर्ने कुरा आएको पाइदैन। हरेक वर्षको बजेट आउनुभन्दा कम्तीमा दुई महिनाअघि देखिनै आगामी वर्षका लागि कस्ता खालका नीति तथा कार्यक्रमहरूको आवश्यकता छ भनेर हरेक प्रदेशमा र राष्ट्रिय स्तरमा नै कार्यक्रम सञ्चालन गरी युवाहरूबाट प्राप्त सुझावहरूलाई आधार मानेर बजेट तर्जुमा गर्नुपर्ने नीतिगत प्रावधान राख्नुपर्नेमा त्यसो गरेको देखिँदैन। अन्तरमन्त्रालय युवा समूहका कार्यक्रमहरू कुन ठाउँमा कसरी कार्यान्वयन भएका छन् भन्ने विषयको अनुगमन र निरीक्षण गर्नुपर्ने पक्ष र त्यसको अभिलेखीकरण गर्न जरूरी ठानिएको जस्तो देखिँदैन।

नीतिमा उल्लिखित विषयवस्तुहरू सामान्यीकरण भन्दा पनि विशिष्टीकरण गर्न जरुरी हुन्छ। नीतिमा 'व्यापक लगानी गरिनेछ' भन्ने खालका ज्यादै अमूर्त कुराहरूलाई राख्न मनासिव देखिँदैन। सरकारका सबै निकायहरूले युवामैत्री नीति, कार्यक्रम, रणनीति, बजेट समावेश गर्नुपर्ने विषयमा जोड दिनुपर्ने विषय उल्लेख भएको छ। वर्तमान प्रविधियुक्त वैश्विकरणको युगमा राष्ट्रिय आर्थिक पुँजी निर्माणका लागि युवामा हुनुपर्ने आठ किसिमका सीपहरूः विश्वनागरिक, प्राविधिक, स्वगति सिकाइ, सिर्जनशिलता, आत्मविश्वास, अन्तरवैयक्तिक, समावेशी, समस्या समाधान तथा सहकार्य र जीवनपर्यन्त सीपलाई समष्टिमा युवा नीतिले समेट्नुपर्छ। प्रदेश र स्थानीय सरकारले आफ्ना क्षेत्राधिकारभित्र युवा नीति बनाउँदै गर्दै समस्याको जड अनुरूप उपयुक्त दर्शन वा सिद्धान्तबाट निर्देशित आवधिक र वार्षिक योजना मार्फत कार्यक्रमहरू तयार गर्नुपर्दछ।

## ४.४ नीतिले समेट्नुपर्ने विषयवस्तुहरू

नागरिकको जीवनमा पर्ने असरलाई विश्लेषण गरेर मात्र नीतिगत विषयको प्रभाव वा उपयोगिताको समीक्षा गर्न सकिन्छ। समाजमा घटने स-साना घटना र परिघटनाका मामिलाहरू समेत नियाल्दै समालोचनात्मक ढङ्गबाट तथ्याङ्कको गुणात्मक छलफल गर्नु आवश्यक हुन्छ। युवासम्बद्ध विषयमा समाजमा देखिएका वा अनुभव गरिएका र युवा नीतिले समेटेका क्षेत्रको दायरामा रहेर केही सन्दर्भ यहाँ समेटिएको छ। त्यसका आधारमा, नीतिका बहुपक्षीय विषयमा प्रस्तुत तथ्याङ्क र तिनीहरूको विश्लेषणले उजागर गरेका कमीकमजोरी र त्यसमा सुधार गर्न आवश्यक विषय तथा क्षेत्रहरूका बारेमा वर्णन गरिएको छ।

### ४.४.१ प्राथमिकता क्षेत्रसम्बन्धी

नीतिले युवा वर्गलाई लक्षित गरी विशेष समूहगत प्राथमिकता अन्तर्गत समेट्नुपर्ने विषयवस्तुबारे सङ्क्षिप्त चर्चा गरिएको छः

क) अपाङ्गमैत्री पूर्वाधार र संरचना निर्माणमा ध्यान केन्द्रित नगरिएको। अपाङ्गमैत्री शैक्षिक सिकाइ सामाग्रीहरू उपलब्ध गराउनेजस्ता विषय उल्लेख नगरेको।

ख) अपाङ्गता भएका युवा महिला सबै प्रदेशमा र अझ बढी मधेश प्रदेशमा पीडित बनेको अवस्था रहेको छ। त्यसैगरी, विवाह गर्दा दाइजोसँग साटिने महिलाहरू पारिवारिक हिंसा र दुर्व्यवहारको

सिकार बनी आत्महत्या गर्नुपर्ने अवस्था अझै पनि विद्यमान छ । यस्तो विषय कानुन मात्र नभई व्यवहारजन्य रूपमा पनि रोकथाम र समाधान गर्ने नीति लिई युवाहरूको सशक्तिकरण गर्ने विषयलाई महत्त्व नदिइएको ।

ग) समावेशिताको विषयमा अपाङ्गता भएका व्यक्ति, महिला, LGBTIQ+, पिछडिएका वर्ग आदिका लागि सरकारले प्रदान गरेका सुविधा वा अधिकारका विषयहरूबारे जानकारी नपाउँदा धेरै पक्षमा वञ्चित भएकाले नीतिगत सामन्जस्य र प्रचारका लागि युवा नीति मार्फत विशिष्टीकृत पहल नभएको ।

घ) विशेष प्राथमिकताका समूहमा प्रवासी नेपाली युवा (वैदेशिक रोजगारीमा गएका तथा फर्केका) को पहिचान पनि आवश्यक छ ।

ङ) युवाको परिभाषालाई समावेशी बनाउन लैङ्गिक तथा यौन हिंसा, बालविवाह गरेका र कम उमेरमा गर्भधारण गरेका युवा आदिलाई समेट्नुपर्ने । तराईमा १९-२४ उमेर समूहका ५३ प्रतिशत महिलाहरूले २० वर्षको उमेरभन्दा पहिला नै विवाह गरेको तथ्याङ्कले देखाउँछ र नीतिले त्यस्ता खालका युवाहरूलाई समेट्नु पर्ने ।

च) महिनावारीसँग जोडिने विभेदसम्बन्धी नीतिको निर्माण र कार्यान्वयन हुनुपर्ने । साथै, युवाहरूमा देखिएका विभिन्न समस्याहरू जस्तैः तनाव व्यवस्थापनको विषयमा पनि नीति लक्षित हुनपर्ने ।

## ४.४.२ अपराध तथा हिंसा न्यूनीकरणसम्बन्धी

नेपालको परिवेशमा आर्थिक सम्पन्नता र भौतिकवादी सोच र चिन्तनलाई लिएर युवाहरूमा व्याप्त निराशा र चिन्ताका कारणलाई विश्लेषण गरेर यो समस्याको समाधान गर्नुपर्दछ भन्ने बहसहरू सुनिन थालेका छन् । भौतिकवादी चिन्ता र बेरोजगारीलाई हामीले अन्तिम कारणको रूपमा हेर्छौं जसले युवाहरूलाई आर्थिक लाभका लागि अपराध र हिंसामा संलग्न हुन धकेल्न सक्छ । पर्याप्त भौतिक लाभांश प्राप्त गर्न गैरकानुनी मार्गहरू देखाउन सक्ने र सो मार्फत लाभ प्राप्त गर्न सकिन्छ भन्ने भावनालाई यसले बढवा दिन्छ (Shrestha & Subedi, 2022) । युवाहरूले भोग्ने सामाजिक वा आर्थिक दबाबका कारण आपराधिक मनोवृत्ति बढ्न सक्दछ । यसको विकल्पका रूपमा मर्यादित कामको नीतिगत व्यवस्था गर्न र रोजगारी सिर्जनाका लागि काम गर्नु प्रारम्भिक सर्तहरू हुन् । अपराध तथा हिंसामा संलग्न युवालाई मुक्त गर्ने सम्बन्धमा निम्न कार्य गर्नु जरूरी रहेको छ ।

क) राष्ट्रिय जनगणना, २०७८ अनुसार १५-१९ वर्षका १३.८ प्रतिशत युवाहरू हिंसामा परेको देखिएकाले यसको दीर्घकालीन समाधानका लागि शिक्षा र सचेतनाको विस्तार गर्नुपर्ने विषय छुटेको,

ख) बालसुधार गृहमा भएका बालबालिकाहरूको अवस्था गम्भीर रहेको छ । कुल नौ वटा बालसुधार केन्द्रहरू सञ्चालित भए तापनि त्यहाँ बस्ने बालबालिकाहरूको त्यो मुद्दा फैसला नभइसकेको अवस्थामा उनीहरू १८ वर्ष भइसक्दा पनि बाल सुधार केन्द्रमा रहेका छन् । उनीहरूलाई कुनै सीप

प्रदान नगरिएकाले बाल सुधार केन्द्रबाट बाहिर निस्केपछि पुनः अपराधमा संलग्न हुने सम्भावना रहन्छ । उनीहरूलाई समाजले अपराधीको दृष्टिकोणले हेर्ने र व्यावसायिक सीप नहुँदा रोजगारी वा व्यवसायसँग जोडिने अवस्था नभएको जस्ता विषयलाई सम्बोधन गर्नुपर्ने ।

ग) व्यक्तिगत, पारिवारिक, घरेलु र सामाजिक समस्याका विरूद्ध लड्ने चेतना र क्षमता सबै युवा वर्गमा जागृत गराउन वैकल्पिक क्षेत्रमा संलग्न गराई रोजगारी र आय आम्दानीका स्रोतहरू पहिल्याउनु जरूरी रहेको देखिन्छ ।

घ) विद्यालय र कलेजमा मानसिक स्वास्थ्य परामर्श केन्द्रको स्थापना तथा लागुऔषध नियन्त्रण तथा पुनःस्थापना कार्यक्रमलाई प्रभावकारी बनाउने र युवाको शारीरिक र मानसिक स्वास्थ्यलाई बढावा दिने गरी जनचेतना अभियानहरू र परामर्श सेवा र सहयोग कार्यक्रम सञ्चालन गर्ने

ङ) प्रत्येक प्रदेशमा "Youth Mental Health Counseling Center" स्थापना गर्ने र Online Therapy र Mobile App Counseling जस्ता डिजिटल माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था गर्ने ।

च) युवालाई स्वास्थ्य बीमा र सामाजिक सुरक्षाको सुविधा प्रदान गर्न १८-३५ वर्षका युवालाई न्यून शुल्कमा स्वास्थ्य बीमा उपलब्ध गराउनु अनिवार्य बनाउन आवश्यक छ ।

### ४.४.३ युवा रोजगारी प्रवर्धनसम्बन्धी

युवा रोजगारी प्रवर्धन गर्न नीतिगत तहमा गरिनुपर्ने पहलहरू देहायबमोजिम प्रस्तुत गरिएको छः

क) रोजगार, उद्योग र श्रम नीतिमा परिमार्जन गरी युवाका लागि लचिलो कार्यसमय, स्थान र विधि (जस्तैः भर्चुअल र अनलाइन) अनुरूप कार्य गर्न सकिने नीति हुनुपर्ने ।

ख) युवा केन्द्रित तालिमको आवश्यकता पहिचान गरी कार्ययोजना बनाएर बीउपुँजी र उद्यमशीलता, वित्तीय साक्षरता समेतको स्वीकृत प्याकेज अनुरूप कार्यनीति ल्याउनुपर्ने ।

ग) सीपयुक्त भई प्रमाणिकरण गरेर मात्र वैदेशिक रोजगारीमा जान स्वीकृत गर्ने प्रणालीको कार्यान्वयन गर्ने ।

घ) योग्य युवालाई देशमै अवसर दिन सरकारी तथा निजी क्षेत्रबिच सहकार्य गरी "Stay and Innovate" जस्ता कार्यक्रम ल्याएर सीप भएका युवालाई नवप्रवर्तन र अनुसन्धानमा प्रेरित गर्ने ।

ङ) रोजगारीको अवसर बढाउन उद्योगसँग समन्वय गरी व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्ने तथा स्टार्टअप तथा उद्यमशीलता प्रवर्द्धन गर्न वित्तीय सहयोग तथा सहुलियतपूर्ण ऋणको व्यवस्था गर्ने ।

च) वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई "Youth Returnee Integration Programme" ल्याएर उनीहरूको सीपलाई स्वदेशमै उपयोग गर्न आवश्यक छ । रोजगारी सिर्जना गर्न कृषि,

पर्यटन, सूचना प्रविधि, नवप्रवर्तन (Innovation) जस्ता क्षेत्रमा लगानीको वातावरण बनाउनुका साथै उद्यमशीलता तथा डिजिटल उद्यमशीलता (E-commerce, Freelancing) मा जोड दिनुपर्छ ।

छ) डायस्पोराको ज्ञान-सीप र वैदेशिक रोजगारीबाट फर्कने युवाको क्षमतालाई व्यवस्थापन, उपयोग र परिचालन गर्ने कार्यक्रमहरू ल्याउनुपर्ने ।

ज) युवा स्वरोजगार कोषलाई पारदर्शी बनाउने गरी विद्यमान कानुन परिमार्जन गरी नीतिगत रूपमा नै सुधार गर्न आवश्यक छ र यसमा स्टार्टअप, नवप्रवर्तन तथा नयाँ उद्यममा आर्कषण गर्ने खालको युवा लक्षित कार्यक्रम तर्जुमाको लागि नीति तथा कार्यक्रममा सुधार गर्नुपर्ने ।

झ) वित्तीय साक्षरतालाई प्रमुख प्राथमिकतामा राखेर युवाहरूलाई उद्यम सुचारु गर्दा के के कुरामा ध्यान दिन जरुरी छ, मानव स्रोत तथा साधनको व्यवस्थापन कसरी गर्ने, पुँजी व्यवस्थापन र परिचालन कसरी गर्ने र बजारीकरणमा कसरी संलग्न हुने भन्नेसम्बन्धी ज्ञान दिने गरी नियमित रूपमा सबै ७७ जिल्ला र ७ वटै प्रदेशमा कार्यक्रम गर्ने नीतिगत निर्णय लिनुपर्ने ।

ञ) कृषि र उद्यमशीलतालाई प्रवर्द्धन गर्ने र एकअर्काबिच जोड्ने किसिमका बृहत् परियोजना सञ्चालन गर्नुपर्ने । साथै, नेपालमै स्वरोजगारी सिर्जना गर्न पर्यटनको क्षेत्रमा युवालाई प्रोत्साहन गर्नुपर्ने ।

ट) युवाहरूलाई देशमै रोजगारीका अवसरहरूका लागि बहुराष्ट्रिय कम्पनीहरू, अन्तर्राष्ट्रिय कम्पनीहरू, कलकारखानाहरू र उत्पादन क्षेत्र स्थापना गर्न पहल गर्नुपर्ने ।

ठ) श्रम रोजगार, शिक्षा र उद्योग मन्त्रालयले युवा लक्षित नीति बनाएर काम गरिरहेको भए तापनि समन्वय र प्रभावकारीता अभिवृद्धि गर्नुपर्ने ।

### ४.४.४ प्रतिस्पर्धी क्षमता विकाससम्बन्धी

युवाहरूको विश्वव्यापी प्रतिस्पर्धी क्षमता विकास गर्न निम्नलिखित व्यवस्था गर्नु आवश्यक छः

क) कुशल व्यवस्थापन उपायहरू र कार्यान्वयन प्रविधिहरू अनुसरण तथा लागु गर्ने ।

ख) लक्षित युवा वर्गको पहिचान र छनोट प्रक्रियामा स्वच्छ प्रतिस्पर्धा सुनिश्चित गर्ने ।

ग) युवालाई स्वदेशमै रोजगारी दिन न्यायको आधारमा अवसरको वितरण गर्ने संयन्त्रको स्थापना गर्नुपर्ने ।

घ) नेतृत्वदायी क्षेत्रहरूमा अवसरको सिर्जना गर्दै रोजगारी पारिस्थितिकीय प्रणालीको विकास गर्नुपर्ने ।

ङ) रोजगारीका अवसरहरू सिर्जना गर्ने सार्वजनिक र निजी क्षेत्र तथा सेवा प्रवाह गर्ने निकायहरूको क्षमता वृद्धि गर्ने खालका नीतिगत प्रावधानहरू तयार गर्ने ।

### ४.४.५ उपयोगी शिक्षामा पहुँचसम्बन्धी

युवा उमेर समूहका विद्यार्थीहरूलाई गुणस्तरीय र प्रतिस्पर्धी शिक्षामा पहुँच र अवसर प्रदान गर्दै शिक्षाको आन्तरिक क्षमता सुधार र परिमार्जन गर्न राजनैतिक नेतृत्वले ठोस निर्णय लिएर नीतिगत रूपमा अघि

बढ्नुपर्ने समय आइसकेको छ । समग्र शिक्षा ऐन, उच्च शिक्षा नीति र कार्ययोजनाहरू कार्यान्वयन गरी कामका लागि शिक्षा र उद्यमशीलतालाई मुख्य प्राथमिकतामा राख्न नसकेमा युवा शक्तिबाट धेरै परिवर्तनको अपेक्षा गर्न सकिँदैन । शिक्षा र सीप विकासको सन्दर्भमा निम्नानुसारका नीति तथा क्रियाकलापमा केन्द्रित हुन जरुरी छः

क) शिक्षालाई सीपसँग जोड्दै रोजगारमूलक तथा सीपमूलक शिक्षामा लगानी र उद्यमशील कार्यक्रम लागु गर्ने नीति लिनुपर्ने ।

ख) शिक्षा ऐन परिमार्जन गरी रोजगारी लक्षित सिकाइ प्रवर्धन गर्नुपर्ने ।

ग) अनौपचारिक रूपमा तथा पूर्वसिकाइबाट अर्जित ज्ञान सीपहरूलाई प्रमाणिकरण गर्ने र त्यसको क्रेडिट दिएर अन्तर्राष्ट्रिय बजारमा पनि मान्यता पाउने गरी श्रम सम्झौता गर्न सकिने ।

घ) विद्यालय तहदेखि नै वृत्ति विकास परामर्श (career counselling) महत्त्वपूर्ण हुने भएकाले सबै विद्यालयहरूमा नै यस्तो परामर्शको व्यवस्था गर्नुपर्ने । यसले गर्दा विद्यार्थीहरूलाई आफू कुन क्षेत्रमा लाग्न वा सफल हुन सकिन्छ भन्ने ज्ञान प्राप्त हुन्छ ।

ङ) विद्यालय शिक्षाको सुरू गर्दा भर्ना भएका बालबालिकाको सङ्ख्या विद्यालय शिक्षाको अन्त्यसम्म पुग्दा आधा घटेको तथ्याङ्कले देखाउने गरेको अवस्थामा किन र कसरी यति ठुलो खाडल देखिएको छ भन्ने विषयको खोजी गरी युवा लक्षित योजना तय गर्नुपर्ने ।

च) उच्च शिक्षाका लागि छात्रवृत्तिसँगै सरकारी बैंकहरूबाट सहुलियतपूर्ण ब्याजदरमा विद्यार्थी ऋण दिने कानुनी आधार बनाउने ।

छ) विश्वविद्यालयहरूले अनिवार्य शैक्षिक क्यालेन्डरको निर्माण र पूर्णकार्यान्वयन गर्नुपर्ने व्यवस्था गर्ने ।

ज) कलेज तथा विश्वविद्यालयहरूमा व्यावसायिक तालिम (vocational training) को सुधार गरी अनिवार्य बनाउनुपर्ने र AI, data science, digital marketing, blockchain, robotics, cyber security जस्ता प्रविधिमैत्री विषयहरूलाई पाठ्यक्रममा समावेश गर्न सकिन्छ ।

### ४.४.६ विभिन्न क्षेत्रसम्बन्धी

क्षेत्रगत तहमा युवा नीतिले सम्बोधन गर्नुपर्ने विषयवस्तुहरू निम्नानुसार रहेका छन्ः

क) युवामा नैतिक शिक्षाको अभाव छ । अतः शिक्षा मार्फत नैतिकताको प्रवर्धन गर्नुपर्ने देखिन्छ । शिक्षाको राष्ट्रिय र तहगत उद्देश्य अनुसार शिक्षकले व्यवहारगत सिकाइ दिन सकेको अवस्था छैन । कक्षा ९ देखि प्रदान गरिने प्राविधिक शिक्षा ग्रहणयोग्य र उपयोगी भयो भएन भनेर हेरिएको छैन । बालमैत्री सिकाइ भयो भएन भनी अनुगमन गर्ने कार्य पनि भएको छैन । यसबाट युवालाई जस्तो बनाउनुपर्ने हो त्यस्तो बनाउन सकिने वातावरण तयार भएको देखिँदैन । अप्रत्यक्ष रूपमा, युवाका लागि क्षमता र व्यवहार निर्माण गर्ने शिक्षाले नै हो र शिक्षाका लागि सरकारले लगानी गर्दै युवाको समस्या समाधान गर्न सक्दछ ।

ख) १६ देखि २५ वर्ष उमेर समूहका युवालाई उद्यमशीलता वा अर्थोपार्जनतर्फ नभई अध्ययनमा केन्द्रित गर्न सकेमा अब्बल जनशक्ति तयार भई दीर्घकालमा राज्यलाई योगदान गर्ने गरी अगाडि बढ्न सकिन्छ । उदाहरणका लागि, १६ देखि २५ वर्षसम्म पढ्दै कमाउँदै नीति सबैतिर लागु गरियो भने वैज्ञानिक वा उच्च शिक्षाको तहमा देश तथा विदेशमा प्रतिस्पर्धा गर्ने विज्ञ, कूटनीतिज्ञ, अन्वेषक आदि जनशक्ति उत्पादन गर्न कठिन हुन सक्छ । धेरैको विचारमा व्यावहारिक ज्ञान, सीप र उद्यमलाई विद्यालय तहदेखि नै साथसाथै लैजानुपर्छ भन्ने देखिए तापनि यसले दीर्घकालमा शिक्षाको मूल ध्येय र मर्मलाई निष्फल बनाउन सक्ने देखिन्छ । यस उमेरमा युवाले ज्ञान आर्जन गर्ने र क्षमता निर्माण गर्ने हो । यसका लागि, शिक्षाको गुणस्तरमा कुनै सम्झौता नगरी विद्यार्थीहरूलाई ज्ञान निर्माणमा अब्बल बनाउनुपर्छ ।

ग) नेपालमा आर्थिक विकासका लागि वैदेशिक प्रत्यक्ष लगानी आउनुपर्ने र घरेलु बजारमा रोजगारीका अवसर वृद्धि गरी युवाहरूलाई कामको उचित व्यवस्था गर्नुपर्ने आवश्यकता छ । विदेशी लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न आउन उचित वातावरण तयार हुन नसक्नुका प्रमुख कारणहरू केलाई त्यसको समाधान गर्नुपर्दछ । यस्ता केही कारणहरूमाः क) जमिनसँग जोडिएको समस्याः मुआब्जाको सवाल, ख) श्रमसँग जोडिएर आउने समस्याः हड्ताल, युनियनको दबाब, हप्ता उठाउने, सहयोग चन्दा असुली आदि, र ग) शासन-प्रशासनसँग जोडिएर आउने समस्याः भ्रष्टाचार, अनियमितता, नातावाद, ढिलासुस्ती, कानुनी झन्झट आदि महत्त्वपूर्ण छन् ।

घ) वडा तहबाटै बेरोजगार युवाको तथ्याङ्क सङ्कलन गर्नुपर्छ भने केन्द्र र स्थानीय तहको वडासम्म सिधै सम्बन्ध स्थापित गर्न सकिने संयन्त्रको विकास गरिनुपर्दछ । स्थानीय सरकार अधिकार सम्पन्न छन् तर क्षमताको विकास भएको छैन । नीति मार्फत उल्लिखित सबै समस्याहरूको दिगो समाधान गर्दै जानुपर्दछ ।

ङ) कुनै युवाले नयाँ उद्यम वा स्टार्टअप गर्न चाहन्छ भने उक्त उद्यमबाट उत्पादन भई लगानी र आय सन्तुलनमा पुग्ने समयसम्म सरकारले सहयोग र संरक्षण गर्नु जरूरी हुन्छ । कम्पनी दर्ता वा अन्य यस्तै सुरुआती चरणका कार्यहरू सरल, छिटो छरितो हुने व्यवस्था, युवालाई उद्यममा टिकिरहन आवश्यक सहयोग, र नयाँ नयाँ उद्यम खोल्न कर छुटको व्यवस्था गरिनुपर्दछ ।

च) कला, साहित्य, संस्कृति, खेलकुद र मनोरञ्जन जस्ता क्षेत्रमा लगानी वृद्धि गर्दै युवालाई रोजगार र उद्यमशील बनाउन सघाउने कार्य नीतिले अख्तियार गर्नु जरूरी छ ।

  अ) युवाहरूको चरित्र निर्माण गर्ने, अनुशासित बनाउने, साहासिक बनाउने, मानसिक र शारीरिक विकास गर्न सहायकसिद्ध हुने गरी युवालाई खेल क्षेत्रसँग जोड्नुपर्ने हुन्छ ।

  आ) गीत संगीतमा लाग्ने युवाहरूलाई प्रोत्साहन गर्न प्रतियोगितात्मक कार्यक्रमहरूमा राज्यले केही लगानी गर्ने र त्यसबाट उनीहरूले राज्यलाई केही योगदान गर्ने परिवेशको निर्माण गर्नुपर्ने ।

### ४.४.७ संस्थागत व्यवस्था सम्बन्धमा

संस्थागत व्यवस्था सम्बन्धमा नीतिले लिनुपर्ने अग्रसरतालाई निम्नानुसार प्रस्तुत गरिएको छः

क) सार्वजनिक निकायहरूमा यथासम्भव स्वदेशी उत्पादनको प्रयोग अनिवार्य गर्ने ।

ख) झन्झटिलो प्रशासनिक व्यवस्था सुधार गरी युवालाई सहज रूपमा उद्यम, पेसा, व्यवसायतर्फ आकर्षित गर्ने ।

ग) वर्तमान अवस्थामा युवा तथा खेलकुद मन्त्रालय अन्तर्गतको राष्ट्रिय युवा परिषद्मा रहेको संरचना (केन्द्र, प्रदेश र जिल्ला) लाई सङ्घीयता बमोजिम केन्द्र, प्रदेश र स्थानीय तह बनाउनुपर्ने ।

घ) राष्ट्रिय युवा परिषद्का चार जना सदस्यहरू सामाजिक संघसंस्थाबाट प्रतिनिधित्व हुने व्यवस्था रहेकोमा विभिन्न राजनीतिक पार्टीबाट प्रतिनिधित्व भइरहेको हुन्छ । त्यसलाई नीतिमा नै स्पष्ट उल्लेख गरी सामाजिक संघसंस्थामा काम गर्ने युवाहरूको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने ।

ङ) राष्ट्रिय युवा परिषद्को कार्यकारी उपाध्यक्ष, कार्यकारी सदस्य र अन्य सदस्यहरूको हरेक वर्ष कार्य मूल्याङ्कन गर्ने व्यवस्था हुनेगरी नीतिगत परिमार्जन गर्नुपर्ने

च) सरकारी संयन्त्रबाट स्थापित युवाका लागि कार्य गर्ने संघसंस्थाले आफ्नो सम्पूर्ण बजेट खर्च गर्न सकेको छैन । यस्तो हुनुका कारण र सम्बद्ध बाधा व्यावधानहरूबारे हरेक वर्ष राष्ट्रिय स्तरमा नै छलफल चलाउनुपर्ने । हरेक वर्ष एक स्वतन्त्र समिति तथा आयोगले यस्ता संस्थाहरूको समीक्षा तथा मूल्याङ्कन गर्नुपर्ने नीतिगत नियम लागु गर्नुपर्ने ।

छ) स्काउटको संरचनालाई विकास र विस्तार गर्ने ।

### ४.४.८ सहभागिता तथा परिचालन सम्बन्धमा

सहभागिता तथा परिचालन सम्बन्धमा निम्न विषयहरू विशेष प्राथमिकतामा पर्न सकेको पाइँदैन । यसलाई सबै नीतिमा समेट्ने र कार्यान्वयनमा लैजाने गरी कार्यनीतिहरू समेत बनाउन युवा नीतिले मार्गदर्शन गर्नु आवश्यक हुन्छ ।

क) कुनै पनि नीति तयार गर्दा स्थानीय स्तरमा नै पुगी युवासँग परामर्श गर्ने,

ख) युवाको राजनीतिक सहभागिताको दायरालाई स्पष्ट रूपमा उल्लेख गर्ने,

ग) युवा लक्षित कार्य गर्ने सामाजिक संघसंस्थाहरूलाई प्रमुख सरोकारवाला निकायको रूपमा विविध कार्यक्रम तथा छलफलमा सहभागी गराई समस्या तथा अवसरको पहिचान गर्ने,

घ) स्पष्ट रणनीतिसहित युवाको अर्थपूर्ण सहभागितालाई अनिवार्य गरी योजना तर्जुमा र कार्यान्वयन गर्ने,

ङ) नीति तथा कानुन निर्माण प्रक्रियामा सबै वर्गका युवाको सहभागिता सुनिश्चित गर्ने (२५ देखि ३० वर्ष उमेर समूहका युवालाई उच्चतम परिचालन गर्ने व्यवस्था नीतिमै आउनुपर्ने) ।

च) वडा स्तरमा युवा पावर बैंक बनाउनुपर्ने (वडा स्तरमा पुगेर घरधुरी सर्वेक्षण गरी युवाको चाहाना, सोच, काम गर्न रुचाएको क्षेत्र निर्धारण गरी महिला र पुरुष अनुसार समूह (cluster) निर्माण गर्नुपर्दछ । युवाका ती सबै तथ्याङ्कलाई पालिका वा राष्ट्रिय डाटाबेसमा संरक्षित गर्ने र उपयोग गर्ने व्यवस्था गर्नु आवश्यक छ । हरेक वर्ष यी तथ्याङ्कलाई अद्यावधिक गर्दै लैजाँदा विकास योजना र शिक्षा तथा रोजगारका योजना बनाउन सहयोगी हुन्छन् ।)

### ४.४.९ साझेदारी प्रवर्धन गर्ने सम्बन्धमा

साझेदारी प्रवर्धन गर्ने सम्बन्धमा युवा नीतिमा निम्नलिखित सुधार गर्नुपर्ने देखिन्छ ।

क) युवा तथा खेलकुद मन्त्रालयले अग्रसरता लिई युवाका कुनै विशेष मुद्दामा काम गर्ने वा गरिरहेका विषयगत मन्त्रालयहरूलाई कम्तीमा त्रैमासिक रूपमा एकपटक समन्वय गरी सूचक वा प्रमाणमा आधारित प्रगति विवरणसहितको छलफल तथा परामर्श गरी आवश्यक सहजीकरण गर्नुपर्ने ।

ख) युवा नीतिको कार्यान्वयनमा विकास साझेदारहरूलाई समेटेर आयोजना तथा अभियानहरू सञ्चालन गर्नुपर्ने ।

ग) निजी क्षेत्र, गैरसरकारी संस्थाहरू तथा अन्तर्राष्ट्रिय स्तरमा रहेका निकायहरूसँग सहकार्य गर्दै युवाका समस्या सम्बोधन गर्नका लागि मार्गप्रशस्त गर्नुपर्ने ।

### ४.४.१० नीतिको कार्यान्वयनसम्बन्धी

नीतिको कार्यान्वयन र त्यसको अनुगमन तथा मूल्याङ्कन गर्ने पक्षमा निम्नलिखित बुँदा महत्त्वपूर्ण छन्:

क) सरकारले युवामैत्री उद्यमशीलताको वातावरण सिर्जना गर्नुपर्छ र युवा रोजगारीका लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना र कार्यक्रम तय गरी लागु गर्नु आवश्यक देखिन्छ । युवाका रुचि र इच्छाका क्षेत्रहरूमा समेत राज्यले चनाखो भएर नीतिगत निर्णय लिनुपर्ने समय भइसकेको छ ।

ख) युवा नीतिलाई स्थानीय तहहरूमा अनिवार्य रूपमा कार्यान्वयन गरिनुपर्छ । युवा समाज परिवर्तनको आधार शक्ति हो । यसकारण, युवा नीतिको कार्यान्वयन वडा तहबाट गरिनु उपयुक्त देखिन्छ । यस नीतिले वडा तहलाई छोएको छैन, प्रदेश र पालिकामा मात्र सीमित छ ।

ग) युवा नीतिका बारेमा प्रचार प्रसार नभएको र युवाहरूलाई नै युवा नीतिका बारेमा चासो नरहेको अवस्था देखिन्छ । अर्कोतर्फ, युवाले आफ्नो सीप, क्षमता र दक्षता प्राप्त गर्ने तह भनेको आफ्नो घर, समाज र स्थानीय तह हो, जहाँ युवासम्बद्ध कार्यक्रम निकै थोरै मात्र सञ्चालित भइरहेको अवस्था छ ।

घ) नीतिहरू कसरी कार्यक्रममा परिणत भए सोबारे विस्तृत विवरण समावेश गरी नीतिको समीक्षा गर्नुपर्छ । नीति कार्यान्वयनका चरणहरू, अपनाइएका विधिहरू र प्रक्रियाहरू उल्लेख गर्नुपर्छ । उदाहरणका लागि, युवा नीतिमा उल्लिखित कार्यक्रमहरू कसरी योजना गरियो, कसले कार्यान्वयन गऱ्यो र कुन-कुन निकायहरू संलग्न थिए भन्ने विषय स्पष्ट हुनुपर्छ । नीति कार्यान्वयनका लागि

बजेट कसरी विनियोजन गरियो र त्यसको उपयोग कसरी भयो भन्ने विश्लेषण गर्नुपर्छ । कुन कार्यक्रमका लागि कति बजेट छुट्याइयो, त्यो बजेट समयमै उपलब्ध भयो कि भएन, र त्यसको उपयोग कुशलतापूर्वक भयो कि भएन भन्ने विषयमा ध्यानाकर्षण हुनुपर्छ ।

ङ) नीति कार्यान्वयनबाट प्राप्त भएका नतिजाहरूलाई केवल उत्पादन (output) स्तरमा विश्लेषण गर्नु हुँदैन । यसलाई परिणाम (outcome) र प्रभाव (impact) स्तरमा पनि विश्लेषण गर्नुपर्छ । उदाहरणका लागि, यदि युवा नीतिले युवाहरूलाई तालिम दिने कार्यक्रममा जोड दिएको छ भने, तालिम लिएका युवाहरूको सङ्ख्या (output) मात्र नभई, तालिमपछि उनीहरूले पाएको रोजगारीको अवसर (outcome) र त्यसले युवा बेरोजगारी दरमा पारेको प्रभाव (impact) पनि विश्लेषण गर्नुपर्छ ।

च) नीति कार्यान्वयनमा संलग्न विभिन्न सरोकारवालाहरू (सरकार, गैरसरकारी संस्था, निजी क्षेत्र, युवा सङ्गठन आदि) को भूमिका र जिम्मेवारी स्पष्ट रूपमा उल्लेख गर्नुपर्छ । तिनीहरूबिचको समन्वय कस्तो रह्यो र कसले कति योगदान पुऱ्यायो भन्ने विषय पनि विश्लेषण गर्नुपर्छ ।

छ) नीति निर्माणको समयमा नै अनुगमन तथा मूल्याङ्कन विधिमा म्याट्रिकस फ्रेमवर्क तथा निश्चित सूचकहरू निर्माण गरिनुपर्छ । साथै, तोकिएको समयमा तोकिएको निकायले अनुगमन तथा मूल्याङ्कन कार्य गर्न नसकेमा ती निकायलाई विभागीय कारबाहीको व्यवस्था समेत नीतिमा उल्लेख हुनुपर्छ ।

ज) युवा नीति र अन्य नीतिहरूबिच भिन्नता छ । युवा नीति अन्य नीतिहरूको दबाब, प्रभाव र छायाँमा पर्दछ । अन्य अन्तरसम्बन्धित नीतिहरूको सफलता र असफलताले युवा नीतिको सफलता निर्धारण गर्दछ । युवा नीति आफैंमा समग्र छैन र हुन सक्दैन । युवासँग जोडिएर आउने सवालहरू जस्तैः शिक्षा, स्वास्थ्य, रोजगारी, प्रविधि, अध्ययन अनुसन्धान, उद्यमशीलता आदि सबैसँग सम्बन्धित मन्त्रालय वा विषयगत नीतिले निर्दिष्ट गर्ने हुनाले युवा नीतिको मूल सफलता अन्य नीतिहरूसँग जोडिएर आउँछ । युवा मन्त्रालयले युवासम्बन्धी नीतिहरूको कार्यान्वयन भइ/नभएको सम्बन्धमा सहजकर्ताको रूपमा मूल्याङ्कन गर्न सक्दछ ।

झ) एउटै नीतिले नेपालका सबै युवालाई सम्बोधन गर्न सक्दैन । अतः भौगोलिक क्षेत्र अनुसार नीति तर्जुमा गर्नुपर्दछ । मूलतः युवा नीतिले युवा वर्गको वर्तमान सवाल, समस्या र चुनौतीलाई सम्बोधन गर्न देहायको विषयवतस्तुमाथि विशेष जोड दिनुपर्दछ ।

अ) डिजिटल साक्षरता

आ) वित्तीय साक्षरता

इ) कानुनी साक्षरता

ई) युवा परामर्श केन्द्रको स्थापना र सञ्चालन

उ) युवा पावर बैंकको स्थापना र सञ्चालन

# परिच्छेद ५

# निष्कर्ष तथा सिफारिसहरू

नेपालको युवा शक्तिलाई उद्यमशील बनाउँदै जानु हरेक योजना र विकासका नीतिहरूको मूल अभिष्ट हुनुपर्दछ । उपलब्ध जनशक्तिको उपयोग र विशेष गरेर युवा केन्द्रित रोजगारीका अवसरहरूमा दायरा फराकिलो बनाउन सक्ने गरी नीतिहरू आत्मसात् गर्दै जानुपर्दछ । राष्ट्रिय युवा नीति, २०७२ को विषयवस्तु, आयाम र संरचनाको अध्ययन तथा नीतिले परिलक्षित गरेका सबै नीति प्रावधानहरूको अध्ययनपश्चात् राष्ट्रिय युवा नीति, २०७२ लाई संशोधन गर्नु वाञ्छनीय देखिन्छ ।

राष्ट्रिय युवा नीति, २०७२ को तर्जुमा र कार्यान्वयनको सवालमा स्पष्ट अन्तरहरू देखिएका छन् । नीति निर्माण प्रक्रियामा स्थानीय तहसम्मका युवा तथा सरोकारवालाहरूको प्रत्यक्ष सहभागिता, अनुभव र समस्याहरूको प्रतिनिधित्व पर्याप्त नभएको देखिएको छ । यसले युवाको चाहना, अपेक्षा र वस्तुगत आवश्यकताहरू समेट्न सक्दैन । सामाजिक, आर्थिक, राजनीतिक, प्राविधिक, वातावरणीय र मनोवैज्ञानिक आयामहरूबाट युवा लक्षित कार्यक्रम र बजेटमा कम प्राथमिकता देखिएको तर सैद्धान्तिक तथा राजनीतिक भावनालाई बढी समेट्न खोजेको आशय स्पष्ट देखिन्छ । अर्कोतर्फ, शिक्षा, स्वास्थ्य, रोजगारी, क्षमता विकास, खेलकुद र नेतृत्व विकासजस्ता क्षेत्रलाई प्राथमिकताका साथ उठाउनु र युवाको गुणात्मक तथा सङ्ख्यात्मक पक्षमा जोड दिनु नीतिको सकारात्मक विषय हो ।

वर्तमान परिप्रेक्ष्यमा युवाहरू प्रविधिसँग जोडिए तापनि बेरोजगारी, अर्धबेरोजगारी र वैदेशिक रोजगारीका लागि पलायन जस्ता चुनौतीहरू भोगिरहेका छन् । नीति कार्यान्वयनमा समावेशिता, स्थानीय स्तरसम्म पहुँच, समन्वय, बजेट पारदर्शिता र परिणाममूलक अनुगमनजस्ता सुधार आवश्यक छन् । यसले युवाको श्रम, सीप र उत्साह स्वदेशमै परिचालित गरी दीर्घकालीन विकासमा प्रभावकारी योगदान दिलाउन सम्भव हुन्छ । नीति परिमार्जन गर्दा उद्यमशीलता प्रवर्धन, जीवनपर्यन्त सीप विकास, विप्रेषणलाई उद्यममा रूपान्तरण गर्ने सहज संयन्त्र, स्थानीय रोजगारी सिर्जना, बजेट पारदर्शिता र परिणाममूलक अनुगमन तथा मूल्याङ्कन सूचकहरूको स्थापना तथा तीनै तहमा समन्वयात्मक कार्यक्रमहरूमा विशेष प्राथमिकता दिनु आवश्यक देखिन्छ । राष्ट्रिय युवा नीति, २०७२ को सन्दर्भ, पृष्ठभूमि, परिवेश, आयाम, संरचना, विषयवस्तु, नीति तर्जुमा प्रक्रिया, कार्यान्वयनको अवस्था, संस्थागत व्यवस्था, आर्थिक तथा वित्तीय स्रोतहरूको अध्ययन तथा परिणाम, प्रतिफल र प्रभावको लेखाजोखा गर्दै भविष्यमा सुधार गर्नुपर्ने विषयहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### कार्यान्वयन, समन्वय र संस्थागत क्षमता

नीति कार्यान्वयन गर्ने क्रममा संघ, प्रदेश र स्थानीय तहबिच समन्वयको संयन्त्र र प्राथमिकताहरूको क्षेत्रका बारेमा नीतिले स्पष्ट बोलेको छैन । युवाका समस्या र माग प्रत्येक तहमा फरक प्रकृतिका हुने

हुँदा समन्वय अभावले नीति कार्यान्वयनमा जटिलता थपेको छ । स्थानीय तहले युवामैत्री पूर्वाधार र संस्थागत क्षमता विकास गर्न नसक्नुले पनि कार्यान्वयनमा बाधा पुऱ्याएको छ । साथै, युवालाई लक्षित कार्यक्रमहरूको स्वामित्व र स्वीकृति सुनिश्चित गराउने नीतिगत व्यवस्था कमजोर रहेको र त्यसले युवालाई भविष्यप्रति संवेदनशील बनाउन र त्यस्ता कार्यक्रमहरूबाट वास्तविक लाभ लिन र दिन नसकेको देखिन्छ । नीतिसम्बन्धी जानकारी र नीति साक्षरताको कमीका कारण तीनै तहबाट प्रदान गरिने सेवा सुविधाहरूका बारेमा युवाहरू अनभिज्ञ रहेका देखिन्छन् ।

### परिभाषा, समावेशिता र अन्य विषयवस्तुहरू

यस नीतिले १६-४० वर्षलाई एउटै युवा समूहमा समेट्नुले उमेर अनुसारका फरक चाहना, आवश्यकता र रुचिलाई सम्बोधन गर्न कठिनाइ भएको देखिन्छ । विशेषगरी १६-२४, २५-३४ र ३५-४० वर्ष समूहका युवाका फरक समस्याहरूलाई एउटै परिभाषामा सामान्यीकरण गर्न नहुने देखिन्छ । नीति दस्ताबेजले समसामयिक र नयाँ प्रविधि, साइबर सुरक्षा, जलवायु परिवर्तन, राजनीतिक संस्कार र नागरिक शिक्षा, कानुन निर्माण प्रक्रियामा युवाको संलग्नता, युवामैत्री स्थानीय शासनका सूचक तथा कार्ययोजना, मानसिक स्वास्थ्य र परामर्श, शारीरिक अपाङ्गता भएका युवाका लागि समावेशी कार्यक्रम, लोपोन्मुख तथा पिछडिएका वर्गका युवाहरूको छुट्टै प्राथमिकता, नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन सूचक र युवामैत्री कार्यक्रमहरूको दिगोपनाका आधारजस्ता महत्त्वपूर्ण विषयवस्तुहरू समेट्न असफल भएको देखिन्छ ।

### वैदेशिक रोजगारी, विप्रेषण र श्रम संरचनाका तथ्याङ्क

राष्ट्रिय युवा नीति, २०७२ लागु भएपश्चात् पनि रोजगारीको अभाव र अवसरको कमीका कारण युवाहरूको वैदेशिक पलायन निरन्तर बढिरहेको छ । यो केवल व्यक्तिगत रोजगारी खोजी मात्र नभई स्थानीय अर्थतन्त्र, पारिवारिक संरचना र राष्ट्रिय मानव स्रोत व्यवस्थामा दीर्घकालीन नकारात्मक प्रभाव पार्ने प्रवृत्ति हो । विप्रेषणले अल्पकालीन राहत त दिन सक्छ तर दीर्घकालीन विकास र आत्मनिर्भर रोजगारी सिर्जनाका लागि पर्याप्त र सर्वोत्तम विकल्प कहिल्यै हुन सक्दैन । वर्तमान नीतिहरूले युवाको सीप विकास, उद्यमशीलता प्रवर्धन, स्थानीय रोजगारी सिर्जना र समावेशी अवसरहरूमा प्रभावकारी हस्तक्षेप गर्न नसक्दा युवा स्वदेशमै टिक्न प्रेरित हुन सकेका छैनन् । त्यसैले युवा पलायन रोक्न नीति पुनरावलोकन, समन्वय सुदृढीकरण र लक्षित कार्यक्रम मार्फत स्थानीय स्तरमै रोजगारी र अवसर सिर्जना गर्ने दीर्घकालीन रणनीतिको अभाव खड्किएको छ ।

यस्तै, युवा नीति र वैदेशिक रोजगारी नीतिबिचको लक्ष्यमा विरोधाभास प्रकट हुन्छ । युवा नीति आन्तरिक श्रम बजारमा अवसर सिर्जना गरी स्वदेशमै रोजगारी सिर्जना र राष्ट्रिय पुँजी निर्माणमा जोड दिन खोज्छ भने वैदेशिक रोजगार नीति श्रम निर्यातमा केन्द्रित रहेको छ ।

निष्कर्षमा, राष्ट्रिय युवा नीति, २०७२ का प्रावधानहरूमा सकारात्मक उद्देश्य भए तापनि प्रतिनिधित्व, समावेशिता, कार्यान्वयन क्षमता, समन्वय, समसामयिक विषयवस्तु, समावेशिता र कार्यक्रमगत अनुगमन-

मूल्याङ्कन सूचकहरूको अभावले नीति प्रभावकारी हुन नसकेको स्पष्ट छ । नीति पुनरावलोकन गर्दा स्थानीय तहसम्मको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने, उमेरसमूह अनुसार लक्षित कार्यक्रमहरू विकास गर्ने, वैदेशिक रोजगारी र आन्तरिक रोजगारी नीतिहरूबिच समन्वय कायम गर्ने, तथा मानसिक स्वास्थ्य, साइबर सुरक्षा, जलवायु परिवर्तन र अपाङ्गता समावेशी कार्यक्रमजस्ता समसामयिक विषयहरूलाई प्राथमिकतामा राख्न आवश्यक देखिन्छ ।

देहायबमोजिमका सुझावहरूको आधारमा नीतिको परिमार्जन गरी समयसापेक्ष बनाउन वाञ्छनीय देखिन्छ । हरेक नीतिलाई निश्चित समयपश्चात् परिमार्जन गर्नुपर्ने आवश्यकता एकातर्फ रहन्छ भने अर्कोतर्फ वैश्विक विकास, जनचाहना, र नयाँ प्रविधि, अन्वेषण तथा आविष्कारलाई समेत आत्मसात गर्दै नीति पुनरावलोकन गर्न आवश्यक हुन्छ ।

क) उद्यमी बन्न चाहने युवालाई जीवनपर्यन्त सीप प्रदान गर्ने र सहुलियत दरमा कर्जा प्रवाह कार्य घरदैलोमा पुऱ्याउने नीतिगत व्यवस्था गर्नुपर्ने ।

ख) युवाले उत्पादन गरेका वस्तु तथा सेवाहरूको बजारीकरण तथा बिक्री वितरण गर्ने कार्यको जिम्मेवारी सम्बन्धित सामुदायिक ढाँचामा सरकारी र सहकारी निकायले गर्नुपर्ने ।

ग) वैदेशिक रोजगारीबाट फर्किएका युवाले भित्र्याएका विप्रेषण, सीप र ज्ञानलाई उच्च प्राथमिकतामा राखी उद्यमशीलतामा रूपान्तरण गर्ने सरल र सहज नीतिगत संयन्त्र निर्माण गर्नुपर्ने ।

घ) युवाको चाहना, ज्ञान, योग्यता, भौगोलिक अवस्थिति, स्थानीय स्रोत, सम्भावना र आवश्यकताका आधारमा उद्यमशीलतासम्बन्धी जीवनपर्यन्त सिकाइ हुने तालिमको व्यवस्था गर्ने ।

ङ) तीनै तहका सरकारले समन्वयात्मक ढङ्गबाट युवाले भोग्दै आएका बहुआयामिक समस्याहरूको समाधानका लागि उत्तम विकल्प खोजी गरी कार्यक्रम बनाउनुपर्ने ।

च) युवा पुस्तालाई विश्वव्यापी रूपमा चिनाउनका लागि ज्ञान र प्रविधिको विकाससँगै गुणस्तरीय शिक्षाको माध्यमबाट युवालाई राष्ट्र, राष्ट्रियता, मौलिक कला तथा संस्कृति, सभ्यता, संस्कार, शान्ति र अहिंसाजस्ता सौम्य सीप प्रदान गर्न आवश्यक कदम चाल्नुपर्ने ।

छ) नीति निर्माण प्रक्रियामा युवाको प्रत्यक्ष सहभागिता बढाउनुका साथै स्थानीय, प्रदेश, र सङ्घीय तहमा युवा परामर्श समिति गठन गरी उनीहरूको सुझावलाई नीति निर्माणमा समावेश गर्नुपर्ने ।

# सन्दर्भग्रन्थ सूची


अर्थ मन्त्रालय । (२०८१) । आर्थिक सर्वेक्षण २०८०/८१ । नेपाल सरकार । https://mof.gov.np/content/210/economic-survey-2080-81-fsubs/

उद्यमशीलता नै महत्त्वपूर्ण हो भन्नका निम्ति पाठ्यक्रममा नै सुधार गर्नुपर्छ । (२०७८, चैत १७) । आर्थिक न्युज । https://aarthiknews.com/news/52074/

कुमार, रमेश । (२०८० भदौ २१) । विदेश गइरहेको देश । *हिमाल खबर* । https://www.himalkhabar.com/news/137873

के हो स्टार्टअप व्यवसाय ? यस्तो छ सरकारको परिभाषा । (९ चैत, २०७९) । *आईसीटी समाचार* । https://ictsamachar.com/news/13301/

केसी, कृष्णहरि । (२०८१, जेठ ३१) । विज्ञान प्रविधिले सुसज्जित विश्व र नेपाली युवाको दायित्व । *नेपालप्रेस* । https://www.nepalpress.com/2024/06/13/476837/

थेबे, क्षितिज । (२०७९, चैत २७) । यो समय युवाको । *कान्तिपुर* । https://ekantipur.com/opinion/2023/04/10/168109061883895058.html

देवकोटा, श्रीप्रसाद । (२०८१, असार ९) । युवाकै कारण बर्वादीमा देश । *अनलाइनखबर* । https://www.onlinekhabar.com/2024/06/1499244

नीति अनुसन्धान प्रतिष्ठान । (२०७९) । सार्वजनिक नीति समीक्षाका आयाम र विषयवस्तु । https://kms.pri.gov.np/dams/pages/view.php?ref=17854&k=3efaf113e5&search=&offset=&order_by=&sort=&archive=

प्रदेश नीति तथा योजना आयोग, मधेश प्रदेश सरकार । (२०८१) । आर्थिक वर्ष २०८१/८२ को मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम । https://mof.madhesh.gov.np/content/18/policy-and-program-2081-82/

प्रदेश नीति तथा योजना आयोग, सुदूरपश्चिम प्रदेश सरकार । (२०८१) । आर्थिक वर्ष २०८१/८२ को मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम । https://pppc.sudurpashchim.gov.np/content/28/annual-policy-and-program-2061-62/

प्रधानमन्त्री रोजगार कार्यक्रम । (२०८१) । वार्षिक प्रगति प्रतिवेदन (२०८०/८१) । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय । नेपाल सरकार । http://www.pmep.gov.np/uploads/publication/1742799779-pm-book-final-2025.pdf

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका । (२०७५) । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय । दोस्रो संशोधन (२०७८) । https://moless.gov.np/content/११९४३/११९४३-परधनमनतर-रजगर-करयकरम/

पौडेल, मीना। (२०८०, मङ्सिर १९)। एकीकृत श्रम आप्रवासन नीतिको खाँचो। इ-*कान्तिपुर*। https://ekantipur.com/opinion/2023/12/05/the-need-for-an-integrated-labor-migration-policy-42-36.html

पौडेल, सुरेन्द्र। (२०८१, असार २०)। वैदेशिक रोजगारीमा समस्यै समस्याःतीन लाख ७१ हजार नेपाली विदेशमा अवैध, ५८९ जना जेलमा। *बाह्खरी अनलाइन*। https://baahrakhari.com/detail/425971

भारती, रमेश। (२०७७, साउन २८)। युवाका लागि वार्षिक अर्बौं बजेट विनियोजन, तर पनि रोकिएन विदेश पलायन। *शिलापत्र*। https://shilapatra.com/detail/37869

महालेखापरिक्षकको कार्यालय। (२०८१)। महालेखापरिक्षकको एकसट्ठीऔँ वार्षिक प्रतिवेदन २०८१। https://oag.gov.np/site_uploads/6Ph-महालेखापरीक्षकको%२०वार्षिक%२०प्रतिवेदन,%२० २०८१.pdf

महिला, बालबालिका, जेष्ठ नागरिक, श्रम तथा सामाजिक सुरक्षा शाखा। (२०८०)। प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभाकारिता अध्ययन प्रतिवेदन, २०८०/८१। नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय। https://pmep.gov.np/uploads/publication/१७१४४५७३९१-प्रभावकारिता-अध्ययन-प्रतिवेदन.pdf

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश सरकार। (२०८१)। कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम। https://ocmcm.karnali.gov.np/content/93/a-v-policy-and-program-on-2061-062/

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश सरकार। (२०८१)। आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम। https://old.ocmcm.koshi.gov.np/files/document/20240604112919.pdf

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश सरकार। (२०८१)। आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम। https://ocmcm.gandaki.gov.np/images/news/१७१८१०६३४७९१३६_आर्थिक%२०वर्ष%२०२०८-१०८२%२०को%२० वार्षिक%२०नीति%२०तथा%२०कार्यक्रम%२०Final.pdf

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश सरकार। (२०८१)। आर्थिक वर्ष २०८१/८२ को बागमती प्रदेशको वार्षिक नीति तथा कार्यक्रम। https://ocmcm.bagamati.gov.np/content/135/policy-of-bagmati-states-and-programs-2081-82/

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश सरकार। (२०८१)। लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम। https://ocmcm.lumbini.gov.np/publications/78

मुलुकी देवानी कार्यविधि संहिता। (२०७४)। नेपाल सरकार। https://moha.gov.np/upload/5d86f45f45d948e4f661a257a005ba48/files/मुलुकी_देवानी_कार्यविधि_संहिता_२०७४%२८१%२९.pdf

युवा तथा खेलकुद मन्त्रालय। (२०७५)। युवा रोजगारीको अवस्थासम्बन्धी अध्ययन प्रतिवेदनः सिन्धुली जिल्लाको कमलामाई र काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिका। नेपाल सरकार। https://giwmscdnone.gov.np/media/files/युवा%२०रोजगारीको%२०अवस्था%२०सम्बन्धी%२०अध्ययन%२०पतिवेदन_qx4yajg.pdf

युवा तथा साना व्यवसायी स्वरोजगार कोष। (२०८१)। वार्षिक प्रगति प्रतिवेदन। युवा तथा खेलकुद मन्त्रालय। https://ysef.gov.np/content/20/annual-progress-report-of-the-office/

युवा मन्त्रालय भएर पनि काम लागेनः राष्ट्रिय युवा नीति २०७२ र यूथ भिजन २०२५, योजना कार्यान्वयनमै समस्या। (२०८०, साउन २७)। *नेपाल बहस*। https://www.nepalbahas.com/story/644064/

राष्ट्रिय जनसङ्ख्या नीति। (२०७१)। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाल सरकार। https://opmcm.gov.np/content/352/national-population-policy--2071/

राष्ट्रिय तथ्याङ्क कार्यालय। (२०७८)। राष्ट्रिय जनगणना २०७८ सङ्क्षिप्त नतिजा। नेपाल सरकार। https://censusresults.nsonepal.gov.np/files/result-folder/Census_Nepali_book.pdf

राष्ट्रिय युवा नीति। (२०७२)। युवा तथा खेलकुद मन्त्रालय, नेपाल सरकार। https://www.nyc.gov.np/content/14/national-youth-policy-2072/

राष्ट्रिय युवा परिषद्। (२०७९)। युवामैत्री स्थानीय तह दिग्दर्शन २०७९। युवा तथा खेलकुद मन्त्रालय, नेपाल सरकार। https://www.undp.org/sites/g/files/zskgke326/files/2023-01/UNDP-NP-YFLG-Digdarshan.pdf

राष्ट्रिय रोजगार नीति। (२०७१)। श्रम तथा रोजगार मन्त्रालय, नेपाल सरकार। https://moless.gov.np/content/११११२८/११११२८-रषटरय-रजगर-नत-२०७१/

राष्ट्रिय योजना आयोग। (मि.न.)। आवधिक योजनाहरू। नेपाल सरकार। https://npc.gov.np/category/620/

राष्ट्रिय योजना आयोग। (२०७३)। चौधौं योजना, २०७३/७४-२०७५/७६ आधारपत्र। नेपाल सरकार,। https://npc.gov.np/content/4527/the-base-of-the-fourteenth-plan--economic/

राष्ट्रिय योजना आयोग। (२०७६)। पन्ध्रौं योजना, २०७६/०७७—२०८०/०८१। नेपाल सरकार। https://npc.gov.np/content/4550/4550-15th-plan-fy-207677-208081/

राष्ट्रिय योजना आयोग। (२०७७)। दिगो विकास लक्ष्यः स्थानीयकरण स्रोत पुस्तिका। https://npc.gov.np/content/5078/5078-दग-वकस-लकषय-सथनयकरण-स/

राष्ट्रिय योजना आयोग। (२०७९)। वैदेशिक रोजगार नीति २०६८ को पुनरावलोकन अध्ययन प्रतिवेदन। https://giwmscdnone.gov.np/media/app/public/56/posts/1684599200_6.pdf

राष्ट्रिय योजना आयोग। (२०८१)। सोह्रौं योजना, २०८०/०८१—२०८५/०८६। नेपाल सरकार। https://npc.gov.np/content/6461/sixteen-plan--fy-fy-fy-fythting-2081-81-8285-85-86-/

राष्ट्रिय शिक्षा नीति। (२०७६)। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल सरकार। https:// moest.gov.np/content/10155/10155-रषटरय-शकष-नत-२०७६/

रोजगारीको हकसम्बन्धी ऐन। (२०७५)। नेपाल सरकार। https://lawcommission.gov.np/content/13310/employment-act--2075/

रोजगारीको हकसम्बन्धी नियमावली। (२०७५)। नेपाल सरकार। https://lawcommission.gov.np/content/12859/12859-employment-right-regulation-2/

वर्ल्ड भिजन। (मि.न.)। नागरिक आवाज र कर्तव्यः मार्गदर्शन पुस्तिका। https://www.wvi.org/sites/default/files/CVA%20Guidance%20Note.pdf

वैदेशिक रोजगार विभाग। (२०८१)। वार्षिक श्रम स्वीकृति विवरण प्रतिवेदन, २०७२/०७३—२०८०/०८१। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, नेपाल सरकार। https://dofe.gov.np/category/yearly/

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय। (२०७९)। युवा रोजगारीका लागि रूपान्तरण आयोजना (सञ्चालन व्यवस्थापन) कार्यविधि। प्रधानमन्त्री रोजगार कार्यक्रम। https://pmep.gov.np/uploads/publication/1670236621-POM.pdf

शिक्षा आयोगको प्रतिवेदनबारे श्याम श्रेष्ठ र लोकबहादुर भण्डारीको विचार। (माघ १०, २०७९)। *अनलाइनखबर*। https://www.onlinekhabar.com/2019/01/736681

स्थानीय सरकार सञ्चालन ऐन। (२०७४)। नेपाल सरकार। https://lawcommission.gov.np/content/12760/12760-local-government-regu-/

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय। (२०७८)। नेपालको स्वास्थ्य जनशक्तिसम्बन्धी राष्ट्रिय रणनिती, २०७७/७८-२०८६/८७। https://shisiradhikari.com.np/storage/uploads/library/files/नेपालको%20स्वास्थ्य%20जनशक्ति%20सम्बन्धी%20राष्ट्रिय%20रणनीति,%20(२०७७७८%२०देखि%२०२०८६८७).pdf

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय। (२०७३)। नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना सन् २०१६-२०२५। https://giwmscdnone.gov.np/media/pdf_upload/नेपालको%२०राष्ट्रिय%२०पर्यटन%२०रणनीतिक%२०योजना__e3dwy2c.pdf

सिलवाल, सुमन अधिकारी । (२०७४) । नेपालका सन्दर्भमा मानवविकास र युवाविकास । युवाः युवा जगतको विकास र गतिविधिको प्रकाशन, अङ्क १७। युवा तथा खेलकुद मन्त्रालय, नेपाल सरकार। https://giwmscdnone.gov.np/media/files/युवा%२०बुलेटिन%२०२०७४_sjap4zk.pdf

ADB, OECD & ILO. (2024). Labor migration in Asia: Trends, skills certification, and seasonal work. Asian Development Bank Institute, International Labour Organization, and Organisation for Economic Co-operation and Development. https://www.ilo.org/publications/labor-migration-asia-trends-skills-certification-and-seasonal-work

Aikaeli, J., Mtui, J., & Tarp, F. (2021). Rural-urban migration, urbanisation and unemployment: The case of Tanzania Mainland. *African Journal of Economic Review*, *IX*(I), 87–108. https://doi.org/10.22004/ag.econ.308767

Bloom, D. E., McKenna, M. J., & Prettner, K. (2019). Global employment and decent jobs, 2010–2030: The forces of demography and automation. *International Social Security Review*, *72*(3), 43-78. https://doi.org/10.1111/issr.12213

Central Bureau of Statistics. (2019). Report on the Nepal labour force survey (2017/18). Government of Nepal. https://nsonepal.gov.np/content/7221/7221-report-on-the-nepal-labour-for/

Central Bureau of Statistics. (2020). National Industrial Survey, 2019/20. https://microdata.nsonepal.gov.np/index.php/catalog/116

Commonwealth Secretariat. (2024). Global youth development index update report 2023. https://thecommonwealth.org/publications/global-youth-development-index-update-report-2023#publication-downloads

Council for Technical Education and Vocational Training. (2024). Information page. Updated on: May 19, 2024. https://ctevt.org.np/

Department of Health Services. (2023). Nepal health fact sheets 2023. Ministry of Health and Population. Government of Nepal.

Dunn, W. N. (2015). Public policy analysis. Routledge. https://doi.org/10.4324/9781315663012

Institute for Integrated Development Studies. (2023). Unleashing IT: Advancing Nepal's digital economy expanding jobs and exports. https://iids.org.np/images/publications/15c4487b777dcf3239cd6af6dd15c2c1.pdf

International Commission on Finnacing Global Education Opportunity. (n.d.). The Learning Generation: Investing in Education for a Changing World. https://report.educationcommission.org/wp-content/uploads/2016/09/Learning_Generation_Full_Report.pdf

International Labor Organization. (2024). Employment and social trends by region. *World Employment and Social Outlook*, *2024*(1), 37-60. https://www.ilo.org/sites/default/files/wcmsp5/groups/public/%40dgreports/%40inst/documents/publication/wcms_908142.pdf

International Organization for Migration. (2021). Macro Level Supply and Demand Analysis of Skills of Nepalese. https://nepal.iom.int/sites/g/files/tmzbdl1116/files/documents/Macro%20Level%20Study%20Report.pdf

Jafarey, S., Mainali, R., & Montes-Rojas, G. (2020). Age at marriage, social norms, and female education in Nepal. *Review of Development Economics*, *24*(3), 878-909. https://doi.org/10.1111/rode.12692

Danish Trade Union Development Agency. (2023). Labor Market Profile Nepal 2022/2023. https://www.scribd.com/document/632938502/LMP-Nepal-2022-final-1

McConnell, A. (2010). Policy success, policy failure and grey areas in-between. *Journal of public policy*, *30*(3), 345-362. https://doi.org/10.1017/S0143814X10000152

McKay, A., Mussida, C., & Veruete, L. (2018). The challenge of youth employment in Asia: lessons from four fast-growing economies. *The World Economy*, *41*(4), 1045-1067. https://doi.org/10.1111/twec.12622

Ministry of Culture, Tourism & Civil Aviation. (2021). Nepal tourism statistics 2020. Government of Nepal. https://tourism.gov.np/content/622/nepal-tourism-statistics-2020/

Ministry of Labour, Employment and Social Security, (2022). Nepal labour migration report 2022. Government of Nepal. https://moless.gov.np/content/11280/11280-nepal-labour-migration-report/

Ministry of Youth and Sports. (2015). Youth vision 2025 and ten-year strategic plan. Government of Nepal. https://giwmscdnone.gov.np/media/files/Youth%20Vision-2025_0_tthxpqx.pdf

National Statistics Office. (2023). National Sample Census of Agriculture 2021/2022 (National Report). https://agricensusnepal.gov.np/post/10_64fc3705ded11

National Statistics Office. (2024). Nepal Living Standard Survey IV 2022/2023. Government of Nepal. https://giwmscdnone.gov.np/media/app/public/36/posts/1719375782_27.pdf

Ministry of Health. (2017). Nepal Demographic and Health Survey. Government of Nepal. https://www.dhsprogram.com/pubs/pdf/fr336/fr336.pdf

Nepal Economic Forum. (2022). Fostering entrepreneurial ecosystem in Nepal, Issue 51, December 2022. https://issuu.com/nepaleconomicforum/docs/nefport_51_final_

Poudel, D. D. (2024). Asta-Ja: For Prosperity, Pride, and National Integrity [Paperback]. Kathmandu, Nepal.

Restless Development: The youth-led development agency (n.d). Nepal. https://restlessdevelopment.org/country/nepal/

Rijal, A. (2022, August 10). Opportunities and challenges of migration for Nepal. Nepal Economic Forum. https://nepaleconomicforum.org/opportunities-and-challenges-of-migration-for-nepal/

Shrestha, R., & Subedi, D. (2022). Youth, politics, and youth-led political violence in Nepal. *Asian Politics & Policy*, *14*(3), 332-350. https://doi.org/10.1111/aspp.12658

Todaro, M. P., & Smith, S. C. (2012). Economic developement. *Pearson*.

United Nation Development Programme. (2018). UNDP Nepal youth strategy 2018-2022. https://files.acquia.undp.org/public/migration/np/UNDP_NP-Youth-Strategy.pdf

United Nations Population Fund. (2019). Costing the three transformative Results. https://www.unfpa.org/sites/default/files/pub-pdf/Transformative_results_journal_23-online.pdf

Veenhoven, R. (2002). Why social policy needs subjective indicators. *Social indicators research*, *58*, 33-46. https://doi.org/10.1007/0-306-47513-8_3

World Economic Forum. (2023). Defining education 4.0: A taxonomy for the future of learning. https://www3.weforum.org/docs/WEF_Defining_Education_4.0_2023.pdf

नीति अनुसन्धान प्रतिष्ठान
POLICY RESEARCH INSTITUTE

नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारको नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश २०७५ बमोजिम आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, विकास, निर्माण, सुरक्षा, परराष्ट्र सम्बन्ध तथा शासकीय सुधार लगायत विभिन्न क्षेत्रका विविध पक्षमा नेपाल सरकारले अपनाउने वा अपनाएको नीतिको अध्ययन, विश्लेषण र अनुसन्धान गरी गर्नुपर्ने सुधारको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्न गठन गरिएको विशिष्ट प्रकृतिको विज्ञ संस्था हो ।

नीतिसम्बन्धी अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिनु प्रतिष्ठानको कार्यादेश हो। यसले विश्वविद्यालय र अनुसन्धान गर्ने संघ-संस्था लगायत परामर्शदाता र प्रतिष्ठानको आफ्नै अनुसन्धान समूहको माध्यमबाट काम गर्दछ र प्राप्त नतिजाहरू नेपाल सरकार र अन्य सम्बन्धित सरोकारवालाहरूसमक्ष प्रस्तुत गर्दछ । गुणस्तरीयता, वस्तुपरकता, सत्यनिष्ठा, विविधता, पारदर्शिता, जबाफदेहिता र सहभागिता प्रतिष्ठानका मूल मान्यताहरू हुन् ।

ज्ञान व्यवस्थापन नीति अनुसन्धान प्रतिष्ठानको एक महत्त्वपूर्ण पक्ष रहँदै आएको छ, जस अन्तर्गत नीति अनुसन्धानसम्बन्धी विषयमा छलफल तथा सिकाइको आदानप्रदान गर्ने संयन्त्र - सार्वजनिक नीति संवाद - सञ्चालन हुँदै आएको छ । नीति निर्माणका सन्दर्भमा तीन किसिमका ज्ञान - क) अनुसन्धान र विश्लेषण मार्फत प्राप्त वैज्ञानिक ज्ञान, ख) निजामती सेवाको अनुभवबाट प्राप्त प्रशासनिक ज्ञान र ग) आम नागरिकका अनुभव र सञ्चारमाध्यम लगायत सामाजिक तथा राजनीतिक प्रक्रियाबाट प्राप्त सामुदायिक ज्ञान - आवश्यक हुन्छ भन्ने विश्वासमा आधारित भई प्रतिष्ठानले नीति अनुसन्धान गर्दै आएको छ ।

9 789937 998772